# अनुभूति माला
# Anubhuti Mala



डा. अनोजा गुरुमाँ

Downloaded from http://dhamma.digital



दाता हरिमान रञ्जित

# हार्दिक श्रद्धाञ्जलि



पिताश्री द्वारिकामान रञ्जित



माताश्री नन्दकुमारी रञ्जित



भार्या सानुमाया रञ्जित



भार्या जनकमाया रञ्जित

Downloaded from http://dhamma.digital

# अनुभूति माला

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# अनुभूति माला

डा. अनोजा गुरुमाँ

Downloaded from http://dhamma.digital

कृति : **अनुभूति माला**

विधा : लेखसङ्ग्रह

लेखक : डा. अनोजा गुरूमाँ

धम्मदान : हरिमान रञ्जित परिवार

प्रकाशन मिति : २०७६ वैशाख

कम्प्युटर सेटिङ : श्रीकृष्ण बादे

प्रति : १००० प्रति

Downloaded from http://dhamma.digital

# पुस्तकदाताको मन्तव्य

श्रद्धेय डा. अनोजा गुरुमाँद्वारा लिखित पुस्तक अनुभूति मालाको प्रकाशन गर्न सहयोग गर्न पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ । यतिबेला म पिता द्वारिकामान रञ्जित र माता नन्दकुमारी रञ्जितका अनन्य गुणहरू सम्झना गरिरहेछु। यसैगरी सानुमाया रञ्जित र जनकमाया रञ्जितको भावपूर्ण सम्झना पनि गरिरहेछु। मेरा माता, पिता र श्रीमतीहरूको स्मृतिमा उहाँहरूलाई सम्झेर यो पुस्तक जनमनमा समर्पण गर्न पाउँदा खुसी लागेको छ।

समय बितेको थाहा नै नहुने रहेछ । जनकमाया दिवंगत भएको ५ वर्ष नाघिसकेको छ। समय-समयमा याद आइरहन्छ। परिवारका लागि उनले देखाएर गएका स्नेह, माया-ममता र उनीहरूद्वारा भएका अनेकौं असल कार्यहरूका साथै आफन्त र इष्टमित्रहरूका लागि प्रदान गरेर गएका सेवा-सहयोगहरू सम्झँदा म भावविभोर हुने गर्छु। बुद्धधर्मका उपासिकाका रूपमा रहेर शाक्यमुनि बुद्धप्रति उनले पुऱ्याएर गएका श्रद्धाभाव, आदर कार्यशैली सम्झिन लायकका छन् । विशेषगरी धर्मकीर्ति बिहार र सुलक्षणकीर्ति बिहारमा यिनले बुद्धपूजा गर्ने, भोजन दान दिने, धर्म प्रवचन सुन्ने, विहारले आयोजना गर्ने कार्यक्रमहरूमा सक्रिय भई सहभागी हुने आदि बानी र स्वभाव अविस्मरणीय छन्। उदार चित्त भएकी जनकमाया बिहारलाई सहयोग गर्ने कार्यमा सधैं दत्तचित्त भई सेवा पुऱ्याउने गरेको झलझली सम्झना आउँछ।

सबैसँग घुलमिल हुने, हाँसखेल गर्ने, उज्यालो मुहार गरेर व्यवहार गर्ने यिनको स्वभाव विहारमा सबै सदस्यहरूले मन पराउने गर्थ्यो। यी माथि उल्लेख भएका विहारहरूमा मात्र नभई अन्य विहारहरूका श्रद्धेय भिक्षु गुरुमाँ तथा उपासक-

Downloaded from http://dhamma.digital

उपासिकाहरूले पनि यिनको स्मरण गर्नुहुँदै यिनका कार्यहरूको स्मरण गर्नुहुन्छ। श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थवीरले एकपटक सन्दर्भमा भन्नुभएको कुराहरू याद आइरहन्छ। उहाँले भन्नुभएको थियो – "उपासिका जनकमाया रञ्जित दिवंगत भएको कुराले म दुखित भएको छु। ऊ जस्तै सहज रूपले कसैलाई दुःख नदिइकन मृत्युवरण गर्न पाए हुन्छ भन्ने इच्छा मलाई लागेको छ।"

श्रद्धेय डा. अनोजा गुरुमाँको यस कृति प्रकाशनको प्रायोजन गर्न पाउनु र कृतिलाई धर्मदानका रूपमा बौद्ध उपासक/उपासिकाहरूलाई निःशुल्क वितरण गर्न पाउनु दिवंगत जनकमायाको बुद्धधर्म प्रतिको लगाव, समर्पण भाव र बुद्ध शासनप्रतिको सेवाभावलाई कदर गर्न यो अवसर मेरा लागि अत्यन्त महत्वपूर्ण सुनौलो अवसर हुन गएको छ। म लगायत मेरा परिवारका सम्पूर्ण सदस्यहरू यस पुस्तकमार्फत् दिवंगत भइसकेका मेरो पिता द्वारिकामान रञ्जित, माता नन्दकुमारी रञ्जितका साथै मेरा जीवनसँगिनीहरू सानुमाया रञ्जित र जनकमाया रञ्जितप्रति सच्चा श्रद्धाञ्जलि गर्न पाएजस्तो प्रतीत भइरहेछ। पुस्तक प्रकाशनको यो सुन्दर कार्यले उहाँहरूको निर्वाण प्राप्तिका हेतुका लागि सहयोग हुने दृढ विश्वास लिएको छु। प्रस्तुत पुस्तक सबै मानवका हित-खातिर हुनेछ। श्रद्धेय डा. अनोजा गुरुमाँको सुस्वास्थ्य, दीर्घायु, सुख-शान्तिको कामना गर्दछ। पुस्तक प्रकाशन गर्न सहयोग गर्नुहुने साहित्यकार मोहन दुवालप्रति पनि आभार व्यक्त गर्दछु।

यस पुस्तकमार्फत् नै परिवारजनका सम्पूर्ण दिवंगत मान्यजनहरूमा
श्रद्धाञ्जलि व्यक्त गर्ने परिवारका सदस्यहरू :

**हरिमान रञ्जित**

**छोरा/बुहारी :**

**सूर्यमान रञ्जित/गृहस्था रञ्जित**

**छोरी/जुवाईंहरु :**

**शोभा रञ्जित क्षेत्री/दिवंगत हेमसिंह क्षेत्री**

**रत्ना रञ्जित/केदार गुप्त रञ्जित/मोना रञ्जित/मनराजा रञ्जित**

**नातिनीहरु:**

**श्रद्धा रञ्जित खड्का/सृजन खड्का/श्रृष्टि रञ्जित कार्की/आशिष कार्की/ श्रोता रञ्जित श्रेष्ठ/विनय श्रेष्ठ/अमित क्षेत्री/आदर्श क्षेत्री/कृति रञ्जित/ कृपा रञ्जित+आश्रय रञ्जित**

**काठमाडौं नेपाल**

Downloaded from http://dhamma.digital

# मेरो भन्नु

हाम्रो जीवन महत्वपूर्ण हुन्छ। यदि हामी सम्पूर्णतामा बाँच्न चाहन्छौं भने हाम्रो चाहनाबारे स्पष्ट हुन जरुरी छ । हाम्रो उद्देश्यको परीक्षण गरेर प्रत्येक क्रियाकलाप सुरु गर्नु नै सर्वोत्तम हो । जब हामी एउटा काम सुरु गर्छौं, हामीसँग सामान्यतया दिमागमा एउटा उद्देश्य हुन्छ। हामीले राम्रोसँग विचार गर्ने हो भने के थाहा पाउँछौं भने सबै संस्कार अनित्य छ। सबै उत्पत्ति विनाश हुन्छ। नित्य भनेको केही पनि छैन। एकदिन हामी पनि त्यही बाटोमा जानुपर्छ।

सबै जना सुखी र खुशी हुन चाहन्छन्। यसको प्राप्तिको लागि नै हामीद्वारा विभिन्न क्रियाकलाप हुने गर्छ। समग्रतामा जे गर्दा हामीलाई सुख प्राप्त हुन्छ, बढी सन्तुष्टि प्राप्त हुन्छ त्यही कार्य गर्दछौं । जीवनमा हामी केही समय क्षणिक रुपमा खुसी भएता पनि तनाव र उदासीबाट दुर्लभै मुक्त हुनसक्छौं। यो संसारमा सबै जना संघर्ष गरिरहेका छन्, सबै जना दुःखी छन्। वास्तविक रुपले हामी सबै हाम्रो द्वन्द्वपूर्ण सोच र भावनाले पीडित छौं।

यतिखेर मलाई दयालु फुपू जनकमाया रञ्जितको याद आइरहेको छ । उहाँको जन्म बनेपाको वांख्योटोलमा भएको थियो । सानैदेखि म उहाँलाई फुपू भन्थें । उहाँ मभन्दा केही वर्ष अगाडि जन्मनुभएकोले मभन्दा ठूलो हुनुहुन्थ्यो । सानोमा म धेरैजसो उहाँको घरमा गइरहन्थें। म जहाँ गएता पनि जनकमाया फुपूको हात समातेर जान्थें । कहिलेकाहीं खाना पनि सँगै खान्थें । फुपूको विवाह काठमाडौंमा हरिमान रञ्जितसँग भएको थियो।

समयक्रममा म पनि काठमाडौं आएँ । म धर्मकीर्ति विहारमा धम्मवती गुरुमाँसँग बस्न थालें । दिनहरु बित्दै जान थाले । केही वर्षपछि विहार बनाउने

Downloaded from http://dhamma.digital

विषयमा हरिमान मामा र जनकमाया फुपूसँग सल्लाह गर्न गएको थिएँ । सुलक्षणकीर्ति विहार बनाउनको लागि उहाँहरुबाट ठूलो सहयोग पाएँ । विहारको लागि जग्गा पास गर्न उहाँहरु पनि सँगसँगै हिँड्नुभयो । उहाँहरुबाट धेरै ठूलो सहयोग पाएको थिएँ । जनकमाया फुपूले आफ्ना आमाबुबाको नाममा विहारका लागि रु. १५,०००।- दान गर्नुभएको थियो । आज जनकमाया फुपू हामीमाझ हुनुहुन्न । उहाँले यो संसार छोडेर जानुभएको केही वर्ष भइसकेको छ ।

*रुपंजिरति मत्तानं नामंगोत नजिरति ।*

शरीर नभएता पनि उहाँले गर्नुभएको योगदान कहिले पनि नाश हुने छैन । जनकमाया फुपू सधैंभरि मेरो हृदयमा बास गर्नुहुन्छ । समय अनुकुल परीस्थिति अनुसार आफूसक्दो केही गरेर जान सक्नुपर्छ । सक्दो पुण्य गर्दा अरुलाई होइन आफूलाई नै पाइने हो । हरिमान मामाले गर्नुभएको सहयोगको लागि उहाँलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । यो सुलक्षणकीर्ति विहारका लागि उहाँहरुको परिवारले धेरै धेरै सहयोग गर्नुभएको छ । आजसम्म पनि उहाँ सकी नसकी विहारमा आएर मद्दत गर्नुहुन्छ । अनि सूर्यमान र गृहस्थालाई पनि धन्यवाद दिन चाहन्छु । बुढेसकालले गर्दा हरिमान मामालाई विहारसम्म आउनको लागि गाह्रो छ । त्यसैले सूर्यमानले अल्छी नमानीकन मामालाई लिएर आउनुहुन्छ । यसरी नै कहिले पनि अल्छी नमानी आफ्ना पिताको सेवा गर्न सकोस् भनी आशीर्वाद पनि दिन चाहन्छु ।

यो पुस्तक प्रकाशन गर्नको लागि सम्पूर्ण जिम्मा लिनुभएकोमा हरिमान मामाको सपरिवारलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु । स्व. नानी र जनकमाया रञ्जितहरु दुवैजनाको सुगति र निर्वाणको कामना गर्दछु । यसरी नै पुस्तक छापेर बराबर धम्मदान दिन सकोस् भन्ने कामना पनि गर्दछु । साथै वरिष्ठ साहित्यकार मोहन दुवाल दाइले यो पुस्तक छाप्ने काममा धेरै सहयोग गर्नुभएको छ । उहाँप्रति कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै यस पुस्तक प्रकाशनका लागि सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरुप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**डा. अनोजा**
**सुलक्षणकीर्ति विहार**
**चोभार, कीर्तिपुर**

Downloaded from http://dhamma.digital

# —— | विषय सूची | ——


| | | |
|---|---|---|
| १. | बुद्धको शिक्षालाई व्यवहारमा उतार्न आवश्यक छ | १ |
| २. | आफ्नो उज्यालो आफैं हो | ६ |
| ३. | धर्म के को लागि र यसले के सिकाउँछ ? | १२ |
| ४. | कुनै भगवान् पनि आठवटा लोकधर्मबाट बच्न सक्दैन | १८ |
| ५. | मनुष्यलोकबाट स्वर्ग, स्वर्गबाट नर्क जस्तो | २३ |
| ६. | बुद्धको देशमा किन शान्ति र विकास भएन ? | २९ |
| ७. | नारी स्वतन्त्रताको लागि प्रजापति गौतमीको देन | ३७ |
| ८. | भगवान् बुद्धको देश शान्त र सुन्दर हाम्रो नेपाल | ४३ |
| ९. | आफूले गरेको कर्म आफैंले भोग्नुपर्छ | ४७ |
| १०. | नेपाल र जापानको बुद्ध धर्म | ५१ |
| ११. | अल्मलिएको कारणले ६ वटा चिट्ठी पढ्न बिर्सियो | ५६ |
| १२. | भगवान् बुद्धको धर्म सुख र शान्तिको लागि | ६१ |
| १३. | बंगलादेश भ्रमणको अनुभव | ६६ |
| १४. | मेरो यात्राको अनुभव | ७० |
| १५. | मानिस र पशुमा फरक | ७५ |
| १६. | हामीले आफूलाई कसरी चिन्ने ? | ७९ |
| १७. | सत्ययुक्त धर्मको अनुशरण अनिवार्य छ | ८४ |
| १८. | कर्मको प्रतिफल उपरी महारानी गोब्रेकिरा बन्नुपऱ्यो | ९० |
| १९. | सही धर्मको अर्थ | ९५ |
| २०. | सत्य कुरा भएता पनि परिस्थिति हेर्नुपर्छ | ९८ |
| २१. | विन्दी अमेरिकन केटी | १०२ |
| २२. | आजको युगमा धर्मका अनुयायीहरूको भूमिका | १०७ |
| २३. | दरिद्र व्यक्ति शुद्ध चित्तले त्याग गर्दा खर्बपति बन्यो | १११ |
| २४. | मनलाई दुषित हुनबाट बचाउनु पर्छ | १२० |
| २५. | विपश्यना ध्यान र योगामा फरक | १२९ |
| २६. | ५०० रुपैयाँ जाने ज्ञान | १३३ |


Downloaded from http://dhamma.digital

२७. आधुनिक विज्ञानको दृष्टि र बुद्ध दर्शन
२८. सुख र शान्ति कहाँ छ ?
२९. धर्मको नाउँमा श्राद्ध
३०. मानवताको धर्म
३१. सुख शान्तिको लागि पुण्य
३२. प्रेमबाट शोक उत्पन्न हुन्छ
३३. बाल विवाहबारे बौद्ध दृष्टिकोण

❑

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# बुद्धको शिक्षालाई व्यवहारमा उतार्न आवश्यक छ

भगवान् बुद्धले मनुष्यहरूलाई शिक्षा दिने समय, अवस्था र सुन्नेहरूको चित्त र ठाउँ हेरेर मात्र शिक्षा दिनु हुन्थ्यो । शिक्षा लिने व्यक्ति हुनुपर्ने र शिक्षा लिएर व्यवहारमा उतार्न पनि जरूरी हुन्छ । भगवान् बुद्धले यसरी शिक्षा दिनु हुन्छ कि सुन्ने, विचार गर्ने र त्यसपछि व्यवहारमा उतार्नु गर्दछ । जस्तै वचनले गर्ने - सत्य वचन बोल्नु, मेलमिलापका कुरा गर्नु, प्रिय र मैत्री वचन बोल्नु र काम लाग्ने कुरा मात्र गर्नु भनी जम्मा ४ छन् । त्यसैगरी शरीरबाट गर्ने - कसैको ज्यान बचाउनु, दान दिनु, पुरुषहरूलाई भाइ, दाइ र महिलाहरूलाई दिदी बहिनी भनी व्यवहार गर्ने र मनले गर्ने - लोभ, क्रोध नगर्नु र सम्यक दृष्टि धारण गर्नु भनी जम्मा ३ गरी जम्मा १० कुशल कर्महरू छन् । यो दश कुशल कर्महरू सिकाउनु हुन्छ । यी दश कुशल कर्महरू आफ्नै पुण्य र अकुशल कर्महरू पनि आफ्नै कर्मको फल हुन्छ । चित्तको चेतनालाई निर्मल बनाई दिने हुनाले पुण्य भनिन्छ ।

निश्चित रूपले गर्ने योग्य भएकोले क्रिया भनिन्छ । वस्तु भनेको राम्रो परिणाम दिने आधार हो । सुख मंगलको आधार भई गरिनुपर्ने कूल कार्यलाई पुण्यक्रिया भनिन्छ । आजकल यी दश कुशल



Downloaded from http://dhamma.digital

पुण्य कर्म हालमा आएर अन्त्य भएको छ । यो कार्य गर्नु गर्दछ ।

१. दान : निजी वस्तुलाई हृदयदेखि त्याग गरेर दान दिनुपर्दछ ।

२. शील : असल चरित्र शुद्ध हुने र शारीरिक वचनलाई शुद्ध गर्ने ।

३. भावना : चित्त वशमा राख्ने, शुद्ध गर्ने र मैलो मनलाई हटाउने । राम्रो राम्रो काम गर्ने, असल शिक्षा सिक्ने, मन सफा राख्ने ।

४. अपचाय : उमेर, गुणी र ज्ञानले जेठोको आदर गर्ने जस्तै बाजे, बजै, आमा, बुबा, गुरूजन र ऋषिमुनि, भिक्षु भिक्षुणीहरूलाई ।

५. वेययावच्च : धार्मिक स्थलमा सेवा गर्ने र कुशल कर्ममा सहयोग गर्ने ।

६. पत्तिदान : आफूले गरेको कुशल कर्मको पुण्य सबैलाई खुसी साथ दान गर्नु ।

७. पत्तानुमोदन : अरूले जे पुण्य गरेता पनि हृदयदेखि खुसी भएर स्वीकार गर्ने ।

८. धम्मसवन : जहाँ जुन ठाउँमा भएतापनि दुवैलाई फाइदा हुने धर्मदेशना सुन्ने सुनाउने गर्नुपर्छ ।

९. धम्मदेशना : धर्म वा ज्ञानको कुराहरू आफूले जाने सुनेका धर्मदेशना अरूलाई सुनाउनु गर्दछ ।

१०. दिठ्ठीजुकम्म : सम्यकदृष्टिमा चल्नु, अन्ध विश्वास गलत धारणाहरू त्याग्नुपर्छ ।

यसरी भगवान् बुद्धले सिकाउनु हुन्छ । आफ्नो कर्म आफैंले सुधार्नु पर्दछ । अन्य व्यक्ति वा शक्तिको भरमा कहिल्यै लाग्नु हुँदैन । आफ्नो मालिक आफैं हो । आफूलाई सुमार्गमा लगाउनु वा कुमार्गमा लगाउनु, आफ्नै हातमा हुन्छ । आफ्नो शरणमा आफै वन, आफ्नो मुक्ति आफै खोज्ने, अन्धविश्वासी नहुने, निर्माण मार्गमा अगाडि बढ, प्रज्ञा ज्ञान बढाउ, सत्य धर्ममा जानु, निर्वाण लाभी हुनु भनी हामीहरूलाई अनेक उपमा दिएर शिक्षा दिनुहुन्छ ।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले शिक्षा दिनुहुँदा सम्पूर्ण प्राणीप्रति मैत्री, करूणा, मुदिता र उपेक्षा राखी शिक्षा दिनुहुन्छ । भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूलाई विभिन्न प्रकारले राम्ररी शिक्षा दिनुहुन्छ । विभिन्न तरिकाबाट धर्म शिक्षा प्रदान गर्नुहुँदा गृहस्थीहरूलाई परस्पर मिलनसार भई आफ्नो कर्तव्य पालन गऱ्यो भने सधैं शान्ति हुन्छ र कहिल्यै अशान्ति हुन सक्दैन भनेर यो कुरा सिगाललाई दिएको शिक्षाबाट प्रष्ट हुन्छ । एकजना केटा नदीमा नुहाई भिजेकै केश र वस्त्रसहित हात जोडेर विभिन्न दिशामा नमस्कार गरिरहेको थियो । त्यसपछि भगवान बुद्ध सिगालपुत्रको नजिक गई सोध्नुभयो । उसले बुबाको अन्तिम वचन पालन गरेको बतायो । त्यही वचन शिरोपर गरी बिहान सबेरै गंगामा स्थान गरी ६ वटा दिशामा नमस्कार गरेको हुँ । भगवान बुद्धले ६ वटा दिशा यसरी नमस्कार गर्ने होइन भनी बताउनुभयो । सिगालपुत्रले ६ वटा दिशा नमस्कार कसरी गर्ने भनी सोधे । ६ वटा दिशा भन्नाले १. पूर्वदिशा भनेको मातापिता, २. दक्षिणदिशा आचार्य गुरूजन, ३. पश्चिम दिशा पत्नी, पुत्र, ४. उत्तर दिशा मित्रहरू, साथीहरू, ५ अधो दिशा नोकरचाकर, ६. उर्द्धदिशा श्रमण ब्राम्हण हो भनी प्रष्ट पार्नुभयो ।

अब यहाँ गृहस्थीहरूले गर्नुपर्ने कर्तव्यको विषय लिएर केही भन्न चाहन्छु ।

<u>छोराछोरीप्रति आमाबाबुले गर्नुपर्ने ५ कर्तव्यहरू</u>

१. आफ्ना छोरा-छोरीको कुभलो र नराम्रो काम र संगतमा लागेको छ भने हटाउनुपर्छ ।
२. पञ्चशील पालन गर्न लगाउनु पर्दछ । राम्रो शिक्षा दिन प्रोत्साहन दिनुपर्दछ ।
३. आफ्नो कुलमा चलिआएको शिल्प विद्याको अतिरिक्त विद्या पनि सिकाउनु पर्दछ ।
४. समय समयमा आवश्यकता अनुसार खर्च दिनु पर्दछ ।
५. परिपक्व भएपछि असल महिला वा असल पुरूषसँग वैवाहिक कार्य गर्नु आमाबाबुको कर्तव्य हो ।

<u>आमा बाबुप्रति छोरा-छोरीले गर्नुपर्ने ५ कर्तव्यहरू</u>



Downloaded from http://dhamma.digital

१. आफू परिपक्व भएपछि आमाबाबुको सक्दो सेवा गर्नुपर्छ ।
२. आमाबाबुलाई आइपरेका अथवा आइपर्ने सरकारी काममा सहयोग गर्नुपर्छ ।
३. आमाबाबुले कमाइराखेको धनसम्पत्ति विनाश नगरी दानादि गर्ने कुशल कार्यलाई रक्षा गर्नुपर्छ ।
४. आमाबाबुको अंश लिन योग्य हुनुपर्दछ । आमा बाबुको इच्छाअनुसार धर्म गर्नको लागि मद्दत गर्नुपर्दछ ।
५. आमाबाबु स्वर्ग भए पनि उहाँको नाममा दानशील भावनामय पुण्य कार्य गरी आफूलाई प्राप्त भएको पुण्य सम्पत्ति उहाँहरूलाई प्राप्त होस् भनी मैत्रीपूर्वक पुण्यदान गर्नुपर्दछ । उहाँहरूको नाममा पुण्य कार्य गरेर बस्नु अत्यन्त उत्तम हुन्छ ।

श्रीमान्को श्रीमतीप्रति गर्नुपर्ने ५ कर्तव्यहरू

१. श्रीमान् श्रीमतीप्रति सम्मानपूर्वक व्यवहार गर्नुपर्दछ । आफ्नो श्रीमतीलाई हेलाको वचन गर्नु हुँदैन ।
२. श्रीमतीलाई अपमान नगरी आफ्नो सुख दुःखको मित्र सम्झेर व्यवहार गर्नुपर्दछ ।
३. आफ्नो श्रीमती बाहेक अर्को महिलामाथि कुदृष्टि लगाउन हुँदैन ।
४. श्रीमान्ले घरको धनसम्पत्ति श्रीमतीलाई विश्वास गरेर सुम्पिदिनु पर्दछ । समय व्यवहार हेरेर मात्र दिनु पर्दछ ।
५. आवश्यकताअनुसार र आफ्नो क्षमताअनुसार आभूषण र वस्त्रको व्यवस्था गर्नुपर्दछ ।

श्रीमान्प्रति श्रीमतीले गर्नुपर्ने ५ कर्तव्यहरू

१. घरको कामलाई आफ्नो धर्म सम्झी समयमा सम्पन्न गर्नुपर्छ । समयमा श्रीमान्लाई खाना पकाएर ख्वाउनुपर्छ ।
२. श्रीमान्को इष्टमित्रलाई आफ्नै सम्झी श्रीमतीले राम्रो व्यवहार गर्नुपर्छ । आगन्तुकहरूको आदर सत्कार गर्नु पर्दछ । श्रीमान्को इज्जत राख्नु पर्दछ ।
३. परपुरूषप्रति आकर्षित हुनुहुँदैन । आफ्नो श्रीमान् हुँदाहुँदै अर्को



Downloaded from http://dhamma.digital

पुरूषको कल्पना गर्नु हुँदैन ।

४. श्रीमान्ले कमाएर ल्याएको धनसम्पत्तिको श्रीमतीले सुरक्षा गर्नुपर्दछ । आवश्यक काममा मात्रै खर्च गर्नुपर्छ ।

५. घरको सरसफाई सुव्यवस्था गर्नु र सुख दुःखमा सहयोगी बन्नुपर्छ भनी भगवान् बुद्धले शिक्षा उपदेश दिनुभएको छ ।

❋

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# आफ्नो उज्यालो आफैं हो

भगवान् बुद्धले मनुष्यहरू सबै प्रकारबाट स्वतन्त्र हुनुपर्ने शिक्षा दिनु भएको थियो । विना निस्वार्थी एवं बुद्धि स्वतन्त्र मनुष्यको आध्यामिक अथवा भौतिक कुनै प्रकारको सुख पाउने छैन । अहिंसा, मैत्री, करूणा, मुदिता, सहनशीलता आदि सबै उच्च नैतिक गुणहरू यसको भावनाहरूमा आधारित छ । निस्वार्थी र सम्यक दृष्टिकोण राख्ने व्यक्तिहरूले अनित्य, दुःख र अनात्माको भावना एवं मनन गर्न सकिन्छ । जुन बुद्ध धर्मको मूलभूत सिद्धान्त हो । मैत्री र करूणा अत्यन्त आवश्यक छ । सबै प्राणीहरूलाई करूणा र दया अत्यन्त आवश्यक छ ।

एक दिन भगवान् बुद्ध भिक्षु संघसँगै कोशल राज्यका कामल भन्ने गाउँमा पुग्नुभयो । त्यो गाउँ क्षेत्रीयहरूको गाउँ थियो । रात भएपछि त्यही गाउँमा रात बिताउनु भयो । त्यसपछि कालामहरू अथवा त्यहाँका क्षत्रीयहरूले भगवान् बुद्धको अगाडि आएर भने -'भगवान् शास्ता ! हाम्रो गाउँमा नानाप्रकारका धर्मालम्बीहरू आउनु हुन्छ । साधु सन्त, त्यागीहरू आउनुहुन्छ यहीं बस्नुहुन्छ । त्यो सन्तहरूले आफ्नो धर्मको बयान गर्नुहुन्छ । मेरो धर्म जस्तो कसैको धर्म राम्रो छैन । त्यसै कारण मेरो धर्मको शरणमा आउ । फेरि अर्को सन्त आएर मेरो धर्मबाट तिमीहरूलाई स्वर्ग लिएर जान्छु भन्नुहुन्छ । स्वर्गमा ठाउँ दिन्छु



Downloaded from http://dhamma.digital

मेरो धर्मको शरणमा आउ । फेरि अरू धर्मका फादरहरू आउँछन् । मेरो धर्म र मेरो गुरूको शरणमा आउ तिमीहरूले जति पाप गरे पनि मेरो गुरूको शरणमा आयो भने तिमीहरूलाई स्वर्गमा लिएर जान्छु । अरू धर्म सबै शैतान हो । अरूको धर्ममा नजाउ भन्नुहुन्छ । आफ्नो-आफ्नो धर्मको उपदेश दिनुहुन्छ । उहाँहरूले सबैले आफ्नो धर्म जानको लागि आग्रह गर्नुहुन्छ । धर्म उपदेश सुन्दा सुन्दै हामीले कुन मार्ग धर्मबाट हितकर हुन्छ र सुख पाइन्छ ? कृपा गरेर तपाईले हामीहरूको शंका उपशंकालाई हटाई दिनुहोस् । यसलाई नष्ट गरी हामीलाई राम्ररी सम्झाई दिनुहोस् । यस्तो कुरा सुनेर उहाँहरूको प्रार्थना स्वीकार गरे ।

भगवान् बुद्धले कालाम क्षत्रीयहरूलाई सम्झाएर भन्नु भयो - 'कालाम, तिमीले राजगृह जाने बाटो थाहा छ ?' 'छ, म त बरोबर जाने आउने बाटो हो । आँखा बन्द गरेर गएता पनि भुल्दिन, राम्ररी थाहा छ ।' 'त्यसोभए तिमीसँग कसैले अथवा बटुवाहरूले राजगृहको बाटो सोध्यो भने राम्ररी सजिलोसँग सम्झाएर राम्ररी देखाई दिन्छौ ? बाटो त धेरै छन् । यो बाटो गयो भने गाह्रो र काँडैकाडा मात्र हुन्छ । सजिलो राम्रो बाटो देखाई दिन्छु भन्नुभयो । भगवान् बुद्धले भन्नु भयो कि तिमीले देखाएको बाटोमा गएन भने के गर्ने त ? मेरो कर्तव्य बाटो देखाउन जाने हो । जाने नजाने आफ्नो खुशी मेरो के दोष ? राम्ररी देखाएको बाटोबाट गयो भने सजिलो हुन्छ, अर्काको भनाईमा लाग्नु हुँदैन । सही सत्य बाटोबाट जानुपर्छ । धेरै बाटोबाट राजगृह पुग्न सकिन्छ । कसैले अलमलाउने बाटो पनि देखाई दिन सक्छन् । सही, गलत, राम्रो, नराम्रो विचार गरेर जानु पर्दछ । जाने व्यक्ति पनि सही राम्रो बाटो छान्न सक्नुपर्छ । अनि चाँडै पुगिन्छ । त्यस्तै हरेक साधु सन्तहरूले भने मात्र मान्नु आवश्यक छैन । उहाँहरूले भन्ने बित्तिकै चाँडै निर्णय गर्नु आवश्यक छैन । कुन बाटोबाट जाँदा राम्रो सुख आनन्द हुन्छ र कुन बाटो हितकर एवं सुखकर हुन्छ । आफूले विचार गर्नु पर्दछ । तिमीहरूले केही पनि कुरालाई मान्नु आवश्यक छैन । त्यो कुरा अथवा जुन धर्म पहिलाबाट चलेर आएको भनेर मान्नु



Downloaded from http://dhamma.digital

आवश्यक छैन । यो पहिला अथवा पुस्तकमा लेखेर राखेको भनेर पनि मान्नु आवश्यक छैन । यो परम्परादेखि चलिआएको भनेर पनि नमान्नु । हाम्रो कुल जातिबाट आएको भनेर पनि नमान्नु । यो हाम्रो सम्मानीय पूज्य अथवा गुरूहरूले भनेको पनि नमान्नु । कसैले यो भगवान् बुद्धले भनेको भनेता पनि नमान्नु । केही चिज अथवा कुरालाई ग्रहण गर्नको लागि तिमीहरूले स्वयं आफूले विवेक बुद्धिबाट विचार गर्नुपर्छ । यो कुरा राम्रो र नराम्रो, हित भएको र अहित भएको र कुशल या अकुशल । तिम्रो कान कागले निकालेर लग्यो भन्यो भने कानलाई छामेर हेर्ने कि काग सँगसँगै दौडेर जाने ?

त्यस्तै त्यो कुरा काम राम्रो छ, हितकर छ, कुशल छ भने त्यसलाई ग्रहण गर्नु आवश्यक छ । राम्रो छैन भन्ने त्यसलाई त्याग गर्नुपर्छ । यदि सबैलाई हित, सुख र शान्ति मिल्छ भने ग्रहण गर्नु पर्दछ । जस्तै सुनुवारले सुनलाई ढुङ्गामा घोटेर, पकाएर हेर्नुहुन्छ । शिलापत्रमा लेखेको छ भने पनि विश्वास नगर्नु । राम्ररी विचार गरेर मात्र स्वीकार गर्नु पर्दछ । जे कुरा पनि अर्काको कुरा र धर्ममा विश्वास नगर्नु । जुन धर्ममा सत्य र अष्टागिंक मार्ग हुन्छ त्यस्तो धर्मलाई अंगाल्नु पर्दछ । आर्य सत्य भनेको शील, समाधि र प्रज्ञालाई नै हो । चार आर्यसत्यज्ञान भन्नाले चरवटा ध्रुवसत्य ज्ञानलाई बुझिन्छ

१. दुःख सत्य (दुःख छ), २. दुख समुदय सत्य (दुःखको कारण छ), ३. दुःख निरोध सत्य (दुःखलाई निर्मूल गर्न सकिन्छ), ४. दुःख निरोधगामिनि प्रतिपदा मार्ग आर्यसत्य (दुःखलाई निर्मूल गर्ने मार्ग वा राम्रो बाटोहरू) छन् ।

यस्ता मार्गहरूलाई आर्य अष्टाङ्गिक मार्ग (आठवटा मध्यम मार्ग) पनि भनिन्छ । आर्यसत्यको अर्थ श्रेष्ठ, उत्तम, साक्षात्कार गर्न योग्य जीवन पवित्रता हो । अष्टाङ्गिक मार्गको अर्थ हो आठ प्रकारका पवित्र फल दिने, साक्षात्कार गर्ने जीवन उपाय देखाउने यी अष्टाङ्गिक मार्गलाई तीन गुणमा बाँधिएको छ । ती यस प्रकार छन् -

क) प्रज्ञा ज्ञान - सम्यक दृष्टि, सम्यक संकल्प ।

ख) शील -सम्यक बाचा, सम्यक कर्मान्त, सम्यक आजीविका ।



Downloaded from http://dhamma.digital

ग) समाधि ध्यान - सही धारणा ।

दुःख, दुःख हेतु, दुःख निरोधको मार्ग, यी सबै विषय थाहा पाउनु । जस्तै चार आर्य सत्यधर्मलाई यथार्थ रूपमा जान्नु, अनित्य दुःख र अनात्म स्वभावलाई यथार्थ अवबकोध गरी कुशल र अकुशलको मूल कारणलाई चिन्नु । कर्म र कर्मफलबारे ध्यानको महत्वबारे अनित्यता र यथार्थबोधबारे राग, द्वेष र मोह जस्ता क्लेश निर्मूल पार्ने मार्गबारे र निर्वाणको महत्वबारे ठीक धारणा हुनु । कायिक, वाचिक, मानसिक राम्रो नराम्रो कर्मलाई ठीक-ठीक जानुलाई नै सम्यक दृष्टि भन्दछन् ।

२. सम्यक संकल्प (निष्कर्मता, अनाशक्ति र राग हिंसारहित संकल्प) जति पनि नराम्रा विचारहरू छन् ती सबैलाई त्यागेर परोपकार एवं सुखशान्ति प्राप्तिको मार्गतिर डोऱ्याउने विचारमा अडिग रहनु । काम भोगबाट मुक्त हुने विचार भलाइको चिन्तन र निर्दयतारहित करूणायुक्त चिन्तन गर्नु । यसलाई नै सम्यक संकल्प भन्दछन् ।

३. सम्यक वचन (सही वचन) - नराम्रो बोली वचनबाट अलग्गिनु र राम्रो प्रिय एवं सार्थक वचन बोल्नु । सत्य वचन, शुद्ध वचन र प्रिय वचन बोल्नु । असत्य वचन, चुक्ली, कडा र अपशब्द तथा अनावश्यक निन्दा चर्चाबाट टाढा रहनु । यसलाई नै सम्यक वचन भन्दछन् ।

४. सम्यक कर्मन्त (परिशुद्ध कर्म) - आफ्नो शरीरबाट अरूलाई दुःख पीडा हुने नराम्रो शारीरिक पापकर्मबाट टाढा रहनु । प्राणीहिंसा, चोरी, चोरी, काममिथ्याचार र अम्मल पदार्थ सेवन नगर्नु नै सम्यक कर्मान्त हो ।

५. सम्यक आजीविका (सही जीविका) - उद्यगी, मिहेनती र इमान्दार बनी जीवन बिताउनु

क) काटमार गर्ने, शस्त्र अस्त्रको व्यापार नगर्नु ।

ख) सत्व प्राणीहरूलाई मार्नको लागि नबेच्नु ।

ग) मानिसहरूलाई नबेच्नु ।



Downloaded from http://dhamma.digital

घ) विषालु पदार्थ व्यापार नगर्नु ।

ङ) अमल पदार्थ जुन भएतापनि जाँड, रक्सी मात्र नभई गाँजा, धतुरो, अफिम इत्यादि व्यापार नगर्नु । तौलमा कम गरेर नदिनु । नराम्रो वस्तु मिसावट नगर्नु, यो पाँच वटा कर्मबाट बचेर व्यापार गरेर खाएको नै सम्यक आजीविका हो ।

६. सम्यक व्यायाम (ठीक प्रयत्न) - नराम्रो र आफूलाई पतन गराउन पाप चेतनाहरूबाट आफ्नो मनमस्तिष्कलाई सदैव टाढा राख्ने नै प्रयत्न गर्नु । उत्पन्न नभएका अकुशल चेतनाहरूलाई उत्पन्न नै हुन नदिनु । उत्पन्न भइसकेका अकुशल चेतनाहरूलाई निर्मूल गर्ने । उत्पन्न नभएका कुशल चेतनाहरू उत्पन्न गर्नु । उत्पन्न भइसकेका कुशल चेतनाहरूलाई अझ बढाउनका निमित्त उत्साहपूर्वक प्रयत्न र मिहिनेत गर्नु । खराब भावना र विचार धाराहरूलाई रोक्नुलाई नै सम्यक व्यायाम भन्दछन् ।

७. सम्यक स्मृति (सही जागरूकता) - आफ्नो शरीरबाट भइरहेका कार्य र आफ्नो शरीरमा के भइरहेको छ, त्यसलाई स्मृथिपूर्वक होस् गर्ने, मनमा अथवा चित्तमा आइरहेका कल्पनामध्ये कुशल र अकुशललाई चिनेर खराब पापचेतनालाई सामना गर्न सर्तक वा जागरूक हुने तथाचित्तलाई नियन्त्रण गर्ने, वशमा राख्ने, होश गरेर जागृत हुने, शारीरिक र मानसिक सुख, दुःख वा उपेक्षा वेदना, राग, व्देषसहितको कल्पना र विचारहरूलाई आइरहने चित्त र कामच्छन्द आदि धर्म समूहमा होसपूर्वक ध्यान गर्ने कार्य नै सम्यक स्मृति हो ।

८. सम्यक समाधि (सही एकाग्रता) - कुशल चित्तको एकाग्रतालाई समाधि भन्दछन् । आफ्नो ध्यानलाई सही कतै जान नदिई मनलाई एकग्र गर्नु वा नियन्त्रण गर्नु, सुख भोगको आशा गर्ने वा व्देष भावले रिसाउने वा डाहा र ईर्ष्या गर्ने वा शारीरिक वा मानसिक रूपले अल्छी बन्ने पा चञ्चल हुने वा अनावश्यक शंका उपशंका गर्ने बानीलाई नियन्त्रण गर्नु समथ भावना र पिश्यनाव्दारा चित्तलाई परिशुद्ध गर्नु नै सम्यक समाधि भन्दछन् ।

यस्तो उपाय अथवा बाटो भएको भए शरणमा जानु । होइन



Downloaded from http://dhamma.digital

भने अरूले भने बित्तिकै जानु पर्ने छ भन्ने आवश्यक छैन । यो भनेको सामप्रदायिक होइन । धम्मपदमा यसरी उल्लेख गरि राख्नु भएको छ ।

अत्ता हि अत्तनो नाथो - को हि नाथो परो सिया ?

अत्ता व सुदन्तेन - नाथं लभति दुल्लभं ।

अर्थ -

आफू नै आफ्नो मालिक हो, आफ्नो मालिक अरूको हुन सक्ला ? आफूलाई राम्रोसँग दमन गर्न सक्यो भने दुर्लभ स्वामित्व प्राप्त हुन्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# धर्म के को लागि र यसले के सिकाउँछ ?

हामीलाई धर्म अत्यन्त आवश्यक छ । धर्म शान्तिका लागि हो । अशान्तिका लागि होइन । अशान्तिको लागि होइन भनेको धर्मको नाउँमा पशु बली दिन्छन् । धर्मको नाउँमा चोरी गर्छन्, धर्मकै नाउँमा तेरो धर्म सानो, मेरो धर्म ठूलो भनेर झैंझगडा गर्न र गराउने गर्छन् । धर्म समन्वयको लागि हो । धर्म दुःखीहरूको आँसु पुछिदिनको लागि हो । आँसु बगाइदिनको लागि होइन । धर्म कसैलाई कल्याण गरिदिनको लागि मद्दत गर्नको लागि हो । धर्मले कसैको पेट भरिदिनको लागि हो । यसो भनिरहँदा मलाई २०७२ साल वैशाख १२ गते विनाशकारी भूइँचालो आउँदाको याद आयो । त्यतिखेर धेरै मानिसहरूले खान पाएनन् । त्यस्तै सिलसिला धनगढीको तिप्लिङ्ग रि भन्ने गाउँमा एक्लै हेलिकोप्टरबाट राहत वितरण गर्न गएँ । तिप्लिङ्ग गाउँ त सबैभन्दा धेरै क्रिश्चियनहरू थिए । तर मैले अर्काको धर्म भनेर विचार गरिनँ । त्यहाँ खान नपाएका मानिसलाई हेरेँ, धर्म होइन ।

म बुद्धिष्ट भिक्षुणी हुँ । तर क्रिश्चियनहरूलाई चामल, नून, चिनी र स्लिपिङ्ग ब्यागहरू दिएँ । यो कुरा भगवान् बुद्धले सिकाउनु भएको धर्मअनुसार गरेकी थिएँ । केवल मनुष्य आपत् परेको छ । जुन



Downloaded from http://dhamma.digital

व्यक्तिलाई आपत् परिरहेको छ त्यसैलाई उपकार गर्नु नै धर्म हो। उदाहरणको लागि कोही व्यक्तिहरू माथि उठ्न सकेका छैनन्, त्यस्तालाई झन् असत्य मानेर जाने कि, तिम्रो जात के हो, तिम्रो धर्म के हो, तिमीसँग खान, पैसा छ कि छैन भनेर सोधेर बस्ने ? त्यसलाई धर्म भनिँदैन। जुन व्यक्तिसँग धर्म चेतना हुन्छ, उसले हत्त न पत्त उपचार गर्न खोज्दछ, त्यही हो धर्म। धर्म जीवनमा धर्मचक्र चलाउनको लागि हो। धर्म परोपकार गर्नको लागि र अरूलाई सकेको क्षमताले भ्याएसम्म मद्दत गर्नको लागि हो। धर्म-धर्ममा दीक्षित हुनको लागि हो, चित्त शुद्ध गर्नको लागि हो। तिम्रो र मेरो भनेर सम्प्रदायमा दीक्षित हुनको लागि होइन। यदि आफ्नो साथै अरूको हित, सुख र कल्याण गर्ने र कल्याण हुनेछ भने त्यही धर्मलाई स्वीकार्नुपर्दछ र त्यसमा आवद्ध भई गन्तव्यतिर लम्कनुपर्दछ। यसै उद्देश्य पूर्तिको लागि नै धर्म चाहिएको हो। वास्तवमा धर्म चाहिएको आफू पनि सुखसाथ बाँच्न र अरूलाई पनि सुखसाथ बाँच्न दिन नै हो।

धर्मले झगडा गराउँदैन, बरू मेलमिलाप गराउँछ। धर्मले प्रेम गर्न सिकाउँछ, घृणा गर्न होइन। धर्मले भेदभाव गर्न सिकाउँदैन, समानताको पाठ सिकाउँछ। मानव मानव बराबर छ, जात, पात, भात, कालो सेतो बराबर भनेर सिकाउँछ। गरीवहरूलाई हेला गर्नहुँदैन, माया गरेर सकेको मद्दत गर्नु पर्छ भनेर सिकाउँछ। हामीहरूले देखेका छौं अछुत बच्चाहरूले कुवामा पानी छोयो भनेर निलडाम हुने गरी कुटेर रूखमा झुण्ड्याएको घटना। धर्म बुझ्नेले त्यस्तो कदापि गर्दैन, जुनसुकै धर्म भएतापनि। धर्मले अन्धविश्वासमा पारेर अन्धभक्तिमा रूमलिन भन्दैन। स्वयंले अन्वेषण गरी स्वविवेक र स्वानुभवबाट निर्दिष्ट कुरामा श्रद्धा राखी अगाडि बढ्न सिकाउँछ।

धर्मले उपकारी, गुणी, मार्गदर्शकप्रति कृतज्ञ हुन सिकाउँछ। कृतघ्न १८ वर्षसम्म खाएर पिएर पढेर देशविदेश घुम्न पठाएर धेरै जान्ने पण्डित भएपछि गुण गर्ने व्यक्तिलाई तिमीले कोरेको छाप सम्पूर्ण आफै हो भने अवगुण सिकाउने होइन।

धर्मले समाजमा आफू मात्र होइन, अरू पनि छन् है भन्ने



Downloaded from http://dhamma.digital

सन्देश दिन्छ र आफू सुखसाथ रहन अरूलाई पनि सुखसाथ रहन दिनुपर्छ भन्ने जीवन रहस्य बताउँछ । यो कुरामा मैले मोटर चलाउन सिकेको समय जगत दाइले भन्नुभएको थियो । बाटो आफ्नो मात्र होइन, अरूको पनि हो भन्नु हुन्छ । गाडीको ह्याण्डल समाउन आउँदैन थियो । कहिलेकाहीँ कोही गाडीको बीचमा पनि जाने गर्थ्यो । अरू गाडी आयो ठक्कर खायो भने दुवै जनाको हानी हुन्छ । त्यसकारण दुवैजनालाई फाइदा हुने गरी चलाउनु पर्छ । धर्मले सिकाउने आफ्नो कल्याण आफैले सोच्नुपर्छ र स्वर्ग, नर्क आफैले बनाएर बनिने हो, आफ्नो नाश आफै हो, अरू होइन भन्ने खबरदारी गर्दछ ।

धर्मले पुण्य गराउन सिकाउँछ, पापबाट बचाउन मद्दत गर्छ । धर्मले गोप्य पापबाट पनि बचाइदिन्छ । उदाहरणको लागि पहिला दिशापामोख गुरू भन्ने थिए, तक्षशिला विश्वविद्यालय अहिले पाकिस्तानमा पर्छ । तक्षशिला विश्वविद्यालय ठूलो थियो । त्यहाँको प्रिन्सिपल दिशापामोख गुरूले सम्पूर्ण जिम्मेवारीका साथ हेरविचार गर्नुभएको थियो । उहाँको धेरै राम्रा धर्मी विवेकशील, विचार भएको र उहाँको एउटा मात्र छोरी थिइन् । उनको नाम रूपवती थियो । रूप अत्यन्त सुन्दर थियो । ठूलो गुरूको छोरी, उनी पनि धेरै पढेकी थिइन् । उनमा ३२ वटा नै लक्षण भएको थियो । विस्तारै-विस्तारै ठूली भएर आउँदा र आमा बुबाको कर्तव्य विवाह गरिदिनु पर्ने भयो । त्यो विश्वविद्यालयमा धेरै नै राम्रा ठूला धनाढ्यका छोराहरू पनि पढ्थे । दिशापामोख गुरूले राम्रो, पढ्नमा तेजिलो, शील, स्वभाव भएको विद्यार्थी आफ्नो छोरी दिनको लागि हेर्ने गर्दथे । पढेर मात्र हुँदैन, असल विद्यार्थी हुनुपर्‍यो । धार्मिक हुनुपर्‍यो । पढेको त धेरै नै छ अरू असल धर्मकै कमी छ । विस्तारै विस्तारै छोरी ठूली भएर आउँदा केटा खोज्ने चिन्ताले बाबुआमालाई सतायो । खोज्ने विचार गर्ने क्रममा हज्जारौं विद्यार्थीमध्ये दुईजना असल र धर्मीजस्तो शिष्य देखेपछि उनीहरूसँग भेट गरे । धेरै विद्यार्थीहरूले गुरूको छोरी रूपवतीलाई मन पराएका थिए । मन परेर मात्र के गर्ने, त्यतिकै लिन त मिल्दैन । त्यो



Downloaded from http://dhamma.digital

पनि गुरूको एकलौटी छोरी ।

दिशापामोख गुरूले आफ्नो छोरीको लागि योग्य वर, बुद्धिवान, असल, पाप भनेको गुप्त पाप पनि नगर्ने केटासँग विवाह गरिदिनु पऱ्यो भनी विचार गरी रहेका थिए । हज्जारौ केटामध्ये दुईजनालाई सम्पूर्ण जाँच गरियो । सबै ठीकै थियो । त्यसो भए तापनि एउटा बाँकी छ । त्यो हो पाप भनेको विभिन्न कर्म अकुशल गरेपछि दशाअकुसल पाप छ । त्यसमध्ये गुप्त पाप गर्ने र त्यसको जाँच लिन बाँकी थियो । अब त्यो पनि जाँच लिनुपऱ्यो भनी विचार गरेर दुवैजनालाई बोलाएर भने - 'बाबु हो ! तिमीहरू दुवैजनाले एउटा-एउटा परेवा मारेर ल्याउनु । त्यो कसैले पनि नदेखोस् । जसले कसैले नदेखिकन परेवा मारेर म भएको ठाउँमा ल्याउन सक्छ, म त्यसैलाई मेरो छोरीको विवाह गरिदिनेछु र मसँग भएको धन सम्पत्ति पनि दिनेछु ।' रूपवती दुवैजनालाई मन परेको थियो । गुरूको कुरा सुनेर उनीहरूले विचार गरे, यो प्रतियोगितामा पास हुन सकेको खण्डमा रूपवती पनि पाउने सम्पूर्ण सम्पत्ति पनि पाउने, इज्जत पनि पाउने भनी एउटा एउटा परेवा लिएर गए । एकजनाले पर्खालको तल गुफाजस्तो मान्छे पनि नआउने ठाउँ हेरेर यहाँ त कसैले देख्दैन, यहीँ ठीक छ भनी परेवालाई मारेर गुरू भएको ठाउँमा पुऱ्यायो । गुरूले भन्नुभयो -'यो परेवा मारेको बेला कसैले पनि देखेको छैन ?' उसले कसैले पनि देखेको छैन भनेपछि गुरूले परेवा लिनुभयो । अर्को चाहिँले मानिसको आवत-जावत गर्ने ठाउँ पनि होइन, सुनसान भएको ठाउँ खोज्दै परेवालाई लिएर गयो । त्यहाँ पुगेर परेवालाई मार्न खोज्यो । अरूको आँखा बन्द गराउन सक्छ, तर मैले त देखिरहेको छु, गुरूले कसैले पनि देखेको हुनुहुँदैन भन्नुभएको छ । एकछिन सोच विचार गऱ्यो - मेरो आँखा बन्द गरेँ भने पनि मभित्र भएको हृदयको आँखाले त देखिरहेको छ । मेरो चित्त, मेरा मनको आँखालाई बन्द गर्न सकिदैन भन्ने सोचेर म परेवा पनि मार्न सक्दिन, गुरूको छोरी पनि विवाह गर्दिन भन्ने विचार गरी म गुरूको अगाडि झुठा कुरा बोल्न सक्दिनँ बरू गुरूलाई सत्य कुरा जे हो त्यही भन्यो -'गुरू मैले



Downloaded from http://dhamma.digital

परेवालाई मार्न पनि सकिनँ । कसैले नदेखिकन भन्नु भएको थियो तर मेरो मनको आँखाले त देखिरहेको थियो नि । कसरी कसैले पनि नदेखेको हुन सक्छ । झुटो कुरा गर्दिन' भन्दै ज्युँदै परेवा फिर्ता ल्यायो । अनि गुरूलाई भन्यो, 'गुरू, मैले कसैले पनि नदेख्ने गरी परेवा मार्न सकिनँ । किनभने सबैको आँखा बन्द गराउन सकिन्छ तर आफ्नै आँखा बन्द गर्न सकिदैंन । जति मेहेनत गरेतापनि घात गर्न सकिनँ ।' निराश भएर परेवालाई लिएर फर्कियो र परेवा दिशापामेरद गुरूलाई जिम्मा दिएर भन्यो -'गुरू मैले यो परेवालाई कसैले नदेखिकन घात गर्ने ठाउँ पाएँ । त्यहाँ मान्छे थिएनन् । मान्छे मात्र होइन चराचुरूङ्गीहरू केही पनि थिएनन् । गुफाभित्र यस ठाउँमा ठीक छ भनेर परेवा समातैं । त्यसको हत्या पनि गर्न लागेको थिएँ तर मेरो आँखाले देखिरहेको थियो । अब के गर्ने ? आँखा पनि बन्द गर्छु । मेहनत गरेर परेवालाई समातेर हत्या गर्छु भनेर आफूलाई घाउ नहुने गरी समातैं तर फेरि मनको आँखालाई बन्द गर्न सकिनँ । पापमाथि पाप, म यो परेवालाई घात गर्दिनँ । तपाईंको छोरी पनि चाहिदैंन । मलाई विदा दिनु म घर फर्कन्छु ।'

आफ्नो शिष्यको यति कुरा सुनेर गुरू चाहिँ खुशीले गदगद भए । कारण परेवालाई घात भएको थिएन । घात गर्नको लागि जति मेहनत गरेतापनि चित्तको आँखा हेरिरहेको थियो । शरीरबाट गर्ने पाप ३ वटा, वचनबाट गर्ने पाप ४ वटा र मनबाट गर्ने पाप ३ वटा गरी जम्मा दश वटा पाप कहिले पनि गर्ने छैन । मेरी छोरीलाई सुखपूर्वक राख्ने र कत्तिपनि दुःख दिने छैन । पापदेखि डराउने व्यक्तिले हमेसा पुण्य, कुशल कर्म नै गर्छ । त्यसपछि शान्ति नै शान्ति हुनेछ । सुख नै सुख हुने छ । अब सबैलाई बोलाएर मेरी छोरी दिनेछु । तिमी जस्तो नै खोजेको जाँचेको हो । तिमी जाँचमा पास भयौ । तिम्रो परीक्षा तिमीले दिएको जाँचमा पास मात्र होइन डिस्टिन्सन् ल्याएकोमा म धेरै नै आभारी छु ।त्यसैकारण छोरीको विवाहको तयारी गर्ने छु ।

परेवाको जाँच पास भएको भोलिपल्ट विवाहको कार्यक्रम शुरू भयो र धेरै नै सम्पत्ति दिएर खुशी खुशी घर, धन सम्पत्ति जग्गा



Downloaded from http://dhamma.digital

इत्यादि दिएर राखे । उनीहरूले पनि जीवनभर घर परिवार सुखपूर्वक जीवन बिताउन थाले । यताको परिवार र उताको परिवारहरू सुखै सुखपूर्वक जीवन बिताए । यति मात्र होइन टोल छिमेकीहरू पनि सबैले शान्ति पाए । यो के को कारणले भएको ? धर्मले होइन ? यो कुरा धर्मले सिकाएको होइन ? त्यसैकारण धर्म अत्यन्त आवश्यक छ । धर्म भएको व्यक्ति आफू पनि खुशी शान्ति हुन्छ र अरूलाई पनि खुशी र शान्ति दिन्छ । धर्मले आफ्नो नाथ आफै हो, अरू होइन भन्ने खबरदारीको वोध पनि गराउँदछ । धर्मले स्वर्ग, नर्क आफैले बनाएर बनिने हो अरू कसैले होइन भन्दछ । मानवलाई दैवत्वमा पुऱ्याउन पनि मद्दत गर्दछ । धर्मले सम्पूर्ण दुःखको कारकतत्व मानिस आफै हो र दुःखको निवारक तत्व पनि स्वयं नै हो भनी मानिसलाई कर्मशील र जिम्मेदार बन्न मद्दत गर्दछ । धर्मले जन्म र मरणको चक्रबाट मुक्त रहेको निर्वाण पद प्राप्त गराई मानिसलाई अजय अमर बनाइदिन्छ ।

Downloaded from http://dhamma.digital

# कुनै भगवान् पनि आठवटा लोकधर्मबाट बच्न सक्दैन

यो संसारमा अनेक प्रकारका धर्महरू छन् । तर भगवान् बुद्धले भन्नुहुन्छ - अष्टलोक धर्मबाट मुक्त हुने कोही पनि छैन । अष्टलोक धर्म भनेको यसप्रकारका छन् - लाभ, अलाभ, यश, अपयश, निँद्रा, प्रशंसा, सुख, दु:ख । यी लोक धर्मबाट संसारका कोही पनि मानिस मुक्त छैनन् । चाहे राजा होस् या प्रजा होस्, चाहे गरीब होस् या भगवान् होस् यो धर्मबाट बच्न सक्दैन ।

लाभ र अलाभबारे चर्चा गरौं । लाभ भएको विषय धेरै लाभ भएतापनि अभिमान बढेको हुन्छ । भगवान् बुद्धले उपदेश दिनु भएको र उहाँले श्लोकबाट यसरी भन्नु भएको थियो -'लाभेन उन्नतो लोको अलाभेन च ओनतो' । (अर्थ : लोक-संसार लाभबाट मात्तिन्छ, चञ्चल हुन्छ । अलाभले दुखित र असन्तुष्ट हुन्छ ।) लाभ हुँदा ठूलो हर्षित भई उफ्रिन्छ, चञ्चल हुन्छ । अलाभ भएको खण्डमा दु:खी र असन्तुष्टि भई जुवामा हारेको जस्तो झुलेर बस्छ । अलाभ भएको खण्डमा मानिस संसारबाटै विरक्तिएर बसेको देख्न सक्छौं । लाभ हुँदा मानिसहरू घमण्डी हुँदोरहेछ भन्ने मैले देखेको एउटा घटना भन्न चाहन्छु । एउटा परिवारमा श्रीमान्‌को जागिर भयो । त्यसमा पनि



Downloaded from http://dhamma.digital

श्रीमान्को प्रमोशन भयो । श्रीमान्को प्रमोशन हुँदा श्रीमतीको खुट्टा भूइँमा नै थिएन । धेरै नै घमण्ड गर्ने भइन् । घरमा सासु ससुरा र परिवारहरूलाई वास्ता नै नगर्ने भइन् । पैसा धेरै पाउँदा घर परिवारलाई हेप्ने छिःछिः र दूरदूर गर्न थाले । श्रीमान्ले पैसा कहाँबाट ल्यायो भन्ने चाहिँ मतलब नै गरेन । श्रीमतीलाई राम्रो बंगला, विभिन्न गर-गहना मोटर भए पुग्यो । पैसा धेरै भएपछि पुरानो घर छोडेर नयाँ बंगलामा बस्न गइन् । त्यहाँ सम्पत्तिको कारणबाट सारा इच्छा पूर्ण भयो । परिवारको मायाममता, स्नेह, अपनत्व, सरसल्लाह चाहिँ गुम्न पुग्यो, पाउन सकिन । पैसाको कारणले झन्–झन् बानी व्यहोरा पनि बिस्तारै बिग्रिएर गयो । खानापिना र मोजमस्ती गर्नुको सीमाना नाघ्यो । श्रीमान्ले चाहिँले घुस खाएर कमाएको पैसा सम्पत्ति रहेछ । अत्याचारको पनि एउटा सीमा हुन्छ । सीमा नाघेपछि त्यसले विनाश गर्छ । सरकारले श्रीमान्चाहिँको कुरा थाहा पायो । खोज तलास गर्‍यो । घुस मात्र खाएको होइन ड्रग्सहरूको पनि व्यापार गर्ने गरेको रहेछ । पापले पोलेपछि त्यो कुरा सरकारले थाहा पाउँदा घर जग्गा सम्पत्ति सम्पूर्ण जफत भयो । नाङ्गो भयो, अभिमान सबै चकनाचुर भयो । धेरै लाभ हुँदा घमण्ड आएको मैले देखेको थिएँ ।

लाभ हुन र अलाभ हुन सामान्य मानिसको स्वभाव र धर्म हो । भग्वान् बुद्धको शिक्षाअनुसार आध्यात्मिक उन्नति भएको खण्डमा अर्थात् अर्को भाषामा समताभाव भयो भने तठस्थता अवस्थामा पुगेको खण्डमा त्यो व्यक्तिलाई लाभ, अलाभले केही असर पर्दैन । मतलब अलाभ हुँदा असन्तोष र लाभ हुँदा खुशी र सन्तोषको अनुभव हुदैंन । यो आध्यात्मिक उन्नति भएको व्यक्ति दुवै समान हुन्छ । २०७० सालमा २५ जनाको ग्रुप बर्मामा घुम्न गएको थिएँ । त्यहाँ जाँदा जाँदै १३ दिन तीर्थ यात्रा गरैं । बाटो अथवा रंगुणतिर फर्कदा बसको कण्डक्टरको घर आगोले जलेर भष्म भयो । श्रीमती र छोरा घरबाट बाहिर बसेको छ भनेर खबर आयो । मैले त्यो कण्डक्टरसँग सोधेँ, तपाईको घर आगोले खाइदियो, तपाईंलाई दुःख लागेन ? कण्डक्टरले जवाफ दिए -'अलि-अलि लाग्छ, भगवान् बुद्धको अनुयायी हुँ । भग्वान् बुद्धको



Downloaded from http://dhamma.digital

उपदेश सुन्दै छु सबै चिज अनित्य, दुःख र अनातम हो । यस्तो अवस्थामा भगवान् बुद्धको शिक्षा सम्झेको छु । दुःखी भएर रोएर के फाइदा फेरि मेहनत गर्नेछु र फेरि घर बनाउने छु ।' यो सुनेर त्यहाँ मलगायत सबैले पैसा उठाएर दियौं । त्यहाँ त गरीबहरूको घर, रूखको पातले बनाएर राखेको हुन्छ । त्यस्तै पातको घर बनाउनको लागि पुग्छ होला । उनी धेरै नै खुसी भए । यस घटनाले के स्पष्ट हुन्छ भने साधारण मानिसहरू पनि लाभ र अलाभबाट बिचलित नभई बस्न सक्ने रहेछ । धर्मको उपदेश सुन्ने र नसुन्नेमा धेरै फरक छ ।

अर्को एउटा लाभ र प्रशंसा गरेको सहन नसकी इर्ष्याले अबौद्ध परिवारकी सुन्दरी केटीलाई हत्या गरी जेतवन विहारको फूल फाल्ने खाल्डोमा गाडी भगवान् बुद्धलाई ज्यानमाराको अपवाद फैलाइएको थियो । त्यही कुरा राजा प्रशनले थाहा पाउनु भयो । यो घोर अन्याय हो, भग्वान् बुद्धले यस्तो अपराध कहिले पनि गर्न सक्दैनन् । यो कुरा पत्ता लगाउनु पऱ्यो भनेर जासुस पठाए । जासुसहरू ठाउँठाउँमा हेर्न गए । एउटा भट्टी पसलमा पसे । त्यहाँ चारजना जड्याँहाहरू अमल खाएर, पिएर आफ्नो कुराबाट झगडा गरिरहेका थिए । उनीहरू भन्दै थिए - 'मैले मारेको मलाई पैसा ज्याँदा चाहिन्छ । मैले भगवान्‌को फूल राख्ने खाल्डोमा राखेको थिएँ, मलाई धेरै पैसा चाहिन्छ ।' यसरी झगडा भइरहेको थियो । यही समयमा जासुसहरूले झ्याप्प समाते । कसलाई मारेको, कसले मार्न लगाएको यो कुरा बुझाउनको लागि राजाकहाँ लानुपर्छ भन्दै लगे । राजाले सम्पूर्ण कुरा सुन्यो । ठाकुरहरूले जुन बाबाजीहरूले लगाएको सबै पोल खोले । त्यसपछि राजाले सारा बाबाजीहरूलाई समातेर दण्ड दिनुभयो । भगवान् बुद्ध निर्दोष भनेर थाहा भयो ।

यो बुरा भगवान् बुद्धको लाभ सत्कार ज्यादा हुँदा तीर्थकरहरूको अलाभ भएकोले र भगवान् बुद्धको अपयश फैलाउन, निन्दा गराउन खोजिएको थियो । संसारका मानिसहरू प्रशंसा मात्र सुन्न चाहन्छन् । तर चाहेर के गर्ने ? मन परेको मानिसले नराम्रो काम गरेतापनि त्यसलाई प्रशंसा गर्ने गर्दछन् । तर मन नपरेको



Downloaded from http://dhamma.digital

मानिसले राम्रो-राम्रो काम, कुरा गरेता पनि निन्दा गर्ने गर्छन्, अपयश फैलाउने गर्छन् । यस अयश निन्दा, प्रशंसाबाट कोही पनि बच्न सक्दैन अब सुख र दुःख कहिलेकाहीँ दुःख र सुख सगँ-सँगै आउने छ । सुख- आफ्नो काम सफल भएको बेला इच्छा पुरा हुँदा खुशी हुनेछ । दुःख - आफूले गरेको काम असफल हुँदा दुखी हुन्छ । कसैले कोही भन्दा कसैले धोका दिँदा र अरूले अपमान गरेर जाँदा मनमा चोट पुगेको हुन्छ । धेरै दुःख हुन्छ, । जङ्गलमा आगो लाग्दा सबैले देख्न सक्छन् । तर मनमा आगोले पोलेको कसैले देख्न सक्दैन । दुःख धेरै मात्रा वा कम मात्रामा सबैलाई हुने गर्छ । संसारमा भगवान् बुद्ध जस्तो दुःख, निन्दा सुन्ने र गाली खाने व्यक्ति कोही पनि छैन ।

एकदिन भगवान् बुद्ध राजगृहमा बस्नु भएको थियो । त्यही समय एकजना आक्रोशित ब्राह्मण के कारणले किन ? एक्कासी रिस कहाँ पोख्नु हुन्छ, हुँदैन थाहा नपाइकन भगवान् बुद्ध समक्ष गएछन् । भगवान्को कुनै दोष पनि थिएन । दोष हुन आवश्यक पनि थिएन । ब्राह्मणले तँ गधा, तँ गोरू, तँ भेडा, तँ पशु इत्यादि भनी गाली गरे । भगवान् बुद्ध चुपचाप बसी मुसुमुसु हाँसिरहनु भएको थियो । अनि भगवान् बुद्धले प्रश्न गर्नुभयो, 'हे ब्राह्मण किन गाली गर्न पुग्यौ । त्यसो भए म तिमीसँग प्रश्न गर्दछु । भगवान्ले सोध्नुभयो - कसैले पाहुनाको लागि मिठो मिठो खाना तरकारी तथा विभिन्न व्यञ्जन इत्यादि बनाई राखेको हुन्छ । अनि पाहुना आएन भने त्यो त हामीले नै खाने ।'

- त्यो लगेको कोसेली लिएन भने त्यो के गर्ने ?'

'त्यो लगेको कोसेली लिएन भने म आफै फिर्ता लिएर जान्छु ।'

अनि भगवान्ले भन्नुभयो -'हो, ब्राह्मण त्यस्तै जुन तिमीले गाली गर्‍यौ नि, गधा, पशु इत्यादि भनेर त्यो मैले लिइनँ, तिमी आफैँ लिएर जानु ।' यस्तो घटनाहरू त्रिपिटक साहित्यमा पनि ठाउँठाउँमा उल्लेख गरिएको छ । भगवान् बुद्धको सहनशीलता, आध्यामिक शक्ति



Downloaded from http://dhamma.digital

अति उच्चतम छ । त्यसैकारण कुनै भगवान् पनि आठवटा धर्मबाट बँच्न सक्दैन भनेको हो । संसारमा भगवान् बुद्धजस्तो मैत्री, करूणा, मुदिता उपेक्षा क्षेमाशील बुद्धिमानी, दयावान्, त्यागी, सहनशीलता इत्यादी गुण सम्पन्न भएको बुद्ध त आठवटा अथवा अष्टलोक धर्मबाट बच्न सक्दैन भने अरूको कुरा नै गर्नु परेन । कसैले निन्दा वा प्रशंसा गऱ्यो भनेर सुख, दुःख यश अपयश लाभ र अलाभ यो प्रकृतिको नियम हो ।

❀

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मनुष्यलोकबाट स्वर्ग, स्वर्गबाट नर्क जस्तो

गृहस्थी जीवन सुखको लागि भगवान् बुद्धले ४५ वर्षसम्म गाउँ, गाउँमा, देश देशमा, नगर-नगरमा धर्म उपदेश गर्नु भएका थिए । ज्ञानवर्द्धन शिक्षाहरू मानिसहरूको पारिवारिक गृहस्थ जीवन सुखमय बनाउन लागि मानिसले असल जीवन बिताउनका लागि उहाँले ४ वटा महत्वपूर्ण तत्वहरूको विषयमा व्याख्या गर्नु भएको छ ।

संसारका मानिसहरू सबैले सुखपूर्वक बाँच्ने इच्छा गर्छन् । दुःखपूर्वक बाँच्ने इच्छा कसैलाई हुँदैन । यो स्वाभाविक हो । तर, सुख मन परेपनि मानिसको जीवन सुखबाट झन् झन् टाढिदै दुःख पछि पछि लागिरहेको मात्र देखिन्छ । त्यसैले होला भगवान बुद्धले भन्नुभएको दुक्खे लोको पतिटिठ्तो अर्थात् संसार दुःखमा नै डुबेको छु, प्रतिष्ठित छ । कुनै कारणविना दुःख हुने होइन । भगवान् बुद्धको भनाइ अनुसार मानिसलाई दुइवटा कारणले दुःख हुने गर्छन् । पहिलो जति भए पनि नपुग्ने असन्तुष्टि, तृष्णा । अर्को मोजमस्तीपूर्ण विलासी जीवनको इच्छा । मोजमस्ती गर्नको लागि आफूसँग भएको सम्पत्तिलेमात्र नपुगेपछि घुस, कमिशन, भ्रष्टाचार, देहत्यापार गर्नैपर्‍यो । असन्तोष छँदा यस्तो नराम्रो काम गरेर आफ्नो तृष्णालाई मेटाउने



Downloaded from http://dhamma.digital

काम गर्ने गर्छ ।

दु:ख हुने अर्को कारण मानिसलाई नभई नहुने दैनिक आधारभूत आवश्यकता पूरा नहुन विहान खाइसकेपछि बेलुकी कसरी हातमुख जोड्ने जस्ता समस्या र आर्थिक अवस्थाले नै अधिकांश गरिबी र दु:खको कारण बनेको छ । जीविका चलाउन पर्याप्त आम्दानी छैन भने मानसिक शान्ति हुँदैन । संस्कृति, सभ्यता र नैतिकता आदि सबै आर्थिक स्रोतमा निर्भर रहेको हुन्छ । तर, भगवान् बुद्धको शिक्षा र धर्म अनुसार भौतिक (भोगसम्पत्ति) को मात्र कुरा होइन । आध्यात्मिक उन्नति र चित्त शुद्धताको कुरा हो । अनि मात्र जीवनमा साँच्चैको सुख हुन्छ । अविश्वास मात्र हुनु, अनैतिक जीवन भन्दा इमान्दारी कर्तव्यनिष्ठ हुनु, विश्वास हुनसक्ने खालको जीवनयापनका कारण जीवन उच्चस्तरीय हुन्छ । पैसा भए तापनि अन्धविश्वासी भयो भनी त्यो जीवन निरर्थक हुन्छ ।

भगवान् बुद्धले मानिसलाई असल जीवन बिताउनको लागि बताउनुभएको ४ चार वटा शिक्षा यस प्रकारका छन् ।

१. अत्थिसुख : खाना, लगाउने वस्त्र, बस्ने ठाउँ घर, विरामी हुँदाखेरि औषधोपचार आदि अति आवश्यक वस्तु आफूसँग छ भने त्यो सुख हो । अरूसामु हात फैलाउन नपर्ने गरी चाहिने वस्तु आफूसँग हुने सुख त्यो पनि इमान्दारीपूर्वक कसैलाई दु:ख नदिइकन कमाएको धन सम्पत्तिमा सुख हुने । अर्को भाषामा भन्ने हो भने कालो बजारी, ढकमा छलकपट गरी कमाएको धनले साँच्चै सुख प्राप्त हुन सक्दैन । निस्वार्थपूर्वक कमाएको धनबाट सुख प्राप्त हुन्छ । भगवान बुद्धले भन्नुभए अनुसार रोजगारमध्ये उत्तम कार्य कृषि हो । त्यसैकारण जापानमा ९० वर्ष भएका वृद्धहरू पनि खेतमा काम गरेर खाइ राखेको देखेँ ।

२. भोग सुख : दु:ख कष्ट गरेर कमाएको धन आफूलाई मात्र खाने लगाउने र मोजमज्जा गर्नको लागि होइन । आफू र आफ्नो परिवारलाई मात्र कमाउने खाने भनेको पशुले पनि गर्न सक्छ । मानवले कमाएको सम्पत्तिबाट समाज सेवा गर्नलाई पनि केही अंश



Downloaded from http://dhamma.digital

छुट्याउनुपर्छ । कमाईको दश प्रतिशत दान दिनुपर्छ ।

यसरी आफू खुसी उपभोग गर्न स्वतन्त्रता हुने भोग सुख हो । भगवान बुद्धले भन्नुभएको छ - केबल खाना खानेलाई र लगाउनुलाई मात्र पुग्ने गरी कमाएर पुग्दैन । मिहेनत गरि कमाउनुपर्छ । कमाएको धन पाँच भागमा विभाजन गर्नुपर्छ । पहिलो भाग दैनिक खान, दोस्रो भाग रोजगारमा लगाउन, तेस्रो भाग पाहुनालाई, चौथो भाग विरामी हुँदा उपचार गर्न तथा समाजका लागि, पाँचौ भाग दान दिनको लागि हो ।

३. अनण सुख : ऋणी नहुने सुख । अरूसँग सापटी नलिइकन जीविका निर्वाह गर्ने सुख । आम्दानी अनुसार खान, लाउन, मद्दत गर्न सक्नुपर्छ । उपमा एउटा छ - घाँटी हेरेर निल्नुपर्छ । आफ्नो क्षमता अनुसार व्यवहारमा चलाउन सक्यो भन्ने ऋणी भएर बस्नु पर्दैन । ऋणी हुँदा मानसिक पीरमर्का हुन्छ । शीर ठाडो पारी हिँड्न अप्ठ्यारो हुन्छ । त्यसैकारण सन्तोषी सदा सुखी, असन्तोषी सदा दुःखी । सन्तोषी भएपछि सुख पाइन्छ ।

४. अनवज्ज सुख : निर्दोषपूर्ण जीवन निर्वाह गर्नु सुख हो । निर्दोषपूर्ण जीवनयापनलाई उत्तम जीवन भन्न सकिन्छ । कसैलाई दुःख नदिई बाँच्नु सानो कुरो होइन । कुरा अनुसार काम हुनु र मनलाई शुद्ध गरेर आफ्नै घर भनी सम्झियो भने त्यो घर स्वर्ग हुन्छ । पहिला पहिला घर स्वर्ग नै थियो । पछि स्वार्थी, कलंकी, अलक्षणा एकजना मान्छे घरमा पस्दा मनुष्य लोकबाट स्वर्ग गयो । स्वर्गबाट नर्क पुगेको एउटा घटना बताउन चाहन्छु ।

भारतको कुरा हो । एउटा परिवार थियो । आमाले एउटा छोरा पाए । त्यो छोरा अत्यन्त राम्रो सुशील ज्ञानी थियो । हुने विरूवाको चिल्लो पात भने जस्तै घरको सम्पूर्ण कार्यभार सम्हाल्ने भयो । छोरा ठूलो भयो । उनलाई राम्री बुहारी खोजेर विवाह गरिदिनुपर्‍यो भनेर शीलस्वभाव भएकी, सहनशील रूपवती सुन्दरी केटी विवाह गरिदिए । त्यो बुहारीले घरका सबै जनालाई मिलाएर राखे । कसैसँग झै-झगडा भनेको थिएन । साना भाई र बहिनी हेरेर भाउजू



Downloaded from http://dhamma.digital

दाजुले आफ्ना बच्चा बनाएनन् । यिनीहरू नै आफ्ना बालबच्चा हुन् भनी विचार गरेर बसे । त्यति मात्र होइन आफ्नै छोरा र छोरीहरूलाई कति पालन पोषण गर्नुपर्ने छ त्यो भन्दा बढी गरेर राखे ।

अचानक समय नबित्दै आमाचाहिँ ठूलो बिरामी हुँदा सानो छोराको हात ठूलो छोरा र बुहारीको हातमा सुम्पिएर आमा चाहिँले प्राण त्याग गरिन् । जिम्मामाथि भन जिम्मा थपियो । धेरै वर्ष आफ्ना भाइ र बहिनीहरूलाई पालन पोषण गऱ्यो । उनीहरू ठूलो भएपछि व्यापार गर्न सिकाइदियो । भाइहरूले धेरै पैसा कमाए । ठूलो दरवार जस्तो घर बनाएर दाजू, भाउजू, भाइ, दुई नोकर र बहिनी हाँसीखुसी जीवन बिताए । दाजू र भाउजूले घर सम्हालेर बसेका थिए । भाइचाहिँ ठूलो भएर आएपछि दाजू भाउजूले विवाह गरीदिनुपऱ्यो भनी सल्लाह गरेर माइलो भाइलाई राम्री केटीसँग विवाह गरिदियो । केही महिनासम्म घरमा सबै राम्रै थियो । बुहारी मुखकी मात्र सुन्दरी थिई । तर दिल कालो, अशुद्ध र कलह भएकी केटी पो रहिछे । बिस्तारै बुहारीले आफ्नो श्रीमान् र भाईलाई चुकुली गर्न खोज्यो । यतिका सम्पत्ति सबै दाइको नाउँमा रहेछ । यसरी चल्दैन । हाम्रो सम्पत्ति लिएर अलग बस्नुपऱ्यो भनी कुरा चलायो । अर्को चार वर्षको उमेरदेखि पाली राखेको केटा एकजना पनि थियो । त्यो केटाले आफ्नो मालिकलाई धेरै नै सम्मान गर्ने, माया गर्ने, देवता देवी भनेको नै आफ्नो मालिक र मालिक्नी, आमा बुबा पनि भनी सम्भने, सेवा गर्ने गर्दथ्यो । त्यो सेवकले सेवा गरेर बसेको भाइ बुहारीले देख्न सकेको थिएन ।

एकदिन दुवैजना भाइले अलग बस्ने प्रस्ताव राखे । दाइ चाहिँले जति सम्भाएता पनि उनीहरू मानेनन् । नोकरलाई निकालिदियो । नोकर भएतापनि उसले गुणलाई सम्भेको थियो । उसले घरबाट बाहिर जाँदा मालिक मालिक्नीको फोटो मात्र लिएर गयो । काम खोज्दै ठक्कर खाँदा खाँदै एउटा ठूलो घरमा पुगेर त्यहाँको मालिकको दिल जितेर व्यापार गरेर धेरै पैसा कमायो ।



Downloaded from http://dhamma.digital

आफ्नै घर, मोटर, नोकरचाकर राख्यो । यता दुई जना भाइहरूले घर लिलाम गराएर सम्पत्ति सबै हिनामिना गराएर आफ्नो अलग्गै घर बनाउन गएछ । आफ्नै व्यापार गरेर मोजमस्ती गरेर बस्यो । घरमा सम्पत्ति नास गरेको कारणले घर लिलामी भएर जाँदा भाउजू घर छोडेर जान नसक्दा त्यहि घरमा हर्ट एट्याक भएर मृत्यु भयो । दाजु घरबार छोडेर यताउता जाँदा जाँदै पाटीमा बस्नुपर्‍यो । खान पनि पाएन । अरूले फ्याँकेको मात्र खानुपर्‍यो । यस्तो पनि हुने रहेछ आफ्ना भाइहरूको जीवन सुख गर्दा गर्दै । बुहारीको शक्ति ठूलो रहेछ । बुहारीले घुर्की देखाएर सन्तान एउटा त जन्माउन सकेन निसन्तानको के ठेकान भनेर हेपेको कटुवचन याद आउन थाल्यो भाइहरूको कारणले गर्दा । बच्चामा मर्छ भनि डर । आमाको बचनलाई पुरा गरे तर ठूलो हुँदा बीच बीचबाट पैसा लिएर दाजुलाई नांगा गरिदियो ।

उता आफूले पहिले पालेको सेवक व्यापार व्यवसाय गरेर देशको महाजन बन्न पुग्यो । उसलाई सबै पाएता पनि आफ्नो मालिक मालिक्नी नपाएकोमा खिन्नता भइरहेको थियो । आफ्नो पुरानो मालिकको घरमा हेर्न जाँदा साँचो लागेको देख्यो । अब यो घर उहाँको होइन फलाना साहुले किनिसक्यो भन्ने कुरा सुनेर भाइहरूका कारण घरबाट निस्कनु परेको कुरा उसले थाहा पायो । आफ्नो मालिक मालिक्नीको दुर्दशा गर्नेसँग अवश्य बदला लिनेछु भन्ने प्रतिज्ञा गर्दै दाजुलाई अलपत्र पार्ने भाई बुहारीले थाहा नपाउने गरी उनीहरूले गरेको व्यापार सबै आफूले लियो । उनीहरूको व्यापारमा नोक्सान भयो । भाई चाहिँलाई आफ्नो व्यापार व्यवसाय चौपट पारिदिने साहु आफूले पहिला घरबाट निकालेको नोकर भन्ने थाहा थिएन । निर्दोष सेवकलाई चोरीको आरोप लगाएर, नभएको कुरा लगाएर घरबाट बाहिर निकालेको थियो । मालिक र मालिक्नीलाई थाहा थियो त्यो सेवक निर्दोष छ भनेर । तर धेरै अत्याचार गरेको कारणले गर्दा बाहिर राम्रो काम गरेर खाउ । मूर्ख दुश्मन भाइहरूका कारण यहाँ बसेर केही उन्नति गर्न सक्दैन, बाहिर गएर राम्रो काम गरेर खाउ भन्ने



Downloaded from http://dhamma.digital

मैत्री चितल गाली गरेर घरबाट बाहिर पठायो । त्यो सेवकले बदमास भाइहरू व्यापारी भयो भनि थाहा पाउँदा यिनीहरूको सम्पत्ति सबै किन्यो । तिनीहरू लोभी थियो । चित्त राम्रो भएको थाहा थिएन । सबै दुस्मन र दुस्मनी नै थियो । यस्तो कुरा सबै थाहा पाएको कारणले सेवकले त्यो बेइमानी भाइहरूलाई नाङ्गै गर्ने जस्तो व्यापारीबाट कंगाल भयो । अनि सेवकले आफ्नो मालिकको लिलामीमा परेको घर किन्यो । त्यो घरमा आफ्नो मालिकलाई राख्यो । सानोमा पालिराखेको नोकरले आफूलाई गरेको गुणलाई सम्झियो । तर भाइहरूले छोडेर गएको थियो । पछि आएर भाइहरू माग्ने जस्तो भयो । अनि तिनीहरूले नर्कको भोग गर्नुपर्‍यो । दाजुको माया त हो नि । तिनीहरूको दुःख सहन नसकेर घरमा ल्यायो । भाइहरूले दाजु र त्यो सेवकसँग माफी मागेर घरमा बस्यो । मैत्री, करूणा, नभएको भए त्यस्तो गुणलाई नबुझ्ने भाइहरूलाई बुहारीलाई वास्ता गर्दैन थियो होला । एक दिन मर्नु पर्दछ भनी थाहा पाउन अत्यन्त जरूरी छ । सम्झेर मात्र आफूलाई गरेर राखेको गुणलाई बिर्सीदिन्छ । तिमीहरूले हामीलाई मलाई के गरेको छ भनी अभिमानी गर्ने व्यक्तिले कहिले पनि शान्ति पाउने छैन । घमन्डी भएको कारणले नर्कमा जस्तो बस्नुपर्ने बाध्यता हुन्छ । पछि आएर दाजु र नोकरको नै शरणमा आउनुपर्‍यो । घमण्डी र अभिमान कहिले पनि गर्नुहुँदैन । आखिरमा धर्मको नै साहारा लिनुपर्छ ।

Dhamma.Digital

✽



Downloaded from http://dhamma.digital

# बुद्धको देशमा किन शान्ति र विकास भएन ?

वैशाली लिच्छवि प्रजातान्त्रिकहरूलाई भगवान् बुद्धले निर्देशन दिनु भएको महापरिनिर्वाण सूत्रअनुसार सबै मिलीजुली एकमत भई काम गर्नु नै देश र जनताको समृद्धि हुने काम गर्नु नै कल्याण हो । वर्तमान प्रजातन्त्रमा प्रतिफल हुनुपर्ने विचार भगवान् बुद्धको प्रजातन्त्र विचारको बिल्कुल प्रतिकूल भएको देखिन्छ । प्रजातन्त्रको बद्नाम गराउनको लागि धेरै विरोधीहरू आउनेछन् । यदि विरोध गरेको खण्डमा पनि रिस र द्वैषभाव नराखी विवेक र बुद्धि प्रयोग गरी के कारणले विरोध गरेको भनी सोची सम्झी सुधारतिर लिएर जानुपर्छ । ध्यान दिनुपर्छ कि विरोधीहरूलाई डाहा हुने गर्छ, आफूले पनि गर्न सक्दैन अरूले गरेको राम्रो कर्मको पनि विरोध गर्छ । अर्को माध्यममा विरोधीहरूले घुस खान पाउँदैन । अरूबाट त्यसै लिन र खान नपाउँदा लोभको कारणले पनि विरोध गरेको देखेको छु र भोगेको पनि छु । प्रजातन्त्रको सारतत्व फुटेर बस्नुमा होइन मिलेर काम गर्नुमा हो ।

'सुखा संघस्स सामग्गी' अर्थात् एकतामै सुख छ । तर आजभोलि स्वच्छाचारी भई कसैको सल्लाहअनुसार काम नगरी



Downloaded from http://dhamma.digital

कट्टरपन्थी बन्ने बानी भएकोले एकतामा बाधा भएको छ । आफ्नो तर्फबाट गल्ती हुन गएमा आत्मलोचना गरी गल्ती स्वीकार गर्न सक्नुपर्छ । गल्ती हुनु स्वभाविक हो । तर जहिले पनि गल्ती गरिरहनु बुद्धिमानी होइन ।

यदि शुद्ध राजनीति भएको भए नेपाल पनि कताबाट कता पुगिसकेको हुन्थ्यो । सुनेको छु, धेरै जान्नेहरू भएको घर बिग्रिन्छ र धेरै नेता भएको देश पनि बिग्रिन्छ । अशुद्ध राजनीति र धेरै गुरूहरू भएको संस्थाहरू पनि उन्नति हुन सक्दैन । उन्नति नभएको ठाउँमा शान्ति पनि हुन सक्दैन । अशुद्ध राजनीति भएको घरमा, मन्दिरमा, देशमा र राज्यमा उन्नति र शान्ति हुने छैन । काम भएको कारणले गर्दा बर्मा, थाइल्याण्ड, जापान, लावस, ताइवान, चीन धेरै विकास भयो । नेताहरूमा पनि केही स्वार्थ थियो - आफ्नो देश कसरी बनाउने ? बर्माभन्दा थाइल्याण्डलाई कसरी उन्नति गर्ने ? कसरी जनतालाई फाइदा गराउने ? कसरी जनतालाई शान्ति र सुख दिन सकिन्छ भनेर यस्तो शुद्ध राजनीति थियो । पहिलाका नेताहरूमा धर्मचेतना थियो । दाताहरूको श्रद्धा जति भगवान्को मन्दिरमा दान दिने इच्छा आउने बित्तिकै दान दिन सकिन्छ । त्यसमा अरूहरूले पनि मद्दत गर्न सक्छन् । घुस खाने भनेको थिएन । देश बनाउनको लागि सबैले मद्दत दिने गर्थे ।

भगवान् बुद्धले सिकाउनु भएको पञ्चशीलको नियमलाई पालन गरेर देश विकास भएको थियो । बर्मामा हेर्दा यो कुरा थाहा पाउन सकिन्छ । विहारहरू, भगवान् बुद्धको चैत्यहरू सबै हिरामोती, सुनले लगाएको यी सबै दान दिएर बनाएर राखेको हुन्छ । पहिला धर्मको साथसाथै धर्मकै आधारमा देश पनि भएको थियो । त्यहाँ एकजना दाता 'सेम्ब्रदर दोचीभ'ले निकै ठूलो अस्पताल बनाएर सरकारलाई हस्तान्तरण गर्नुभयो । त्यस्तै भिक्षु उन्यानेश्वर भन्तेले २९ वटा अस्पताल बताउनु भयो । उहाँ नेपालमा बराबर आउनु भएको थियो । आफूले बनाउन सकेनौं तर भन्तेले बनाएकोमा हामीले शुद्ध हृदयदेखि मद्दत गर्छु भनी आफूले पनि एकसय रूपैयाँ कमाएपछि २० रूपियाँ



Downloaded from http://dhamma.digital

दान दिएर मद्दत गर्ने त्यहाँ अति राम्रो सेवाभावको चलन छ । आफ्नो देश, राष्ट्र बनाउनको लागि नेताहरू सबैले मद्दत गर्नुपर्छ । जुन ठाउँमा, जुन कार्यमा राजनीति मात्र घुस्छ त्यो कार्य लगायत विहार, घर, टोल र देश बिग्रिन्छ । अशुद्ध राजनीति र चन्दाले गर्दा अहिले आएर बर्मामा पनि अशान्ति हुन पुग्यो । पहिले जति बनाएको थियो, त्योभन्दा बढी बनाउन गाह्रो भइराखेको छ । कारण अशुद्ध नराम्रो राजनीति गर्ने नेताहरूको र भगवान् बुद्धको उपदेश नसुन्ने व्यक्तिहरूले गर्दा त्यहाँ पनि अशान्ति मात्र भइरहेको छ ।

त्यस्तै थाइल्याण्डमा पहिला कस्तो सुख शान्ति थियो । कति उन्नति र विकास भइरहेको थियो । हेर्नुस्, प्लेन, टी.जी. र नेपाल एयरलाइन्स एकैदिनमा ल्याएको थियो । नेपाल र थाइल्याण्डमा कति फरक हामी आफैंले याद गरौं । थाइल्याण्डमा भगवान् बुद्ध जन्म भएको, त्यहाँ पुगेको पनि इतिहास छैन । खाली उहाँको उपदेश र शिक्षा मात्र लगेको थियो । कति विकास र उन्नति भएको थियो । एयरपोर्टको नाम नै सुवर्णभूमि । एउटा पन्नाको भगवान् कति अमूल्य छन् । देश कति उन्नति र विकास भएर कहाँ पुगिसक्यो । आफ्नो देश उन्नति गर्नको लागि जनताले निस्वार्थपूर्वक सहयोग गर्ने गर्छ । तर त्यहाँ घुस खाने, स्वार्थी, लोभी, पापीहरू थिएनन् । नेताहरू पनि सबै धर्म मान्नेहरू मात्र थिए । देश बनाउने जनतालाई शान्ति दिने भन्ने खालको मात्र भएछ । त्यहाँको राजाले सधैं जनताको हित गर्ने काम गर्छन् । जति विदेशबाट निमन्त्रणा आए तापनि जनताको पैसा खर्च हुनेछ भनेर बाहिर नै नगइकन देहान्त भएर गयो । नेताहरू धेरै थिएन, त्यस्तै पार्टी पनि धेरै थिएन । त्यहाँका नेताहरूसँग धर्म चित्त र देश विकासको उन्नति गर्ने चेतना र असल शिक्षा थियो । त्यस्तो नेताहरू भएको कारणले गर्दा थाइल्याण्ड देश कहाँ पुगिसक्यो हामी आफैले हेर्न सक्छौं । त्यहाँबाट अलिकति शिक्षा लिन सक्नुपर्छ । एकदिन अवश्य मर्नुपर्दछ । जति घर, धनसम्पत्ति, परिवार भए तापनि नाङ्गै जानुपर्ने याद गर्नुपर्छ । नैतिक शिक्षा भएको नेताहरूले बुझ्ने कुरा हो ।



Downloaded from http://dhamma.digital

अर्को देश जापान पनि कता पुगिसक्यो । पञ्चशीलको आधारमा चलेको देश हो त्यो । भगवान बुद्धको शिक्षाबाट उन्नति र विकास भएको थियो । भगवान् बुद्धले वरदान दिनु भएको होइन । उपदेशअनुसार इमान्दार भएर काम गरेको, झुठावादी थिएन । सत्यवादी थिए । त्यसपछि चोर भनेको थिइन । प्रमाणसहित चोरेको देख्दा फाँसी दिने चलन छ । त्यसो भएको कारणले गर्दा विकास र उन्नति भएको हो । तिनीहरूको देशमा पनि राजनीति छ । नेताहरू छन्, तर स्वार्थी नेताहरू छैन । देश विकास गर्ने भावना भएका मात्र छन् । कुनै दाताहरूले दान दिन र विकासको लागि सिधा आफूले गर्न पाइन्छ । कसैले केही बाहिरबाट मद्दत गर्न श्रद्धा आयो भने कसैले बेइमान गर्दैन । सरकारलाई दिन आवश्यक छैन । झैझगडा हुन्न । तर जुन ठाउँमा झगडा भएको छ, त्यही ठाउँमा मात्र बन्द हुन्छ । हाम्रो नेपाल जस्तो देश बन्द हुँदैन । हाम्रो देश गरीव देश त्यो पनि सानो, अर्काको भरमा बाँच्नु अनि अर्काको नाकबाट सास फेर्नुपर्ने देश हो । हामी त आफ्नो देशमा काम गरेर खान लाज मान्ने तर अर्काको देशमा बाथरूम पनि सफा गर्ने । अर्काको देश विकास गर्ने । अर्काको देशमा मेहनत गर्ने । थाइल्याण्डका मानिसहरूमा सहनशीलता, विश्वासी पात्र, शील पालन गर्ने सत्यवादी, लगनशीलता भएको कारणले देश धेरै अगाडि बढेको छ । यस्तै चीन लगायत अरू देशहरू पनि त्यसरी नै विकास भएर गएको छ ।

हाम्रो नेपालमा पनि के कमी छ ? ग्याँसको खानी छ । पानीको मुहानै छ । औषधिको खानी छ । सुनको खानी छ, फलामको खानी, तामाको खानी इत्यादि छन् । मेहनत गरेर, खोजतलास गरेर खनिज पदार्थहरू निकाल्यो सक्यो र सबैमा एकता भयो भने अर्काको देशमा गएर नौजवानहरूले पसिना पोख्नुपर्ने थिएन । खाली अर्काको नाकबाट सास फेरेको हुनाले छिमेकी देशले हेपेको हो । ज्ञान छैन भने भगवान् बुद्ध नै नेपालमा जन्म लिनु भएको हो । उहाँसँग ज्ञानको भण्डार छ । उहाँको ज्ञान अरू देशले सुनेर, पालन गरेर, व्यवहारमा उतारेको कारणले गर्दा धेरै नै विकास र उन्नति गरेका छन् । हामी



Downloaded from http://dhamma.digital

नेपाली बुबाआमालाई बेचेर नोकर किन्ने व्यक्तिभित्र पर्छौ । कहाँको बुद्ध आउने र कहाँको शान्ति पाउने ? स्वार्थी नेता र अशुद्ध राजनीति, खाली हृदयको टुकडाको लागि झैझगडा मात्र गरिरहने । बाँदरजस्तो आफूले पनि विकास र उन्नति गर्न नसक्ने, अरूलाई पनि गराउन नदिने ।

हाम्रो देशमा दाताहरू आई केही अस्पताल बनाइ दिने भनेर श्रद्धा राख्दा यहाँका राजनीतिक नेताहरूले बनाउन दिंदैनन् । उनीहरूलाई त्यसवापत घुस, रिसवत चाहिन्छ । छ सात वटा ठूला-ठूला घर, अरवौंको सम्पत्ति भएता पनि नपुग्ने । आखिर एकदिन त छाडेर जानैपर्छ । कुर्सीमा बस्दा सधैंभरि बस्न पाइन्छ भन्ने लालचमा जनतालाई आश्वासन दिने अनि जनताको उपकार चाहिँ नहेर्ने । उन्नति र विकास गर्न नचाहने नेताहरू पनि छन् । भूकम्पपीडित, बाढी पीडितहरूलाई लत्ता कपडा, औषधि ल्याएको पनि सिधै दिन पाइँदैन हाम्रो देशमा । भन्सार तिर्नुपर्ने, पैसा सबै सरकारलाई हस्तान्तरण गर्नुपर्ने । यो कस्तो अशुद्ध चित्त ? अशुद्ध सरकार ? सिधै औषधि गर्न नपाउने ? अब त्यो औषधि एयरपोर्टमा मिति नाघेर जान्छ । पैसा भएर सरकारलाई दिनुपर्ने कस्तो न्याय ? नेपाल कसरी विकास र उन्नति हुन्छ ? धेरै दाताहरू आएर अस्पताल बनाएर दिन्छु भन्दा नक्सापास गरेर मात्र दिनुपर्ने रे । बूढाबूढीहरूको लागि वृद्धाश्रम बनाउनको लागि नक्सापासको लागि पैसा तिरेर राखेको ५ वर्ष भइसक्यो । उनीहरूको दिनुपर्ने होइन, सरकारको जग्गा त्यो पनि संस्थाको लागि कति न्याय अन्याय हो । यो नेताहरूको बुद्धि कहिले सही ठाउँमा आउने होला । यस्तो उदाहरण धेरै नै छन् । एक दुईजनाको स्वार्थको कारणले गर्दा देश विकास हुन नसकेको हो।

नेताहरूको काम कस्तो छ भने आफूभन्दा अरू माथि जान्छ, नाम कमाउँछ भनी डाहा हुन्छ । आफ्नो ठाउँ विकास हुने हो भनी कस्तो नबुझेको ? बुझेर पनि बुझ पचाएर बसेको हो । आफ्नो स्वार्थको लागि अरूले गरेको सहन नसक्ने । अर्को एउटा अर्काको भरमा बस्ने । कुर्सीमा बस्दा आँट नआउने । त्यस्तो व्यक्तिले कसरी



Downloaded from http://dhamma.digital

नेतृत्व लिएर काम गर्छ । अर्काको भरमा बसेर अरूले सिकाएकोजस्तो, जस्तै चम्चाजस्तो, चम्चाले जति चलाउँछ त्यति मात्र घुलमेल हुन्छ । अरूले चम्चा नचलाउँदा आँट नआउने । त्यस्तो नेता भएर पनि विकास हुन नसकेको हो । अर्को धेरै पार्टी भएको ५० जना जति मानिस जम्मा हुने थियो । नाम मात्रको पार्टी खोल्ने होडबाजीको कारणले गर्दा पनि हाम्रो नेपालमा चाहिनेभन्दा धेरै पार्टीहरू खडा भए । अशुद्ध राजनीति भएको हुँदा कुन कुरा ठीक हो ? हो होइन विचार गर्दैन अर्काको कुरा सदर, पार्टी, काम विचारधारा सबै बिगार्न राम्रो नराम्रो छुट्याउन सकेन । ठूलाबडा नेता र पार्टीहरूले आफूले पनि गर्न सकेन, गर्ने व्यक्तिलाई गर्न दिन नसकेको कारणले अर्काको नाकबाट सास फेरेको हो । देश फुटाएको हो, होइन भनी छुट्याउन नसक्दा देश विनाश, राजाहरू र स्वर्ग जस्तो देश विनाश भएर गएको उपमा दिन चाहन्छु ।

भगवान् बुद्धले दिनु भएको उपदेशलाई सुनेर जीवनमा उतार्ने जापान, थाइल्याण्ड, बर्मामा पहिला मानिसहरूको मेलमिलाप र नैतिकता मूल आधारशीला थियो । महापरिनिर्वाण सूत्रअनुसार भगवान् बुद्धले सारन्दद चैत्यमा दिनु भएको सात सूत्रीय अपरिहार्य (अवनति नहुने) नियमहरूलाई उनीहरू अक्षरस पालन र कार्यान्वयन गर्दथे । त्यसैले नै उनीहरूको शक्ति तथा यश फैलिएको हो । ती सात सूत्रीय नियमहरू यस प्रकार छन् :

१) राष्ट्रिय विकास सम्बन्धी सहमतिको लागि बराबर बैठक (संसद बस्नु) बसेर छलफल गर्नुपर्छ ।

२) एक आपसमा मेलमिलापको भावना राखी बैठक गर्नु र बैठकको निर्णयलाई सबै मिली कार्यान्वयन पनि गर्नुपर्छ ।

३) अवैधानिक कार्य नगर्नु अर्थात् संविधानको उल्लंघन नगर्नु ।

४) अनुभवी वयोवृद्ध व्यक्तिहरूको शिक्षाप्रद र रचनात्मक कुराहरूलाई सुनी सम्मान गर्नुपर्दछ ।

५) कुल कुमारीहरूप्रति बलात्कार नगरी उनीहरूप्रति उचित व्यवहार गर्नु पर्दछ ।



Downloaded from http://dhamma.digital

६)	राष्ट्रको पूजनीय स्थानहरूको सम्मान गर्नु र पूजा सत्कारको संस्कारलाई लोप हुन नदिनु ।

७)	पूज्य पाहुनाहरूको सम्मान र रक्षा गर्नु ।

नेपालमा पनि उपयुक्त सात नियमहरूलाई लिच्छवीहरूले अखण्डित रूपमा पालना गर्दथे । फलस्वरूप त्यसबेला तीव्र रूपमा देश विकास भएको थियो र जनताको जीवनस्तर पनि माथि उठेको थियो । वैशाली, लिच्छवी गणतन्त्र (प्रजातन्त्र) को यसरी विकास र उन्नति भएको देखेर राजा अजातशत्रुलाई ईर्ष्या, डाह हुन थाल्यो । वनको बाघले नतर्साए पनि मनको बाघले तर्सायो भने जस्तै उनको मनमा कहीँ यो लिच्छवि गणले आफ्नो राजतन्त्रलाई नै खतरा पार्ने हुन् कि भन्ने शंका उपशंका उब्जिन थाल्यो । यति मात्र होइन, उनीहरू यता उन्नति र विकास भएको सहन नसकेर राज्यलाई फुटाएर लिन पनि खोजे । जे कुरा पनि मेहनत गर्दा पूरा हुनेछन् यो लिच्छवी कालमा पनि भएको थियो ।

राजा अजातशत्रुले विचार गरे कि यो कसरी फुटाउन सकिन्छ ? यो कुरा भगवान् बुद्धले मात्र थाहा पाउनु हुन्छ भनी सल्लाह लिनु अझ राम्रो हुनेछ भन्ने विचार गरी आफ्ना महामन्त्री वर्षाकार ब्राम्हणलाई बोलाई वन्दना गरी बज्जी गणतन्त्रमाथि आक्रमण गर्न चाहेको कुरो भनेछन् । त्यसपछि वर्षाकार ब्राम्हण गएर भगवान् बुद्धलाई वन्दना गरी अजात शत्रुले भनेको कुरा राखेछन् । उनको कुरा सुनी भगवान् बुद्धले भन्नुभयो -"बज्जीहरूले जबसम्म सातवटा अपरिहार्य नियमहरूलाई पालन गर्छन्, तबसम्म उनीहरूको विजय र अभिवृद्धि नै हुनेछ ।" सातवटा अपरिहार्य धर्म पालन गरेन भने बिग्रेर जान्छ । यति कुरा सुनेर राजालाई सुनाई दिनु भनेर भगवान् बुद्धले भन्नुभयो ।

वर्षाकार ब्राम्हणले भन्यो -"महाराज त्यो हो, बज्जीहरूको एकता र संगठन यसलाई भङ्ग गर्नुपर्छ । यदि गर्न सकेमा मात्र बज्जीहरूको नाश हुनेछ र तपाईको आक्रमण सफल हुनेछ । मलाई तपाईले राष्ट्रघाती अपराधी घोषणा गरी देशबाट निकाला गर्नुस्, अनि म



Downloaded from http://dhamma.digital

राजतन्त्र विरोधी र गणतन्त्रप्रेमी बनी वैशालीमा जानेछु । त्यसपछि मैले पहिले उनीहरूको भलो हुने कार्य गरी देखाउने छु । यसरी उनीहरूको आँखामा छारो हाली म एक विश्वास पात्र बनिसकेपछि मात्र विस्तारै उनीहरूको बीचमा फुट दिनेछु ।' यसरी वर्षाकारले पनि बज्जी गणतन्त्रको राम्रो विश्वास पात्र बनिसकेपछि नाटक शुरू गर्न थाल्यो ।

एकदिन उसले सार्वजनिक भेटघाटका स्थानमा कुनै एकजना व्यक्तिलाई समूहबाट अलग बोलाई उनको कानमा विस्तारै मन्त्र फुके जस्तै गरी सोधे - 'आज तिमीले के खायौ ? भात र तरकारी खायौ ?' यो दृश्य देखी अन्य व्यक्तिहरूले वर्षाकारको कुरा सुन्ने व्यक्तिलाई सोधे -'तिमीलाई त्यो ब्राम्हणले के भन्यो ?' त्यो व्यक्तिले जवाफ दियो -'केही भनेन भातसँगै तरकारी खायौ भनी सोध्यो ।' तर सोध्ने व्यक्तिले विश्वास गरेन र भन्यो -'होइन होला त्यति भन्नको लागि कानमै भन्छ र ?' त्यस्तै वर्षाकारले अरूलाई पनि गऱ्यो । हेर्नुस् फुटाउनलाई कति सजिलो । सबै राजा, राजकुमारहरू र देश सबै फुटायो । आफू-आफूभित्रै झैंझगडा भयो । यस्तो अवस्थाको पूरा फाइदा उठाई राजा अजातशत्रुले बज्जी गणतन्त्रलाई तहस नहस पारी आफ्नो कब्जामा लिएको थियो ।

✿



Downloaded from http://dhamma.digital

# नारी स्वतन्त्रताको लागि प्रजापति गौतमीको देन

नारी र पुरूषको सहयोगले संसार चलेको सबैलाई विदितै छ । तर संसारमै नारीलाई पुरूष बराबर दृष्टिले हेर्न तथा समान व्यवहार गर्नुपर्छ भन्ने नारा भए पनि व्यवहारमा देख्न दुर्विनले हेर्नुपर्छ । धर्मले पनि पुरूष नै प्रधान भनी पहिलो स्थानमा राखेको देखिन्छ । वास्तवमा यो कुनै पनि धार्मिक ग्रन्थहरूमा लेखेको पाइँदैन । तर पुरूषले आफ्नो फाइदाको लागि बनाएको नियम मात्र हो । मानव सभ्यताको इतिहास अध्ययन गर्दा प्राचीनकालदेखि नै नारीहरूको क्षमतालाई कम आँकलन गरी समान दर्जाको बदला दोस्रो स्थानमा राखी अवमूल्यन गरिएको छ । श्रम विभाजनमा प्रारम्भिक कालदेखि नै महिलाहरूको हातमा घरको कामकाज सम्हाल्नु, बच्चाहरू जन्माउनु र परिवार सबैको पालन पोषण गरेको हुनाले महिलाहरूको धेरै बुद्धि आवश्यक नचाहिने हुनाले सामाजिक तथा आर्थिक कृयाकलापहरूमा उनीहरूको सहभागितालाई न्यून गरिएको छ ।

महिला तथा पुरूषहरूको दिमागमा एकै हो । महिलाहरूले पुरूषले भन्दा पनि दिमाग चलाउनुपर्छ । तर पुरूष र समाज भन्ने अदृश्य प्राणीले दवाव दिई राखेको कारणले महिलाहरू पुरूषको



Downloaded from http://dhamma.digital

दाँजोमा पछाडि परेको देखिन्छ । यदि महिलाहरूले घर परिवार नसम्हाली दिएको भए पुरूषले कसरी बाह्य काम गर्न सक्छन् र ?

सन् १८३० मा अमेरिकाको विकासक्रमलाई हेर्दा अमेरिकामा आर्थिक अवस्था कमजोर भएकाले दासको रूपमा राखी निकै अन्यायपूर्वक सताएको थियो । नेपालमा पनि राणाशासनकालमा दासीहरूलाई अन्यायपूर्ण सताउने गरिएको थियो । विश्वमा औद्योगिक क्रान्तिपछि युरोप र अमेरिकामा महिलाहरू घर बाहिर गएर काम गर्ने मौका पाए । तैपनि समान काममा समान ज्याला भएन । सन् १९०८ मा अमेरिकाको न्यूयोर्क शहरको एक कपडा कारखानाका महिला मजदूरहरूले आफ्नो काम अनुसारको उचित ज्याला पाउन तथा मताधिकारको माग गर्दै आन्दोलन गरे । त्यतिबेला १५००० महिलाले न्यूयोर्क शहरमा जुलुस निकालेको थियो । यस्तैगरी १८९३ मा न्यूजिल्याण्डको सरकारले महिलाहरूको लागि मताधिकार प्रदान गर्‍यो भने सन् १९५० मा युरोप, अमेरिका, चीन, जापान, बर्मा, थाइल्याण्ड तथा अन्य मुलुकहरूमा महिलाहरूलाई राजनैतिक मताधिकार प्रदान गरियो ।

महिलाहरूले यस्तो अधिकार पाएपछि सन् १९६३ मा विटी फाईदनद्वारा दि फेमिनाइन मिस्टिक भन्ने प्रकाशन गरेपछि महिलाहरूको राष्ट्रिय संगठन नामक संस्था स्थापना भयो । त्यसपछि महिलावादी राजनैतिक रूप लियो । जस्को परिणाम सन् १९७५ मा संयुक्त राष्ट्रसंघले नारी वर्ष मनायो । यसै वर्ष मेक्सिको शहरमा पहिलो अन्तराष्ट्रिय महिला सम्मेलन मनाइयो । सन् १९७५ देखि १९८५ लाई महिला दशकको रूपमा मनाइ निर्दिष्ट उद्देश्यका साथ महिलासँग सम्बन्धित कार्यक्रम तर्जुमा गरियो । त्यसको लगतै १९८० मा डेनमार्कको राजधानी कोपनहेगनमा दोश्रो १९८५ केन्याको राजधानी नैरोवेमा, तेश्रो सन् १९९५ चीनको राजधानी वेइजिङमा चौथो नारी सम्मेलन सम्पन्न भयो । महिलाहरूको समाजमा आफ्नो सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक र सांस्कृत मूल्य र मान्यता स्थापित गर्न सफल भयो । फलस्वरूप हरेक वर्षको मार्च ८ लाई अन्तराष्ट्रिय



Downloaded from http://dhamma.digital

महिला दिवसको रूपमा मनाईंदै आएको छ ।

भगवान् बुद्धको समयमा पनि पुरूषप्रधान व्यवस्थाले गर्दा महिलाहरूको मूल्य र मान्यता थिएन । महिलाहरूमा विरोधाभाष आउन नदिन महिलाहरूलाई सजिलैसँग प्रवजीत प्रदान विस्तारै अधिकार दिएको हुन सक्छ । भगवान् बुद्धको शिक्षा नै कुशल ज्ञान हो । ठाउँ र समय सापेक्ष वातावरण अनुकुलतालाई ध्यानमा राखि कार्य गर्न सकेमा नतिजा फलदायी हुन्छ । उहाँले एकै पटक निर्णय गर्नु हुन्न । अवस्था अनुकुल मिलाएर उपदेश दिनु हुन्छ । यसैक्रममा श्रावस्ती नारी सम्बन्धी प्रशनजीत राजालाई दिनु भएको उपदेश :

एकदिन राजा प्रशनजीत भगवान् बुद्धकहाँ धर्म उपदेश सुनिरहनु भएको बेला एक दूत आई राजालाई मल्लिका रानीले पुत्रीको जन्म दिएको समाचार दिए । राजाको अनुहार निन्याउरो भयो र शीर झुकाउनु भयो । यो देखेर भगवान् बुद्धले सोध्नु भयो । राजाले पुत्री जन्मेकोले भने । त्यसपछि बुद्धबाट आज्ञा भयो -

नहि सब्बेशुगनेशु पुरिषो ओति पण्डितो इत्थिपि पण्डितो होति लहु अत्थविभिन्तिका ति ।

(अर्थः सबै ठाउँमा पुरूषमात्र पण्डित हुँदैन स्त्री पनि पण्डित हुन्छ । क्षण भरमै बुझ्न सक्ने हुन्छ ।)

ईत्थीपि हि एकच्चिया, सेया पोषजनाधिप । मेदावी शीलवता सस्सुदेवा पतिब्बता,

(अर्थः कुनै कुनै स्त्री बुद्धिमति शलिवति, सासु ससुरालाई देव सम्मान मान्ने तथा पतिव्रता भई पुरूषभन्दा पनि श्रेष्ठ हुन सक्छ । त्यस्तो स्त्रीबाट जन्मले सन्तान सूरवीर र दिशा प्रमुख पनि हुन सक्छ ।)

यसरी बुद्धको नारीत्वमा कुनै पनि असमानता थिएन । यसरी भगवान् बुद्धले प्रशनजीत राजालाई सम्झाएपछि राजा खुसी भएर दरवार फर्के । त्यँही अनुसार छोरीलाई हुर्काए र सम्पूर्ण धनु विद्या, आर्युवेद विद्या, आध्यात्मिक विद्या आदि सिकाउनु भयो । त्यस्तै गरि छोरीले पनि सकुशल राज्यको काम संचालन गरे ।



Downloaded from http://dhamma.digital

भगवान बुद्धले आफुलाई जन्म दिने आमा महामाया देवी आफुलाई लालन-पालन गर्ने आमा महाप्रजापति गौतमी, बुद्ध हुनको लागि सहयोग गर्ने यशोधरा देवी र वोधी ज्ञान प्राप्त गर्नु अघि भोजन दान दिने सुजाताप्रति अत्यन्त प्रशंसा गरी कृतज्ञता जाहेर गर्नु भएको थियो । बोधीज्ञान प्राप्त भएपछि प्रथम पटक यशोधरा देवीलाई दर्शन दिन आफु स्वयम् उहाँको खोपीमा जानु भएको थियो । समाजमा नारी शक्तिप्रति विमती दृष्टि र शंका निवारण गर्न परिनिर्वाण हुन अघि भगवान् बुद्धले महाप्रजापति गौतमी र यशोधरा देवीलाई समाजको अगाडि आ-आफ्नो ऋद्धि प्रदर्शन गर्न लगाई नारीको शक्ति महत्व सावित गर्नुभएको थियो ।

भगवान् बुद्धको शासनकालमा महिला, पुरूष, धनी, गरीब, उच, निच, कालो, सेतो भनेर कहिल्यै पनि भेदभाव गरेको थिएन । बुद्धको धर्ममा भेदभाव नहुनाले संसारभरी यसको सकारात्मक प्रभाव परेको छ । एकदिन एक विद्वान् भगवान् बुद्धकहाँ गएर प्रश्न गरेछन् - "किसं भण्डान उत्तम" संसारमा ठूलो को हो ? बुद्धले भन्नुभयो "ईत्थ्य भण्डाम उत्तम" अर्थः नारी नै सबैभन्दा उत्तम हो ।

नारीमा रहेका उत्तम गुणहरूलाई जानेर नै भगवान् बुद्धले शासनरूपी रथका चार पांग्राको रूपमा भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरू खडा गर्नु भएको थियो । रथ अथवा गाडी गुड्नको लागि यी चारैवटा पांग्रा उतिनै समान बलियो हुनुपर्छ । उहाँको शासनकालमा महिला-पुरूषबीच कुनै भेदभाव भएको थिएन । महिलाहरूले धेरै महामानवहरू जन्माउन सफल भएको छ । बुद्ध धर्म र संघको महत्व बुझिसकेका महाप्रजापति गौतमीले राज्य सुखको महत्वलाई गुण ठानिसकेकी थिइन् । राज प्रसादको सुख नित्य नरहेको र म र मेरो भन्ने सत्कार्य दृष्टि र सांसारिक बन्धनदेखि वाक्क र दिक्क भएकी प्रजापति गौतमी गृह त्याग गरी प्रवजित भई जीवन बिताउन चाहिन् । त्यसबेला भगवान् बुद्ध भिक्षु महासंघहरू सहित कपिलवस्तुमा भएको न्यग्रोधराम विहारमा वस्तु भएको थियो । महाप्रजापति गौतमीलाई जान पनि सजिलो भएको थियो । उहाँले ५००



Downloaded from http://dhamma.digital

जना राजकुमारीहरूसहित भगवान् बुद्धकहाँ गएर प्रवज्याको लागि प्रार्थना गरिन् । तर बुद्धले सो प्रार्थना स्वीकार गर्नु भएन । कारण महारानीहरू सुखपूर्वक जीवन बिताएका कारण प्रवजित अथवा भिक्षुणी भएर नियम पालना गर्न कठिन हुने हुनाले अनुमति नदिएको हो । तीन पटकसम्म फर्के तर नारी समुदायको उत्थान कार्यमा अग्रभूमिका निभाउने इच्छा परिपूर्ति गर्न उनले नाउ बोलाई केश खौरी काषाय वस्त्र धारण गर्न लगाइन् । सबैले राजदरबार त्यागेर वैशालीतिर प्रस्थान गरे ।

भिक्षुणी जीवन निकै नै कष्टकर हुन्छ तर बुद्ध धर्म संघप्रति अटल श्रद्धा भएकी त्याग र तपस्याको महत्व बुझेकी ८० वर्षकी महारानी महाप्रजापति गौतमी लगायत ५०० जना महारानीहरू कपिलवस्तुदेखि वैशालीसम्मको ५१ योजन लामो बाटो पैदल जानुभयो । महाप्रजापति गौतमीको खुट्टा सुनिएको थियो । उनीहरूले यस्तो दुखको कुनै पर्वाह नै गरेनन् । त्यागी हुनको लागि र भिक्षुणी बन्नको लागि अटल श्रद्धा र संस्कार हुनुपर्छ । जति वर्ष प्रवजित भएताप नि छोडेर जान्छन् भन्ने शंका थियो । तर महाप्रजापति गौतमीको यो अवस्था भिक्षु आनन्दले देख्ने बित्तिकै आश्चर्य मानी कारण सोध्नुभयो ।

भन्ते ! भगवान् बुद्धले नारी जातीलाई प्रवजित गर्ने अनुमति नदिएकोले बाध्य भई यस्तो उपाय अपनाउनु पऱ्यो । यस्तो कुरा सुनी भिक्षु आनन्द बुद्धकहाँ गई प्रश्न सोध्नु भयो । भगवान् सास्ता के नारी जातीले धर्म विनय पालना गरी निमार्णको बाटो पुग्न सक्दैन ? उत्तर अवश्य पनि पुग्न सकिन्छ यसैमा महा प्रजापति गौतमी लगायत ५०० जना नारीहरूलाई भिक्षुणी गराई दिनुभयो ।

रूप जीर्ण भई नाश भएर गए पनि अरूको हित उपकारको लागि त्याग र बलिदान गरेर सम्पन्न गरेको कार्यको सुपरिणाम अमर कीर्तिको रूपमा बाँकी रहेको छ । त्यसैले महा प्रजापति गौतमीको योगदान एवं साहसिक कदमलाई हामीले सम्मान पूर्वक कदर गर्नुपर्छ । उहाँको आदर्शलाई कदर गरी हामी महिलाहरूले निर्धक्कसाथ अगाडि



Downloaded from http://dhamma.digital

बढ्नु पर्छ । आफ्नो चित्तलाई वसमा राख्न अति कठिन हुन्छ । प्रयास गऱ्यो भने सफल अवश्यै हुन्छ । त्यसै कारण महाप्रजापति गौतमीहरू राज्य सुखलाई तिलाञ्जली दिएर भिक्षुणी बनेर निर्वाण सुख प्राप्त गर्नु भयो । महिला जातीहरूको लागि महाप्रजापति गौतमीले गर्नु भएको दुःखलाई र नारी स्वतन्त्रताको लागि गर्नु भएको योगदानलाई हामी सबैले कदरका साथ याद गर्नुपर्छ ।

❁

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# भगवान् बुद्धको देश शान्त र सुन्दर हाम्रो नेपाल

मेरो जन्म भयो शान्ति सुन्दर नेपालमा । देश चिनाउने, देश देखाउने र विश्वका सबै मानिसले थाहा पाउने कुरा अति महत्वपूर्ण काम हो । जसले नेपाल उच्चतममा पुग्यो ती दुई कुरा हुन् - भगवान् बुद्ध अथवा सिद्धार्थको जन्मभूमि लुम्बिनी र अर्का हो अग्लो शिखर हिमाल, सगरमाथा । यो नेपाल प्राकृतिक सुन्दरता र औषधीको खानी हो । हजारौ वर्ष पुरानो इतिहास बोकेको बौद्धनाथ, स्वयम्भुनाथ र पशुपतिनाथ हाम्रो देशको राजधानीमा नै छन् । बुद्ध धर्म सम्बन्धी भनी भन्ने पशुपतिनाथको टाउकोमा थियो । अहिले वर्षको एकचोटि मुखःअष्टमीको दिनमा चारवटा भगवान् बुद्धको मूर्ति भएको मुकुट लगाइन्छ । त्यो भनेको कार्तिक महिनाको मुख अष्टमीमा मात्र मुकुट लगाउने चलन छ । त्यस्तै बुढानीलकण्ठमा नारायण भगवानको टाउकोमा भगवान बुद्धको मूर्ति छ । भगवान् बुद्ध शान्ति भएको कारणले देवताहरूलाई पनि मन परेका छन् ।

हाम्रो नेपाल बुद्धधर्मसँग आफ्नो सम्बन्ध इतिहासको सुरूसँगै राख्न गौरव मान्दछन् । त्यसकारण पौराणिक आधार लिएमा नेपालको बुद्धधर्ममा दीपक र बुद्धभन्दा पछिल्लो क्रमका बन्धुमती नगरबाट



Downloaded from http://dhamma.digital

पाल्नुभएका विपश्वी बुद्धले वीजारोपण गरी स्वयम्भू ज्योतिरूप आदिक भन्दछन् । विपश्वी बुद्धभन्दा पछि जम्बुद्वीपबाट पाल्नुभए शिखी बुद्ध हुनुहुन्थ्यो । अनुपम नगरबाट पाल्नु भएको विश्वभू बुद्ध हुन् । खेमावती नगरबाट पाल्नुभएको ऋकुच्छन्द बुद्ध हो । काशीबाट पाल्नुभएको काश्यप बुद्ध हो । बुद्धहरूको क्रमश र वहाँहरूको आगमन स्वयम्भू पुराणमा यो उल्लेखसँग दीर्घनिकायका पूर्व बुद्धहरूको उल्लेख मिल्न आउँछ ।

संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथा यहीं छ । संसारमा सबैभन्दा अग्लो अरू धेरै हिमालहरू पनि यहीं नै छन् । अन्नपूर्ण र धवलागिरी हिमालको बीचमा काली गण्डकी संसारको सबैभन्दा गहिरो खौंच हो । विश्वभर शान्ति र अहिंसाको सन्देश फैलाउने भगवान् गौतम शाक्यमुनि बुद्धको जन्म भएको नेपालमा नै हो । प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधतामा त झन् नेपाललाई जित्ने कोही छैनन् । हजारौं सुन्दर खोला, नदीहरू, पाखा पखेरा, तालहरू, चराचुरूङ्गी, हिमाल पहाड तराई जङ्गल सबै औषधी मात्र भएको जङ्गलहरू र त्यसबीच छोटो दुरीमा हुने विविधता संसारका अरू कुनै देशमा पाइदैन ।

औषधी खानी भनेको मतलब म अमेरिकाको मेन भने ठाउँमा गएँ । २००१ मा २००३ मा यस्तै धेरैपटक पुगें । त्यहाँको सारा लिभिङ्ग दिदीले पाँच वटा जङ्गलको अध्यक्षता गर्नु भएको छ । अन जब्ब मेनको जङ्गल पहाडतिर घुम्न जाने गर्थ्यौ । चार पाँच घण्टा लाग्छ त्यो पहाड र जङ्गल घुम्दा । अनि त्यस्मा मेरो आँखा जाने कारण मैले पनि जडीबुटीको विषयमा अलिकति जानेको कारणले गर्दा । त्यति चार पाँच घण्टा घुमेता पनि औषधी अथवा काम लाग्ने घाँस एउटा पनि भेटेको थिइनँ । हेर्नुस् हाम्रो नेपालमा घर आँगनमा नै औषधी पाइन्छ । बाहिर जाँदा औषधीको बोट र पात हरेकको औषधी पाइन्छ । जानेपछि औषधी नजान्दा घाँस । मलाई एउटा कहानी याद आयो । भगवान् बुद्धको पालाको घटना थियो । जीवक वैद्य भन्ने एकजना उपासक थिए । पहिला अस्पतालहरू थिएनन् । डाक्टर, नर्स



Downloaded from http://dhamma.digital

भनेका कोही थिएनन् । आयुर्वेदिक औषधी र वैद्यहरू मात्र थिए । भगवान् बुद्ध त वैद्यभन्दा महावैद्य थिए । उहाँले जीवक वैद्यलाई औषधी र रोग विषयमा सबै सिकाइदिनु भएको थियो । जीवक वैद्यले पनि भिक्षु भिक्षुणीहरू र उपासक उपासिकाहरूलाई निशुल्क उपचार गराइदिन्थे । उनलाई औषधीको विषय सबै थाहा थियो ।

एकदिन राजगृहमा भगवान् बुद्ध बस्नुभएको थियो । उहाँले जीवक वैद्यलाई बोलाएर भन्नुभयो -'हे जीवक ! यो संसारमा घाँस छ कि छैन ? छ भने एउटा घाँस लिएर आउनु । तिमीलाई दुई वर्षको समय दिन्छु ।' जीवक वैद्यले भगवान् बुद्धलाई बन्दना गरेर घाँस खोज्न हिँड्नुभयो । बगैंचा, खेत, बाटो, जङ्गल सबै ठाउँमा हेरेता पनि घाँस पाएनन्, सबै औषधी मात्र । घाँस भनेको एउटा पनि पाउन सकेनन् - कारण सबै औषधी मात्र देख्यो । उनले सोही कुरा बुद्धसमक्ष बिन्ति गर्दै भने - भगवान शास्ता ! मैले कहीँ पनि घाँस पाउन सकिनँ । जहाँ गए पनि औषधि मात्र भेट्टाएँ ।' भगवान् बुद्धले जाँचबाट पास भयो भनी आशीर्वाद दिनुभयो ।

अहिले पनि के विश्वास छ भने जीवक वैद्यले बनाइदिनु भएको विहारबाट अधिष्ठान गरेर आँखा बन्द गरेर जुन घाँस उखालेर दिँदा त्यो औषधी लाग्छ रे । म क्यालफोनी अजुसा विहारमा गएँ । म फर्कंदा त्यहाँका भिक्षुलाई सोधेँ -'तपाईलाई नेपाल अथवा भारतबाट के पठाइदिउँ ?' भिक्षुले 'मलाई केही पनि चाहिँदैन बरू त्यहाँको घाँस अलिकति ल्याउनु वा पठाउनु' भनेर माग्नुभयो । त्यसै कारणले भनेको हाम्रो नेपाल औषधीको खानी पनि हो ।

हाम्रो नेपाल एक लाख ४६ हजार १८१ वर्ग कि.मि. क्षेत्रफल भएको देशमा एक सय सोह्र थरी जातजातिको बसोबास छ । ३३ करोड देवीदेवताहरूले बास बसेको देश भनेर पनि भनिन्छ । त्यतिमात्र कहाँ हो र ती सबै जातिको आ-आफ्नै अप्राप्य आदिकालदेखि चल्दै आएको अत्यन्त मौलिक भेषभूषा र संस्कृति छ । तिनीहरू थरिथरिका फुलका थुङ्गाहरू गाँसिएर बसेका छन् । अरू देशमा धर्मको बारे भैभगडा भइरहन्छ । हाम्रो देशमा अहिलेसम्म धर्मको नाउँमा अशान्ति



Downloaded from http://dhamma.digital

भएको छैन् । आ–आफ्ना चाडपर्व, संस्कृति, रीतिथीति, परम्परा सभ्यता, चालचलन र व्यवहारमा पनि धनी नै छन् ।

उपत्यकाको चारैतिर पहाडमा भगवान् बुद्धका चैत्यहरूले रक्षा गरेर बसेको छ । पच्छिमतर्फ जामाच्व चैत्य छ । उत्तरपट्टि फूचो चैत्य र दक्षिणतर्फ धिनाच्व चैत्यले रक्षा गरेर बस्नु भएको छ । चारै पहाडहरू सुन्दर देखिन्छन् । त्यहाँमाथि चैत्यनिर पुग्दा मन शान्ति र शीतलताको अनुभव हुन्छ । नेपालको बुद्धधर्मको अर्को विशेषता भनेको अनागत बुद्धप्रतिको आस्था हो । स्थविरवादी र महासाचिकहरूले पनि अनागत बुद्धप्रति कम श्रद्धा राखेको होइन । परन्तु मूर्ति नै निर्माण गरेर अतीत बुद्ध, वर्तमानबुद्ध र अनागतबुद्ध क्रमशले दीपंकर बुद्ध, गौतमबुद्ध र मैत्रिय बोधिसत्व पूजामा नेपाल कुनै महायानी देशभन्दा पछि परेको छैन । दीपंकर बुद्ध अतीतबुद्ध सम्भनेदेखि यो त्रिकाल बुद्धको पुजामा पालि साहित्यको समर्थन पनि आधार लिन सकिन्छ । नाम उल्लेख भए पनि प्राचीनकालिन साहित्यमा २८ वटा अतीत बुद्धको उल्लेख छ ।

भनिन्छ बुद्धधर्म नेपालबाट बाहिर गएको भनेर । होला पनि कारण २८ वटा बुद्ध छन् । विभिन्न पहाडमा भगवान् बुद्धले गरेर गएको इतिहासबाट थाहा हुन्छ । हेर्नुस् नमोबुद्ध कस्तो सुन्दर पहाड । चारैतिर हिमाल मात्र देखिन्छ । त्यस्तै मनिचुर मागी दान दिएको ठाउँ अति नै सुन्दर छ । मुक्तिमान भनौ हिमालले छोएको छ । भगवान् बुद्धको मूर्ति दायाँ बाया शारिपुत्र र मौडगल्यान भिक्षुहरू । राम्रोसँग नियालेर हेर्नु । नमोबुद्ध भनेर महोसत्व राजकुमारले बाच्छा कमजोरीहरूलाई आफ्नै मासु काटेर दानपारमीता पुरा गर्नुभएको जङ्गल र पहाड हो । त्यहाँ पुग्दा एउटा दान उपपारमीतालाई सम्भिन्छ अर्को सुन्दर जङ्गल र पहाड । रमणीय ठाउँ छ । चारैतिर प्रकृतिको र सौन्दर्यको देश हाम्रो नेपाल हो ।

❋



Downloaded from http://dhamma.digital

# आफूले गरेको कर्म आफैंले भोग्नुपर्छ

चेतनशील मानिसहरूलाई सबै थाहा छ, त्यसो भए तापनि जानीजानी नराम्रो काम गरेर अर्काको धन चोरेर, अरूलाई मारेर, लुटेर, फटाहा कुरा गरेर धन कमाएर आफ्नो स्वार्थपूर्ति र परिवारको पालन गर्ने गर्छ । आफ्ना सन्तान र परिवारलाई पालन पोषण पशुले पनि गरेको देखेको छ । तर मानिसले जस्तो अत्याचार गरेर खाएको देखेको छैन । हामी चेतनशील प्राणी हौं । हामीले नै जानी जानी नराम्रो काम गर्ने गर्छौं । धेरैजसो आफ्नो सन्तानको लागि । आफूले खाईनखाई सन्तानलाई ख्वाउँछन् । पछि आएर आफ्नो सन्तान ठूलो भएर आएपछि आमा-बुबाले दुःख गरेर कमाएर पालन पोषण गरेर राखेको बिर्सन्छन् । कसैकसैले आमा बुबाले गरेर राखेको गुणहरू याद गर्ने पनि छन् । नभएको होइन तर एकादुई जना होलान् कि ?

हामी आज जुन राष्ट्रमा गए तापनि यही हालत छ । छोराछोरीहरूले आमा बुबालाई समय दिन सकेका छैनन् । मोवाइल चलाउनको लागि, फिलिम हेर्न जानको लागि, पिकनिक जानको लागि आफ्नो व्यक्तिगत कामको लागि समय दिन सक्छन् । धर्म र आमा बुबाको लागि एकघण्टा समय दिन सक्दैनन् । आफूलाई जन्म दिएर हुर्काउने, जन्माउने आमा बुबाको लागि समय छैन । भविष्यमा मलाई पनि मेरो छोराछोरीले यस्तै गर्छन् र हुन्छ भनेर कल्पना नभएको र



Downloaded from http://dhamma.digital

विचार नआएको किन होला ? आजको युग नै यस्तो भएको छ । धर्म चिन्तन नै हराएको हो कि ? धर्म चिन्तनलाई लगाउनु पर्‍यो । आफ्नो कर्तव्यलाई सम्झाउनु पर्‍यो । अनि मात्र त्यो व्यक्ति जहाँ जुन राष्ट्रमा गए पनि सबैले आदर सम्मान् गर्छन् र गौरव गर्छन्, उनीहरूको भलो हुन्छ । आफ्नो परिवारलाई जति डाँका गरेर लुटेर चोरेर अरूलाई मारेर ख्वाए तापनि ख्वाएको भन्दैन । परिवारले खान्छ, तर पाप चाहिँ जुन व्यक्तिले गरेको छ, त्यसैले भोग्नुपर्छ । अरूले भोग्नेवाला छैन । यसैको सिलसिलामा हाम्रै नेपालमा भएका कहानी बताउन चाहन्छु ।

हाम्रो नेपालमा भैरहवा, बुटवल जाने बाटोनिर नवलपरासी त्रिवेणी ठाउँ छ । त्यहाँ एउटा बाल्मिकी आश्रममा बालमुखी बाबा बस्नु भएको भनेर सबैले थाहा पाएको कुरा हो । मन भनेको परिवर्तन भएर जान्छ । हामीले राम्रो शिक्षा लिनुपर्छ । राम्राको संगत गर्नुपर्छ अनि मात्र सतबुद्धि पनि आउँछ । बुद्ध धर्ममा एउटा श्लोक छ -

चरं चे ना धिगच्छथ्य-सेच्यं सदिसम त्तनो
एकचरियं दल्हं कपिया -नत्थि बाले सहायता ।

अर्थ : भरसक आफूभन्दा गुणी मानिसको सत्संगत गर्नु, नभए आफू समानको सत्संगत गर्नु । तर आफूभन्दा दुर्गुनीको संगत कहिल्यै नगर्नु । यस्ताको संगत गर्नुभन्दा त सुदृढ मन राखी एक्लै हिड्नु जति छ । आफ्नो मूर्खता चिन्न सक्ने मानिस नै पण्डित कहलाइन्छ । मूर्ख भइकन पनि पण्डित हुँ भन्नेलाई मूर्ख भन्दछन् । जुन कामको फल भोग गर्दा पछुतो गर्नु पर्दैन, चित्त प्रसन्न रहन्छ । सज्जनले त्यस्तो काम गर्नुपर्दछ । बाल्मिकी आश्रम त परासीको जंगलभित्र छ । अहिले पनि छ, अनि जङ्गलको बाटो भएर एकजना धेरै धेरै विद्वान बुद्धिमान सुशील जवान एकजना मानिस आफ्नो बाटोमा आएन बालमुखी डाँकाले देख्यो । त्यो जंगलमा बाटोमा आएको व्यक्तिलाई मारेर धन लुट्ने, जंगलमा भएको चराचुरूङ्गी, जनावरहरू मारेर घरमा आफ्नो परिवारलाई पाल्ने डाँकु भन्दा सबैले थाहा पाएको छ । डाँका पनि ठूलो धेरै डरलाग्दो । बाटोमा आउने सबैलाई मारेर लुट्ने, चोर्ने सबै पैसा गहना लगेर परिवार पाल्न गर्थ्यो । धेरै पाप कमाउने, पुण्य,



Downloaded from http://dhamma.digital

दया, माया भनेको अलिकति पनि थिएन । दया माया भएको भएका डाँका बन्न सक्दैन । भयानक डरलाग्दो डाँका बाल्मीकि थियो । त्यो डाँकाले बाटोमा आइराखेको विद्वान सुशीललाई समातेर त्यसलाई मार्न खोजेको थियो । त्यो मानवले भन्यो - मलाई नमार तिमीले जति मानिसहरू मारेर, चराहरू मारेर आफ्नो परिवारलाई पाल्यौ तर पाप तिमीले नै भोग्नु पर्दछ । जे जति पाप गरेर परिवारलाई पाले तापनि जस पाउने छैन । त्यसैकारण म यहाँबाट भागेर जान्दैन मलाई रूखमा बाँधेर जाउ तिम्रो परिवारसँग सोधेर आऊ । मैले पाप गरेको यो पाप तिमीहरूले पनि भाग लिन्छौ भनेर सोध्नु । यदि पापको भागी उनीहरू पनि हुन्छ भने मलाई आएर मार र मसँग भएको सम्पत्ति पनि लैजाऊ भन्यो । यस समय डाँकाको मन अलिकति शान्त भयो ।

त्यस समय त्यो सीधासाधा विद्वान पुरूषलाई रूखमा बाँधेर घरमा गयो बाल्मीकि डाँका । डाँकाले आफ्नो परिवारसँग प्रश्न गऱ्यो - मैले मानिसहरूलाई, जनावरहरूलाई मारेर कमाएको सम्पत्तिबाट तिमीहरूलाई पालन पोषण गरेर राखेको छु । यो पाप तिमीहरूले पनि भोग्नुपर्छ । अनि श्रीमती र छोराछोरीले जवाफ दियो - हामीहरूले पाप भोग्ने छैनौं, पापको भाग लिने छैनौं । यो तिम्रो इच्छा हो । यो सबै पाप तिमी आफैले भोग्नुपर्छ । तिमीले ल्याइदिएको हामीले लिएको र खाएको हो । यसको पाप भोग्नेवाला हामी कसैले भोग्दैनौं भन्दा डाँका अचम्ममा पऱ्यो । यतिसम्म मारेर सबैलाई दुःख दिएँ, मारे पनि परिवारको लागि । यस्तो हो भने अबदेखि मैले यस्तो काम गर्ने छैन । त्यही बुद्धिजीवीलाई गुरू मानेर बाबाजी बन्छु भनेर घर छोडेर जंगलमा फर्केर आयो ।

बाल्मीकि डाँका जंगलमा आएर बाँधेर गएको व्यक्तिलाई डोरी फुकालेर त्यसलाई नमस्कार गऱ्यो । अनि त्यही विद्वान व्यक्तिलाई गुरू मानेर बाल्मीकि बाबाजी बन्यो । पछि बाल्मीकि आश्रम यहाँ ठूलो बाबाजी बनेर बसेका थिए । त्यही इतिहास हामीले सुनी राखेका छौं कि भगवान् रामले श्रीमती सीतामातालाई देशबाट निकाला गर्दा उनको पेटमा बच्चा छ भनेर थाहा थिएन । अनि सीता जंगलमा त्यही



Downloaded from http://dhamma.digital

बाल्मीकि आश्रममा शरण लिएर बस्दाबस्दै बच्चाको जन्म भयो । त्यो बच्चालाई लव भनेर नामाकरण गरियो । अलि हिँडेर जानसक्दा र सीता गुरू बाल्मीकि बाबाको आज्ञा पालन र अनुमति लिएर फलफूल टिप्न जाने बेला गुरूसँगै बच्चा सुताएर गएकी थिइन् । बाल्मीकि गुरू बच्चा सुतेर बसेको छ भनेर ध्यानमा बसे पछि हेर्दा बच्चा थिएन । अनि सीतालाई दुःख हुन्छ भनेर अर्को त्यस्तै बराबर बालक कुशको बनाएर राखे । सीता फलफूल लिएर बच्चासँगै आउँदा त्यहाँ अर्को बच्चा देखिन् । को हो भनेर सोधेपछि बाल्मीकिले बताए -'ध्यानबाट उठ्दा बच्चा थिएन र तिमी रून्छौ भनेर कुशको बनाएको भने । यसैकारण लव कुश दुईजना छोराहरू भएको हो । राम्रो संगतले गर्दा बाल्मीकि डाँका पछि आएर बाल्मीकि बाबा बन्यो । राम्रोको संगत पाएपछि र पाप र धर्म आफैले विचार गर्नुपर्दछ ।



Downloaded from http://dhamma.digital

# नेपाल र जापानको बुद्ध धर्म

जापानमा नेपालबाट नै बुद्ध धर्म गएको थियो । नेपालबाटै देश विदेशमा यो धर्म फैलिएको हो । अब आयो नेपालमा त भगवान् बुद्धको नै जन्मभूमि । शाक्यमुनि गौतमको मात्र होइन विपसी बुद्ध, अनमोदेस्सी बुद्धहरूको पनि जन्म भूमि नेपाल । तर, जन्मभूमि मात्र भइरहेको छ, नियम शिक्षा, दिक्षा, सबै अरू देशमा गएछ । पहिला जापानमा थरिले बुद्ध धर्म प्रचारप्रसार भइरहेको थियो । अनि थेरवाद भएको कारणले गर्दा महायान बुद्ध धर्म अपनायो रे अब, धेरैजसो बज्रयानहरू चलिराखेको देख्यो । जापान विकास भएको नै बुद्धको शिक्षा, नियमहरू लागू गरेको कारणले गर्दा धेरै अगाडि बढेको सबैको चित्त सफा छन् । लोभ भनेको कम छ । आफूले मेहनत गरेर पाएकोमा सन्तोष भएको छ । खेतबारीको काम धेरै मेहनत गर्छन् । पहिला पञ्चशीललाई राम्रोसित पालन गर्छन् । पञ्चशील सबैलाई आवश्यक छ । शील पालन भएको व्यक्तिलाई सबैले विश्वास गर्छन् । माया गर्छ प्यार गर्छ । एकदिन मर्नुपछि भनेर सिकेको हुन्छ । कसैले कसैलाई होच्याउने, हेप्ने भनेको गर्दैनन् । धनि गरीवहरूबीच भेदभाव गर्दैन । मान्छेले कमाएको धन सम्पत्ति खाली खानको लागि र आफ्नो परिवारलाई खान दिनको लागि मात्र होइन । कमाएको सम्पत्ति परिवारलाई पनि केही दिन पुण्य पनि गर्नुपर्छ भनेर १०० रूपियाँ



Downloaded from http://dhamma.digital

कमाएपछि २० रूपैया दान दिने चलन थियो । त्यही पैसाले ठूलो-ठूलो विहारहरू बनाएर राखेको छ, तर भिक्षु भिक्षुणीहरू छैन । धेरै राम्रो विकास भएको छ । अमिता बुद्ध बनाएर राखेको ३० फिटको छ । सबै धलौटको मात्र ६०० वर्ष भयो रे बुद्धको मूर्ति । धलोटको भएको कारणले अहिलेसम्म त्यस्तै छ । त्यही बुद्धको मूर्तिको कारणले गर्दा काम कुरा भने ठाउँ धेरै नै विकसित र नाम चलेका छन् । त्यहाँ धेरै ठूल्ठूला विहारहरू पनि छन् । स-साना मन्दिरहरू पनि धेरै छन् । त्यो ठाउँमा बुद्ध धर्मको कारणले गर्दा धेरै विकसित भएको भन्दछन् । जापानमा ठूल्ठूला ३/४ हजार भिक्षुहरू बस्ने विहारहरू १६ वटा छन् । अरू स-साना ७५ हजार छन् । कति बनाएर राखेको ? आफूले विचार गर्नु कति बुद्ध धर्म प्रचार-प्रसार भएको थियो । तर, अहिले आएर भिक्षु र भिक्षुणीहरू लोप हुँदै गएको छ । कहीं कहीं मात्र एउटा दुई जना भिक्षुहरू छन् । भिक्षुणीहरू त एकजना पनि देखिएन ।

बुद्ध धर्ममा पनि तीन वटा यान छन् । खास यान भनेको डुंगामा, हिंडेर गाडीमा जेमा गए पनि निर्वाण जाने बाटो हो । नेपालमा बुद्ध धर्म थेरवाद, हिनयान, श्रवकयान तीनवटा एउटै नाम हो ।

अनि महायान र बज्रयान यो तीनवटा फरक, फरक छन् । त्यस्तै जापानमा पनि त्यस्तै थियो । थेरवान मतलव हिनयान, महायान र बज्रयानहरू अहिले पनि छन् । थेरवाद नियम पालन गर्न गाह्रो छ । भिक्षुहरूको नियम २२७ वटा छन् र भिक्षुणीहरूको नियम ३११ वटा छन् । पालन गर्न गाह्रो छ । खास ध्यान दिन सक्यो भने सबै नियमहरू पालन हुने थियो । ध्यान गर्न गाह्रो भएको कारणले गर्दा नियम पालन गर्न पनि गाह्रो छ । थेरवाद अथवा हिनयान कसरी गाह्रो छ भन्ने उपमा दिएर सम्झाउँछु । तीनवटा यानको विषय एउटा पक्का केही पनि नमिसाएको सुनको ढिक्का भनेको नै थेरवाद हिनयान अथवा श्रावक यानलाई भन्दछन् । सुनको ढिक्का ।

अर्को सुनलाई अलि कति नक्कली सुन मिसाएर चुरा, टप, औंठीहरू बनाएको हुन्छ, त्यसलाई महायान भन्दछन् । अलि अलि



Downloaded from http://dhamma.digital

नक्लकी मिसाएको सुन ।

अर्को आयो सुनलाई गहना नाना रंगको बुटा हालेर सिक्री, चुराहरू, टपहरू सुनको फुलीहरू धेरै नक्कली सुन मिसाउनु पर्दछ, नत्र भए ज्वाइन्ट हुँदैन । ज्वाइन गर्न सक्दैन, धेरै नक्कली सुन मिसाएको सुन गहनालाई बज्रयान भन्दछन् । यो मैले बुझाउनको लागि र मैले पढेको अनुसार र जापानमा पनि धेरै बज्रयानीहरू विहारहरूमा बसिराख्नु भएको छ । उहाँहरूले पूजा पाठ गरेर विहारलाई रक्षा गरिराखेको देखिन्छ ।

नेपालको बुद्ध धर्म भनेको नै जरा हो । ५ वटा बुद्धको जन्मभूमि नेपाल । कसैले त भनेको सुनेको एक करोड पश्चिस लाख भनेर सुनाउनु भयो । अब भन्नु हाम्रो नेपाल कति पुरानो बुद्ध धर्म प्रचार प्रसार भएको थियो । धेरै बोधिसत्वहरूका कहानीहरू छन् । जस्तै नमोबुद्ध महासत्व राजकुमारले बोधिलाई आफ्नै शरीरबाट मासु काटेर ख्वाएर बोधिको जीवन बचाउनु भएको कहानी नमोबुद्धमा छ । महासत्व बोधीसत्वले आफ्नो शरीरलाई काटेर मणि निकालेर दान दिए भनेर मनिचुडले बोधिसत्वको मणि निकालेर दान दिएको ठाउँ साँखु भन्दा अलि माथि अहिले पनि छ । त्यस्तै धेरै बोधिसत्व हिमालयमा ध्यान गर्नु भएको भनेर हाम्रै नेपालको हिमालयमा हो । त्यस्तै कारण बुद्ध धर्म नेपालबाट जापानमा लगेको भन्ने धेरै प्रमाणहरू दिन सकिन्छ ।

नेपालीहरू जति भगवान बुद्धहरू जन्म भएतापनि बोधिसत्वहरूको जन्म भए तापनि उहाँहरूको उपदेश सुन्नेवाला छैनन् । नभएको भने होइन, तर कम मात्रामा छन् । त्यस्तै भिक्षु, भिक्षुणीहरू पनि बाँकी नै छन् । जापानमा भन्दा, तर विकास मात्र गर्न जानेको छैन । पूरा बुद्धिष्ट नभएको काणले गर्दा भन्नुहुन्छ, आफ्नो बुबाको कुरालाई वास्ता नगर्ने सानो बुबाको कुरा सुन्नेवाला छैन । नेवारीमा उखान (अब, मल्यू ब्बाजुल्यु) यस्तो भएको कारणले गर्दा नेपाल विकास हुन नसकेको होला ।

जापानमा पहिला सबै बुद्धिष्ट होला जस्तो लाग्यो, म,



Downloaded from http://dhamma.digital

आठवटा, ३० वटा अञ्चलमा घुमे । धेरै दाताहरूको घरघरमा जाँदा सबैको कोठामा भगवान बुद्धको मूर्तिलाई पूजा गरेर राखेको देखें । हरेक घरघरमा भगवान् बुद्धको मूर्ति राखेको छ र धुप पानी चढाएर पूजा गर्ने रहेछन् । क्रिश्चियन कहाँ गएँ, उहाँहरूको घरमा पनि भगवान् बुद्धको मूर्ति छ । बुद्धको मूर्तिले एस सबैलाई माया गरेर च्यापिराखेको मूर्ति राखेको देखें । जापानिजहरूले पूजा भन्दा बुद्धको उपदेशलाई मानिराखेका छन् । उपदेश अनुसार काम गरिरहेको कारणले गर्दा सबैको दिलमा मैत्री करूणा, मुदिता र उपेक्षा भएको हो । भगवान् बुद्ध भन्नुहुन्छ - पूजाभन्दा काम गर्नुपर्छ । पूजा गरेर मात्र सुख पाउने होइन, न विकासै हुन्छ । काम गर्दा विकास पनि हुन्छ, मार्ग सुख पनि पाउने हुन्छ । भगवान बुद्धको सिद्धान्तलाई अपनाएका व्यक्ति कहिले पनि दुखी हुँदैन । त्यसैकारण जापानमा धेरैजसो पुराना मानिसहरू भगवान् बुद्धको मार्गमा चलिरहेका छन् ।

नेपालमा भगवान् बुद्धको मूर्ति विश्वले मानी राखेको पूजा गरिरहेको पशुपति महादेवको टाउकोमा वर्षको एकचोटि मुख अष्टमीको दिनमा भगवान बुद्धको मूर्ति भएको मुकुट लगाइदिन्छन् । त्यस्तै बुढानीलकण्ठमा नारायणको टाउकोमाथि भगवान बुद्धको मूर्ति राखिराखेको छ । सबैले हेर्न सकिन्छ अहिले फूलले छोपी राखेको छ । पहिला छोपेको थिएन । म सानो भएको बेला पूजा गर्ने बेला देखेको थिएँ । टोल टोलमा चैत्य, गल्लीगल्लीमा घर घरमा भगवान बुद्धको मूर्ति र चैत्य छन् । तर, शिक्षा अपनाएन । खाली मूर्ति मात्रै पूजा गरिरहेको छ । मुख्य पूजा गर्नु जानेको छैन । नेपालमा भगवान् बुद्धको शिक्षालाई अपनाउन सकिएको छैन ।

नेपालमा धेरै विकास गएर आयो, विकृति पनि बढ्यो । भिक्षु र भिक्षुणीहरू लोप भएर गयो । भिक्षु चलाउन नियममा बस्न गाह्रो भएर आयो । आजकालको जमानामा एकछिनको सुख मात्र हेरिन्छ । भिक्षुहरू धमाधम चीबर छोड्दै गृहस्थी जीवनमा गए । जापानमा त भिक्षु छोडेर फेरि प्रिस्ट भनेर गुरूज्जूहरू जस्तै विहारमा बसेर पूजापाठ गरी बसेको छ । त्यही विवाह गऱ्यो बच्चाहरूलाई पनि त्यही शिक्षा



Downloaded from http://dhamma.digital

दिएर राख्न सकिन्छ । अनि तिनीहरूले नै विहारहरू रक्षा गरेर राखेको छ ।

नेपालमा प्रवजीत त्याग गरेर गएपछि फेरि विहारमा आएर पूजा गरी गुरूजुजस्तो बस्न सकिँदैन । मद्दत गर्न सकिन्छ । विहारमा आउन सकिन्छ । फरक यति मात्र हो, जापानमा भिक्षुबाट पूजारी बनेर विहारमा नै विवाह कर्म गर्न सकिन्छ । र नेपालमा विहारमा विवाह गरेर परिवारसँग बस्न सकिंदैन ।

नेपाल र जापानको बुद्ध धर्म सम्बन्धी आजसम्म देख्दै आएको अनुभवहरूहरू यही हो । मैले हेरेको पनि सुनेको पनि जस्ताको त्यस्तै लेखेँ ।

Dhamma.Digital

✽

Downloaded from http://dhamma.digital

# अल्मलिएको कारणले ६ वटा चिठ्ठी पढ्न बिर्सियो

जीवन एउटा संघर्ष हो । यथार्थ रूपमा केलाएर हेर्ने हो भने जीवन दुःखैदुखले भरिपूर्ण छ, व्याप्त छ । तसर्थ यथार्थमा जीवन स्वयम् दुःख हो । जन्म हुनु दुःख हो । बृद्ध हुनु दुःख हो । रोग लाग्नु दुःख हो, मृत्यु हुनु दुःख हो । तथापि संसारको स्वभाव धर्मलाई यथार्थतः नबुझेको कारणले र अविद्याको जाल र तृष्णाको दोषलाई देख्न नसक्नाको कारणले इन्द्रियहरू जति परिवर्तनलाई देखाए तापनि सुखको प्रभाव मानव मात्रमा यति प्रवल यति आशक्ति रूपमा रहिआएको छ कि सुख, दुःख वेदनामा लालायित, काम, रागमा अनुरक्त, भव तृष्णामा अभिरत मानव जाति सामान्यतः स्वयम् आफैंलाई बिर्सिदिन पनि तयार भइरहन्छन् । आफू आफूलाई एकदिन मर्नुपर्छ भन्ने बिर्सिरहेका धेरै नै छन् । किनभने दुःखको भूमरी रूपी यस संसारमा सुख वेदनाका क्षणिक घडीहरू पनि बेला बखतमा उत्पन्न हुन्छन् ।

यो सबै सुख नै सुख सम्झिरहन्छन् । छ, छ वटा हामीलाई चिठ्ठी आए तापनि अलमल गर्दा एकदिन यमराजले लिन आउनेछ । हामी जन्म भएको सबै जानुपर्छ भन्ने यादै हुँदैन लिन आएतापनि



Downloaded from http://dhamma.digital

जान मन पर्दैन ।

क्षणिक सुखप्रतिको प्रवल आशक्तिले गर्दा दुःखको अविरल धारामा लगातार, निरन्तर प्रवाहित भइरहँदा पनि मानिस त्यही सुखको आशामुखी भइ दुःख भनेको नै थाहा पाउने हुँदैन । औंशीको अन्धकारमय रातमा कालो बादल लागेको अवस्थामा पनि बेला बेलामा समय समयमा आकाशमा विजुली चम्किँदा क्षणभरलाई धरतीमा प्रकाश छाएभैं दुःखमय जीवन पनि बेलाबेलामा क्षणिक रूपमा उत्पन्न हुने दुःख हुनको कारणले आफूले भोग्नु परिरहेका दुःख भोल्नु परिरहेको कष्ट र सहनु परिरहेको यातना, चिन्ता आदिलाई यथार्थतः देख्न, बुझ्न जान्न नसक्ने हुन्छन् । यादै हुने छैन, जति दुःख भए तापनि त्यसैले सुख भनेर अन्धविश्वासमा लागिरहेको छ । वास्तवमा मानिस आफूप्रति जति बढी आशक्त रहन्छ उति नै बढी उसले भोग्नु परेको दुःख पनि ठूलो हुन्छन् ।

हामीले कति दुःख भोग गरेर आएको थियौं । हामी आमाको गर्भावस्थाको जीवन कस्तो छ ? शिशुले जीउनको लागि कसरी संघर्ष गर्नु पर्दछ । मानिसले जन्मेदेखि मृत्यु नहुन्जेलसम्म नै के कस्ता संघर्षहरू गर्दैरहनु पर्दछ भन्ने विषयमा एकछिन आराम गरेर ठण्डा दिमागले सोच्ने हो भने जीवन के हो ? कहाँबाट कहाँ पुग्नेछ ? यसको स्वभाव कस्तो छ ? भन्ने कुरालाई सहजै कल्पना विचार गर्न सकिन्छ । यस्तो हेर्दा जीवन वास्तवमा दुःखैदुःख छ भन्ने कुरालाई सजिलैसँग जान्न, बुझ्न सकिन्छ । हामीसँग मोह, अविद्या छ, सत्यलाई छोपिराख्ने मोह नभएको भए मानिसले निश्चय नै जीवन दुःख र मृत्युको चक्रबाट मुक्तमार्गतिर लैजान्छ होला ।

अविद्याको कारणले गर्दा नै प्राणीहरू अतृप्त वासनामा लुब्ध भएर क्षणिक सुखको आशाले हिंसा, द्वेष, दुराचारमा लागि अपार दुःखको अग्निबाट पीडित भइरहेका छन् । कारण आफ्नै परिवारबाट आफ्नै तृष्णाको कारणबाट हामीहरू जञ्जालमा फसिराखेका छौं । जस्तै भनि राखेको छ -

*'न तं दल्हं बन्धनमाहु धीरा यदायसं दारूजं बब्बजञ्च ।*



Downloaded from http://dhamma.digital

*सारत्तरत्ता मणि कुण्डलेसु युत्तेसु दारेसु या ऊपेक्खा ।"*

अर्थ - यी जो फलाम, लट्ठी वा डोरीका बन्धन हुन् । यिनीहरूलाई बुद्धिमानजनले दृढ बन्धन भन्दैनन् । मणि, कुण्डल, पुत्र, पुत्री, स्त्रीको इच्छा हुनु जो छ तिनै वास्तवमा दृढ बन्धन हुन् ।

*ये रागरत्ताऽयतन्ति सोतं*
*सयं कतं मक्कटकोव जालं*
*एतिम्पि छेत्वान वजन्ति धीरा*
*अनपेक्खिनो सब्ब दुक्खं पहाय ।*

अर्थ : रागमा अनुरक्त व्यक्तिहरू माकुराले आफूले बनाएको जाललाई समाते झैं आफूले बनाएका स्रोतमै परिपरिरहन्छन् । धीर व्यक्तिहरू यो स्रोतलाई पनि छेदन गरी सम्पूर्ण दुःखलाई त्यागी आकांक्षारहित भइहिंडिरन्छन् । बुद्धिमानी मानिस त हिंडिहाल्छ । तर, मूर्खहरू, बुद्धि नभएको व्यक्तिहरूले आगोलाई राम्रो भनेर समाइरहन्छ, अनि भित्रसम्म पोल्दा दुःख पाइरहेको छ । हामी जन्म लिन्छौं, जुन सानो बेला आमाको दुध खाँदाखाँदै चारवर्ष बितिहाल्छ । त्यसपछि विस्तार-विस्तार कापी, कलम, चक, सिलोट लिएर पढ्नको लागि स्कुल जाने गर्छौं । कसैलाई १०, १५, १८ वर्षमा विवाह गरिदिन्छौं । फेरि त्यसको पनि बच्चा र घर हेर्दा हेर्दै चिट्ठी आएको पढ्न पाउँदैन । जति चिट्ठी यमराजले पठाए तापनि यादै हुँदैन । यही संसारमा व्यस्त भइरहन्छ । एकदिन जानुपर्छ, अलि अलि त्याग गर्नु कुशल कर्म गर्नुपर्छ भने मानव हजारमा एकजना मात्र हुन सक्छन् होला । चिट्ठी भन्दा अन्य वा चिट्ठी पठाएको भन्दा याद गर्ने समय पनि छैन पढ्नको लागि । अनि त्यो चिट्ठी त्यसै हुन्छ । केही पनि बाटो खर्च नलिइकन छोडेर जानु आवश्यक पर्नेछ । चिट्ठी भन्दा एकजना मानिसलाई यमराजले लिन आएको कहानी सुनाउनु चाहन्छु-

मनुष्य लोकमा एकजना यस्तो मानिस छ कि एकदमै धनी, घमण्डी यहाँसम्म किन धन जन सम्पत्ति परिपूर्ण भएको थियो । परिवार र धनसम्पत्तिमा मात्र चलाउँदै चलाउँदा धर्म कर्म भनेको अलि कति पनि चेतना छैन । एकदिन यो सम्पत्ति सबै छोडेर जानुपर्छ भनी



Downloaded from http://dhamma.digital

कल्पना पनि गरेको थिएन । टोल छिमेकहरू विस्तारै-विस्तारै मृत्यु भएर गएको देख्दा पनि म पनि त्यस्तै जानुपर्छ भन्ने सोच आएन । कारण धन धन जुवन माता भन्दछन् । तर संसार अनित्य छ, परिवर्तनशील छ । कसैले पनि समयलाई समातेर राख्ने बहादुरहरू थिएन । समय बितेर गयो कपाल फुलेर आयो । कान सुन्न कम भएर आयो, आँखाले कम देख्न थाल्यो । नाकले गन्ध थाहा पाउन छोड्यो । त्यस्तै खाना रूची भएन स्वाद कम हुँदै गयो । त्यसै समय यमराजले लिन आयो । हामीहरू चार किसिमले मृत्यु भएर जानुपर्छ । एउटा आयु सकिदा, कर्म सकिदा भनेको धर्म नहुँदा ऊ अकालमै र अर्को आयु र धर्म सकिँदा हामीहरू छोडेर जानुपर्दछ ।

मानिसको मृत्यु चार किसिमबाट हुनेछ । यो संसारमा बाँच्ने प्राणीहरू कोही पनि छैन । अनि घमण्ड गरेर बस्ने भएतापनि अवश्य जानु नै पर्दछ । अनि त्यो धन-जन परिपूर्ण भएको व्यक्तिलाई यमराजले लिन आयो ।

भनेको मतलव काल आयो, अनि त्यो व्यक्तिलाई यमलोकमा लग्यो । उसलाई जान मन परेन । अनि मलाई केही पनि समाचार नदिइकन किन ल्याएको मलाई केही पत्र चिट्ठी नपठाई लिन किन आएको ? म लिन आउँदैछु भनेर खबर पठाउनु पर्दैन ? मेरो हिसाव किताव बाँकी छ । परिवार छोड्न सक्दिनँ, यत्तिका सम्पत्ति कसरी छोड्ने ? म जान्छु यहाँ बस्दिन भनेर चिच्याएर करायो । त्यसपछि यमदूतले भन्यो - तिमीलाई ६-६ वटा पत्र अथवा चिट्ठी पठाएको हो तिमीले याद गरेनौ । तिमी ४० वर्षको हुँदा हामी लिन आउँछौं भनेर चिट्ठी पठाएको, तिमी धर्मकर्म गर भनेर । तिमीले धर्म कर्म गर्ने वास्ता गरेनौ । आफ्नै तालले माया मोहमा फसिराख्यौं । अब समयमा अवश्य जानुपर्छ तिम्रो कर्म अनुसार नराम्रो ठाउँमा । उसले सोध्यो - मलाई कुन ६ वटा चिट्ठी पठाउनु भयो ? खै कस्तो चिट्ठी ? यमदूतले भने - हेर तिमी जन्म लिएर आएको बेला बाल अथवा कपाल फूलेको थिएन, जब ४० वर्ष पछि कपाल सेतो भएर आयो, यो एउटा चिट्ठी । अर्को तिमीलाई पहिला जे खाए पनि हुन्थ्यो, तर ४० वर्षपछि दाँत दुःखेपछि



Downloaded from http://dhamma.digital

खान सकेनौ । अर्को आँखा कमजोर भएर आयो, चस्मा लगाउन थाल्यौ । कानले केही पनि सुन्दैन, धेरै साह्रो कराउनुपर्ला, अर्को मुखले केही पनि स्वाद थाहा पाउँदैन, त्यस्तै नाकले पनि वास्ना थाहा पाउने छैन । अर्को शरीर शिथिल भएर जान्छ । खाली हड्डी मात्र बाँकी रहन्छ । यत्रो ६-६ वटा चिट्ठी पठाउँदा पनि तिमीले वास्ता गरेनौ मेरो के दोष ? आखिर तिमीले गरेको कर्मको फल तिमीले नै भोग्नुपर्छ । जाऊँ भनेर नराम्रो ठाउँमा लाग्यो ।

त्यसैकारण हामीहरूले समयमा नै अलि अलि गरेर कुशलकर्म गर्नुपर्छ, त्याग गर्नुपर्छ । तृष्णामा नभुलिकन सुमार्गमा लाग्नु पर्दछ । आखिरमा त सबै त्यागेर जानै पर्छ । समयमा होश पुऱ्याएको भए मर्ने बेलामा पनि शान्तिपूर्वक जान पाइन्थ्यो । अलि अलि त्याग गर्ने बानी बसाल्नु पर्दछ । अन्तिममा सजिलोसित छोड्न सकिन्छ ।

यही हो, यमराजले ६ वटा पत्र अथवा चिट्ठी पठाएको भनेको मतलव । आजकाल त चिट्ठीको आवश्यक छैन, चिट्ठीभन्दा समाचार हो, समाचार पहिला चिट्ठीबाट पठाइन्छ । हामीहरूले पनि बेलुका सुत्ने बेला अरू चिन्ता नगरिकन एकदिन यमराज कहाँ जानुपर्छ भनेर मरनानुस्मृति ध्यान गरेर सुत्ने बानी गर्नु अत्यन्त आवश्यक छ । अनि सजिलो र छिट्टै त्याग गर्नु सजिलो हुन्छ । अभ्यास गर्नु मेरो सम्पत्ति यति छ कसले खान्छ भनी चिन्ता नगरिकन एकदिन छोडेर जानुपर्छ भनी ध्यान गरेर सुत्ने बानी गर्दा सजिलो र राम्रो ठाउँमा अवस्य पनि पुगिने छ ।

❋



Downloaded from http://dhamma.digital

# भगवान् बुद्धको धर्म सुख र शान्तिको लागि

आज २१ औं शताब्दीको आधुनिक वस्तुस्थिति सन्दर्भमा भगवान् बुद्धको धर्मलाई कसरी स्पष्ट व्याख्या गर्ने र बुझ्ने भन्ने कुरा थाहा पाउन मद्दत गर्दछ । प्रचलित परम्परागत धार्मिक अर्थमा मात्र सीमित नगरी जीवन पद्धतिको रूपमा तर कुनै पनि धार्मिक विश्वास क्षेत्र, जाती, पाती, रङ, भौगोलिक र राजनीतिक सीमामा सीमित गरी दर्शनको आधारमा भेदभाव नगरी बुद्धले जेजति सिकाउनुभयो, धर्मकै विषयमा, अध्यात्मिक अभ्यास, अध्यात्मिक जागरण, मानवीय तहमा अध्यात्मिक उत्थान र मानिसलाई सम्यक चिन्तन सम्यक वचन, ठिक समयमा काम गर्ने विषयमा मानिसलाई उपदेश दिनुभयो । सुख र शान्तिको लागि बुद्ध धर्मले शील, समाधि र प्रज्ञाबारे र मैत्री, करूणा, मुदिता र उपक्षाबारे नै बताउँछ, जसले धर्मलाई उपदेश अनुसार व्यवहारमा उतार्नु हुन्छ । त्यसैलाई नै सुख र शान्ति प्राप्त हुने छ ।

मानिसको हृदयमा सुख र शान्ति गर्नुको लागि सही धर्म अपनाउनु पर्छ । यदि मानिसको साँच्चैको जीवनबाट धर्मलाई अलग राख्ने हो अथवा यसलाई समाजको सदस्यको रूपमा रहेको मानिसको दैनिक जीवनको अभिन्न अङ्ग बनाउने हो भने समाजको एक हिस्सा



Downloaded from http://dhamma.digital

हुँ, यही समाजमा धर्मको स्थापना र अभ्यास हुनुपर्छ । मानवीय दृष्टिकोणलाई भगवान् बुद्धले मानवलाई केन्द्रविन्दु बनाई दिएको छ र यसले मानवको सम्पूर्ण व्यक्तित्व उनको संवेगात्मक सामाजिक, मनोवैज्ञानिक, मानसिक, शारीरिक पक्षलाई दृष्टिगत गर्दछन् ।

भगवान् बुद्ध सम्प्रदायक होइन । बुद्धको अर्थ सम्पूर्ण ज्ञानलाई बोध गर्नु भएको अथवा सम्पूर्णता प्राप्त गरेको भनेर उल्लेख गरिएको छ । उहाँ यस्तो व्यक्तित्व हुनुहुन्थ्यो जसले जीवनको यथार्थता बुझ्नु भएको, सत्य तथ्यलाई उहाँ आफैले अनुभव गरी बुझ्नु भयो । उहाँ मानव हुनुहुन्थ्यो, तर पूर्ण मात्रामा मानव, सर्वगुण सम्पन्न मानव जसले जीवनलाई जान्न धैर्यपूर्वक कठोर परिश्रम गर्नुभयो । जीवनको यर्थाथभूत, अनित्य, दुःख र अनात्म स्वरूपलाई चिन्नुभयो, थाहा पाउनु भयो ।

आफूले राम्रोसित बुझेको धर्मलाई सारा जनता, मानवतालाई ठीक तरिकाले जीवनयापन गर्नु हो । जसले तिमी आफैलाई तिमीद्वारा छिमेकीहरू, समाज, मुलुक हुँदै सम्पूर्ण विश्वलाई समेत भलो र कल्याण हुने होस् । यस कारण हामी भन्न सक्छौ, भगवान बुद्ध धर्म र यसको मानवीय दृष्टिकोणले हामीलाई दुःख कष्टले भरिएको यहलोकमा शान्त र सुखपूर्वक पूर्ण सफलताका साथ बाँच्न जीवनको रूपरेखा खोरिदिन्छ । भगवान बुद्धको धर्मले कुनै पनि किसिमको धार्मिक, क्षेत्रगत, सामाजिक, सांस्कृतिक र राजनीतिक सिमांकन मान्दैन । बुद्ध धर्म जीवित धर्म हो । यो त विश्वव्यापी धर्म हो । जसले एक क्षेत्रको पक्ष अर्को पक्षको विरुद्ध वकालत गर्दैन ।

भगवान बुद्धले सिकाउनु भयो, मध्यम मार्ग । सम्वयक दृष्टि सम्यक संकल्प सम्यक वचन, सम्यक, कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक सृष्टि र सम्यक समाधिका कुराहरू नै हुन् जुन आर्य अष्टाङ्गिक मार्गको रूपमा भगवान बुद्धले उपदेश दिनु भयो । बुद्धले मानिसलाई विवेकशील बन्न सिकाउनु भयो । इन्द्रिय मोजमज्जा र अनैतिक वानी व्यहोराको एउटा चरम सीमा र अर्को शारीरिक र मानसिक यातना प्रदान गर्ने चरम अनुशासन पालना जस्ता कार्यहरू



Downloaded from http://dhamma.digital

अर्थात चरम उत्सर्गको अभ्यास गर्ने दुईटै धर्म विरूद्धका कार्यहरू हुन् भनी बुद्धधर्मले बीचको मार्गलाई अभ्यास गर्ने कुरा बुद्ध धमएको मौलिक सिद्धान्त हुन् । यहाँ सत्य  तथ्यका बौद्ध मूल्य मान्यताहरूलाई नै अरू धर्म र दर्शनका मानिसले विश्वव्यापी रूपमा ग्रहण गरेका छन् ।

भगवान बुद्धले सिफारिस गर्नु भएका नैतिक मूल्य मान्यता अर्थात  शलि आचरणहरूलाई रोगका विरूद्ध औषधि, डर र त्रास विरूद्धका ढाल, अँध्यारो डरलाग्दो बाटोमा उज्यालो बत्ति नदी पार गर्नको लागि पुल र ठूला सागरहरू नाघेर जान प्रयोग गरिने जहाजको प्रभावशाली साधनको रूपमा लिन सकिन्छ । ती शीलहरू एउटा बहादुर सेनाका जनरल हुन जसले आशक्ति, घृणा र अज्ञानता रूपी तीन किसिमका विषादिहरूलाई काटिदिन्छ ।

हाम्रो चित्तको रूल, अनुशासन र ध्यान एकाग्रतालाई भगवान बुद्धले जोड दिनु भएको छ ।  किनभने यसले हाम्रा चिन्ता, शोक र दुःखलाई विस्तारै विस्तारै हटाई हाम्रा बोली बचन विचार, काय, वाक र चित्तको कार्यलाई शुद्ध गर्दछ, रक्षा गर्दछ र महत्वपूर्ण कुरा यसले मनलाई ऊर्जावान बनाइदिन्छ । यो हाम्रो शरीर वचन र मन शुद्ध गर्न अत्यन्त आवश्यक छ । बिना प्रज्ञाले शुद्ध गर्न सक्दैन । प्रज्ञाले सामान्य किसिमको सूचना प्रदान गर्ने काँचो ज्ञान र दर्शन जनाउँदैन । स्पष्ट रूपमा देख्न क्यामेरा, भिडियोलाई ठिक तरिकाले मिलाएको जस्तो कुनै कुरालाई जस्तो छ त्यस्तै देख्न प्रज्ञाले हामीलाई मद्धत गर्दछ । प्रज्ञा भनेको त्यस्तो अद्भूत चिकित्सक हो, जसले कुनै रोगलाई निर्मूल गर्न औषधि प्रदान गर्दछ । आजको एक्काइसौं शताब्दीमा विभिन्न जाति, राष्ट्रियता, रङ्ग, रहन-सहन, धर्म, संस्कृति राजनैतिक, सामाजिक र परमपराका मानिसहरू एक अर्कामा भिजिदै मिलेर बसेका छन् । भगवान बुद्ध भन्नुहुन्छ - जुनसुकै सिद्धान्त होस् सिद्धान्त अनेक प्रकारका छन् । यसका असल कुराहरू तिमीहरूले ध्यानपूर्वक मनलगाएर एकाग्रता भई सुन्नु पर्दछ, यसबारे चिन्तन मनन् गरेर हो वा होइन भनी विचार गरेर फाइदा या बेफाइदा र राम्रो वा नराम्रो भनी बुझेर ग्रहण गर्ने प्रज्ञा हुनु पर्दछ ।

Downloaded from http://dhamma.digital

भगवान बुद्ध र धर्मले राष्ट्रहरूबीच आपसमा एक साथ बाँच्न ऐक्यवद्धता र सहअस्तित्वबारे भनेको छ । शान्ति, मित्रता, मैत्री, करूणा, मुदिता र अहिंसा अथवा पञ्चशील पालना गर्न मूल जरा हुन् । जसको अभिवृद्धि र शंकाको अनुपस्थिति, बराबर भेटघाट विचारहरूका स्वतन्त्र आदान-प्रदान साझा अनुमोदनको भाव, धर्महरूबीच एक आपसमा विश्वास र धार्मिक सद्भावनामा भर पर्दछ । भगवान् बुद्धको धर्म अनुसार शान्ति र सुख भन्ने कुरा सामानय सिद्धान्तको अभ्यास गर्नु हो । त्यो सिद्धान्त के हो भने यदि तिमीहरू हिन्दू हौ भने, इमान्दारिपूर्वक पक्का हिन्दू बन । क्रिश्चियन हौ भने इमान्दारिपूर्वक पक्का क्रिश्चियन बन, त्यस्तै मुसलमान छौ भने पक्का मुसलमान बन । कुनै पनि विश्वास वा धर्म विरूद्ध गरेको सिद्धान्तलाई आफ्नो जीवनमा प्रयोगहरूमा अत्यन्त राम्रा राम्रा कुराहरू हुन्छन् । कुनै धर्मले कसैलाई बिगार्ने भनेको छैन । धर्म भनेको नै चित्त शुद्ध गर्ने र काय, वाक र चित्तलाई नियन्त्रणमा राखी अरूको उपकार गर्ने हो । धर्मको अभियानको लक्ष्य मानव मात्रको सुख शान्तिको लागि हो । न कि कुनै किसिमको समूह वा धर्मको केवल अथवा चिनो छातीमा झुण्ड्याएर हिंड्नु हो । यो समूह, ऊ समूह, यो धर्म, ऊ धर्म, तिम्रो धर्म, मेरो धर्म भनेर हिडेर मुक्ति पाउनेवाला छैन ।

निःस्वार्थ पूर्वक अध्ययन गर्नुपर्छ । सबभन्दा मुख्यतः चित्तलाई शुद्ध गर्नु पर्दछ ।

भगवान बुद्धको धर्म आफ्नै किसिमको सिद्धान्त हो, जसले पूर्ण मात्रामा अनाशक्ति बारे उपदेश दिन्छ, यहाँसम्म कि बुद्ध वचनमा आशक्त नहुने सिकाउँछ । एकअर्काको आस्था, विश्वासलाई कदर गरी शान्तिको अभिवृद्धि गर्न सिकाउँछ, यस्तो कदर गर्ने संस्कार र भावनाले साँच्चैको समझदारीको भावना एक आपसमा विश्वास र शान्तिपूर्ण सहअस्तित्वको विकास गराउँछ । कुशल आशय वा नियतले मानिस-मानिसबीच समझदारी र शान्ति सुखलाई सुनिश्चित पार्न मद्धत गर्दछ । म जो ठिक तरिकाले बाँच्छ, उसमा एक अर्कामा विश्वास गरी सुखपूवृक जिउनु पाइन्छ र सकिन्छ, दुवै तरफ बुझेको हुनु पर्दछ ।



Downloaded from http://dhamma.digital

एकतर्फी मात्र भए शान्ति पाउनको लागि गाह्रो हुन्छ । कुनै कुनै व्यक्ति त मुर्ख भन्दा महामूर्ख हुन्छन् । उनीहरूले गरेर बुझेकोलाई पनि शान्ति हुन्छ । जति गुण गरे तापनि नसम्झने, न सम्झिने । जस्तै उपमा मुसाले चामलको थालमा आएर चामल खान्छ र त्यही बिष्टा गरेर जान्छ । त्यस्तो व्यक्तिगत मानव होइन, ऊ पशुबराबर हो । आजकाल मान्छे पशु धेरै नै छन् । कुकुरलाई कसैले रोटीको टुकडा ख्वायो भने त्यसको गुण उसले सम्झिन्छ । साँच्चै पशुसँग बस्न सजिलो हुन्छ, तर मानिसरूपी पशुसँग बस्न, संगत गर्न गाह्रो हुन्छ ।

त्यसै कारण भगवान् बुद्धले भन्नुहुन्छ - मान्छे बन्न सिक्नु मान्छे बन्न । पशुको सिङ देखिन्छ, मान्छेको देखिदैन । मान्छेको हृदयभित्रको सुखले गर्दा उसमा भावना बढी भन्दा बढी अभिवृद्धि हुँदै जाँन्छ । मानिसमा सुख, दुःख बाँडी मानवीय समाजमा सद्भावना ल्याउँछ । मान्छेले एउटा परिवारको सिर्जना गर्न सक्छ, एउटा मानवीय परिवार, परिवार भएर मात्र सुख, पाउने छैन । परिवारमा हुनु पर्ने गुणहरू मैत्री, करूणा, मुदिता र उपेक्षा, परस्पर माया दया, त्याग भावना, सानो गुणलाई पनि कदर गर्न सिक्नुपर्छ । सहनशील आदर गौरव, क्षमा यो यस्तो गुण भएपछि सुख र शान्ति अवश्य पनि हुनेछ । जेसुकै होस् धर्मलाई कदर गर्न जान्यो भने सुख र शान्ति अवश्य पनि पाउनेछ । जन्म भएपछि  एकदिन मृत्यु हुनै पर्छ । त्यसको बीचमा अनित्यलाई सम्झेर त्याग भावना र सहजशीलतालाई अभिवृद्धि गरेर शान्ति र सुख होस् ।

❋



Downloaded from http://dhamma.digital

# बंगलादेश भ्रमणको अनुभव

वि.सं. २०६४ साल चैत्र ३ गते एम.बी.बी.एस. अध्ययनको लागि कृष्टिना श्रेष्ठलाई बंगलादेश पुऱ्याउन म (अनोजा गुरुमा), ज्ञानेश्वरी रञ्जित र कृष्टिना स्वयं हामी तीनजना काठमाडौंबाट भद्रपुरसम्म हवाईजहाजबाट गयौं । हामी त्यहाँबाट सिलगुढी हुँदै बंगलादेशको बोर्डर वुरीमरी गयौं । जहाँबाट भिसाको काम सकिएपछि ट्याक्सीबाट रंगतपुरतिर लाग्यौं । रंगतपुर पुग्दा रातको ११ बजिसकेको थियो र बस्ने ठाउँको व्यवस्था पहिला नै श्रीपुर मानन्धरले मिलाइसकेको हुनाले बस्न सक्यौं । भोलिपल्ट कृष्टिनालाई रंगपुरस्थित रंगपुर कलेजमा भर्ना गराउनुका साथै अन्य सबै काम सकाएर हामी रात्रीको ८ बजे बसबाट बंगलादेशको ढाकातिर लाग्यौं । पुरा रात बसयात्रा गरेकाले हामी तीनैजना निकै थकित भएका थियौं । हामी ढाका पुग्दा बिहानको ६ बजिसकेको थियो । प्रज्ञानन्द भन्तेज्यूले लिन आउनु भएको थियो र हामी उहाँसँगै विहारतिर लाग्यौं । त्यस विहारमा पुग्दा आफन्तकहाँ आएको जस्तो अनुभव भयो । त्यहाँ २ दिन बिताएर त्यसको भोलिपल्ट बिहानै हामी चितगाउँतिर लाग्यौं ।

भन्तेज्यूले बेबीमा नामक उपासिकालाई पहिल्यै खबर गरिसक्नु भएकोले हामीलाई लिन आउनु भएको थियो । त्यहाँबाट चितगाउँसम्म गाडीमा ६ घण्टा जति लाग्यो । चितगाउँमा हामीहरू उही (बेबीमा)



Downloaded from http://dhamma.digital

उपासिकाको घरमा गएर बस्यौ । त्यहाँ पनि आफन्तकहाँ आएको जस्तो अनुभव भयो । त्यस घर परिवारको मंगल होस् भनी परित्राण पाठ गर्नुका साथै धर्म उपदेश दिएकी थिएँ । त्यसपछि हामी चितगाउँ घुम्न निस्क्यौं । त्यस चितगाउँस्थित विहारमा पहिलो पटक म भिक्षुणीका रूपमा देखेकाले त्यहाँका सबै उपासक उपासिकाहरूले हामीलाई खुसी र आनन्दित हुँदै भव्य रूपमा स्वागत गरेका थिए । कसैले फूलको गुच्छा दिएर त कसैले खास्टो ओढाएर साधु साधु भन्दै स्वागत गरेका थिए । त्यो सब देखेर म धेरै हर्षित भएँ ।

बंगलादेश मुसलमानहरूको बाहुल्यता अत्याधिक भएको ठाउँमा पनि त्यहाँ भिक्षुहरूको संख्या लगभग ३००० भन्दा बढि रहेछन् । त्यो सब देख्दा मलाई धेरै नै सुख महसुस भयो । किनाकि भगवान् बुद्ध जन्मनु भएको ठाउँ नेपालमा भिक्षु भिक्षुणीहरू जम्मा जम्मी ६०० भन्दा बढी छैनन् । बंगलादेश आर्थिक दृष्टिकोणले एक गरीब राष्ट्र माने पनि त्यहाँको ब्यवस्थापन राम्रो छ ।

त्यहाँ अधिकांश मुसलमान बाहुल्यताभित्र त्यहाँका नारीहरू अति नै नाजुक अवस्थामा रहेको देखें । त्यहाँका नारीहरू पुरुषहरूद्वारा धेरै नै शोषित छन् । त्यहाँका बासिन्दाहरू अति गरीब र साधारण जीवनका कारणले सफासुग्घरमा कम ध्यान दिने भेट्टाएँ । त्यसपछि त्यहाँबाट अर्को दिन रंगमति भन्ने ठाउँ गयौ, जहाँ धेरैजसो त्यहाँका बासिन्दाहरू बौद्ध भएको भेट्टाएँ ।

बंगलादेशमा रहनुभएका प्रज्ञानन्द महास्थविर एक समाजसेवी व्यक्तित्व हुनुहुन्छ । उहाँद्वारा संचालित अनाथलयमा २८०० जना बालबालिकाहरू छन् । संयोगबस त्यहाँ एउटा कार्यक्रममा हामीलाई पनि बोलाइयो । त्यस कार्यक्रममा परिक्षामा उतीर्ण हुने अनाथ बालबालिकाहरूलाई पुरस्कार बितरण गर्ने मौका पाएँ । त्यसबेला म अत्ति नै हर्षित भएकी थिएँ । त्यस रात हामीले रंगमतीस्थित आनन्द विहारमा बितायौं । रंगमती गाउँ प्राकृतिक सौन्दर्यले भरिपूर्ण थियो ।

रंगमतीको बेसी तालको अनुभव बेग्लै छ, जुन तालको आकार गोलाकारमा छ र यो ठूलो ताल मध्ये एक हो । जहाँ ४ घण्टा



Downloaded from http://dhamma.digital

लगाएर घुम्दा पनि पूरा राउन्ड घुम्नसकेका थिएनौं । यसबाटै अनुमान लगाउन सकिन्छ कि बेसी ताल एक ठूलो ताल मानिन्छ । चारैतिर स-साना पहाडले घेरिएर रहेको थियो बेसी ताल । हामी रंगमतीमा ४ दिन बिताएर चितगाउँ नै फर्क्यौं । त्यहाँ बेबीमा उपासिका नै लिन आएकी थिइन् ।

एक रात त्यहिँ बसेर अर्को दिन अर्कै ठाँउ घुम्न गयौं जहाँ रमाइलो अनुभव गर्नुका साथै मानिसहरूको जीवन देखेर दुःख र अचम्मित पनि भएँ । त्यहाँ यस्तो मानिसहरूको समूह देख्न पुगेँ जसको न दुईटा हातहरू थिए न त दुईटा खुट्टाहरू नै थिए । झट्ट हेर्दा एउटा लाश जस्तो देखिन्थ्यो । लाज ढाक्न एक पातलो कपडा बेरिराखेको थियो । यस्तो दुर्गती जीवन बिताइरहेका मानिसहरू १/२ मात्र होइन सयौं भेट्टाएका थियौं । ती मध्ये अधिकांश जन्मजात नै हातखट्टा नभएका हो भने कतिपय त दुर्घटनाले भएको रहेछ ।

यस घटनाले मलाई सोच्न बाध्य बनायो कि हाम्रो प्रत्येक दिनको प्रत्येक कार्यमा कुनै प्राणीलाई केही हानी त भएको छैन । कसैले पशुलाई हत्या गर्दा हातखुट्टा पहिला निकाल्छ अनि पछिमात्र प्राण लिने गरी हत्या गरिदिन्छ । त्यही पापको कारणले हो कि ती मानिसहरू जिउँदै लाशजस्तो बनेको ? के हामीले अरूको ज्यान लिँदा यस्तो विदारकबारे याद गर्छौं त ? अरूको ज्यान लिँदा वा अरूलाई दुःख दिँदा शायद मज्जा लाग्छ होला तर त्यस्तो विपाक फलस्वरूप कति भयानक भोग भोग्नु पर्ने रहेछ । शायद त्यसैले अरूको हातखुट्टा काटेकोले होला अपाङ्ग भई दुर्गति जीवन भोगिरहेको छ । आफूले मात्र भोगेर पुग्छ र ? त्यसको सेवा सुसार गर्नेलाई पनि कति दुःख हुन्छ होला ? यसबारे तपाई आफैं सोच्नुहोला । यदि पोलियो थोपा नै नदिएको भए पनि एक दुईजनाको मात्र त्यस्तो दुर्गती हुने थियो होला तर सयौं जनताको बिना हातखुट्टा जन्म र जीवनयापन देख्दा के यो दुर्गती आफ्नै कुकर्मको फल होइन र ? यसबारे आ-आफ्नै स्वबिचार गर्नु आवश्यक देखिन्छ । त्यसकारण गल्ती नहोस् भनेर सचेत हुनु जरूरी छ । अरूलाई हानी पुगेको बेला हाँस्ने, खुसी हुने बानी छ भने



Downloaded from http://dhamma.digital

त्यसलाई त्याग्ने बानीको बिकास गरौं । राम्रो या नराम्रो आफूले गरेको कर्मफल आफैले भोग्नुपर्छ । जहाँ प्रेम र विश्वास हुन्छ त्यहाँ रमाईलो र शान्त वातावरण हुन्छ । कसैप्रति नराम्रो व्यवहार नगरी आफू स्वयंलाई आनन्द हुन्छ साथै समाजको भलो र कल्याण पनि हुन्छ । यदि कसैले नराम्रो विचार मनमा राख्दछ भने उसले आफूलाई कुकर्मको बाटोतिर लैजान्छ । प्रत्येक मानिसले अभ्यासद्वारा आफ्नो बिचार र बानीमा सुधार गर्ने अत्यन्त आवश्यक छ । चित्तगाउँमा तीन दिन बसेर फेरि कक्स बजारतिर घुम्न गयौं जुन ठाउँमा नून बनाउने र माछा मार्ने काम गरिन्छ । जताततै माछा पालेर राखेको देखें र नून पनि धानको थूप्रो राखेको जस्तै देखिन्थ्यो ।

त्यहाँबाट बर्मा बोर्डरसम्म आयौं । त्यहाँको समुद्रमा खेलेर कक्स बजारतिर दुई रात बस्यौं । त्यसपछि फेरि ढाकातिर रातभरी बसमा बसेर आयौं । त्यसपछि ढाकाको बिहारमा फर्क्यौं । त्यस बिहारमा पनि १८०० बालबालिकाहरूलाई अध्ययन अध्यापन गराइँदो रहेछ । त्यहाँबाट रंगतपुर कलेजमा कृष्टिना र श्रीपुरलाई भेटेर दुईजना बसबाट काठमाडौं फर्कियौ ।

❋

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मेरो यात्राको अनुभव

प्रथम पटक काठमाडौं बाहिर गएर भगवान् बुद्धको धर्म अध्ययन गर्नको लागि २०४० जेष्ठमा बर्मा म्यानमार गएँ । त्यहाँ सरकारले नै महासि सासनाऐत भन्ने ध्यान केन्द्रमा राख्नुभयो । खास त्यहाँको ठूलो भिक्षु महासि छयादोको ठाउँमा बस्थें । उहाँ नेपालमा पाल्नु भएको कारणले गर्दा केही पनि अप्ठ्यारो परेन । हामी नेपालबाट बर्मा गएका ५ जना थियौं । म, सुजाता, भागवती, रूपावती र पुरूषमा बर्देस मानन्धर । उहाँहरू बर्मामा भिक्षु बनेर ध्यान गर्नुभयो । बर्मा पुग्ने बित्तिकै भोलिपल्ट स्वयदगौ चैत्यमा लग्यो । त्यहाँ पुग्दा हामी अथवा मलाई भएको अनुभव स्वर्ग भनेको यही हो कि जस्तो लाग्थ्यो । स्वर्ग त देखेको छैन । जहाँ तहाँ भगवान् बुद्धको मूर्ति । त्यत्रो चैत्र सबै सुनले जलप लगाइराखेको छ । गजुरमा सबै हीरा मोतीले भरेको एकछिन त म टोलाएर बसें । कारण भगवान् बुद्धको जन्मभूमि नेपाल हो । नेपालमा यस्तो केही छैन । म बर्मा अथवा त्यो सोयदगौ चैत्यमा सबैजना आएर बन्दना गरिराख्नु भयो, हातमा फूल र धूप लिएर ।

हाम्रो नेपालमा फूल, धूप, सिन्दुर नैवद्य इत्यादि लिएर कही देव मन्दिरमा त झन् भोग दिनको लागि बोका हाँस, कुखुरा इत्यादि वस्तु लिएर उभिएर बसेको देखेको थिएँ । यहाँ त केही पनि



Downloaded from http://dhamma.digital

चाहिदैन । हाम्रोमा पनि धर्म गरेको र उनीहरूले पनि धर्म गरेको । सबैले हामीलाई कौतुहलका साथ हेरिहन्थे । हामीले पनि उनीहरूलाई हेरिरहन्थ्यौं । भाषा आउँदैनथ्यो । बोल्नको लागि त्यहाँबाट फर्केर तीन महिना ध्यान बसेर बल्ल अध्ययनको लागि मोलमिन खेमारामा साततार्इ भन्ने गुरूमाहरूको विहारमा लग्यो । त्यो विहारमा १५० जना जति गुरूमाहरू देखें । त्यहाँ पनि अचम्म लाग्यो । उहाँहरू पनि अचम्म । कोही कोही दाताहरू त हामीलाई नै हेर्न बनेर आइराखेको कारण भगवान् बुद्धको जन्मभूमिबाट आएको कस्तो मान्छे होलान् भनी । त्यहाँको दाताहरूले त भन्नहुन्छ भगवान् बुद्धको छोरीहरू आए भनी यति खुसी हुनुभयो कि बयान गरेर साध्य छैन ।

त्यो समय मलाई मनमा च्वास्स लाग्यो र दुःख पनि भयो, कारण भगवान् बुद्ध नेपालमा जन्म हुनु भएको र हामी नेपालबाट प्रबजितहरू भगवान् बुद्धको धर्म अथवा हिशा शर्मामा पढ्नुपर्ने । आमालाई बेचेर सानीआमा अथवा नोकर दिनु जानु जस्तो भयो । त्यहाँ पुगी हालियो । पढ्नु नै पर्‍यो । भनाई नै छ, बाबु-आमाले गाली गरेको र अरूले माया गरेको बराबर हुँदैन । आमा बुबाले गाली गरेको नै महान् हुन्छ । तर मलाई आफ्नो देशको नै माया लाग्छ । त्यहाँ धेरै ठाउँमा घुमे सबैले यति माया गर्नुभयो कि भगवान् बुद्धको छोरी भनेर । एक वर्ष अध्ययन गरेर नेपाल फर्किएँ ।

नेपालमा फर्केर गाउँ गाउँमा उपदेश दिनु जाउँ भनेर चरिकोटमा हिँडेर गएँ । त्यहाँको मानिसले मलाई देवी आएको भनेर देवीलाई पूजा गर्ने जस्तो सिन्दुर लगाइदियो । अक्षेताले पूजा गर्नुभयो । पानी जलले छ्याप्ने, अनि अगरबत्ति, दियो मेरो टाउकोमा हालिदिए । पोल्छ भनेर डर पनि लाग्यो । उहाँहरूले यति श्रद्धा गर्नुभयो कि नेपालको चलन नै यस्तो । अहिले पनि गाउँमा जाँदा कस्तो मान्छे आएको भनेर अचम्म मानेर बस्नुहुन्छ । केटीहरूको कपाल काट्ने भनेको त लोग्ने बितेपछि मात्र । हामीहरू त गुलावीको वस्त्र धारण गर्ने भगवान् बुद्धको चेली भनेर थाहा पाउने छैन ।

कुनै कुनै ठाउँमा बुद्ध धर्मप्रति श्रद्धा भएका मानिसहरू भए



Downloaded from http://dhamma.digital

तापनि बुद्ध धर्म बुझाई दिने भिक्षु-भिक्षुणीहरूको अभावले गर्दा बुद्ध धर्मबाट विमुख भएकाहरू पनि मैले देखें, सुनें । २५ वर्ष पहिला घान्द्रुक जाँदा त्यहाँको मानिसहरू बुद्धिष्ट भन्दछन् तर बुद्ध धर्म सम्बन्धी केही थाहा थिएन भन्नुभयो । भगवान् बुद्ध नेपालमा जन्म भएतापनि धेरैजसो ठाउँमा ब्राह्मणवादी धारणाको प्रभावले गर्दा हिन्दूधर्मतर्फको झुकाव बढेको देखें । केही मानिसहरू धर्म सम्बन्धमा छलफल गर्न बडो अखभिरूची राखेको पनि पाएँ । अन्य धर्म प्रचार गर्नेहरूको संख्या थुप्रो छ । भगवान् बुद्धको धर्म प्रचार-प्रचार गर्नेहरूको संख्या तुलनात्मक रूपमा ज्यादै कम छ । कारण नबुझेकोले हुन सक्छ । एउटा जे संस्कारमा हुर्केको छ त्यही अनुसार गर्ने पनि छ ।

म २०४६ सालमा बनारसमा पढ्नको लागि गएँ, त्यहाँ एउटा ब्राह्मण परिवार थियो । संस्कार होला उहाँले मलाई र विजय भाइलाई भोजनको लागि निमन्त्रणा गर्नुभयो । हामी दुईजना नै गयौं । जब मूलद्वारमा पुग्दा एकजना पुरूष पानी र पूजा थाली लिएर आउनुभयो । उनी उपाध्याय ब्राह्मण थिए । उहाँले हत्त न पत्त आएर स्वागत गर्नुभयो । स्वागतको लागि द्वारमा जब मैले पैतला हाल्ने ठाउँमा उहाँले बाटा राख्नुभयो । त्यहाँ मेरो खुट्टा राख्नु भनेर भन्नुभयो । मलाई कस्तो कस्तो अनुभव भयो । म अलमलमा परेर बसें । विजय बज्राचार्यले भन्नुभयो राख्नु दिदी राख्नु उहाँहरूको चलन त्यस्तो छ । अनि बाटाभित्र मेरो खुट्टा राखें । अनि त्यो ब्राह्मणले मेरो खुट्टा धोएको पानी फ्याक्नु भयो । अनि रूमालले सफा गरेर अक्षताले पूजा गरी सिन्दुर र इत्यादि लगाई मेरो लुगा समाती भित्र लग्नुभयो । आसनमा बसाई खाना दान दिनुभयो । मलाई कस्तो कस्तो लाग्यो । जिन्दगीमा त्यस्तो गर्न लगाएको छैन । विजयले चुप लागेर बस्नु भनेर मात्र हो । होइन भने खुट्टा धोएको पानी खान दिने ? यतिको श्रद्धा मलाई धेरै नै गजब लाग्यो । यो स्वागत गरेको त्यो ब्राह्मण परिवारहरूको मप्रति राख्नु भएको गौरव म कहिल्यै पनि बिर्सन सक्दिनँ । उहाँको नाम थियो हरिप्रसाद उपाध्याय ।

यात्राको अनुभवमा २०६८ सालमा म अमेरिका सेमिनारमा गएँ



Downloaded from http://dhamma.digital

अमेरिका घुम्दाघुम्दै अस्टेन सिदगु बर्मी विहारमा पुगें । अमेरिकामा जाँदा त्यहाँ त पुग्नै पर्छ । कारण त्यहाँ दाताहरूले टिका राखिदिनु हुन्छ । त्यहाँको बर्मी भिक्षु भिक्षुणीहरूले दाताहरूले धेरै नै माया गर्थे । त्यहाँ बस्दा दुई तीन महिना बस्ने गर्थे । एकदिन पाकिस्तानको मुसलमान बुढा-बुढी दुवैजना आएका थिए । उनीहरूले विपश्याना ध्यान गर्नु भएको रहेछ । अनि भगवान् बुद्ध नेपालमा जन्म हुनु भएको सुनेर नेपाली गुरूमा आइपुगेको भनेर खोज्दै आउनु भयो । तिनीहरू ह्युस्टनमा बस्नु भएको रहेछ । ह्युस्टन र म बसेको अष्टेन तिनघण्टा कारबाट जानु पर्छ । १५० किलोमिटर छ । उहाँहरूले मलाई देख्ने बित्तिकै अष्टनेमा बस्नु भएका भिक्षु अरिया धम्ले मेरो परिचय दिनुभयो । यति सुन्नेबित्तिकै धेरै हर्षित भएर मलाई त्यो दिन ह्युष्टन लगे उहाँहरूको घरमा । उनीहरूले भने हाम्रो घरमा भगवान बुद्ध पाल्नु भयो । कारण भगवान् बुद्धको जन्मभूमिबाट आएको हुनाले । यति उति छैन खुसी भएको । अनि उहाँको घर छिमेकी आफ्नो नाता, बहिनी सबैलाई बोलाउनु भयो । र भगवान बुद्ध परित्राण गरें । उनीहरूले धर्म परिवर्तन गरेको थाहा पाएर मुसलमान समुदायबाट बाहेक गर्‍यो रे । पाकिस्तानमा भएको भए मार्ने नै थियो होला भन्दै थिए । भोलिपल्ट धर्म उपदेशको लागि चार ठाउँ गएर उपदेश दिएँ । उहाँहरू खुसी भएर भएभर बोक्न सक्ने नसक्ने गरी दान प्रदान पनि गर्नुभयो । उहाँको नाम जाहारा उहाँसँग र उहाँको श्रीमान्सँग मैले प्रश्न गरें । किन मुसलमान धर्म छोडेर बुद्ध धर्म मन परेको ? उहाँहरूले जबाफ दिनुभयो - मुसलमान धर्ममा अन्धविश्वास छ, तर बुद्ध धर्ममा सत्य, तथ्य, प्रत्यक्ष भएको हुनाले हाम्रो जीवन सत्यमा लाग्छु भनेर मन परेको भनेर जबाफ दिनुभयो ।

उहाँहरू हिन्दी जानेको हुनाले सजिलो भयो । मेरो अंग्रेजी राम्रो थिएन । हिन्दीबाट सजिलो भयो । आफ्नो आफ्नो संस्कार पनि हुन सक्छ । मानिसहरू आफ्नो मन मिल्नेहरूको कुरा बडो रूची लिएर सुन्ने गर्छन् भन्ने कुरा ती जाहारा मुस्लिमहरूको व्यवहारबाट देखें । अमेरिकामा ६ महिनासम्मको यात्रामा मैले विभिन्न कुराहरूको



Downloaded from http://dhamma.digital

अनुभव गर्न पाएँ । यात्राको क्रममा मैले भोगेका कुराहरू दुःख, सुख, मानिसहरूको इच्छा, आकांक्षा धेरै अनुभव गरें ।

मलाई एउटा कुरामा दुःख लागेको छ । अमेरिकामा कमसेकम पाँच लाख नेपालीहरूले बसोबास गर्नु भएको छ । तर एउटा पनि भगवान बुद्धको विहार भने नेपालको छैन । भगवान बुद्धको जन्मभूमि नेपाल हो । अतः सबै नेपालीले चाहे बौद्ध होस् वा अबौद्ध अर्थात बुद्धको उपदेशको विषयमा ज्ञान प्राप्त गर्नु आवश्यक छ भन्नु अन्यथा नहोला । यो कुरा साँच्चै हो कि होइन भनी बुझ्नको लागि युरोप विशेषगरी लण्डन र अमेरिकाको यात्रा गर्नुपर्छ । यदि कुनै नेपाली बौद्ध वा अबौद्ध अमेरिकामा जानुपर्‍यो भने भगवान् बुद्धको धर्म सामान्य ज्ञान हुनुपर्छ । किनभने त्यहाँ सम्मेलन स्थलमा बुद्धको जन्मभूमि नेपालबाट आएकाहरूसँग भगवान् बुद्धको बारेमा प्रश्नहरू सोध्ने गरेका छन् ।

शरीर बलियो भएको अवस्थामा बराबर यात्रा गर्नु आफ्नै लागि लाभदायक हुने रहेछ भन्ने मैले महशुस गरें । बाहिरतिर जाँदा नेपाली भाषा, अंग्रेजी भाषा राम्ररी बोल्न जान्नुपर्ने कुराको पनि अनुभव गरें । सहनु अत्यन्त आवश्यक छ । कतै बस्नु खानु आफूलाई मनपर्ने र कतै केही पखिन नमिल्ने नखानु त त बस्नु नै । यस्तो कुरा घरमा बसेर अथवा आफ्नो मन्दिर, विहारमा बसेर पाउने होइन । यात्रा गर्दा मात्र यस्तो अनुभव गर्न पाइने छ । त्यसै कारण भगवान् बुद्धले भन्नुहुन्छ - हे भिक्षुहरू/भिक्षुणीहरू तिमीहरू बलियो छँदा बाहिरको अवस्था, मनुष्यको जीवन कसरी बितायो भन्ने कुरा आफूले नै हेरेर ज्ञान प्राप्त गर्नु भन्नुहुन्छ । सुन्दाको अर्कै आफूले देखेको र अनुभव गरेको अर्कै ।

मलाई यात्रा गर्न अत्यन्त मनपर्छ । हाम्रो नेपालमा १२ अञ्चल घुमें र विदेश ३० वटा राष्ट्र पुगें । त्यसबीच दुःख सुख अनुभव धेरै नै गर्न पाएँ । मैले अनुभव गरेको जति लेख्न पनि सक्ने छैन । दुःख सुखको अनुभव गर्नु हुन्छ भने यात्रा गर्नु अत्यन्त आवश्यक छ ।

*



Downloaded from http://dhamma.digital

# मानिस र पशुमा फरक

मानिस चिन्तनशील प्राणी हो । उसमा बुझ्न सक्ने यो पाप हो, यो धर्म हो, यो गर्नु हुन्छ यो गर्नु हुँदैन भन्न सक्ने क्षमता छ । जसले गर्दा मानिसमा मनुष्यत्व झल्किने गर्दछ ।

मनुष्यत्व अथवा मानिसमा झल्काउन सक्ने सक्कली मानिसहरूको अभाव खट्किदै गएको महसुस हुँदैछ । तर, आजभोलि मानिसको रूपमा पशु स्वभावका व्यक्तिहरूको विगविगी छ । लाज भनेको पटक्कै छैन । आफ्नो आफ्नो स्वार्थ मात्र । आफ्नो र परिवारको मात्र पेट भरे पुग्छ । आज यो संसारमा अचम्म लाग्छ मनुष्यको चित्त । एउटा हड्डीको लागि दुईवटा कुकुर झगडा गरेजस्तै । जनताको लागि हेर्दैन । खाली आफू र आफ्ना मात्र । त्यसैले होला भगवान् बुद्धले २६०० वर्ष अगाडि नै भन्ने गर्नुहुन्थ्यो ।

'किच्छो मनुस्स परिलाभो, किच्छं मच्चान जीवितं' अर्थात् -गुण सम्पन्न शिल सम्पन्न मनुष्य (मानिस) भएर जिउनु सजिलो छैन । गुण सम्पन्नशील सम्पन्न भएको व्यक्ति धेरै नै दुर्लभ छ । खानु, सुत्नु र बच्चा पैदा गर्नु यो तीनवटा मात्र जानेको भए पशु समान हो । यो तीनवटा गुणहरू मानिस र पशु दुवैमा हुने स्वभाव धर्महरू हुन् ।

खाना खान - मानिसले पनि राम्रो राम्रो खाना खाएका छन् । आफ्ना छोराछोरीहरूलाई पनि पालन पोषण गरिरहेका छन् । त्यस्तै



Downloaded from http://dhamma.digital

पशुले पनि आफ्नो सन्तानलाई कति प्यार गरेर खाना खोज्दै मुखभित्रसम्म ख्वाउने गर्छ । सुत्ने धनी व्यक्तिहरू जहाँ र राम्रो पलङमा सुत्छन् । गरीव बाटो र जङ्गलमा सुत्ने गर्छन् । उनीहरूको केही हुँदैन त्यसै खाली भूँईमा खाली शरीर सुतिरहेका हुन्छन् । त्यस्तै पशुहरू पनि जङ्गलमा, बाटो, जहाँ तहाँ निद्रा आएपछि सुत्छन् ।

अब आयो बच्चा बनाउनु र जन्माउनु । पहिला पहिला त जङ्गलमा घरमा, बाटोमा पाउने गर्छ । त्यस्तै पशुहरूको पनि त्यस्तै हिड्दाहिड्दै पाउने गर्दछन् । यति समानता छ पशु र मान्छेको । तर सक्कली मानिसमा यी बाहेक अनेक अमूल्य गुणहरू पनि समावेश हुन्छन् । ती यसरी छन् । शिष्टता, सभ्यता, इमान्दारिता, विश्वास पात्र, चिन्तनशील, चेतना, मानवता, महात्मा गुण, विद्वता, स्मृति धर्म चेतना शीलवान, गुणवान, शील्प शास्त्री, शुरवीर आदि एक मानिसमा समावेश हुन सक्ने गुणहरू हुन् । यो बाहेक मानिसहरूमा र पशुहरूमा नभएका अर्को गुणहरू छन् ।

नराम्रो कार्य अगाडि समाजले के भन्ला भन्ने लाज र डर र भयको अनुभव हुने । जुन मानिसले खराव, नराम्रो कार्य गर्ने इच्छा जाग्ने बेला समाजले के भन्ला भनी लाज र डरको अनुभव भई उक्त कार्य गर्न सक्दैन । त्यस्तो व्यक्तिलाई मानिसको दर्जामा राख्न सकिन्छ । लाज र भय भनेको पशुसँग हुँदैन । जहाँ जे गर्नु मन पर्दछन् । केही मतलव हुँदैन । जुन व्यक्तिसँग लाज र डर भय हुँदैन । त्यस व्यक्तिले जुनसुकै अपराध ठूलो तथा पाप गर्न पनि निर्लज्जता र निर्भयपूर्वक गर्न तयार हुन्छ । फलस्वरूप ऊ एक अपराधीको रूपमा समाजको कलंक भइदिन्छ । त्यस्तो व्यक्ति पशुभन्दा महापशु नै हुनेछ । समाजमा जिउनको लागि अथवा मानिस मानिसको बीचमा बस्दा मानिस नै बन्नु अत्यन्त आवश्यक छ । मानिस र पशु स्वभावको मान्छेसँग बस्नु सक्दैन । गलारेको देशमा गलारे नै हुनुपर्छ । एकजना साहु तिब्बेत व्यापार गर्ने रहेछ । उहाँ पहिला तिब्बेत जानको लागि हिँडेर जानुपर्छ । अनि बाटोमा गलारेको गाउँ नै थियो । उहाँसँग गल्ला नभएको कारणले गर्दा सबैले जिस्क्याउन थाले । घाँटी



Downloaded from http://dhamma.digital

लामो भएको चराजस्तो कस्तो मान्छे आएको भनेर जिस्काउने गरेछ । पछि जानेबेला कपडालाई गला बनाएर घाँटीमा बाँधेर गएछ । अनि त्यही गाउँमा पुग्दा कसैले पनि जिस्क्याएनछ । त्यसैकारण पशु स्वभाव भएको मानिस असल मानिससँग बस्न सक्दैन ।

आजको समाजमा बढ्दै गइरहेको हिंसा, रेप गर्ने एवं पशुतापूर्ण जीवन व्यवहार भोगविलासा र विलासिताले गरिएको ऐयासी जीवन संवेदनशीलता, पशुवत् आचारण, असभ्यताले भरिएको भेषभूषा, अशिष्ट बोलिचाली, नकारात्मक सोचाई, आफू मात्र बाँचौं, अरू जोसुकै होऊन् भन्ने एकलकाँटे संकीर्ण सोचाईको बहुल्य के देखाउँछ भने मानिस मनुष्यताको मार्गबाट विचलित बन्दै गइरहेका छन् । मानवीय पक्ष छोड्दैछन् । यसको र मनुष्यता पतनको दिशातिर पलायन हुँदैछ । यस्तो परिस्थिति बढ्दै जानु सबैका लागि दुर्भाग्यको क्षण हुनेछ । जुन व्यक्तिसँग लाज र डर हुँदैन, त्यस व्यक्तिले जुनसुकै अपराध पनि निर्लज्जता र निर्भयपूर्वक गर्न तम्सिनेछ । फलस्वरूप ऊ एक अपराधीको रूपमा समाजको कलंक भइदिन्छ । त्यस्तो व्यक्ति मानिसको रूपमा पशुभन्दा तल्लोस्तरको भइदिन्छ । ऊ समाजको लागि बोझ बनिदिन्छ । त्यस्तो व्यक्तिलाई मानिसको दर्जामा कहिल्यै पनि राख्न सक्दैन ।

"मनुष्य रूपेन मुगाश्चरन्ति" अर्थात मनुष्य भएर पनि पशु समान आचरण गर्ने व्यक्ति त्यसैले नराम्रो आचरण भएको व्यक्तिलाई आफ्नै आमा बुबाले पनि पशु, गधा, बाँदर इत्यादि भनी गाली गर्ने चलन छ ।

नराम्रो खराव काम गर्ने अवस्थामा समाजको रक्षा हुनेछ । त्यसैले यो लाज र भयलाई लोकपाल धर्मको रूपमा लिएको छ । अर्को शब्दमा भन्ने हो भने जबसम्म संसारमा लोकपाल धर्म बाँकी रहनेछ । तबसम्म संसारको रक्षा भइरहन्छ । तर जब लोकपाल धर्म मानिसहरूको चित्तबाट लाज, भय शर्म हटेर जान्छ तब संसार ध्वस्त भएर जानेछ ।

भगवान् बुद्धको उपदेश अनुसार धर्म गुण सम्पन्न व्यक्ति



Downloaded from http://dhamma.digital

बन्नका लागि नभई नहुने अन्य र महत्वपूर्ण गुणहरू पनि अत्यावश्यक छन् ।

१) अरूलाई उपकार गर्ने, मद्दत गर्ने, दया माया गर्ने आफूले सकेको समय अनुसार अवस्था अनुसार मद्दत गर्नु पर्दछ ।

२) अरूले आफूलाई गरेको मद्दत, उपकारको कृतज्ञता गुण सम्झी, आफूले पनि सक्दो प्रत्युपकार गर्ने । भनिन्छ संसारमा अरूलाई उपकार गर्ने व्यक्ति दर्लभ छ । मद्दत गर्ने, धेरै कम हुन्छ । निस्वार्थ बिना । धेरैजसो स्वार्थ र आफ्नो फाइदाको लागि मद्दत गर्दछन् । तर निस्वार्थपूर्वक मद्दत गर्नु गर्दछ । त्यसैले भनिन्छ संसारमा अरूलाई उपकार गर्ने व्यक्ति दुर्लभ छ भने आफूलाई उपकार गरेको गुण स्मरण गरी त्यसको प्रत्युपकार गर्ने व्यक्ति हुन्छ, त्यो व्यक्ति असली मानिसको दर्जामा रहन सकिन्छ । त्यसैकारण धर्म राम्रो कर्म भनेको मानिसको मूल्य बढ्ने गुण हो । पैसा भएर मात्र होइन, ठूलो ठूलो पद भएर मात्र होइन, पशु र मानिस फरक भएकोले नै राम्रो कर्म र धर्मले गर्दा हो । खाने, सुत्ने भयभीत हुने मैथुन यी चारवटा कुराहरू पशुहरूले पनि गर्ने गर्दछन् । पशुहरूमा राम्रो कर्म धर्म छैन । त्यसै कारण राम्रो काम गर्ने गर चित्त शुद्ध गरेर धर्म गरेर मानिस बन्न सिकौं ।

❋

Downloaded from http://dhamma.digital

# हामीले आफूलाई कसरी चिन्ने ?

धेरै मानिसहरूले धर्मकर्म गर्ने त्यसको परिमाण राम्रो फल भोग्ने, स्वर्गमा जाने पछि धेरै सुख होस् भनेर नाऊ कमाउनको लागि धर्म कर्म गर्ने हुन्छ । त्यसैले धर्म पनि नाश हुनुपर्छ, पाप पनि नाश हुनुपर्छ, भन्दा धेरै मानिसहरूले कुरा बुझ्नेन, यो पच्ने कुरा भएन । जे भए पनि यदि दुःखबाट मुक्त हुने इच्छा छ भने, निर्वाण जान चाहन्छ भने निस्वार्थ हुनुपर्छ चित्त शुद्ध हुनुपर्छ ।

आजभोलि त शिक्षा हासिल गरेर विद्वान बन्छन्, त्यसपछि मालिक बनेर अरूलाई अर्ति दिने र दास बनाउन खोज्दछन्, हुकुम चलाउँछन् । वास्तवमा पढे लेखे अनुसार सेवक बनेर ज्ञानी हुनुपर्ने । पुस्तक पढेर विद्वानजनहरूको कुरा सुनेर बाहिर बाट ज्ञान प्राप्त पनि उपयोगी छ र काम लाग्ने हो । अनि मात्र ज्ञानी बन्न सम्भव हुन्छ । पढेको र सुनेको अनुहार आफूले व्यवहारमा उतारनु सक्यो भने अवस्यपनी अच्छा र असल मानिस बन्नु सक्छ । यदि पढेर सुनेर व्यवहारमा उतारन सकेन भने खालि अरूको गाई चढाउने गोठाले शुद्ध भएको दुध खान नपाउने जस्तै राम्रो असल मानिस बन्न सक्ने छैन ।

हामीले आफूलाई कसरी चिन्ने त ? आफू आफूले चिन्नु न सकेर दुःख भोगी रहनु परेको हो । हामीहरूले खाली अरूले गरेको काम कार्यमा र अर्थाथो दोष मात्र देखिरहेको हौं । आफूले जति



Downloaded from http://dhamma.digital

नराम्रो काम गरेतापनि राम्रै देखिन्छ । अरूको टाउकोमाथि जुम्रा हिँडिराखेको देखिन्छ । तर आफ्नो टाउकोमाथि हात्ति हिँडिरहेको देखेको हुँदैन । हामीहरूको चलन अरूले जति राम्रो काम गरेता पनि खाली नराम्रो मात्र देखिन्छ । कारण जुन कलरको चस्मा लगाइन्छ त्यही कलर देख्ने गरिन्छ । जुन क्षेत्रमा गएतापनि यही हालत छ । राम्रो काम गर्ने व्यक्तिलाई काम गर्न दिइँदैन । आफूले पनि गराएर देखाउन सक्दैन अरूले गरेको पनि सहन सक्दैन । हाम्रो नेपालमा सतीले श्राप गरेको देश भन्दछन् होला जस्तो लाग्छ । राजनीतिक क्षेत्रमा, धार्मिक क्षेत्रमा, समाजिक क्षेत्रमा राम्रो काम कसैले गर्दैनन् । आफ्नो कर्तव्य सोचेर काम गर्दा कसैसँग डराउनु पर्दैन, हाँसी-हाँसी खुसी-खुसी मनमा सन्तोष लिएर सुख, शान्ति प्राप्त हुन्छ । सुखी, खुसी र शान्तिको लागि आफूले के गरें भनेर हेर्नुको लागि आफूले आफैलाई नै हेर्नु पर्छ । अरूले आफूलाई देख्न सक्दैन ।

भगवान् बुद्धले उपदेश दिँदै भन्नुभएको छ - राम्रो नराम्रो काम बुझ्नको लागि विवेक, बुद्धि र ठीक दृष्टि हुनुपर्छ । हृदय पवित्र हुनुपर्छ । विश्वास पात्र बनेर बाँच्न सके मर्ने बेला आनन्द साथ मर्न पाइन्छ । एक दिन त सबै मर्नु पर्ने नै हुन्छ । मुख्य कुरो दृष्टि सोझो हुनुपर्छ । चित्त शुद्ध हुनुपर्छ, जे काम गरे पनि नियत राम्रो हुनुपर्छ । कामकारवाही पनि एकदम निःस्वार्थ रूपले हुनुपर्छ । सेवाभाव हुनुपर्छ । प्रयत्न गर्दा पनि मध्यम मार्ग हुनुपर्छ । धेरै प्रयत्न पनि गर्नु हुँदैन, अल्छि पनि हुनु हुँदैन । अनि स्मृति ठीक हुनुपर्छ । ठीक ठाँउमा होश हुनुपर्छ, सधै सतर्क हुनुपर्छ, अनि चित्त एकग्रता हुनुपर्छ । चित्त एकाग्र गर्नसक्यो भने हामीले आफूलाई हेर्न सकिन्छ । आफूले राम्रो गरेको या नराम्रो गरेको यथार्थ थाहा पाइन्छ । अरूले के गरे के गरेन त्यसको मतलब गर्नु आवश्यक छैन । बरू आफूले के गरेको छ के गरेको छैन आफूले राम्रोसित थाहा पाइन्छ । अरूको आँखालाई बन्द गर्नु सकिन्छ तर आफ्नो मनको आँखालाई बन्द गर्नु सक्ने छैन । यसको लागि एउटा सीलबीम सन जातकको कहानी सुनाउनु छ ।

भगवान बुद्ध श्रावस्ति जेतवन विहारमा बस्नु भएको थियो ।



Downloaded from http://dhamma.digital

त्यहाँ ५०० भिक्षुहरू बसेको थिए । ती भिक्षुहरूले मनमा कामयोग सम्बन्धी कल्पना गरिरहेका थिए । भगवान् बुद्धले २४ घण्टा त्यही भिक्षुहरूको चित्तलाई हेरिरहनु भएको थियो । काम भोग गर्ने उत्सुकता भएको समय हेरेर आनन्द भन्तेलाई गुन्धकुटीमा जम्मा गर्नुको लागि आज्ञा गर्नु भयो । अनि ५०० जना भिक्षुहरू जम्मा भएपछि भगवान् बुद्ध स्वयं पाल्नुभई भन्नुभयो - हे भिक्षु हो ! पापकर्म गर्ने ठाँउ कहीं पनि कसैले न देखेको छैन । हरेक ठाँउमा हरेले देखेको छ । जङ्गलमा चोरहरूले चोरेर लगेको धन सम्पति जंगल देवताहरूले देखेको हुन्छ । अरूको आँखा बन्द गर्नु सकिन्छ आफ्नो आँखा बन्दगर्न सकिँदैन भन्नुभयो । अनि भिक्षुहरूले प्रार्थना गर्नु भयो अहिले हामीबाट पाप चित्त उत्पन्न भएको गुप्त ठाउँ छैन र भनेर थाहा पाए तर पहिला-पहिलाको कुरा थाहा थिएन । बताई दिन भगवान्सँग प्रार्थना गर्दा भगवान बुद्धले भन्नु भयो - पहिला-पहिला वाराणसी देशमा ब्रम्हदत्त राजाले राज्य गरिरहनुभएको बेला बोधिसत्व ब्राम्हण कुलमा जन्म हुनु भएको थियो । वाराणसीमा अहिले आएर पनि धेरै-धेरै विद्वानहरू थियो । त्यहाँ धेरै जसो धार्मिक मानिसहरू र धर्म सम्बन्धी अध्ययन गर्ने ठाँउ हो । वाराणसी सारनाथ भने ठाउँमा भगवान् शाक्यमुनि बुद्धले बुद्धत्व प्राप्त गरेर पहिला पञ्चवर्गीय ब्राम्हण ऋषि मुनिहरूलाई धर्मको उपदेश दिएर सही मार्गमा पठाउनु भयो । धेरै मानवहरूले ज्ञान हासील गर्नु भएको ठाँउ हो । धेरै विद्वानहरूले बनारस बाराणसीमा नै पढेर आएका छन् । कुराको शिलसिलामा म पनि वाराणसीमा नौवर्ष पढेर पि.एच.डी गरेर आएको थिएँ । धेरैजसो धार्मिक पढेर वाराणसीमा नै पढ्ने व्यवस्था छन् । त्यस्तै पहिला बोधिसत्वहरू पनि त्यही अध्ययन गर्ने थियो । बोधिसत्वको आमा बुबाले राम्रो गुरू हेरेर राम्रो विद्यालयमा भर्ना गरिदिनु भयो । मास्टर पनि धेरै राम्रो विद्यालय पनि राम्रो विद्यार्थीशरू थुप्रै थिए । उखान एउटा छन् हुने विरूवाको चिल्लो पात भने जस्तो त्यो बोधित्वले पनि पढेर कहिले पनि फेल भएको थिएन । चरित्र पनि त्यतिकै राम्रो मुख शरीर बानी व्यहोरा बचनसबै राम्रो थियो । अनि गुरूको एउटा मात्र सुन्दरी छोरी थियो । आफ्नो छोरी राम्रो



Downloaded from http://dhamma.digital

विद्यार्थीलाई विवाह गरिदिने विचार गरेर शीलको परीक्षा गर्दा कस्को बानी राम्रो सदाचारी हुन्छ । मुख मात्र राम्रो भएर हुँदैन धनीमात्र भएर पनि सबैको शील परीक्षा गर्ने भनेर विद्यार्थीहरूलाई बोलाएर एकट्ठा गर्नु भयो ।

हे विद्यार्थीहरू मेरो छोरी तरूणी भएर आइन् । कसले कसैलाई पनि नदेखाई लुगा गहना लगाएर पठाउने । कसैको घरबाट मागेर ल्याएको हुँदैन । कसैले पनि नदेखाइकन ल्याउनु पर्छ भनेको मतलब चोरेर ल्याउनुपर्छ भन्नुभयो । सबै केटाहरूलाई मनपर्ने । विद्वान सुन्दरी त्यो पनि गुरूको छोरी हुन्छ भनेर विद्यार्थीहरू आफ्नो-आफ्नो घरमा गएर लुगा र गहना ल्याएर गुरूलाई दिए । गुरूले पनि सबै लिएर नाउँ लेखेर राख्नु भयो ।

बोधिसत्व घरमा गएर लुगा र गहना लिन गयो । यस्तो लिनको लागि कोशिस गर्छ कसैले पनि नदेखि नदेखाई ल्याउनु भनेको छ कसरी लिने ? सबैको आँखा बन्द गर्नु सकिन्छ तर मेरो मनको आँखा बन्द गर्न सक्दैन । मेरो आँखा बन्द गरेर लुगा र गहना लिनेछु । तर मेरो मनको आँखा त खोलेको छ मनको आँखाले हेरिराखेको छ । म कसरी चोर्ने लुगा गहना लिने ? हेर्नु हामीले पनि अरूको चित्त आँखालाई धुलबाट छलाउन सक्छ । अरूलाई भन्छौ - मैले केही पाप गरेको छैन भनेर तर आफ्नो मनलाई झुठा कुरा गर्नु त सक्दैन । हामीहरू बिग्रेको कारण अरूलाई छलाउनु अर्काको आँखा बन्द गराउन जानेको छ । आफ्नो चित्त मनको आँखालाई बन्द गराउन जानेको छैन । त्यसैकारण देश बिग्रेको, चित्त बिग्रेको कारणले गर्दा सम्पूर्ण विग्रेको हो । अनि बेधिसत्वले आफू आफूलाई छल्नु सकेन । कसैले पनि न देखेको मात्र लिएर आउनु भनेको थियो । तर मेरो मनलाई छल्न सकिनँ । म गुरूको छोरीसँग विवाह गर्दिनँ किन भने मैले गहना र लुगा लिएर जान सकिनँ । त्यसपछि बोधिसत्व गुरू कहाँ गयो खालि हात गुरूले सोध्नु भयो खोइ गहना र लुगा ? गुरू तपाइले भन्नुभयो कसैले पनि नदेखाइकन ल्याउ भन्नुभयो तर सकिन, मेरो मनले देखेको छ । आँखा बन्द गरेर लिन खोजे मनको आखाले



Downloaded from http://dhamma.digital

देख्यो । त्यसै कारण गहना र लुगा ल्याउन सकिनँ भनेर निवेदन गऱ्यो । अनि गुरू धेरै खुसी भएर तिमी नै हो आदर्शवादी सच्चा विद्यार्थी भनेर छोरीलाई धुमधाम गरेर विवाह गरिदियो । अरूको सामान सबै फिर्त दिएर पठाए । त्यसै कारण हामीले आफूलाई चिन्नुपर्छ । उसलाई होइन ।

❀



Downloaded from http://dhamma.digital

# सत्ययुक्त धर्मको अनुशरण अनिवार्य छ

मनुष्य भएर जीवन बाँच्न धर्म आधार आवश्यक छ। हामीहरूलाई धन पनि आवश्यक छ। तर धर्म चाहिन्छ, सत्ययुक्त धर्मको अनुशरण अनिवार्य छ। धर्ममा सत्य प्रकृति र नैसर्गिक स्वभाव मुखरित हुनुपर्छ। कल्पना, मान्यता, मतमतान्तर र स्वार्थन्धता धर्ममा निहित हुनुहुँदैन। व्यक्ति, जाती वा सम्प्रदायको मूल्य मान्यताको आधारमा निर्मितन वा विकसित धर्मले सच्चा आध्यात्मिक विकास र दिगो सुख शान्तिमा तगारो मात्र हाल्दछ। धर्म भनेको त सार्वजनिक, सार्वकालिक र सार्वदेशिक हुनुपर्छ।

हाम्रो सम्पत्ति दुई किसिमका छन् त्यो हो भौतिक सम्पत्ति र आध्यात्मिक सम्पत्ति। आध्यात्मिक सम्पत्तिले जन्मजन्मान्तर सुख दिन्छ। यो सम्पत्तिले जहाँ, जता गएता पनि सुखैसुख पाउने छ। आध्यात्मिक सम्पत्ति भनेको धर्म चित्तमा भएको अकुशल कर्मलाई रोका गर्ने। धर्म हाम्रो काय, वाक र चित्तको सम्यक् आचरणमा हुन्छ। सत्ययुक्त धर्मलाई नै सद्धर्म भनिन्छ। त्यस धर्मलाई प्रथमतः सुन्नु पर्छ, चिन्तन गर्नु अनि अभ्यार धारण र पालन गर्नुपर्छ। धर्म श्रद्धाबाट विकसित भएको हुनुपर्छ। श्रद्धा पनि अन्धश्रद्धा होइन सम्यक् श्रद्धा हुनुपर्छ। सम्यक् श्रद्धा नै सत्धर्मको बलियो जग हो। भगवान् बुद्धले उपदेश दिनुहुन्छ धर्मलाई जानेर मान्नु। न जानिकन धर्म मान्नुको



Downloaded from http://dhamma.digital

खासै अर्थ हुँदैन । मानेको होइन जानेको धर्मले मात्र लाभ गर्दछ । जानेपछि मान्दा नगर्नु भनी भनी कालाम जातीलाई उपदेश दिनुभएको थियो ।

१. पहिले नसुनिएका कुरा सुन्न पाएँ भन्दैमा त्यस कुरालाई स्वीकार्न हुँदैन ।

२. परम्परादेखि चलिआएको भन्दैमा स्वीकार्न हुँदैन ।

३. यस्तै न भन्दै सुन्दै आहएको भन्दैमा स्वीकार्न हुँदैन ।

४. हाम्रो धर्म ग्रन्थसँग मिल्छ भन्दैमा स्वीकार्न हुँदैन ।

५. यो कुरा त तर्कसंगत वा न्यायसंगत छ भन्दैमा स्वीकार्न हुँदैन ।

७. यो शिलापत्रमा लेखेको छ विचारसँग मिल्छ भन्दैमा स्वीकार्न हुँदैन ।

८. यो कितावमा लेखिराखेको छ भन्दैमा स्वीकार्न हुँदैन ।

९. यो उपदेशक मेरो पूज्य गुरूहरूले भन्नु भएको भन्दैमा स्वीकार्न हुँदैन ।

त्यसकारण धर्मजस्तो गम्भीर विषयलाई अरूको हाहामा लागेर वा नजानिकन नबुझिकन वा आफैंले अनुभव नगरिकन आँखा चिम्लेर स्वकार्न हुँदैन भनेर भगवान् बुद्धले भन्नुहुन्छ ।

मानवको चित्त शुद्ध हुनुपर्दछ । धार्मिक बन्न चाहनेले सदचारी जीवन शैली अपनाउनु पर्छ, ध्यान समाधिद्वारा मनको विकारलाई समन गर्नुपर्छ निकाल्नुपर्छ अनिमात्र धार्मिक हुन्छ । मन्दिर धाउनु न धनाउनु, मूर्ति पूजक बन्नु न बन्नु, चन्दन टीकाले निधार सिगार्नु नसिगार्नु, घण्टी बजाउनु नबजाउनु, विहारमा जानु नजानुमा धार्मिक अधार्मिक हुँदैन । अतः धर्मलाई अपनाउनुभन्दा पहिले सत्धर्मका गुणहरूसँग परिचित हुनु जरूरी छ । धर्मलाई राम्रोसित जाने भने लोभ चित्त कम भएर जान्छ । अब यहाँ धर्मभन्दा धन प्यारो भएको विश्वासघात मानिस साथी र उपासकको लोभी भएको कारणले कस्तो भयो भन्ने सुनाउन चाहन्छु ।

एउटा शहरमा भिक्षु खेमानन्द भन्ने ठूलो विद्धान भिक्षु थिए ।



Downloaded from http://dhamma.digital

त्यही शहरमा उदेन भन्ने भिक्षुको एकदम विश्वासी हितैषी उपासक साथी थियो । उदेन उपासक र उहाँको श्रीमती दुईजना हप्तैपिच्छे विहारमा जान्थे । धर्म उपदेश सुनेर दान शील धर्म पनि गर्थे । उदेन उपासकले एउटा सानो पसल थापेर जीविका चलाउँथ्यो । अर्काको घरमा कोठा डेरा लिएर बसेका थिए । दुवैजनाले सानो व्यापार गर्दागर्दै सानो जग्गा किने । पैसा धेरै थिएन खाई नखाई पसलबाट आएको पैसाबाट जग्गा त किन्यो घर कहिले बनाउने ? रातदिन कल्पना कसरी पैसा कमाएर अलि अलि गरी पैसा जम्मा गऱ्यो । त्यही पैसाले सानो एक तल्लाको घर पनि बनायो । दुवै जनाको ठूलो इच्छा कि तीनतल्ला घर बनाउने तर पैसा सकियो । घर बनाउँदा बनाउँदै सन्तान छोराछोरीहरू पनि भयो । तीनतले घर बनाउने ठूलो चाहना थियो सकेनन् । कल्पनामा नै डुबेर बस्न थाले । रातदिन निन्द्रा अहाएन कारण तीनतल्ले घर बनाउनको लागि ।

एकदिन उदेन उपासकलाई ढुंगा खोज्दा देवता पायो भने जस्तै संयोग बस खेमानन्दलाई अमेरिकाबाट निमन्त्रणा आयो । उहाँको इच्छा पनि ठूलो विहार बनाउने इच्छा । त्यसै कारण उहाँले अलि अलि पैसा जम्मा गरेर राख्नुभयो । दाताहरूसँग चन्दा ग्वाहाली मागेर धर्म उपदेश दिएर आफ्नो विहार बनाउने इच्छा राखेर पैसा ७ लाख जम्मा गरेर राख्नु भयो । उता अमेरिकाबाट निमन्त्रणा आउँदा अमेरिकाबाट फर्केपछि विहार बनाउने छु भनी यो पैसा विश्वासी पात्र भएको उपासकलाई जिम्मा दिएर जानुपर्ला भन्ने विचार गरेर पैसा लिई उपासकको घरमा गएछन् । उहाँले उपासकलाई भन्नु भएछ - मसँग भएको सात लाख पैसा तिमी कहाँ नासो छोडेर जान्छु । फर्केर आएपछि लिन आउने छु है ? दुवै जनाले जबाफ दिनुभयो हुन्छ तपाईको पैसा हामीले सुरक्षित गरेर राखिदिनेछौं । फरक पर्दैन चिन्ता नलिनुस् भनेर भन्तेको पैसा नासो लिए ।

भिक्षुलाई पनि चिन्ता छैन उपासक कहाँ राख्नु पाएपछि उहाँ अमेरिका जानु भयो । यता उपासक उदेन र उसकी श्रीमती दुईजना खुसी भएर कुरा गर्न थालेछ । हामीलाई पैसा कस्तो खाँचो भइरहेको



Downloaded from http://dhamma.digital

थियो । ढुंगा खाजे देउता पाएको जस्तो । हाम्रो तीनतल्ला घर बनाउनेका लागि यो पैसा खर्च गरेर तीन तल्ला घर बनाउने भनेर दुईजना धेरै खुसी भए । त्यही पैसा खर्च गरेर घर बनायो । त्यसपछि घर सकाएर सबै परिवार नयाँ घरमा पसल थापेर आफू पनि बस्नुभयो । सबै परिवार खुसी भएर बसेछ । तर उता अमेरिकामा गएको केही महिना अमेरिकामा बिताएर आफ्नो देश फर्केर आउनु भयो । भिक्षु पनि धेरै खुसी हुनुभयो कारण अब विहार सुरू गर्ने भनेर उदेन उपासक कहाँ गएर पैसा माग्नु भयो । आफ्नो नासो राखेर गएको पैसा उदेनले पैसा सबै खर्च गरेर घर बनायो । तर यो नासो पैसा भनेर बिर्सियो । लोभमा फस्यो श्रीमतीको कुरा सुनेर लोभ लाग्यो यो पैसा खर्च गर्नु हुँदैन भनेर पटक्कै होस् पुऱ्याएनन् । भिक्षुले आफ्नो पैसा विहार बनाउनेका लागि लिन जाँदा श्रीमतीले भनिन् - भन्तेजी ! माफ गर्नुस्, तपाईको पैसा हामीले हिफाजत गरी राखेका हौं । तर हिजो राती चोर आएर सबै पैसा चोरेर लग्यो । त्यो दिन कुकुर पनि चुप लागेर बस्यो । अब के गर्ने भनेर श्रीमान्/श्रीमती दुवै रून थाले । भन्तेजी ! तपाईको पैसा अब तीन चार महिना पछि व्यापार गरेर तिर्छु भनेर ठीक पाऱ्यो । भिक्षु पनि तीनचार महिना ढिला हुने भयो ठीकै छ भनेर विहारमा फर्केर जानुभयो ।

भिक्षले ठूलो कल्पना गर्नुभयो यहाँ भगवान् बुद्धको मूर्ति यता राख्ने, पाहुना कोठा यहाँ राख्ने इत्यादि कल्पना गरेर चार महिनापछि आफूले राखेको नासो पैसा लिन गए । उदेनको श्रीमती रोएर भनिन् - भन्ते ! हामीले धेरै मेहनत गरेर खाई नखाई रात दिन नभनिकन पैसा जम्मा गरेर राखेको हो । त्यो पैसा धान राखेको माटोको घ्याम्पोमा राखेका थियौं । भोलिपल्ट हेर्न जाँदा बिर्को छोप्न बिर्सिएछ, राखेको पैसा जम्मै मुसाले खाएर टुक्रा-टुक्रा गरेर नष्ट गरिदिएछ । अब के गर्नु भन्तेजी भन्दै छाती पिटी पिटी रून थालिन् ।

त्यसपछि भिक्षुले थाहा पाए यिनीहरूले झुठ कुरा गरेको भनेर । अनि भन्तेले भन्नुभयो -'कटन्यू-कटवेदि' भनेको थाहा छ ? मैले तिमीहरूलाई कति गुण गरें । तिमीहरू गरीव छौ भनेर मैले हरेक



Downloaded from http://dhamma.digital

चिजबाट मद्दत गरिरहेको छु । तिमीहरूलाई धेरै उपकार पनि गरेको छु । तर आज लोभको कारणले र श्रीमतीको कुरा सुनेर पैसा हिनामिना गऱ्यौ । मलाई थाहा छ तिमीहरूले विश्वासघात गरेको । यो पैसा विहार बनाउनको लागि दाताहरूले दान दिएको पैसा हो । तिमी र म धेर वर्ष अघिदेखि हातको नङ र मासु जस्तै मिलेर बसेका थियौं । तिमीहरूलाई समस्या परेको बेलामा मैले बराबर सहयोग गरेको थिएँ । अहिले के भयो ? लोभको कारणले गर्दा झुठ्ठा कुरा गऱ्यौ । तिमीहरू त बैगुनी र मुर्ख रहेछौ । विश्वासघात भयो ।

संसारमा मानिसहरू जतिसुकै धर्मको कुरा सुनेतापनि बुझेको भएतापनि व्यवहारमा उतार्नु नसके लोभको कारणले अनेक जालझेल, लोभी, अकुशल पापकर्म गरिरहेको छ । त्यो भिक्षुको पैसा पचाउन सक्नेछैन । यही कुरा टोलका मानिसहरूले थाहा पाए । सबैले उदेनको परिवारलाई भिक्षुको पैसा खाने यस्तो अन्धविश्वासी व्यक्ति भनेर छिःछिः दुर-दुर गर्न थाले । लिने बेलामा खुसी त्यो पनि भिक्षुको विहार बनाउनको लागि पसिना बगाएर, भिक्षटन गरेर ग्वाहालिबाट पाएको दानको पैसा गृहस्थीहरूले पचाएर खाए भने ठूलो पापकर्म भोग्नु पर्ने हुन्छ । धम्मपदमा भनेको छ-

*पापोऽपि पस्सति भद्रं - याव पापं न पच्चति ।*
*इदा च पच्चति पापं- अथ पापो पपानि पस्सति ॥*

अर्थ -

पास गरेको फल भोग्नु नपरेसम्म पापीले पापलाई मह खाएको जस्तो गुलियो सम्झिन्छ । जब पापको फल भोग्न थाल्छ, त्यसपछि मात्र पापलाई पाप भनेर थाहा पाउनेछ ।

त्यस्तै त्यो उदेन उपासकलाई पनि भयो । कारण नासो लिएको पैसाबाट घर त बनायो । फिर्ता तिर्ने विचार गरेन, झुठको कुरा मात्र गरेर पैसा पचायो । त्यही कारणले गर्दा छोरा बुहारी त भयो । उदेन र उहाँको श्रीमी बुढाबुढी भएर आयो । जुन आफूले भिक्षुको पैसा लियो । फिर्ता दिएन झुठा कुरा गरेर पठायो । यही मात्र कुरालाई याद आएर पापले पोलेछ । दुवैजनाको मनमा पोल्यो । पछि



Downloaded from http://dhamma.digital

रातभरि सुत्न सकेनन् । सुत्न नसक्दा खाना रूचाएन । चित्तमा डाहैडाहा भयो । भनिन्छ - जंगलमा आगो जलेको सबैले देख्न सक्छन् तर आफ्नो चित्तमा जलेको कसैले देख्ने छैन देख्दैन । त्यो उपासक र उपासिकालाई पनि त्यस्तै भयो । अनि घरमा आमा बुबा छोराछोरी बुहारीहरू पनि झगडा शुरू भयो । कहिले पनि शान्ति छैन सधैं अशान्तिको विउ रोप्यो । आमा बुबाले यस्तो दुःख गरी भिक्षुको पैसा नै नभनिकन हामीहरूलाई घर बनाई दियो । अन्त्यमा आमा बुबाले आँसु र भात खाएर बस्नुपऱ्यो । कसैले वास्ता गरेन खाली पछुताएर बस्नु शिवाय अरू केही भएन । दुःखैदुःख भिक्षुको पैसा तिर्न नसकेको, दुःख अर्को छोरा छोरी, बुहारीहरूले वास्ता नगरेको र टोल छिमेकीहरूले अपहेलना गरेको दुःख यसरी नै दुःखैदुःखले भरिएको थियो । त्यसैकारण अर्काको चित्त दुखाएर कमाएको पैसा राम्रो हुँदैन । न्यायपूर्वक कमाएको सम्पत्ति सुखपूर्वक निन्द्रा आउँछ । जे खाएतापनि रूचाउँछ र उपहासबाट बचाउँछ र मरेपछि स्वर्गमा अथवा मार्ग सुख प्राप्त गर्न सकिन्छ । त्यसैले सन्तोषि परमं धनं भनिएको छ ।

❋

Downloaded from http://dhamma.digital

# कर्मको प्रतिफल उपरी महारानी गोब्रेकिरा बन्नुपऱ्यो

यहाँ 'तृष्णा भित्र कुनै कुराको निमित्त इच्छा राख्ने र यसमा आशक्त हुने इन्द्रिय सुख धन र शक्ति मात्र होइन, अवधारणा, विचार र आदर्शहरू, रायहरू, सिद्धान्त, धारणाहरू, विश्वासहरू (धम्म तन्हा) मा टाँसिने स्वभाव वा आशक्ति पनि पर्दछन् । भगवान् बुद्धको अनुसार संसारमा सबै दुःखहरू, संघर्ष, साना व्यक्तिगत र पारिवारिक झगडादेखि विभिन्न देशहरूबीच ठूला-ठूला लडाईहरू पनि स्वार्थपूर्ण 'तृष्णा'को कारणबाट नै हुन्छन् । 'तृष्णा' भनेको डरलाग्दो र आशक्ति हुन्छ । यो संसार बनिरहेको नै 'तृणा' हो । यदि 'तृष्णा नै नभएको भए दुःख हुँदैन । तृष्णाले गर्दा लोभ लालची, प्रेम इत्यादि । हुन्छ । धेरै प्रेम भयो भने धेरै नै दुःख हुन्छ । यहाँ प्रेमको कारणले दुःख भएको राजाको कहानी सुनाउन चाहन्छु ।

पहिला काशी राष्ट्र पाटली नगरमा अस्सक राजाले राज्य गर्नु भएको थियो । उहाँको अग्रमहारानी उपरी थिइन् । उपरी महारानी अत्यन्त सुन्दरी र उहाँ जस्तो सुन्दरी संसारमा कोही पनि थिएनन् । त्यस्तो सुन्दरी नै देशको महारानी बनाउनुपर्ने हुन्थ्यो । सबभन्दा राम्री मध्ये एउटा चुनेर महारानी नियुक्त गर्ने परम्परा थियो । त्यसैले



Downloaded from http://dhamma.digital

राजाकी महारानी भन्ने बित्तिकै सुन्दरीहरू नै बढी हुन्थे । यी उपरी महारानी विशेष रूपले नै सुन्दरी थिइन् । त्यसै कारण अस्सक राजाले अत्यन्त सुन्दरी उपरी महारानीलाई अति नै प्रेम गरिराखेका थिए । रानीको मुख नहेरी भोजन पनि गर्दैनथे । २४ सै घण्टा आफ्नो अगाडि हेरी रहनु पर्ने । एकछिन पनि यता-उता गएको मन पर्दैनथ्यो, एक छिन पनि एक सेकेण्ड पनि छोड्न मन पर्दैनथ्यो । महारानी पनि खाली आफ्नो रूपलाई मात्र सिंगारपटार गरेर बस्ने थिइन् । महारानी अत्यन्त घमण्डी, रिसाहा, क्रोधी, लोभी, मोहित मात्रै थिइन् । कसैले केही कुरा गर्नु आउने बेला हप्काएर पठाउने । अरूलाई घृणाको दृष्टिले हेर्ने । अरू जनतालाई मानिस पनि नगन्ने । त्यो मात्र सुन्दिनथिन् अरू विपात्र छन् भन्ने भावना थियो । अरूलाई मानव नै नसम्झने धमण्डी थिइन् । अनि त्यस संसारमा नित्य केही पनि छैन । उत्पत्ति बिनाश जति राम्री भए तापनि, जति सुन्दरी भएतापनि महारानी धेरै धनसम्पत्ति भएतापनि कालले यो सम्पत्ति भएका यो महारानी र यो सुन्दरी यसको आयु कम छ भन्दैन एक दिन मर्नु पर्छ । कालले चाहँदा नचाहँदा मरेर जानुपर्छ । राजाले धेरै नै प्रेम गरिरखेकी उपरी महारानी अत्यन्त सौन्दर्यलेयुक्त भई भर्खरकी युवावस्था छँदा नै स्वर्गारोहण भएकी थिइन् । त्यसरी प्रेम गरिराखेकी महारानीको निधन हुँदा अस्सक राजा शोक विलापको अग्नि अत्याधिक दन्किरह्यो । उपरी महारानीको लाशलाई शिशाको बाकसभित्र राखी तेलमा डुबाएर आफ्नो खाटमुनी राख्न लगाएर खाना समेत खान नसकी उनलाई मात्र झलझल सम्झिदै विलाप गर्दै त्यही खाटमा पल्टेर बसिरहे । राजाको हालत देखेर आमा बुबा, ज्ञानि, भाइ-बन्धु, बुद्धिमान, मन्त्रीहरूले संस्कारजन्य अनित्य स्वभाव दर्शाएर जति सम्झाए बुझाए पनि स्मृति धर्मको होस् राख्न नसकी परिरह्यो । शिशाको बाकसभित्र तेलमा डुबाएर राखेको भन्नाले वर्तमान समयमा औषधि गरिरखेको लाशजस्तै आकार नबिग्री जस्ताको तस्तै रहिरह्यो ।

म १९८५ मा चीन जाँदा त्यस्तै माउसे तुङलाई शिशाभित्र गुलावको फुल तल पानी बुल बुल आएको जस्तो पारेर राखेको



Downloaded from http://dhamma.digital

थियो । मृत्यु भएको जस्तो लाग्दैन अहिलेसम्म त्यस्तै औषधि राखी राखेको छ । तर बर्मामा अरहन्त भिक्षुहरू औषधि राखेको छैन । लास त्यसै राखिराख्यको छ, जलाएको छैन । यो अच्चमको कुरा हो । बर्मामा भिक्षुहरू मर्ने समय अधिथान गरेर मृत्यु भएको र उहाँहरूको ध्यानले गर्दा त्यस्तो भएको हो भन्ने कुरा त्यहाँका बुद्ध धर्मका गुरूहरू बताउँछन् । तर, यहाँ अस्सक राजाले आफ्नी महारानी शिशाको बाकसभित्र सुतिरहेकी जस्तै सम्भिरहे, त्यस लाशलाई नियाली हेर्दै बिलाप गर्दै शोकपरिदेवको अग्नि बलिरहेको सात दिन बित्यो ।

त्यो समय बोधिसत्त हिमालय पर्वततिर ध्यान बस्दाबस्दै परचच्छज्ञान अथवा अरूलाई हेर्ने अभिज्ञा प्राप्त भयो । त्यसबेला उहाँले अस्सक राजालाई देख्नुभयो । श्रीमतीको कारणले गर्दा दुःख भोग गरेर बस्नु भएको र बोधिसत्वले बिना कसैले पनि सम्भाउन सक्ने छैन भनेर पनि थाहा पाई उहाँ राजाको नगिचमा आउनु भयो र पटली नगरको एकजना ब्राम्हणलाई राजाको विषयमा सोध्नु भयो । र राजालाई दुःख भएको कारण र उहाँको महारानीको जन्म कहाँ भएको पनि थाहा पाएको बारे समाचार पठाउनु भयो । अनि त्यो ब्राम्हण गएर प्रार्थना गर्नुभयो - महाराज भूत, भविष्य र वर्तमानका कुराहरू देख्न र जान्न सक्ने एकजना दिव्यचक्षु भएका महर्षि आइराख्नुभएको छ, उपरी महारानी उत्पन्न हुन गएको ठाउँ पनि थाहा पाउनु हुन्छ रे देखाउन पनि सक्नुहुन्छ रे उहाँ सवारी होइबक्सेमा कल्याण हुनेछ भनी बिन्ती चढाए । राजाले पनि यस्तो पुरूष भन्दा अलि मनमा हेर्न उत्सुक गर्नुभयो । राजा जानको लागि तयार हुनुभयो । आफ्नो महारानी अवश्य पनि देवलोकमा पुगिन् होला भन्ने मनमा विचार गर्नु भयो । अस्सक राजा प्रसन्न एवं प्रफुल्लित भई रथमा बसेर उद्यानतिर लाग्नुभयो । महर्षि कहाँ पुगेर महर्षिलाई अभिवादन गरी सोध्नु भयो- हे महर्षि यहाँले उपरी महारानीको जन्म भएको ठाउँ थाहा पाउनु हुन्छ भनेको के साँच्चै हो ? भनी सोधे । हो भन्ने कुरा महर्षिले जवाफ दिए ।

कहाँ जन्मेकी छन् त ? अनि महर्षिले भन्नुभयो महाराज ! तपाईकी मराहानी आफ्नो जीवनकालमा अति सुन्दरी भई रूपलावण्यमा



Downloaded from http://dhamma.digital

मात्रै मन लगाई आशक्त भई अभिमान चढाई बसेकी थिइन् । अरूलाई हेप्ने घमण्डी अरूलाई तुच्छ भावले हेर्ने र रूपलावण्य सजाउनमा मात्र व्यस्त भइ रहिन् । दानशील भावना कुशल कर्म गर्नतिर मन लगाइनन् । आफूसँग धनसम्पत्ति भएतापनि अरूलाई केही पनि दान पनि मद्धत गर्ने भावना नभएको र राम्रो काममा होस् हराएर अभिमान चढाई बसेकी हुनाले उपरी महारानी मराणोपरान्त गोब्रेकीरा भई बस्नु परिरहेको छ भनी वास्तविक वस्तुस्थिति स्पष्ट पारेर बताइदिए । आदरणीय व्यक्तिलाई आदर, गौरव राखिएन भने नीच कुलमा उत्पन्न हुनसक्छ ।

राजालाई विश्वास लागेन महारानी गोब्रे कीरा भएको सुन्दा राजाले विरोध गर्नुभयो । र राजाले त्यो गोब्रे कीरा भइरहेको नै देखाइदिन आग्रह गर्नुभयो । राजाले आफ्नी महारानी त्यति सुन्दरीलाई देख्ने इच्छा गरे । त्यसबेला महर्षिले गोब्रे कीरा भइरहेको महारानीलाई अस्सक राजाको अगाडि निस्कने अभिज्ञाद्वारा अधिष्ठान गर्नुभयो । गोब्रे कीरा दम्पत्ति दुवै गोवरबाट निक्स्यो ।

राजाको अगाडि आइपुग्दा महर्षिले भने । महाराज ती पछिपछि आएकी गोब्रे कीरा तपाईकी उपरी देवी महारानी नै हुन् । तपाईलाई त्यागी अब उनी लोग्ने गोब्रे कीराको पछिपछि गइरहेकी छिन् । तपाईले ध्यानपूर्वक हेर्नु । तर, राजा पत्याउन मानिरहेका थिएनन् । गोब्रे कीरा नै त्यो महारानी हो भन्ने कुरा म विश्वास गर्दिनँ ।

महाराज । आफ्नो कर्मको प्रतिफल दिने प्रक्रियालाई राम्ररी विश्वास नगर्ने व्यक्ति प्रतित्य समुत्पाद कार्यका कारण सम्बन्ध राखी उत्पती हुने प्रक्रियालाई नपत्याउने व्यक्तिहरूको निमित्त मानिस कीरा भएर जन्म भयो भन्दा विश्वास गर्नु गाह्रै कुरा हुनुक्छ । यति कुरा भएपछि महर्षिले त्यस कीराद्वारा कुरा गराउने भनेको कुरा पोथी कीरालाई बुझाउन र कीराले फर्काएको कुरालाई राजासहित परिषद्हरू समेतलाई बुझाउन आफ्नो अभिज्ञाशक्तिद्वारा अघिष्ठा गरी गोब्रे कीरासँग सोधे ।

ए गोब्रे कीरा, तिमी अघिल्ला जन्ममा के थियौ ?

म अस्सक महाराजकी अग्रमहिषी उपरी महारानी थिएँ । कीरा,



Downloaded from http://dhamma.digital

तिमीलाई ती अस्सक महाराजा प्रिय लाग्छ कि अहिलेको लोग्ने गोब्रेकीरा नै प्रिय लाग्छ ? अनि गोब्रे कीराले जबाफ दियो । त्यो अस्सक महाराज भनेको त अघिल्लो जन्ममा मेरो लोग्ने थियो । त्यस बेलामा यो ( उद्यानमा) बगैंचामा अस्सक राजासित परस्पर अँगालो मारी वर्ण, शब्द, गन्ध, रस र स्पर्श नामक पञ्च कर्म हुन्थ्यो । आलम्बनहरूलाई उपभोग गर्दै विचरण गरी आएकी हुँ । अहिले नयाँ जन्ममा पुगी त्यो अस्सक राजासित मेरो कुनै सम्बन्ध रहेन र मलाई मन परेन ।

यसरी गोब्रे कीराले निर्ममतापूर्वक, निर्दयका साथ मुटु नै छुने गरी भनेको सुन्नुपर्दा अस्सक राजालाई असाध्यै चित्त दुख्यो । मैले त उनलाई अत्यन्त प्रिय गरेको उनको लाशलाई समेत फाल्न सकेको थिइनँ । अहिले उनले मप्रति निर्मम व्यवहार गरिन । उपरी महारानीप्रति चित्त दुःख्यो । त्यहाँ बसेर नै त्यो तेलमा राखेको लाशलाई निकालेर लैजाओस् भनेर हुकुम दिईं नुहाई धुवाई गरेर दरबार फर्केर गए । राजाले अन्य एकजना रानीलाई बडामहारानी नियुक्त गरी देशमा दान, शील, भावना गरी धार्मिकपूर्वक शासन गर्न लागे । बोधिसत्व महर्षि पनि राजालाई धर्म उपदेश दिइसकेर हिमालतिर नै फर्केर जानुभयो ।

महारानी मनुष्य योनीमा रहेको अवस्थामा मोजमस्ती, रसरंगमा भुलेर रमाइलो मानिरहेकी थिइन् । गोब्रे कीरा भएर जन्म लिनु पर्ला भनेर कल्पना समेत गरेकी थिइनन् । तैपनि उनको कर्म अनुसार गोब्रे कीराको जन्ममा पुग्न गएको बेलामा त्यही गोब्रे कीराको शरीरलाई पनि अस्सद राजाको शरीरलाई भन्दा हजारौं गुणा आनन्दित सम्भिरहिन् । यो सबै तृष्णाको कारण नै हो । यस्तो तृष्णालाई त्याग्न नसकेसम्म तलबाट माथि कहिले पनि पुग्न सकिँदैन । तसर्थ भगवान बुद्धले यो तृष्णालाई तत्रत्रामिनन्दिनी त्यस त्यस ठाउँमा पुगेको जन्म त्यहीँ उपलब्ध सम्बन्ध, पाएको चिजवस्तुलाई उपभोग गरी मज्जा मानेर रमाइलो मान्ने बानी भएको हो । भनी उपदेश गर्नु भएको थियो । यदि माथि नै जाने हो भने कुशल कर्म गर्ने अत्यन्त आवश्यक छ ।

❋



Downloaded from http://dhamma.digital

# सही धर्मको अर्थ

'धारयती'ति धम्म अर्थात् धारण गर्नु नै धर्म हो । जस्तै आगोको धर्म पोल्नु र बरफको धर्म शितल दिनु हो । कर्तव्य पालन गर्नु नै मानव धर्म हो । चोट लाग्दा दुख्नु, घाउ हुँदा रगत आउनु, बग्नु यथार्थता हो । मानिसले गर्नुपर्ने सम्पूर्ण उपचार सेवा र कार्यहरूमध्ये सबैको हित हुने कल्याण, सुख शान्ति हुने कार्य र बचन नै सही र शुद्ध धर्म हो ।

धर्म भनेको जीवन जिउने कला हो । आफू सुखपूर्वक बाँच्ने र अरूलाई पनि सुखसँग बाँच्न दिनु नै धर्मको सार तत्व हो । सबै प्राणी सुखसित बाँच्न चाहन्छन्, दुःखबाट अलग्ग रहन चाहन्छन् । तर, हामीलाई यो कुरा थाहा छैन कि वास्तविक सुख के हो ? र यो पनि हामीलाई थाहा छैन कि त्यसलाई (सुख) कसरी पाउन सकिन्छ भनेर । त्यसैले धर्मको सही अर्थ बुझेर पालन गर्न सिकौं । धर्मको सारलाई बुझी सही रूपमा ग्रहण गर्न सिकौं । नत्र वास्तविक सारतत्व छोडी बोक्रामा नै अल्झिरहन्छौं त्यसलाई नै धर्म भन्छौं । परम्परादेखि चल्दै आएको धर्मको नाममा जुन थोत्रो बोक्रा बचेका छन्, त्यसबाट अलग रही धर्मको सारलाई ग्रहण गर्नतर्फ लागौं । धर्मको सार मंगलदायी, उत्तम र सार्थकता हो । तर, बोक्रा निरर्थक र हानिकारक हुन् । सारतत्व प्राप्त भएपछि मात्र साँच्चिकैको सुख प्राप्त हुन्छ ।



Downloaded from http://dhamma.digital

कसैलाई मार्नु पाप हो भनी मानवले गर्ने सबै पनि धर्ममा छ । हाम्रो देशमा धर्मको नाममा बलि दिने (पञ्चबली) गरिन्छ । अबोध पशुलाई स्वर्ग पठाउने भनी देवीदेवताको सामु बली दिइन्छ । अरूको ज्यान लिनुमा नै धर्म मिल्छ भने पाप कहाँ छ त ? बरू त्यसको सट्टा आफू र आफ्ना परिवारका सदस्यलाई नै स्वर्ग पठाए हुन्न र ? बलि दिनुको सट्टा पशुलाई देवतासामु चढाएमा (ज्यूँदो) धर्म हुन्छ । पशुको एक-एक नशा तानी दिनुसम्म सास्ती दिइसकेपछि देवतालाई फोहोर गरी हिंसा गरिन्छ । यसमा स्वार्थ लुकेको छ । आफूभन्दा निर्बलको हत्या गर्नु के यो वास्तविक धर्म हो त ? यो कस्तो धर्म बलिया बाघ, भालु भोग दिन मानव असमर्थ छ । विभिन्न भाकल गरी आफूले खानका लागि देवताले मागेको भनी धर्म ठानी पशुलाई मार्ने गरिन्छ । यो अन्धविश्वास हो । यो धर्म नभई पाप हो । देवीदेवताले प्राणीको बली देऊ कहिल्यै भन्दैन । मानव नै त्यो देवता हो, जसले असल काम गरेकै कारण उच्च स्थानमा राख्ने गरिन्छ । जस्तै कोही मान्छे विरामी भएको छ भने एक असल एवं जिम्मेवार बहन गर्ने नर्सले पैसाको लोभमा नफसी राम्ररी हेरचाह गरी उक्त विरामीलाई जीवनदान दिन्छ । रगत चुस्ने देवता नभई राक्षस हो । अर्काको धन चोर्ने, अरूलाई मार्ने, दुःख दिने, अर्काको श्रीमान् वा श्रीमतीप्रति कुदृष्टि राखी बिगार्ने, अर्काको कुरा काट्नेलाई राक्षस वा ज्यानमारा भनी कहलिन्छ । ऊ अविश्वासको पात्र बन्छ । मानव नै एक त्यस्तो सज्जन र दुर्जन । देवता वा राक्षस दुवै बन्न सक्छ । हाम्रो नेपालमा देवीको पूजा गर्नेलाई धर्मात्मा र पूजा नगर्नेलाई अधर्मिक मानिन्छ । पूजा गर्ने व्यक्ति धार्मिक हुने र पूजा नगर्ने चाहिँ अधार्मिक हुने साँच्चिकै हो त ? प्रश्न उठ्न सक्छ । देवताको अस्तित्व छ कि छैन ? देवता र मानिसको सम्बन्ध के छ ? मानिसको सुखःदुःखमा देवीदेवताको हात छ कि छैन ? यस्ता प्रश्नहरूमा विभिन्न चर्चा परिचर्चा हुने गरिन्छ । सबैले आ-आफ्नै अध्ययन र अनुभवले बुझ्नुपर्ने कुरा हो । मेरो २८ वटा देशहरूको भ्रमणका क्रममा कुनै पनि राष्ट्रमा देवताको नाममा बलि दिने चलन भएको थाहा पाइनँ । देखेको पनि



Downloaded from http://dhamma.digital

छैन ।

नेपालमा जन्मिनु भएका शान्तिका अग्रदूत भगवान् बुद्ध ( सिद्धार्थ) को ५६३ वि.सि.मा जन्म भएको थियो । १६ वर्षमा सिद्धार्थले यशोधरासित विवाह गरी २९ वर्षको उमेरमा सम्पूर्ण परिवार र राज्य सुख त्यागी ३५ वर्षको उमेरमा बोधिज्ञान प्राप्त गरी बुद्ध हुनुभयो । महामानव गौतम बुद्धलाई देवता सम्झी पूजा गरिन्छ नेपालमा यस्ता महान् पुरूष जन्मिनु भनेको राष्ट्रको गौरव बढ्नु हो ।

बलिलाई मानिसले परम्परादेखि चलिआएको भनी मान्दै आइरहेका छन् । परम्पराको एउटा घटना - म सानो छँदा बाजेले भन्नुभएको थियो, मेरो बाजेहरूको बेनाम नेवारीमा 'भकू' (विरालोलाई थुन्ने) भनिन्छ । भकूको अर्थ सोद्धा बाजेले भन्नुभयो कि पहिला पहिला श्राद्ध गर्दा विरालोले दूध र दही खान्छ भनेर बाँधेरै श्राद्ध गरिन्थ्यो । त्यही बेलादेखि अहिलेका साना-साना जाति-नातिनाले अहिले बाजेको मृत्युपछि आफूले विरालो बाँधी श्राद्ध गर्छन् । यदि विरालो घरमा नभए खोजी खोजी भए पनि बाँधेर श्राद्ध गर्ने चलन छ । यो परम्परा नै बन्यो । विरालोलाई नेवारीमा 'भौ' भनिन्छ । छोपेर राख्नुपर्छलाई 'कुनावयेगु' भनिन्छ । त्यसकारण भौकू भनेको हो । भौकूलाई परिवर्तन गरी भकू भयो । र मेरो विचारमा पहिला हिंस्रक पशुलाई मारिन्थ्यो होला । त्यस्तै परम्परा पशु बलिदिने चलन पनि बस्यो । मनोकामना पूरा हुन्छ भनी मनमा अन्धविश्वास पालेर बसेको हुन्छ ।

❋



Downloaded from http://dhamma.digital

# सत्य कुरा भएता पनि परिस्थिति हेर्नुपर्छ

भगवान् बुद्धले सत्य, अर्थसहित तर अरूलाई मन परे पनि भन्नुहुन्छ । यो संसारमा मनुष्यको चरित्र खाली अरूले के गरेछ के गरेको छैन भनेर अर्काको दोषलाई खोजतलास गर्ने मात्र गर्दछन् । आफूले के गरेछ के गरेको छैन भनेर हेर्ने बानी भनेको पटक्कै छैन । तर, भगवान् बुद्धले बुद्धले सबैलाई त्यतिकै करूणा जगाउनु हुँदा घनिष्ट व्यक्ति र पराया व्यक्तिमा विभेद नगरी एकसमान करूणा जगाउनु हुन्छ । गृहस्थी अवस्थाको पुत्र राहुलप्रति करूणा जगाउनु भए जस्तै अनर्थकामी भई चिन्तन मनन् र कार्य गरिरहने भिक्षु देवदत्तप्रति पनि एकसमान नै करूणा जगाउनु भयो । एक समय भिक्षु देवदत्तले राजा अजातशत्रुसँग साँठगाँठ मिलाई भगवान्. बुद्धको हत्या गर्न समेत तम्सियो । त्यसो गरे तापनि सबैले. मैत्री नै राख्नु हुन्छ । अरूहरूलाई कुनै प्राणीप्रति चित्तले अहित चाहँदैन । यसै सिलसिलामा अभय राजकुमार निगण्ठनाथ पुत्रकहाँ जानु भएको थियो ।

एक समय भगवान् बुद्ध राजगृहको कलन्दक निवासमा बस्नु भएको थियो । त्यही समय निगण्ठनाथपुत्र कहाँ गएको अभय राजकुमारलाई यसरी सिकाउनु भयो - हे राजकुमार तपाईं श्रमण गौतम कहाँ गएर मुख छाड, गाली गर्नु, तपाईको के मुखमा आएको छ, त्यस्तै गाली गर्नु कारण तपाईको ठूलो नाम चल्छ । त्यस्तो ठूलो भगवान् बुद्धलाई गाली दिन सक्ने तपाई धेरै नै ठूलो रहेछ । कारण



Downloaded from http://dhamma.digital

भगवान् बुद्धलाई गाली दिने व्यक्तिहरू कोही पनि हुन सक्ने छैन, अभय राजकुमारले जवाफ दिनुभयो । मैले यहाँ यस्तो विद्वान शिलवान व्यक्तिलाई मैले गाली गर्न सक्दिन । उहाँ ठूलो विद्वान र हरेक क्षेत्रमा शान्ति त्याग भगवान् बुद्ध हुनुहुन्छ । त्यस कारण उहाँलाई कोही पनि केही भन्नु सक्दैनन् । त्यसो भए भगवान् बुद्धसँग प्रश्न गर्नु । यसरी तिमी भगवान् बुद्ध कहाँ गएर यसरी भन्नु सोध्नु - के भगवन् बुद्धले अरूलाई अप्रिय र अपमान, मन नपर्ने, कडा वचन गरेको छ ? यदि श्रमण गौतमले त्यस्तो वचन बोलेको छु भन्यो भने तपाईले भन्नु कि तपाई र पृथकज के फरक भयो ? गृहस्थ पृथजनले पनि अरूलाई अप्रिय कडा वचन बोल्छ । यदि श्रमण गौतमले त्यस्तो अप्रिय वचन बोलेको छैन, कडा वचन भनेको छैन भन्यो भने श्रमण गौतम झुठावादी भयो कि नभने देवदत्तलाई नर्क जान्छ, अभयगामी हुन्छ, छिट्टै मर्छ भनेर कडा अप्रिय वचन भनेको होइन ? यस्तो कुरा सुन्दा नखानु, नपचाउनु, न बाहिर फ्याँकु जस्तो हुन्छ । जानुस् तपाई गएर प्रश्न गर्नुभन्दा यो त हुन्छ भनी अभय राजकुमारले निगण्ठनाथ पुत्रहरूको नमस्कार गरेर सरासर भगवान् बुद्ध बस्नु भएको कलन्दक निवापय विहारमा जानुभयो । १२ बजे भगवान् बुद्धकहाँ जानुभयो । यस्तो विचार गर्नु भयो यो प्रश्न अहिले भगवान् बुद्धलाई सोध्न ठिक समय छैन । बरू भोलि भगवान्लाई घरमा निमन्त्रणा गरेर घरमै प्रश्न गर्नु ठीक होला भनी भगवान् बुद्धलाई भोलिको भोजन दरबारमा भनेर भोजन निमन्त्रणा गरेर जानुभएछ ।

भोलिपल्ट भगवान् बुद्ध चीवर पात्र लिएर दरबारमा भोजनको लागि जानुभयो । अभय राजकुमारले चौरसी व्यञ्जन राखी भोजन दान गर्नुभयो । भोजन सकेपछि भगवान् बुद्धलाई यसरी प्रार्थना गर्नुभयो - भगवान् शास्ता के तथागतले अरूलाई अप्रिय, अपमान, कडा हुने वचन बोल्नु भएको छ ?

भगवान बुद्धले जबाफ दिनु भयो कि राजकुमार यहाँ एक्कासी बेकारमा कहिले पनि भन्न सक्दैन । भगवान् शास्ता निगण्ठहरूको नास भयो भनी मुखबाट आयो । फेरि भगवान् बुद्धले सोध्नुभयो कि निगण्ठनाथहरूको नास भयो भनेको ? हो भन्ते । मलाई तपाईलाई



Downloaded from http://dhamma.digital

आरोप र प्रत्यारोप गर्नु र यस्तो प्रश्न पनि सोध्नु भनेर पठाउनु भएको थियो । त्यही समयमा अभय राजकुमारसँग एउटा बच्चा काखमा थियो । अनि भगवान् बुद्धले सोध्नुभयो - के राजकुमार ! तिम्रो बच्चाको मुखमा ढुंगा वा काठको टुक्रा पस्यो भने के गर्ने ?

भगवान् शास्ता मैले त्यो बच्चालाई त्यो ढुंगा निकाल्न मेहनत गर्छु । मेहनत गरेर नआयो भने बायाँ हातले टाउको समातेर दायाँ हातले हात भित्र पठाएर घाउ भए तापनि छोरालाई जति दुखेता पनि, रगत आए तापनि बच्चा चिच्याएर रोएता पनि मैले त्यो ढुंगा निकालिदिन्छु ।

भगवान् बुद्धले भन्नुभयो - किन त त्यति बच्चालाई रोई दुःख गरी घाउ लागे तापनि ढुंगा निकालेको त ? तपाईलाई छोरा मन परेन त ? छोरा बच्चा भएको कारणले नै हो । एकछिन दुखेको हुन्छ पछि निको भइहाल्छ । जबसम्म त्यो ढुंगा छोराको मुखभित्र रहिरन्छ तबसम्म दुखेको दुख्यै हुन्छ । ढुंगा निकाली दिंदा शान्ति हुन्छ । त्यस्तै हो राजकुमार त्यस्तै केही वचन अभूत असत्य अनर्थ रहित भएको भएर तथागतले जानी यस्तो वचनले अरूलाई अप्रिय अपमान भनी भगवान् तथागतले अरूलाई यस्तो वचन कहिले पनि भन्नु हुँदैन ।

२. यस्तो वचन भूत सत्य हो, परन्तु अनर्थ भएको तर, अरूलाई अप्रिय अपमान हुन्छ भने त्यस्तो वचन पनि अरूसँग र अरूलाई भगवान् बुद्धले भन्नु हुँदैन ।

३. जुन वाक्य वचन भूत सत्य र अर्थसहित भनेर थाहा पाए तापनि वचनभन्दा अरूलाई अप्रिय अपमानत हुन्छ भनेर थाहा पाए तापनि यस्तो कुरा गर्नुको लागि तथागतले काल समय हेरेर अवस्था हेरेर भगवान् बुद्धले कुरा गर्नु हुन्छ ।

४. जुन वचन अभूत असत्य र अनर्थसहित भनेर तथागतले थाहा पाउँदा अरूलाई प्रिय मनपर्ने भए तापनि यस्तो कुरा भन्नु हुँदैन ।

५. जुन वचन भूत सत्य परन्तु अनर्थसहित भनेर थाहा भएको हुन्छ । तर, यस्तो कुरा गर्दा अरूलाई प्रिय मनपर्ने भए तापनि तथागतले अरूलाई भन्नु हुँदैन ।



Downloaded from http://dhamma.digital

६. जुन वचन भूत सत्य परन्तु अर्थसहित भएता पनि भगवान् तथागतले जानेको यस्तो कुरा गर्दा अरूलाई प्रिय मनपर्ने भए तापनि त्यस्तो वचन गर्नुको लागि समय हेर्नु हुन्छ । के कारण राजकुमार सत्वप्राणीहरूप्रति मेरो दया, करूणा मैत्री भएकोले हो ।

भगवान् शास्ता । यहाँ क्षेत्रीय पण्डितहरू, ब्राम्हण, गृहपति, पण्डित र श्रमण पण्डितहरूले प्रश्न बनाएर तपाईसमक्ष प्रश्न गर्न आउनेछ । के तपाईले त्यस्तो प्रश्न सोध्दै यस्तो जबाफ दिन्छु भनेर पहिलादेखि विचार गरेर बस्नु हुन्छ ?

राजकुमार म तपाईसँग प्रश्न गर्छु, तपाईसँग रथको अङ्गप्रत्याङ्ग भनेको के भनेर सोध्नु आयो भने अथवा पहिलादेखि यदि मलाई यस्तो प्रश्न गऱ्यो भने यस्तो भन्छु भनेर विचार गरेर बस्ने ? होइन भगवान् शास्ता । मलाई रथको अङ्गप्रत्याङ्गको विषयमा सम्पूर्ण कुरा थाहा छ । रथ सम्बन्धी मैले अध्ययन राखेको छु । त्यससम्बन्धी के कहाँ छ र कस्तो बनाउनु पर्छ के गर्दा चल्छ भन्ने पनि मलाई ज्ञान छ ।

भन्नुस् राजकुमार कोही विद्वान पण्डितहरू ब्राम्हण पण्डितहरू इत्यादि रथको सम्बन्धी सोध्नुभयो भने तपाईले पहिलादेखि विचार गरेर बस्नु हुन्छ कि ? सोध्ने बित्तिकै उत्तर दिनु हुन्छ । कहाँ विचार गर्नु आवश्यक परेको छैन मलाई सबै थाहा छ, सोध्ने बित्तिकै उत्तर दिइहाल्छु । विचार गरेर बस्नु पर्दैन । हो, त्यस्तै हो तथागतहरूलाई पनि सबै ज्ञान भएको छ । सम्पूर्ण अर्थलाई बुझेको छ । जुन प्रश्न गर्न आएतापनि विचार गरी रहनुपर्ने छैन, फट्ट छिट्टो उत्तर दिइ हाल्छु । होइन भने बुद्ध कसरी बन्न सकिन्छ ? यथावादी तथा कोरी भन्नुहुन्छ, काम पनि गर्नु हुन्छ । त्यसैकारण बुद्ध भनेको ।

भगवान् शास्ता मलाई बाटो बिराएको व्यक्तिलाई बाटो देखाएको जस्तो भयो । अन्धालाई आँखा खोलिदिनु भयो । घोप्टो पारी राखेको भाँडोलाई सुल्टो पारी दिनु भयो । म आजदेखि आजीवन बुद्ध धर्म र संघको शरणमा जान्छु भनी प्रार्थना गर्नुभयो ।

❋



Downloaded from http://dhamma.digital

# विन्दी अमेरिकन केटी

सन् २००१ मा अमेरिका आउँदादेखि नै भेटेको उहाँको पनि धर्म सम्बन्धी र जीवन सम्बन्धी लेख्न मन परेर उहाँसँग सोधेको बेला जबाफ दिनु भएको यस्तो छ ।

मेरो आमाबुबा र मेरो भाइ थिए । हामी सानै थियौं । तर, आमा र बुबा सधैं झगडा गर्ने गरीरहने भयो, अनि बुबाले सधैं कचकच गरिरहने । सधैं यस्तो हुँदा शान्ति भनेको अलिकति पनि थिएन । म १६ वर्षको अनि मेरो भाइ १३ वर्षको थियो । हामी दुवैलाई छोडेर आमाले अर्कैसँग विवाह गरेर जानुभयो । बुबाले पनि अर्को श्रीमती ल्याउनुभयो । हामी दुवैजना एक्लो भयौं । भाइ पनि ठूलो भएपछि अलगै बस्न थाल्यो । अमेरिकाको चलनमा उमेर पुगेपछि अलगै बस्ने गर्छन् ।

म चाहिँ साथीहरूको नराम्रो संगतमा परेर खाली पढ्न मन नपर्ने, रक्सी, वाइन जे होस् धेरै पिउने, डान्स गर्ने, नसके त्यसै जताततै सुतेर बस्ने, अलि रक्सीको रंग जाँदा डेरामा जाने । काममा पनि जानुपर्छ, काममा गएन भने खान पाइदैन । रक्सीको कारणले काममा जान सक्दैन, काम भएन भने पैसा हुँदैन । पैसा भएन भने खान पाउँदैन । अलिकति पैसा हुँदा रक्सी अमल पदार्थ खानुपर्ने बानी नै भयो । मलाई राम्रो नराम्रो भन्ने याद नै भएन । यो राम्रो छ, यो



Downloaded from http://dhamma.digital

नराम्रो छ भनेर मार्ग देखाउने पनि कोही थिएन । बाटो देखाउने मार्ग दाता अत्यन्त आवश्यक छ । आमा बुबा पनि नभएपछि कोही पनि छैन । साथीहरू पनि सबै जड्याहा मात्र डान्स गर्ने भोज भतेरमा मात्र जाने भएको हुनाले म पनि त्यही जाँदा अलि खुसी हुने थिएँ र केटाहरू पनि साथैमा हुन्थे । केटा साथीहरू उनीहरूले भनेको जस्तो गर्नुपर्ने । यो नराम्रो, यो गर्नु हुँदैन भन्ने कोही पनि छैन । आमाबुबा अलग अलग भैदिएको कारणले यस्तो भयो । अनि दुवैजना दुई तर्फ छन् । भाइ पनि रक्सी खाने चुरोट खाने खाली अमल पदार्थ खाएर मख्ख भएर बस्ने । एकदिन काममा जान्छ, फेरि अर्को दिनमा आराम गर्ने । भएको पैसा खर्च गर्ने राम्रो ठाउँमा परेन । ठूलो भएपछि आफूलाई रोक्न सकेन भने त गाह्रो हुने रहेछ ।

मलाई पनि खाली पिउने भए पुग्छ । जेसुकै होस् धेरै हद नहुनेसम्म पिउनु पर्दछ । जेहोस् पानी भए पनि हुन्छ । पानी पिलाई दियो भने त एकदम राम्रो, कहाँ साथीहरूले त एकदम लाग्ने पिलाउँछ । अनि डेरामा आइदैन जहाँ डान्स गरेको छ, त्यही सुत्ने । के गर्ने कहाँ गएको ? किन यसरी रक्सी पिएको भन्नेवाला छैन । माया गर्ने अनि गाली गर्नेवाला पनि छैन । धेरै धेरै नै दुःख भयो । कहिले पैसा हुँदैन खानको लागि । कहिले तीनवटा काम गर्ने कहिले एउटा नै छैन । यस्तो गर्दा गर्दै १३ वर्ष बिताएँ । पछि साथीहरू कहिलकाही गफसफ हुन्छन् । कहिले के विषय कहिले धर्म सम्बन्धी अनि साथीहरू नानाप्रकारका धर्ममा पनि गइराखेका थिए । कसैले म चर्चमा गइराखेको छु चर्चमा जाउँ भन्दछन् । कसैले मुसलमान अल्लाह हाँ जाउँ भन्दछन् । कसैले जैन, बुद्ध कहाँ जाउ भन्दछन् । तर एकजना जुली भन्ने साथीले बुद्ध सम्बन्धी र महायानी सम्बन्धी खुब पढिरहन्थ्यो । अनि उ थेरवाद विहारमा पनि जाने रहेछ । उसले भन्यो तिमीलाई थेरवाद विहारमा लिएर जान्छु । उहाँ ध्यान पनि सिकाउनु हुन्छ । धर्म सम्बन्धी अथवा अभिधर्म सम्बन्धी पनि सिकाउनु हुन्छ त्यहाँ जाउँ भन्यो । अनि त्यही साथी जुलीको कुरा सुनेर १९९९ मा सिद्धगु विहारभित्र पहिलो पल्ट पसें । त्यो समयमा उमहसतो दयादो र अर्को



Downloaded from http://dhamma.digital

उपतथ्व भन्ते हुनुहुन्थ्यो । सबभन्दा पहिला उहाँहरूले उपदेश दिनु भएको अहिलेसम्म सम्झना छ । म त दुःखबाट मुक्त हुन कहाँ जाउँ जस्तो भै राखेको थियो । अनि मलाई जंगलको भित्र र दुई जना भिक्षुहरू र त्यो पनि धर्मसम्बन्धी सिकाउने र उपदेश दिने । मलाई त्यहाँ भित्र पस्दा मलाई एकदम खुसी लाग्यो । खाएर पिएर दुःख गरेर बसेको व्यक्तिलाई यस्तो शान्त वातावरणमा ल्याउँदा धेरै नै आनन्द लाग्यो । अनि नमस्कार, बन्दना कसरी गर्नुपर्छ भन्ने पनि जानेको थिइन । यहाँ अभिधर्मको क्लास भैरहेको थियो । म र मेरो साथी त्यही बस्यौ र सुन्यौ । धर्म सम्बन्धी राग द्वेष र मोह सम्बन्धी सिकाएको थियो । राग भनेको पनि बुझे, द्वेष भावना पनि बुझे तर मोह भनेको बुझिन । पछि मोह भनेको विषय सम्झाई दिनु भयो । म त मोहमा परेको रहेछु । आँखा भए तापनि पूरा काना जस्तो, राम्रो नराम्रो पनि थाहा नपाएको । आखिर एकदिन त मरेर जानु पर्छ । लिएर जाने केही पनि छैन । खाली राम्रो र नराम्रो मात्र हो । रक्सी पिएर लट्ट हुने पैसा पनि धेरै खर्च हुने । जति दुःख गरेर पैसा कमाए पनि एकदिनमा खर्च हुने । अर्को दिन खान पिउनको लागि फेरि कमाउनु पर्ने । आखिरमा पिलाउने त कोही पनि छैन । पिलाउने त छन् तर पैसा तिरी दिने कोही पनि छैन । यस्तो कुरा याद नहुने री मोहले छोपेर राखेको रहेछ । अबदेखि यस्तो नाच, गान, पिउने ठाउँबाट अलग हुनुपऱ्यो भनेर विस्तारै टाढा हुँदै गएँ । केटा साथी पनि मभन्दा धेरै खानुपर्ने सास्ती पनि गर्ने । उसले मलाई मन पराउँछ र मैले उसलाई तर, कमाउने भन्दा पिउने चाहिँ पऱ्यो । जब मसँग पैसा हुन्छ तब मज्जासित पिउने, डान्स गर्ने नभएको बेला फेरि पिउनको लागि अर्काको तीनवटा बच्चा हेर्ने काम गर्ने अनि फेरि अर्काको के काममा बोलायो त्यही काममा जाने । बिरालोलाई खाना राख्न जाने जस्ता थिए मेरा काम । अनि बिस्तारै बिस्तारै यता आउँदा पिउने टाढा हुँदै गयो । पैसा अलि अलि जम्मा गर्न सकियो । तरूणी र बलियो भएसम्म त यसरी पिउँछु, तर, बुढी हुँदै गएपछि के गर्ने ? भनेर मोहबाट अलग हुन पऱ्यो भनेर विहारमा आउन सुरू गरें ।



Downloaded from http://dhamma.digital

प्रत्येक आइतबार अभिधर्मको क्लास हुन्छ । बेलुका ध्यान सिकाउनु हुन्छ । ध्यान एकघण्टा अनि छलफल एक घण्टा गर्ने । कहिलकाहीँ काम भएको बेला आइतबार पनि काममा जानुपर्छ । दिमाग अलिकति सही ठाउँमा आएको जस्तो लाग्यो, यो पिउने, डान्स गर्ने नराम्रो काम हो भनेर थाहा पाएँ ।

सन् २००१ मा नेपालबाट एकजना नन् आउने भनेको सुनेर विहारमा आएँ । अनि त्यही गुरुमासँग कुरा गर्दा प्रवचन सुन्दा झन् मन पर्‍यो । त्यो गुरुमा हो अनोजा । मेरो जीवनमा पहिलोपटक देखेको अनोजा गुरुमा । मन पनि मिल्ने भएकोले दुवैजना विहारमा सुत्ने सफा सुग्घर गर्ने बानी भयो । अरू ठाउँमा जानु भन्दा विहारमा राम्रो लाग्न थाल्यो । पैसा खर्च भए तापनि त्यो खर्च भएको बेकारको ठाउँमा गएको छैन । दान पात्रमा गयो । यसले गर्दा आज यो जिन्दगी सुखी र अर्को जीवन अथवा पछिलाई पनि सुखी हुनेछ । शरीर पनि बच्यो, इज्जत पनि बच्यो र पैसा पनि बच्यो । नराम्रोसँग संगत पर्दा सबै बरबाद हुने रहेछ । पछि आएर मन परेको केटालाई पनि छोडी दिएँ । कारण उसले पिउन छाडेको थिएन । पिएर अरू केटीहरूसँग रसरंग गर्ने बानी थियो । त्यसैकारण उसले विवाह गर्ने भनेर ठिक पारेर औंठी लगाइदिएको थियो । विवाह त गरेको थिएन । विहारमा आउँदा सही बाटो पनि देखें । अनि उनीहरूको घरमा गएर विदा मागेर औंठी फिर्ता दिएँ । केटोको परिवारले मलाई अत्यन्त माया गर्नु हुन्छ । औंठी फिर्ता गर्न जाँदा सबै दुःखी भए । केटाले त झनझन पिउन सुरु गर्‍यो । मैले विदा मागें र अस्तेन भन्ने ठाउँमा आएँ । यहाँ आएर बुढा-बुढीहरूलाई हेरविचार गर्ने ठाउँमा काम पाएँ । मैले सही समयमा रक्सी छाडेको कारणले शरीरमा त्यति हानी पुर्‍याएको छैन । तर, पैसा भने धेरै नोक्सान गरें । बुढाबुढीहरूको सेवा गर्ने, उनीहरू जति रिसाए पनि म हाँसीहाँसी सेवा गर्छु । विहारमा आउने, विहारको पनि सेवा गर्ने । झन अनोजा गुरुमाले त रोगीको सेवा गरे पुण्य हुने विषयको उपदेश दिनुहुन्छ, सहनुपर्छ भनेर । आखिरमा लिएर जाने केही पनि छैन, केवल नाम मात्र हो भन्नुहुन्छ ।



Downloaded from http://dhamma.digital

भन्नुहुन्छ, रूप जिरती मतान नाम गोत नजिरती शरीर खतम भएर खरानी भएर माटोमा मिलेर जान्छ, तर नाम भनेको कहिल्यै पनि मेटिदैन । त्यसकारण काम गरेपछि नाम त पाइहालिन्छ । नाम पाउनको लागि काम गर्दा नाम पाउने कम नै हुन्छ । कारण लोभको कारणले राम्रो काम गर्न सक्दैन । अहिले म खुसी छु । धर्म पनि गर्ने कर्म पनि, कहिलेकाहीँ सत्यनारायण गोयंका गुरूले सिकाउनु भएको विस्याना ध्यान गर्न जान्छु । पहिला मसँग एकैचोटी रिस उठ्ने बानी थियो । शरीर नै काम्ने जस्तो रिसले चुर हुने थियो । अहिले बिलकुल रिसलाई रोक्न सकें । मलाई बुद्ध धर्म सिकेर धेरै फाइदा नै फाइदा पाएको छु ।

मेरा आमा बुबाहरू क्रिश्चियनमा छन् । म आमाको पनि सेवा गर्न जान्छु । बुबाको पनि सेवा गर्न जान्छु । विहारमा आएको कारणले बुबा आमाको गुणलाई पनि बिर्सन हुँदैन भनेर अनोजा गुरूमाले बारम्बार भन्नु हुन्छ । उहाँहरूले हामीलाई पूरा समय दिएर हेर्न नसकेता पनि मैले आफ्नो कर्तव्यलाई बिर्सने छैन । फेरि जन्म त लिन मन पनि छैन, तर के गर्ने तृष्णा बाँकी छन् । मैले हेर्दा धर्म भनेको अत्यन्त आवश्यक छ । जब म हस्पिटलका बुढाबुढीहरूको सेवा गर्छु, धर्ममा लागेको बुढाबुढीहरू शान्तिपूर्वक बस्नु हुन्छ । तर, धर्ममा नलागेका मोजमस्ती मात्र गरी राखेको बुढाबुढीहरूले सहन सक्दैनन् । रिसले आफ्नो तितले आफ्नो फोहोरले हिर्कादिने गर्छन् । मेरो पूरा शरीरमा लाग्छ, तर के गर्ने ? सहनुपर्छ सहेँ । गएर नुहाई धुवाई गरें । भनेको मतलव धर्ममा गएको व्यक्तिहरूले रिसाएतापनि पछि माफी माग्न आउँछन् । तर, धर्ममा नलागेको त कुरै छोडौं । जे होस् राम्रो संगत अर्ति आवश्यक छ, धर्म भनेको राम्रो हो ।

❁



Downloaded from http://dhamma.digital

# आजको युगमा धर्मका अनुयायीहरूको भूमिका

मनुष्य भएर सार्थक जीवन बाँच्न धर्मको आधार आवश्यकता छ । आजको युगमा धर्म अत्यन्त चाहिन्छ त सत्ययुक्त धर्मको अनुशरण अनिवार्य छ । धर्ममा सत्य प्रकृति र नैसर्गिक स्वभाव हुनुपर्छ । कल्पना, मान्यता मतमतान्तर र स्वार्थन्धता धर्ममा निहित हुनुहुँदैन । व्यक्ति, जाति र सम्प्रदायको मूल्य मान्यताका आधारमा निर्मित या विकसित धर्मले सच्चा आध्यात्मिक विकास र दिगो सुख शान्तिमा तगारो मात्र हाल्दछ । धर्म भनेको त सार्वजनिक, सार्वकालिक र सार्वदेशिक हुनुपर्छ । आजको युगमा धर्मलाई यथार्थ रूपमा बुझेको छैन यदि बुझेको भए कैलाली टिकापुरमा त्यति धेरै मानिसहरूलाई दु:ख पाउने छैन होला । अहिलेसम्म पनि भूकम्प आएको रोकिएको छैन । मानिस मानिसले झैँझगडा गरिरहेका छन् । कोही मर्न र मार्नको लागि लडिरहेका छन् भने कोही खान नपाएर मरिरहेका छन् त कोही भूकम्पले थिचेर अकालमै ज्यान गुमाइरहेका छन् । यस्तो अवस्थामा मानिसको चित्तमा धर्म भनेको कहाँ छ ?

मानवले अथवा हामीहरूले धर्म गर्ने भन्छौं र आ–आफ्नो आस्था, विश्वास र मतानुसार धार्मिक कार्य भन्दै अल्मलिन्छौं, तर धर्मको सच्चा अर्थ के हो भन्ने कुरामा हामी अनभिज्ञ नै छौं । यसरी



Downloaded from http://dhamma.digital

धर्मको वास्तविक स्वरूप नजान्दा धर्म गर्ने भन्दाभन्दै अधर्म गरिरहेका हुन्छौं । मैले बुझे अनुसार धर्म भनेको चित्त शुद्ध गर्नु हो । चित्त शुद्ध हुने व्यक्ति लाखौंमा एकजना पनि कठिन रूपमा भेटाउन सकिन्छ होला । चित्तमा आउने रोग, द्वेष, मोह, अहंकार भावना हटाउनु नै धर्म हो । यहाँ त त्यस्तो होइन देवतालाई खुसी पार्छु, आफ्ना ज्ञातिबन्धुलाई खुसी पार्छु भन्दै नानाथरीका अधार्मिक क्रियाकलापलाई अँगाल्दै अधार्मिक बनिरहेका हुन्छौं । यसमा हाम्रो ध्यान पुगेकै हुँदैन । पूजाआजाद्वारा प्राणीको बली समेत दिई ईश्वरलाई रिझाउन खोज्छौं । बलीबाट प्राप्त मासुलाई देवताको प्रसाद भनेर नाना थररीका परिकार बनाई आफ्ना परिवार र ज्ञातिबन्धुलाई भोज भतेर खुवाउँछौं । धर्मको नाममा हिंसाकर्मलाई अपनाउँछौं । यसरी त हामीले अपायको ढोका पो घच्घच्याउन थाल्छौं । यो हाम्रो अज्ञानताले गर्दा हो ।

हामी धर्म मन्दिरमा, विहारमा, गुम्बामा, मस्जिदमा, चर्चमा, पुस्तक वा धर्मग्रन्थहरूमा खोज्छौं । फूल, अक्षता, धूप, दीप, नैवेद्यमा धर्म खोतल्छौं । धर्म त यहाँ हुँदैन । मन्दिरमा देवताको मूर्ति हुन्छ र एकजना पुजारी हुन्छ । विहारमा भगवान बुद्धको मूर्ति हुन्छ र त्यहाँ भिक्षु र भिक्षुणीहरू हुन्छन् । गुम्बामा भगवान् बुद्धको मूर्ति हुन्छ र लामा आनीहरू हुन्छन् । चर्चमा इशुको प्रतिमा र पास्टर फादर हुन्छ । मस्जिदमा नमाम र इमाम हुन्छ । सबैको आफ्नो आफ्नो आस्था हुन्छ । मूर्तिमा भगवान देख्छौं । वास्तविक भगवानलाई चिन्दैनौं । आस्था र भावभक्तिको कारणले मन्दिर, विहार, गुम्बा, चर्च र मस्जिदमा गइन्छ । पुस्तक वा धर्मग्रन्थमा पनि धर्म हुँदैन । त्यहाँ त ज्ञानगुणका कुरा हुन्छन् । हामीले अध्ययन गर्नुपर्छ । पढेपछि जसलाई हामीले लिनु छ र व्यवहारमा उतार्नु छ ।

बौद्ध धर्म अनुसार धर्म हाम्रो काय वाक र चित्तको सम्यक आचरणमा हुन्छ । सत्य युक्त धर्मलाई नै सद्धर्म भनिन्छ । त्यस धर्मलाई पहिला सुन्नुपर्छ, त्यसपछि चिन्तन गर्नुपर्छ अनि धारण पालन गर्नुपर्छ । धर्म श्रद्धाबाट विकसित भएको हुनुपर्छ । श्रद्धा अन्धश्रद्धा होइन, सम्यक श्रद्धा नै सद्धर्मको बलियो जग हो ।

धर्म भनेको पञ्चशील पालना गर्नु हो । पञ्चशील भन्दा प्राणी



Downloaded from http://dhamma.digital

हिसा गर्नु हुँदैन, अर्काको धन सम्पत्ति चोरी गर्नु हुँदैन, व्यभिचारी गर्नु हुँदैन, झुठ कुरा गरेर अरूलाई झैझगडा गराउनु हुँदैन र अमल पदार्थ सेवन गर्नु हुँदैन भनेर उपदेश दिनु हुन्छ । तर, अनुयायीहरूले नै पालन गर्दैनन् भन्ने उपदेश मात्र किताबले र भगवान् बुद्धले, इशुले, रामले कृष्णले र इमामले के गर्ने ? मानिस स्वयं आफ्ना सुख र दुःखको विधाता हो । ऊ बाहेक उसलाई सुख वा दुःख दिने अरू कोही छैन । ऊ आफैं शत्रु हो र आफ्नो मित्र स्वयं आफैं हो । यदि कुनै मानिस पाप कर्म अकुशल कर्म गर्दै हिँड्छ भने त्यसलाई दुःख हुन्छ । त्यो दुःख दिने शत्रु अरू कुनै व्यक्ति नभएर उसैको कर्म फल हो । जो आफैंलाई दुःख हुने कर्म गर्छ, त्यही ने बुद्धिहीन र मूर्ख हो ।

उपमाको लागि एउटा घटना बताउन चाहन्छु । श्रावस्ती नगरमा केही मानिसहरूले बौद्ध भिक्षुबाट धर्म उपदेश श्रवण गरी स्रोतापन्न हुने उद्देश्यले एउटा कार्यक्रमको आयोजना गरे । कार्यक्रममा दिनभर रातभर मानिसहरूको उपस्थिति थियो । भिक्षुले धर्म देशना गरिरहनु भएको थियो । धर्म देशना सुन्नेहरू कोही उठेर गए, कोही निदाए, कोही आलस्य भएर लम्ससार परे । धर्म देशना समाप्त हुन्जेलसम्म त्यहाँ दुई चारजना मात्र ध्यान दिएर सुनिरहेको अवस्थामा थिए । धर्म देशना सुन्ने र बस्ने इच्छा गर्ने र सफल हुनुमा धेरै फरक छ । जीवनमा सफलता हासिल गर्नका लागि इच्छा शक्तिका साथै क्रियाशक्ति र प्रतिक्षा शक्ति पनि उत्तिकै आवश्यकता छ ।

भन्नु र गर्नुमा धेरै फरक छ धर्मको अनुयायीहरूले आ-आफ्नो धर्म राम्रो सित बुझेको भए यो संसार सुख र शान्तिमय हुने थियो । आफूले गरेर आएको सदाचार कुशल कर्मको फलबाट सुखद र दुराचार अकुशल कर्मको फलबाट दुःखद हुन्छ । मानौं मैत्री, करूणा र मुदिता सदाचार कुशल हो र लोभ, द्वेष, क्रोध अकुशल दुराचार हो । तपाई अथवा हामीहरू क्रोध गरेर अगाडि भएको मानिसलाई गाली गर्छौं । काय वाक र चित्तबाट लागि गर्नु भएको छ भने त्यसको फल तुरून्तै देख्न पाउनु हुनेछ । अक्रोध, मैत्री करूणा र मुदिताले गरिएको पूण्य कुशल व्यवहारले आफू र आफ्नो सम्पर्कमा आउने दुवैलाई शान्ति र सुख हुन्छ । मैत्रीले नै हामीहरूलाई सुखसँग जीउन



Downloaded from http://dhamma.digital

सिकाउँछ, मैत्री, करूणा र मुदिता पनि धर्मको बलियो शाखा हो । बिना मैत्रीले परस्पर मिल्न सक्ने छैन । यदि मानवता हो भने मैत्री, करूणा, भएको मात्र हुनसक्छ । सबै धर्मको अनुयायीहरूसँग चत्तुब्रम्ह विहार अत्यन्त आवश्यक छ । आफूसँग मात्र भएर हुँदैन, त्यसलाई व्यवहारमा उतार्नु पर्छ । आजकल यो जुनी मैत्री, करूणा, उपेक्षा र मुदिता भावना व्यवहारमा नभएको कारण तँ र म, तिमी र तिम्रो भन्ने भावना भएको हो । असन्तुष्टका कारण सुख र दुःख भई आएको सबै तृष्णा भित्र कुनै कुराको निमित्त इच्छा राख्ने र यसमा आशक्त हुने, इन्द्रिय सुख धन शक्ति मात्र होइन, अवधारणा विचार र आदर्शहरू सिद्धान्तहरू, विश्वासहरूमा टाँसिने स्वभाव वा आशक्त पनि पर्दछ ।

भगवान बुद्धको विश्लेषण अनुसार संसारमा सबै दुःखहरू संघर्ष, साना व्यक्तिगत र पारिवारिक भैं झगडादेखि राष्ट्रहरू, देशहरू बीच ठूला लडाई पनि स्वार्थ पूर्ण तृणाको कारणबाट नै हुन्छन् वा उठ्छन् । यस दृष्टिकोणबाट सबै आर्थिक राजनीतिक र सामाजिक समस्याहर यही स्वार्थी तृष्णामा नै जरो गाडेर रहेको हुन्छ । महान् राष्ट्रका सेवकहरू र अन्य कुटनीतिक तवरले सहरमा गएर लडाई र झगडाको कुरा छिनोफानो गर्ने प्रयास गर्दछन् तर, कहिले पनि समस्याको साँच्चैको भित्री गहिरो जरोसम्म पुग्दैनन् ।

सबै धर्ममा कुशल कर्मले कुशल परिमाण दिन्छ र अकुशलले अकुशल परिणाम दिन्छ । तृष्णा इच्छाद्वारा गरिने काम, धर्म असल वा खराव भए पनि आफ्नो परिणाम दिने शक्ति हुन्छ । असल वा खराव दिशातिर निरन्तर प्रभाव पार्ने शक्ति हुन्छ । असल वा खराव काम गर्दछ तापनि कर्म सञ्चय गर्दैन किनभने ऊ आत्माको गलत धारणाबाट मुक्त हुन्छ, निरन्तरता भएको तृष्णाबाट अलग्ग हुन्छ । सबै किमिसका अरू क्लेशहरू र अशुद्धबाट ऊ मुक्त हुन्छ । उसको लागि पूर्ण जन्म हुँदैन ।



Downloaded from http://dhamma.digital

# दरिद्र व्यक्ति शुद्ध चित्तले त्याग गर्दा खर्बपति बन्यो

'उदकं हि नयन्ति' भन्ने धर्मदेशना बुद्धले जेतवन विहारमा बसिराख्नु भएको समय पण्डित श्रामणेरको विषय लिएर बताउनु भएको थियो ।

१. पहिला पहिला काश्यप बुद्धले २० हजार क्षीणास्रव भिक्षुहरू लिएर वाराणसी पाल्नु भएको थियो । बनारसको उपासक उपासिकाहरूले आफूले सकेको दशजना, ५० जना, १०० जना गरेर बीसहजार भिक्षुहरूलाई भोजन दान गर्नुभयो । भोजन सकेपछि काश्यप बुद्धले धर्म उपदेश दिनुभयो । त्यो समय धर्म उपदेश सुन्नेहरू थुप्रै उपासक उपासिकाहरू थिए । धर्म उपदेश गर्ने बेला यस्तो भन्नु भएको थियो - यो संसारमा कसैकसैले आफूले मात्र धन खर्च गरेर विहार बनाएर दानदिने आफ्नो धनसम्पत्ति मात्र खर्च गरेर भोजन इत्यादि दान दिने । आफ्नो परिवारलाई र अर्काको दान लिएर के दान दिने भनेर खाली आफूले मात्र दान दिने व्यक्ति । पछि आएर धनसम्पत्ति थुप्रै हुन्छ । जन अथवा परिवार सम्पत्ति हुँदैन ।

२. कसैले अरूसँग मात्र चन्दा उठाएर आफूले एक दाना पनि नहाली अर्काको मात्र दान लिने त्यो व्यक्ति जन्म हुन गएको ठाउँमा



Downloaded from http://dhamma.digital

परिवार धेरै हुन्छ । धनसम्पत्ति भनेको अलिकति पनि पाउने छैन । कारण आफूले दान दिएन अरूको मात्र दान लियो । त्यसलाई छोरा छोरीहरू धेरै नै हुन्छ । तिनीहरूको लागि ख्वाउन लगाउन दिने सम्पत्ति हुने छैन ।

३. कसैले आफ्नो धनसम्पत्ति पनि दान दिन्छ, अरूहरूसँग चन्दा लिएर पनि दान दिन्छ । त्यस्तो व्यक्तिलाई जहाँ जन्म लिए तापनि धनजन सम्पत्ति परिपूर्ण हुन्छ । सन्तान छैन भने पनि डर हुँदैन र धन सम्पत्ति छैन भने पनि कुरा गर्नु पर्ने छैन । सम्पूर्ण पूरा हुन्छ ।

४. कसै कसैले आफूले पनि दान दिँदैन । अरूसँग लिएर अथवा दान दिने भने व्यक्तिलाई रोक्ने व्यक्तिहरू पछि आएर धेरै नै गरीव हुन्छ । उसलाई धनसम्पत्ति त कहाँ परिवार पनि हुँदैन । खाली गरीव मान्छे हुन्छ । धन जन सम्पत्ति कोही पनि हुँदैन । त्यस्तो व्यक्तिको धन पनि हुँदैन, परिवार सम्पत्ति पनि माग्ने भनेर जबर्जस्ती मानिस बनेको मात्र हुन्छ । उसको रूप पनि हुने छैन । कारण चित्त नराम्रो भएको कारणले गर्दा, सबै चित्तको कारणले नै राम्रो नराम्रो, नर्क र स्वर्ग जाने भनेको हो । यो संसार चित्तले बनाई राखेको थियो ।

यस्तो उपदेश सुनेर त्यहाँ बसिराख्नु भएको विद्वान पनि धेरै धनसम्पत्ति भएका महाजनको कल्पना गर्नुभयो । अब मैले आफ्नो धनसम्पत्ति पनि हाल्छु र अरूसँग चन्दा मद्दत पनि माग्नु भनेर विचार गरेर काश्यप बुद्धकहाँ गएर प्रार्थना गर्नुभयो - भगवान् शास्ता भोलिको लागि मेरो भोजन स्वीकार गर्नुहोला । तिमीलाई कतिजना भिक्षुहरू चाहिन्छ । तपाईहरूको परिवार कति हुनुहुन्छ ? भगवान् बुद्धले भन्नु भयो - २० हजार भिक्षुहरू हुनुहुन्छ ।

भगवान् शास्ता २० हजार भिक्षुहरू सहित भोजनको लागि भोलि पाल्नुहोला भनी प्रार्थना भयो । भगवान् बुद्धले पनि स्वीकार गर्नुभयो । साहु महाजन धेरै खुसी भएर बाटोमा नाच्दै दाताहरू साथीहरूसँग घर घरमा गएर भन्यो - ए साथी तिमीहरूले कतिजना भिक्षुहरूलाई भोजन दान गर्न सक्छौ भनेर सोध्नुभयो । अनि कसैले मैले ३००, कसैले ४००, कसैले १००० जना, यस्ता गर्दा गर्दै बाटोमा



Downloaded from http://dhamma.digital

जाँदाजाँदै महादुगतलाई भेटेछ । हे साथी महादुगत ! म भोलिको लागि २० हजार भिक्षुहरूलाई ख्वाउनको लागि निमन्त्रणा गरेर आएँ । त्यसको कारणले तिमीले पनि कति जनालाई ख्वाउन सक्छौ । महादुग्गतले जबाफ दिनुभयो कि म त सक्दिनँ । म त यहाँ खानको लागि दिन भर अर्काको काम गर्न जानुपर्छ, एकछाक खानको लागि दिनभर अर्काको काम गर्न जानुपर्छ । भिक्षुहरू मलाई आवश्यक छैन । भिक्षुहरू भन्ने धनसम्पत्ति भएकाहरूको लागि आवश्यक छ । मैले केही पनि दान दिने अथवा भोजन ख्वाउने मसँग केही पनि छैन भनेर जबाफ दिनुभयो । फेरि साहुले नरिसाइकन भन्यो - अरू सबै राम्रो राम्रो लुगा गहना र मिठो मिठो खाइराखेको छ आफ्नो सम्पत्तिसँग मोजमस्तीसँग बसेको छ । तिमी सधैं अर्काको काममा मात्र गरेर खाने । सधैं गरीव भएर बस्ने ? तिमीलाई मन परेन ? अरू जस्तो मोज मज्जा गर्ने मिठो-मिठो खाने राम्रो लाउने ? तिमीले पहिला दान दिएर नआएको कारणले गर्दा गरीव भएर बस्नु परेको भन्ने विचार आएन ? खेत त छ तर बिऊ रोपेन भने फल कहाँ फल्छ ? त्यसैकारण केही पुण्य गर्दा आफू पनि धनी हुन्छ । गरीव भएर बस्नु नपर्ने छ । यति भने बित्तिकै महादुग्गतले सोध्नुभयो - अब के गर्नुपर्‍यो त के पुण्य गर्ने ? तिमी तरूण छौ । तिमी ज्यामी काम गरेर कमाउन सक्छौ, केही दान दिन सक्छौं भन्ने बित्तिकै संवेत उत्पन्न भयो । त्यसो भए मलाई पनि एकजना भिक्षुलाई भोजनको लागि दिनु । उपासक महाजनले एकजना के लेख्ने भनेर कागजमा लेखेन ।

महादुग्गत आफ्नो घरमा गएर श्रीमतीलाई भने - एक जनालाई भने पनि भोजन दान दिनु भन्नुभएको कारणले गर्दा एकजनालाई भोलिको लागि दान दिने भनेर आएँ । श्रीमती पनि धेरै खुसी भएर ठीक गर्नुभयो भनिन् । हामीले पहिला केही पनि पुण्य गरेर नआएकोले अहिले हामी गरीव भयौं । अब पुण्य गर्ने मौका पायौं भनेर खुशी भइन् ।

महादुग्गत भोलि भिक्षुलाई भोजन ख्वाउनको लागि कमाई गर्नु पर्‍यो भनी यता उता गयो । त्यही समय साहु महाजनको काम गर्नुको



Downloaded from http://dhamma.digital

लागि सोध्नुभयो । काठ चिर्नको लागि महादुग्गतलाई सोध्नुभयो । हुन्छ भनी खुशी खुसी काठ चिरेर दियो । हाम्रो पनि ४०० भिक्षुहरूलाई भोजन दान दिनको लागि तिमी आज धेरै नै खुसी भएर काम गऱ्यौ भन्दा हो साहु मैले पनि एकजना भिक्षुलाई भोजन दान दिनको लागि लागि काम गर्नु आएको भन्दा साहु धेरै खुसी हुनु भयो । खुसी भएर चामल, दाल, घ्यू, तेल इत्यादि भोजन गराउनको लागि ज्यालाको रूपमा पठाउनु भयो । घरमा श्रीमती पनि केही काम पाइन्छ कि भनेर काम खोज्न जाँदा साहुनीहरूले पनि १००० जना भिक्षुहरूलाई भोजन गराउनको लागि चामल चाहिएको चामल निकाल्नको लागि अनि त्यो महादुग्गतको श्रीमतीको लागि काम मिल्यो । उनले पनि खुसी भएर धान कुटिन् । धेरै धान कुट्दा चामल निक्ल्यो । साहुनीले सोध्नुभयो किन आज धेरै खुसी भएर धान कुटेको भन्दा हो साहुनी मेरो घरमा भोलि एकजना भन्तेलाई भोजन दान दिनको लागि काम गर्न आएको भन्दा साहुनी धेरै खुसी हुनुभयो । त्यति गरीव मानिसले पनि दान दिने श्रद्धा कम होइन भनेर चामल चार माना दिएर पठाउनु भयो । दाल, तरकारी पनि दिएर पठाउनु भयो । श्रीमती पनि घर पुगिन् । श्रीमान्-श्रीमती दुवै जना खुसी भएर सुत्न गए ।

भोलिपल्ट भोजन दान दिनको लागि थाल छैन । थालको सट्टा पात चाहिन्छ जाउँ जंगलमा गएर पात लिएर आउँ भनेर जंगलतिर गए । जंगलमा पात टिप्नको लागि गीत गाउँदै पात टिपिरहनु भएको थियो । उता माछा मार्ने माझीहरूले सुनेछ । अनि महादुग्गदको आवाज सुनेर बोलाउन आएर सोधे - के गर्नको लागि पात टिपेको भन्दा आज एकजना भिक्षुलाई भोजन दान दिने भन्दा माझीहरूले भन्यो - भिक्षुहरूले पातमा खान्छन् ? ल हामीलाई अलि सहयोग गर भनेर माछा छुट्याउने काम दियो । त्यो सकेपछि १० बज्यो जब भात पकाउनुपर्छ र भिक्षुलाई पनि लिन जानुपर्छ भनेर घरतिर आउनु भयो । त्यही समय इन्द्रको आसन तातेर आयो कारण हेर्दा महादुग्गतले भोजन दान दिने त्यसैमा मद्दत गरेर पुण्य कमाउनुपर्छ भनेर साधारण मानिसको भेष लिएर साथी म तिमीलाई केही मद्दत गरौं भन्दा



Downloaded from http://dhamma.digital

महादुग्गतले विचार गऱ्यो भात पकाउन जान्दिनँ यसलाई भात पकाउन आउँछ कि भनेर भात पकाउन आउँछ भन्दा सबै भएर पिर गरेको थियो । अब भात पकाउने मानिस भएपछि ल यो दाल, चामल, तरकारी भनेर देखाएर ऊचाहिँ एकजना भिक्षु लिन गयो ।

महादुग्गत भिक्षु लिन जाँदा महाजनलाई भेट्यो । भन्यो मलाई एकजना कुनचाहिँ भन्तेलाई लिएर जाउँ भनी त्यो बिर्सेछ । अब के गर्ने मैले धेरै भिक्षुहरूको हिसाव राखे तर एकजनाको हिसाव राखिन । अब के गर्ने मलाई माफ गर्नुभन्यो । त्यसपछि त्यो महादुग्गत धेरै करायो मानिसहरू जम्मा भयो । यसो त गर्नु हुँदैन । गरीव भएर हेप्नु हुँदैन भन्ने कुरा आयो । अनि महाजनले भन्यो मलाई मेरो बेइज्जत नगर तर मैले २०००० मात्र पठाए । तर भगवान् बुद्ध बाँकी छ । तिमी अगाडि बसेर मलाई सहयोग गर्नु, मलाई दया राख्नु भनेर बसे हुन्छ भनेर गन्धकुटी छिटोछिटो गयो । त्यहाँ काश्यप बुद्धले पनि त्यही महादुग्गतलाई देख्नु भएछ । यो पात्र त्यसैलाई दिनेछु भन्ने विचार गरेर बस्नु भएछ । गन्धकुटी विहारमा ढोकानिर लाइनमा राजा, मन्त्रीहरू, महाजनहरू लाइनमा बस्नु भएको थियो ।

काश्यप बुद्ध ढोका खोलेर बाहिर आउने बित्तिकै पात्र दुग्गतलाई दिनुभयो । अनि अरूले विचार गर्नु भयो यो माग्नेले के ख्वाउला ? त्यसैकारण त्यो पात्र मलाई दिनु मैले यति पैसा दिन्छु भनेर राजाले भन्नुभयो । त्यस्तै मन्त्रीहरूले, महाजनहरूले पनि माग्नु भयो । पैसावाल तर दुग्गतले दिएन । ऊ त धेरै खुसी भएर भन्यो मलाई पैसा चाहिदैन । आजको भोजन दान दिन्छु । राजाको विचार यस्तो गरीवले के ख्वाउला र उसले भोजन दान दिएको खानु सक्दैन । त्यसपछि पात्र मैले दरबारमा लगेर मेरो भोजन दान दिन्छु भनी दुग्गतसँगै गएछ ।

महादुग्गतले आफ्नो घरमा काश्यप बुद्धलाई भित्र लानु भयो । त्यसपछि नक्कली भात पकाउनेले सबै खोल्दा धेरै बास आयो, राजा त चकित भयो, यस्तो बास आएको भोजन भनी राजा घरमा फर्केर गएछ । काश्यप बुद्धले राम्रोसित भोजन गर्नुभयो । आशिर्वाद दिएर



Downloaded from http://dhamma.digital

बाहिर निस्कनु भयो । अनि नक्कली कुकले भगवान् पुऱ्याएर आउनु भनेर बाहिर पठाउनु भयो र श्रीमतीलाई पनि । जब महादुग्गत भगवान् बुद्धलाई विहारमा छोडेर घर फर्कदा नक्कली कुक इन्द्रले आफ्नो रूप देखाएर सप्तरत्न धनले वर्षा गरी दियो । पूरा घर भरी हिरा, मोती, सप्तरत्नले घर भरीभराउ भयो । श्रीमती बाहिर बसिराखेको देखेर किन बाहिर भन्दा घरमा बस्ने ठाउँ छैन भन्दा महादुग्गतले पत्याएन । अनि हत्तपत्त गएर हेर्दा पक्कापक्की सप्तरत्न धन रहेछ । आश्चर्य लाग्यो धर्म भनेको दित्वधम्म वेदनीय कम्म भनेको सही रहेछ । शुद्ध चित्तले गरेको पुण्य यही जन्ममा फल दिने रहेछ ।

महादुग्गत लोभी थिएन, लोभ गरेन उनी सरासर वाराणसी राजाकहाँ गयो । महाराज मेरो घरमा यस्तो सप्तरत्न धनले भरीभराउ भयो, त्यो तपाईले लिनु होला । राजा पनि लोभी थिएन । राजाले भन्नुभयो - त्यो धन तिम्रो पुण्य हेतुद्वारा प्राप्त भएको हो तिमीले नै लिनु मलाई चाहिदैन । त्यसो भए गाडा ६, ७ वटा दिनु म कहाँ राख्न ठाउँ छैन तपाईकहाँ राख्छु र मलाई घर बनाउनको लागि जग्गा पनि चाहियो, मेरो घर सानो छ । हुन्छ बाहिर पतिजग्गा छ त्यो कसैको हक छैन त्यही लिनु । हुन्छ भनी कोदालोहरू ज्यामी लिएर त्यो जग्गामा खन्न गयो । त्यहाँ पनि खन्दा ट्वाङट्वाङ आवाज आयो । के भनेर हेर्दा सुनको गाग्रो ५, ७ वटा भेटेछ । त्यो पनि राजालाई भन्नुभयो । त्यो जग्गामा पाएको सम्पत्ति तिम्रो भाग्यले पाएको तिम्रै हो भनेर दियो ।

राजाले विचार गऱ्यो । यसले धन सम्पत्ति सबै थुपारेर जनताई देखाइ भन्नुभयो । यो महादुग्गत जस्तो धन कोसँग छन् ? कसैसँग पनि छैन जबाफ आयो । त्यसो भए यसलाई के पदवी दिनुपऱ्यो वाराणसी शहरको महाजन पद दिनुपऱ्यो भन्दा त्यस्तै राजाले महादुग्गत बनारस देशको महादुग्गत महाजन भनेर पदवी दिनुभयो ।

राजाले उहाँलाई ठूलो सत्कार गरेर अब तिमी त्यो ठाउँमा महल बनाएर बस्नु भनी अर्डर दिनुभयो । त्यसले पनि त्यस्तै गरेर भगवान् बुद्धलाई पनि विहार बनाई दिनु भयो । दिनको तीन पटक



Downloaded from http://dhamma.digital

जाने चतुप्रत्यय दाता बन्नुभयो । उहाँलाई दान दिन लगाएको महाजनको गुणलाई सधैं याद गरिहने मार्गदर्शक अति आवश्यक छ । आफ्नो घर सिद्धिएपछि सात दिनसम्म काश्यप बुद्ध लगायत सम्पूर्ण भिक्षु भिक्षुणीहरूलाई र उपासक उपासिकाहरूलाई भोजन दान दिनुभयो । जीवन भएसम्म श्रीमान्-श्रीमती भगवान् बुद्धको उपदेश सुनेर व्यवहारमा उतारेर असली मानिस बनेर पछि वृद्ध भएपछि मृत्यु भएर गयो । त्यहाँ देवलोक उत्पन्न भयो र त्यहाँ पछि श्रावस्ती सारीपुत्र महास्थविरको दाताको कोखमा जन्म दिनु भयो ।

श्रावस्तीको महाजनीको कोखमा जन्म दिनु जाँदा सबै धेरै नै खुसी भएछ । उहाँको इच्छा सम्पूर्ण पूरा गरिदिनु भयो । गर्भवतीको इच्छा धर्मसेनापति प्रमुख ५०० जना भिक्षुहरूलाई भोजन दान दिने इच्छा र प्रनितपूर्ण भोजन दान दिएर उहाँहरूसँगै पहेंलो वस्त्र लाएर अन्तिममा छेउमा बसेर खाने इच्छा भएको पनि श्रीमान् र परिवारले पूरा गरिदियो । गर्दागर्दै दश महिना पछि बच्चा जन्म भयो । बच्चाको नाम राख्ने समय आउँदा सारीपुत्र भन्ते लगायत सबै भिक्षुहरूलाई निमन्त्रणा गर्नुभयो । सबैलाई भोजन दान सकेपछि बच्चालाई नामाकरणको समय उपासिकालाई सोध्नुभयो । सारीपुत्र भन्तेले हे उपासिका ! बच्चाको नाम के राख्न चाहनु हुन्छ ?

भन्ते ! यो बच्चा पेटमा आउँददेखि आफ्नो टोलमा भएको लाटा, बहिरा, कुरा गर्न नजान्ने, कुरा गर्नेमा अपाङ्गहरू सबै कुरा गर्न जानेको । कुरा गरेर तिनीहरू पण्डित भएर आएको थियो । त्यसैकारण मेरो छोरोको नाम पण्डितकुमार भनेर नाम राख्न चाहन्छु । भन्तेले पनि तिम्रो इच्छा अनुसार हुन्छ भनेर त्यही दिनदेखि पण्डितकुमार भनेर नाकाकरण हुन गयो । पण्डित कुमार विस्तारै ठूलो भएर आएपछि भन्तेहरू कहाँ राम्रो नैतिक शिक्षा पढ्नु शुरू गर्नु भयो सातवर्षसम्म ।

बच्चा सात वर्षभएपछि आमा-बाबुलाई भन्यो मन श्रामणेर बन्छु । म प्रब्रजित भएर जान्छु । आमाको इच्छा पनि त्यही थियो, आफ्नो छोराको इच्छा पनि त्यही थियो । आफ्नो छोराको के इच्छा



Downloaded from http://dhamma.digital

त्यही गरी दिन्छु भन्ने । त्यसपछि स्थविरलाई घरमा भोजनको लागि निमन्त्रणा गरेर भोजन सकेपछि छोरा प्रव्रजित हुने कुरा गर्दा हुन्छ विहारमा ल्याउनु भन्नुभयो । त्यसपछि आफ्नो नाता कुटुम्ब जाती वर्ग सबैलाई निमन्त्रणा गरेर पण्डितकुमारलाई अलंककार गराएर देशभरी बग्गीमा राखी घुमाएर सारा भिक्षुहरू र उपासक र उपासिकाहरूलाई आफ्नो जाती बन्धु, नातेदार सबैलाई सात दिनसम्म भोजन दान दिएर बच्चालाई प्रव्रजित गराई दियो । आमा बुबा पनि विहारमा बस्नुभयो । आठ दिन पछि आमा बुबा लगायत सबै घर घर फर्कनु भयो । आफ्नो छोरा श्रामणेर पण्डितलाई सारिपुत्र भन्तेलाई जिम्मा लगाएर ।

आठ दिनमा सारिपुत्र भन्ते र पण्डित श्रामणेर दुवै जना भोजनको लागि सारिपुत्र भन्तेको दाताको घरमा जानुको लागि जेतवन विहारबाट खेत खेतबाट जानुपर्ने थियो । अनि बाटो बाटो जाँदा जाँदै खेतालाहरूले आफूलाई चाहेको ठाउँमा पानी ढल खन्दै लगि रहेको देख्यो । अर्कोतिर धनुष बनाउनेले आफूलाई कसरी घुमाउने आगोमा तताएर तिर, धनुष बनाइरहेको देख्यो, त्यस्तै सिकर्मीहरूले आफूलाई चाहे जस्तो झ्याल, खापा, ढोका, दराजहरू टेबल, मेच इत्यादि बनाइरहेको देख्यो । अनि गुरू सारिपुत्र भन्तेलाई सोध्नु भयो । भन्ते यो पानीमा, काठमा जीव छ ? छैन, यो जीव नभएको वस्तु आफूले भने जस्तो गर्नुहुन्छ भन्ने यो मेरो चित्त जीव भएको आफूले भने जस्तो कसरी नहुने यस्तो विचार गरेर गुरूलाई चिवर पात्र दिएर भन्ते म विहारमा फर्कन्छु । तपाईले नै मलाई पनि भोजन लिएर आउनुस् भनी आफू चाहिँ विहारमा फर्केर बस्नुभयो । त्यस्तो सानो ७ वर्षको श्रामणेर विहारमा बसेर विपश्याना ध्यान गर्नुभयो । आफ्नो चित्त आफैले बसमा राखी रहनु भएको थियो । अरहन्तको लागि मेहनत गरिरनु भएको थियो । त्यस्तो अवस्थामा बाहिरबाट जुन अवरूद्ध हानी, अशान्ति, आवाजबाट टाढा गर्नुको लागि सारा आरक्षा देवताहरूले रक्षा गरिरहनु भयो । १२ बजे पछि खानु नहोला भनी सूर्यले समेत ११ बजे जस्तो गरेर मद्धत गरिरहनु भयो । यता सारीपुत्र भन्ते दाता कहाँ गई भोजन गरिसकेपछि पण्डित श्रामणेरलाई भोक लाग्यो होला भनी छिटो



Downloaded from http://dhamma.digital

छिटो आउनु भयो । भगवान् बुद्धले पनि विचार गर्नुभयो श्रामणेरले मेहनत गरिरहनु भएको छ । गुरूले भोजनको कारणले मेहनत छुटिन्छ भनी बाटोमा अलमल गरेर प्रश्न सोधिरहनु भयो ।

भगवान् बुद्धले हे सारिपुत्र तिमीलाई के प्राप्त भयो ?

भगवान् शास्ता आहार प्राप्त भयो ।

भगवान् आहारले के गर्छ ?

वेदना उत्पन्न हुन्छ ।

भगवान् वेदनाले के उत्पन्न हुन्छ ?

रूप उत्पन्न हुन्छ भन्ते

भगवान् रूपले के उत्पन्न हुन्छ ?

स्पर्श उत्पन्न हुन्छ ।

भगवान त्यसको कारणले अनुभव गरेपछि भोक लागेको दुःख हराएर सुख उत्पन्न हुन्छ । यस्तो कुरा गर्दागर्दै पण्डित श्रामणेर आफ्नो क्लेशलाई हटाएर अरहन्त हुनुभयो । त्यसपछि भगवान् बुद्धले बाटो छोडी दिनु भयो । अनि सम्पूर्ण देवताहरू हटेर जानु भयो पनि गुरूले छिटो गएर श्रामणेरलाई भोजन ख्वाउनु भयो ।

भोजन सक्ने बित्तिकै सूर्य पनि छोपेर राख्नु भएको हटेर जाँदा बेलुका ३ बजे जस्तो भयो । अनि श्राणेरले हात र पात्र धोएको अरूले देख्नु भएपछि हेर श्रामणेरलाई के भयो ? बेलुका भयो भोजन गर्नु भएको । यही कुरा यही कुरा भगवान् बुद्धकहाँ पुग्यो । भगवान् बुद्धले भन्नुभयो क्षीणास्रव गर्ने व्यक्तिलाई यो १२ बजे अगाडि खानुपर्छ भन्ने छैन । जुन व्यक्तिले धर्मलाई रक्षा गर्छ त्यसलाई धर्मले रक्षा गर्छ भनी धर्म उपदेश दिनु भयो । जुन व्यक्तिले आफूले आफूलई दमन गर्दछ । त्यस्तो व्यक्ति अरहन्त हुन्छ । त्यसै कारण श्रामणेर पनि आफूले आफूलाई दमन गर्नु भएको थियो भनेर धर्म उपदेश गर्नु भएको बेला धेरै व्यक्तिहरूले धर्म श्रवण गरेर स्रोतापन्न मार्ग फल प्राप्त गर्नुभयो ।

✱



Downloaded from http://dhamma.digital

# मनलाई दुषित हुनबाट बचाउनु पर्छ

रिसको आँखा छैन । रिस कहाँबाट आउँछ ? हामीहरूले थाहा पाएको छ ? कहाँबाट आउँछ भनेर कि टाउकोबाट आउने हो कि ? हातको काखीबाट या मनभित्रबाट आउने थाहा नै पाएको छैन । तर हामीले यति थाहा छ कि हामी जन्मे बेला रिस लिएर आउँदैन ।

जस्तै पानी जङ्गल अथवा रूखको हाँगाबाट निस्कने बेला एकदम सफा र निर्मल भएर निस्किन्छ । तर पछि वायुमण्डलमा भएको दुषित, धुलो, फोहर नाना प्रकारको कचिङ्गहरू मिसेर फोहर र दुषित हुन्छ । त्यस्तै बाहिरको नराम्रो बातावरणहरूलाई देख्दा देख्ने बेला आफ्नो चित्तमा नमिल्ने देख्दा रिस आउँछ तर रिस झ्वाट्ट आएर गडबड भयो भने आफूलाई र अरूलाई दुःख हुन्छ । समस्या आउने छ रिसको कारणले गर्दा आफ्नो र अरूको धनसम्पत्ती र जीवन पनि नास हुने छ । रिसको कारणले गर्दा सबभन्दा पहिला आफूलाई नै हानी पुऱ्याउँछ । तर केही गरि झ्वाट्ट रिस आयो भन्ने त्यसलाई रोक्ने उपाय छ । त्यस्तो रिसलाई रोक्न सक्यो भन्ने धेरै फाइदा हुनछ र रोक्ने उपाय भनेको होस गर्ने, ध्यान अभ्यास गर्ने, झ्वाट्ट रिस आएकोलाई रोकेको कारण कति फाइदा भयो भन्ने एउटा घटना तपाईहरूको समक्ष राख्न चाहन्छु ।

म वाराणसीमा पढिरहेको समयको घटना हो । त्यहाँ एउटा



Downloaded from http://dhamma.digital

गाउँमा ब्राह्मण परिवार बसिरहनु भएको थियो । यिनीहरूसँग असी करोडको पैसा र सम्पत्ति भएको रहेछ । यिनीहरूको एउटा मात्र छोरा थियो । छोराको नाम प्रकाश थियो । इन्द्रियमा छोरा पायो भन्ने संसार बनाएको जस्तो खुशी हुने र छोरा जन्म हुने बित्तिकै कमाएर ख्वाउने जस्तै गर्छ । खालि खाने र पिउने, ल्याउँदा सात पुस्तासम्म सकिने छैन वहाँहरूको धनसम्पत्ति । त्यसैकारण एक्लो छोरालाई दुःख हुन्छ भनी केही काम र पढ्न दिएन । पढ्ने बेलामा अक्षर नआउँदा टिचरले गाली र पिट्ला भनेर डरले आफ्नो एक्लो छोरा प्रकाशलाई केही पनि दुःख नहोस् भनी आमा बुबाको माया । फुल सजाउने जस्तो पात झरेर जान्छ कि भनी डरले सजाएको फुल जस्तो माया गरिराखेको छोरा विस्तार विस्तार तरूण भएर आयो । उसको संगत खराब संगत परेछ । जँड्याहा, बादमास, रण्डीबाजीहरूको संगत भएछ । आमाबुबाले एक्लो छोरालाई केही पनि भन्न सकेन । राम्रो स्कुल नैतिक शिक्षा केही पनि सिकाएको थिएन । अक्षर एउटा जानेको छैन । पछि ड्रग्स पनि खाने भयो । जति पैसा भएता पनि नपुग्ने आफूले कमाउन परेको भए थाहा पाइन्छ पैसाको मूल्य । प्रकाशको संगत कस्तो छ त्यस्तै बानी बिग्रियो । जाँड, रक्सी, ड्रग्स खाने, जुवा खेल्ने, रण्डीबाजीमा जाने त्यति भएतापनि छोरालाई केही पनि भनेनन् आमाबुबाले । जति पैसा लगेता पनि दिएर पठाउने कारण पैसा नहुँदा दुःख हुन्छ भनी माया गरेर राख्यो ।

प्रकाश एकदम बदमास भएर आयो । पैसा भएको प्रकाशलाई सबैले खान, पिउन, जुवा खेल्न र तरूणीकहाँ जानको लागि बोलाउन आउने गर्थ्यो । सबैसाथीहरूलाई पैसा दिने गर्दा गर्दै आधाभन्दा बढी पैसा ढुकुटीबाट खर्च गऱ्यो । त्यसपछि अब घरबाट पैसा रोक्नु पऱ्यो भनेर सबै पैसा रोकिदियो । पैसा नभएपछि जसरी भएता पनि आफ्नो स्वार्थ पुरा गर्न घरको भाँडाहरू चोरेर पसलमा बेचेर आफ्नो स्वार्थ पुरा गर्ने गऱ्यो । त्यति धनवान इज्जत भएको ब्राह्मण साहुको छोरा । छोराको कारणले इज्जत खेर गऱ्यो ।

घरको सामान चोरेर टोलमा बेच्दा टोलवासीहरूले घरमा भन्न



Downloaded from http://dhamma.digital

आए कि आज तिम्रो घरको चोरेछ पछि हाम्रो घर घरको पनि चोरेर लान्छ । के गर्ने आफ्नो छोरालाई सम्हाल, यति धनसम्पत्ति भएको साहुको छोराको काम हेर्नु । पछि हाम्रो घरमा चोर्न आउँदा हामीले बाकी राख्ने छैन भनेर धम्की दिएर गए ।

आजकाल हाम्रो नेपालमा पनि धेरै नै लागुपदार्थ सेवन गरेर सम्पत्ति नाश गरेको पनि छ । हाम्रो सुलक्षणकीर्ति विहार सुन्दरीघाटको पाटी माथि ड्रग्स खाएर विहारको सामान चोरेर हैरान भएको छ । घरको पैसा नपुगेर विहारको सामान धारा, स्टोभ, ग्यास, डण्डीहरू फलामको सामान चोरेर हैरान भएको छ । यो सबैलाई थाहा पाएको कुरा हो । यस्तो बिग्रेको त्यो सबै केटाकेटीको मात्र दोष होइन, आमा बुबाहरूको र समाजको पनि दोष हो । कारण आमा बुबाको पाँचवटा कर्तव्य छोरा-छोरी प्रति गर्नुपर्ने हुन्छ । भगवान् बुद्धले गृह विनयमा राम्ररी कर्तव्यहरू बताउनु भएको छ । कर्तव्य पुरा नहुँदा दुःख पाउने छ । खाली जन्म मात्र दिएर पुग्ने छैन । जन्म त सबै प्राणीहरूले दिन जान्छ तर कर्तव्य पुरा गर्न गाऱ्हो छ । कर्तव्य पुरा भएको आमाबुबाको सन्तान कहिले पनि दुःख पाउने छैन, दुबै तर्फलाई पाँचवटा कर्तव्य यस प्रकार छन् ।

१. आमाबुबाले आफ्नो छोरा र छोरीहरूलाई सानै देखी नराम्रो बानी बस्न दिनुभएन । प्राणीघात, दुष्शील कर्म, अकुशल काम, अकुशल कर्मको दुःखविपाकको कुरा सुनाई अनेक पापहरूको उदाहरण दिई शुद्ध मार्गमा लाग्ने प्रेरणा दिनुपर्छ ।

२. असल सङ्गतमा लगाउनुपर्छ । आफूभन्दा गुणीहरूको सङ्गत गर्न सिकाउनु पर्छ । शिक्षाकर्मी भिक्षु-भिक्षुणी, त्यागि र गुरूहरूको आश्रयमा राख्नु पर्दछ । कुलघरानि व्यक्तिहरूको सङ्गत गर्न लगाई सदाचारी र शीलवान् बन्न सिकाउनु पर्छ ।

३. आफ्नो कुलमा चलिआएको शिल्पविद्या, शस्त्रविद्या, नीतिविद्या र नैतिक शिक्षाको ज्ञान दिनु पर्छ ।

४. समयअनुसार खर्च गर्नका लागि पैसा दिनुपर्छ । काम गर्न सक्ने भएपछि उपयुक्त हुने काम सिकाउनु पर्छ । व्यापार गर्ने इच्छा



Downloaded from http://dhamma.digital

भए छोराछोरीलाई व्यापार गर्न पैसा दिनुपर्छ ।

५. यौवन अवस्थामा पुगेपछि शीलवती-शीलवान, विदुषी-विद्वान, गुणवती-गुणवान केटी-केटा छानेर विवाह गराई घरबार बसाईदिने काम गर्नुपर्छ ।

प्रकाशको आमाबुबाले यो कर्तव्य पूरा गर्नु भएन त्यसकारण प्रकाश नराम्रो बानी भएर आमाबुबालाई धेरै नै दुःख भयो । खाली छोरालई दुःख हुन्छ, सम्पत्ति धेरै छ भनेर घमण्डीले गर्दा अलक्षण मायाले गर्दा प्रकाशको जीवन बिगाऱ्यो । प्रकाशसँग पैसा छँदा धेरै साथीहरू थियो । तर पैसा नहुँदा साथीहरू पनि कम भएर गयो । आफ्नो बानीलाई सुधार्न सकेन । जे चोरेर भएपनि आफ्नो भएपनि आफ्नो इच्छा पूरा गर्ने गर्थ्यो । आमाबुबालाई धेरै नै दुःख लाग्यो । विवाह गरिदियो भने राम्रो हुन्छ कि भनेर राम्री केटीसँग विवाह गरी दियो । तर श्रीमती भएता पनि आफ्नो बानी केही फरक भएन । आफूले कमाएको धन र अरूले कमाएको धन धेरै फरक छ । कारण आफूले कमाएको धन धेरै खर्च गर्न सक्ने छैन । अरूले अथवा आमाबुबाले कमाएको सम्पत्ति त्यति महत्व हुँदैन । खर्च गर्नको लागि कञ्जुस हुँदैन । झन् आफ्नो श्रीमतीको दहेज (कोसः) हरू गहना, भाडाकुँडा, यति मात्र होइन साडी समेत चोरेर बेचेर आफ्नो इच्छा पूरा गऱ्यो । श्रीमतीले पनि केही गर्न सकेन कारण पुरानो बानि भयो । आमाबुबालाई मनमा आयो कि यस्तो सन्तान जन्म भएतापनि मरेको बेस जे गरेतापनि सुधार्न सकेन । आज पनि यस्तो सन्तान धेरै नै छ । छोरा पायो भनेर दङ्ग हुने अहिले भोगेर बसेको छ ।

आमाबुबालाई धेरै दुःख हुँदा प्रकाशलाई बोलाएर भन्यो - प्रकाश तिमीलाई जति सुधार्न खोजेतापनि सकिएन । अब तिमी हिजोसम्म हाम्रो छोरा थियो । आजदेखि तिमी हाम्रो छोरा होइन तिमी जहाँ गएपनि जाउ । यो घरमा नबस । तिम्रो बाटो खर्चको लागि यो ५०० रूपिया लिएर अहिले नै जानु भनेर निकाली दियो । आफ्नो छोरालाई दुःख हुन्छ भनेर कहिले पनि केही नभनीकन बस्ने आज अचानक घरबाट निकाल्दा धेरै चोट पुऱ्यो । अब म मर्न जान्छु भनी



Downloaded from http://dhamma.digital

त्यो ५०० पैसा बोकेर घरबाट निस्कियो । देशबाट कहिले कही पनि नगएको अब यहाँ जाने भनेर खोलातिर गएछ । नदीमा डुबेर मर्ने भन्ने हेर्दा नदी सानो थियो । मर्न पनि डरलाग्दो अनि नदी तरेर चारकोशी झार जङ्गलबाट हिड्यो । जङ्गलभित्र खाने केहि पनि थिएन । पैसा छ खानेकुरा छैन । अनि रूखको कलिलो पात टिपेर खाँदै जङ्गलको बाटो सात दिनसम्म हिँड्दा पनि एकजना मान्छे भेटेन ।

सातौं दिनमा टाढा कतैबाट धुँवा आइराखेको देख्यो । उसले सानोमा सुनिराखेको थियो - जहाँ धुँवा हुन्छ त्यहाँ आगो हुन्छ । अनि त्यहि धुँवा हेर्दै जाँदा एकजना ऋषिले यज्ञ गरेर बस्नु भएको थियो । ऋषिमुनी १२ वर्ष भई सक्यो त्यो जङ्गलमा बस्नु भएको मानिस भेटेको थिएन । अचम्म लाग्यो यता प्रकाश सात दिन बित्यो मान्छे नभेटेको । दुबैजना अचम्म लाग्यो । प्रकाशले भन्यो - म यहाँ बस्न सक्छु ? तपाईको सेवा गरेर बस्छु । ऋषिले आफ्नो आफ्नो काम गरेर बस्नु भयो । ऋषिको काम ध्यान गर्ने । प्रकाशको काम ऋषिमुनिलाई फलफुल ल्याउने, होमको लागी दाउरा र सफासुग्घर गर्ने त्यस्तो गर्दा गर्दै ५ वर्ष बित्यो । जङ्गलमा कोहि पनी राम्रो नराम्रो साथी भनेको पाएन । अनि यसरी विचार आयो मेरो बानि नराम्रो भएको कारणले गर्दा घरबाट निकालेको हो । घरमा पैसा छ तर योग्य ज्ञान छैन । नराम्रो साथीहरूको संगतले गर्दा सबैलाई दुःख भएको हो । अब मैले थाहा पाए । नराम्रो संग सत्संगत गर्नु हुँदैन भनेर र ज्ञान बुद्धि अति नै आवश्यक छ । त्यसैकारण मलाई ज्ञानको आवश्यक छ । केटा-केटी घरबाट बाहिर जाँदा कि धन कमाएर आउँछ कि त ज्ञान-शिक्षा कमाएर घर फर्किन्छ । मैले त यहाँ केही पनि पाएको छैन । आमाबुबा के गरेर बस्नु भएको होला, श्रीमती पनि छ । परिवार याद आउने बित्तिकै घर जाने मन उत्सुकता भएर आयो । अब घर जानको लागि केही शिक्षा लिएर जानुपर्‍यो भनेर ऋषिमुनिको अगाडि गएर बिन्ति गर्नु भयो ।

- भो ! ऋषिज्यू म घर जान मनलाग्यो । म बसेको ५ वर्ष भयो । घरपरिवार याद आएर जान मन लाग्यो, त्यसैकारण घरमा



Downloaded from http://dhamma.digital

लिएर जाने केही अमूल्य ज्ञान-शिक्षा दिनु । ऋषिमुनिले भन्नु भयो, मसँग ज्ञान लियो भने ५०० रूपिया चाहिन्छ । ५०० रूपिया तिमीसँग छ ? छ हजुर मेरो आमाबुबाले बाटो खर्चको लागि दिनु भएको ५०० रूपिया लिनु भनेर डबलै डबल खुरूखुरू खनाइदियो । त्यसपछि ऋषिले भन्नुभयो - राम्रोसित सुन । दुई चोटि भन्दिन, त्यसैकारण राम्रोसित सुनेर व्यवहारमा उतार, त्यो हो "रिस भनेको झट्ट ननिकाल्नु र प्रयोग नगर्नु ।" प्रकाशलाई अरू पनि ज्ञान चाहेको थियो । फेरि प्रार्थना गर्दा फेरि ५०० चाहिन्छ भन्नुभयो तर प्रकाशसँग पैसा सक्यो । अनि ऋषिलाई नमस्कार गरेर रिस भनेको झट्ट निकाल्न हुँदैन भनेर कण्ठ गरेर घरतिर आयो । तर जङ्गलबाट आउनको लागि सात दिन हिँडेर बल्ल नदितिर पुग्यो । नदिमा आफ्नो मुख हेर्दा आफै डराउने, डाढी, जुङ्गा, कपडा झुत्रो, यो सबै हेर्दा आफै आफ्नै नभएको र घर र छिमेकीहरूले चिन्ने छैन भनी ठिक रातको १ बजे तिर आफ्नो घरमा गएछ । बाटो भरी जुन ५०० रूपिया गएको ज्ञान बिर्सीन्छ भनी कण्ठ गरेर आयो घर पुग्यो ।

रातको १ बजे सबै बेस्सरी निन्द्रा लागि रहेको थियो । आमाबुबा भन्दा भन्दै ढोका घच्घच्याउन थाल्यो । तर कोहि पनि ब्युँझेन । मस्त निन्द्रामा परेछ । यताउता हेर्दा आफ्नो कोठा याद आयो र माथी हेर्दा झ्याल खोलेको देख्यो । गर्मीको समय झ्याल खुल्ला नै थियो । आफ्नो कोठामा जानको लागि झ्यालैबाट जान्छु भन्ने यस्तो हेर्दा डोरी जस्तो देख्यो । त्यही डोरी समातेर कोठा पुग्दा आफूले छोडेर जाँदा श्रीमती एउटा, अहिले श्रीमतीको हातमा एकजना मान्छे देख्यो । देख्दा रिस आई हाल्यो दुबैजनालाई मारी दिन्छु भनेर मार्न खोज्यो । तर ऋषिले दिनु भएको ५०० रूपिया जाने ज्ञान रिस भनेको झट्ट ननिकाल्नु र प्रयोग नगर्नु भन्ने ज्ञान याद आयो । अनि मार्न खोजेको हात तल राख्यो । यिनीहरू कहाँ जान्छ म पर्खि बस्छु भनेर त्यहि डोरी समातेर तल झरेछ । दुइ जना देख्दा रिस त आउने नै भयो । त्यो पनि आफ्नो श्रीमतीसँग अरू मान्छे सुतेर बसेको । रिसको झोंकमा मान्छे र केटा छुटाउन सकेन । फेरि त्यही डोरी



Downloaded from http://dhamma.digital

समातेर अहिले त दुबैजनालाई मार्ने छु । फेरि सम्फयो रिस भनेको भट्ट ननिकाल्नु र उपयोग नगर्नु भनेको आयो तर प्रयोग गरेन । यस्तै तीनपटक माथि र तल गएछ । यस्तो गर्दा गर्दै रिसले ढोका जोरले गरेर आमा बोलाउँदा आमाचाहिँ ब्युँभेर छोरा आयो भनी खुशी खुशीले ढोका खोल्नआयो । जती रूप शरीर परिवर्तन भएतापनि आवाज परिवर्तन भएन । आमाबुबा धेरै नै खुशी हुनुभयो तर प्रकाशको आँखामा श्रीमतीसँग अरू पनि सुती राखेको मात्र देख्यो । खोइ तिम्रो बुहारी भनेर सोध्यो । कुशल वार्ता कुरा नै छैन । आमाचाहिंले भन्यो बुहारी सुतिराखेको छ । तिमीले छोडेर गएतापनि बुहारी गएन भनेर बुहारीलाई उठाउन जाँदा बुहारी र केटा दुबै जना उठेर प्रकाशलाई ढोग्न आएछ ।

प्रकाशलाई अच्चम्म भयो । यो केटा को नी भन्दा आमाचाहीले तिम्रो छोरा । तिमी जाँदा यो बच्चा पेटमा थियो । अब यत्रो ठूलो भएछ । छोरा भनेको कुरा सुने बितीकै प्रिती माया उठेर आयो र खोइ आमा मलाई बत्ति एउटा दिनु हतार हतारले बत्ति लिएर झ्याल तिर हेरेछ । जुन डोरी भनेर समातेको त्यो त काल सर्प पो रहेछ । शंका त लागेको डोरी भए कडा हुन्छ । तर काल सर्पलाई जति दुखेतापनि केही गरिन, यदि प्रकाशले आमा छोरालाई मारेको खण्डमा प्रकाशलाई पनि टोकेर मार्थ्यो । त्यसैले भने 'धम्म हवे रक्ख तिती धम्म चारी' जुन व्यक्तिले धर्मलाई रक्षा गर्छ त्यसलाई धर्मले रक्षा गर्छ । पत्यो या नपत्यौ मलाई मतलब छैन । म सानो छंदा हाम्रो खेत वारीमा जाँदा पनि मेरो खुट्टा माथि सर्प गएको थियो । सुलक्षणकीर्ति विहार बनाउन आउँदा चर्पी थिएन । पछाडि नकाले चर्पि बनाएको ठाउँमा बस्दा खुट्टा माथि सर्प गयो । खाना पकाउने भाँडामा पनि मुसा भनेर समात्न खोजेको सर्प परेछ । यस्तै धेरै सर्पलाई समाते । यो मेरो कहानी अनि त्यो प्रकाशलाई सर्पले केही गरेन । अचम्म लागेर माथी आमाबुबालाई धोगेर भन्यो ।

आमाबुबाले घरबाट निकालेको कुरालाई होइन नराम्रो बानीलाई हो । जब मैले बुझे । नराम्रो संगत हुँदैन प्रज्ञा ज्ञान भनेको अत्यन्त



Downloaded from http://dhamma.digital

आवश्यक छ । आमाबुबा मलाई माफ गरिदिनुहोला । छ वर्ष बाहिर बसेर आएतापनि मैले पैसा कमाएर ल्याउन सकेन । तर तपाईहरूले दिएर पठाएका ५०० रूपैया जाने ज्ञानबाट आज छोरा, बुहारी र नाती बाँच्यो । रिस भन्ने झत् ननिकाल्नु र उपयोग नगर्नु भनेको शिक्षाबाट आज तिनजना बाँचे । यदि यो ५०० जाने ज्ञान नभएको भए तिन जनाको ज्यान जाने । त्यसै कारण यो अमुल्य ज्ञान पाएको छु । आजदेखी नराम्रो संग तगर्ने छैन । तपाई कसैको पनि चित्त दुःखाउने छैन मैले गर्नु पर्ने ५ वटा पुरा गर्ने छु । जुन भगवान् बुद्धले सिकाउनु भएको ज्ञानलाई सुने मात्र होइन मैले उपयोग गर्छु भनेर विन्ति गऱ्यो- खाली आमाबुबाले मात्र छोराछोरीहरूका लागि कर्तव्य पूरा गर्ने कुरा हुँदैन । त्यस्तै छोराछोरीहरूले पनि आमाबुबाको लागि गर्नुपर्ने कर्तव्यहरू छन् । ती निम्नप्रकार छन् :

१. आमाबुबा बुढाबुढी भएपछि आमाबुबाको सेवाटहल गर्नु । नुहाउन पानी चिसो वा तातो कस्तो चाहिन्छ त्यस्को व्यवस्था गरेर बिरामी पर्दा बैद्य, डाक्टर बोलाई राम्रो औषधी गरिदिनु भयो । आमाबुबालाई चित्त दुःख हुने खालका काम र कुरा गर्नु भएन । गर्नु हुँदैन ।

२. आमाबुबालाई आइपरेका सबै जिम्मेवारी लिएर काम गर्नुपर्छ । आमाबुबाले कमाएको धनसम्पत्ति कुल थाम्न कमाएको धनसम्पत्ति अर्थात् खेतबारी ज्वाहरात नाश नगरी जोगाइ दियो र दिनुपर्छ । कुलका सबैको रक्षा गर्नु छोराछोरीको कर्तव्य हो ।

३. आमाबुबाले प्राणीहिंसा गर्ने, चोरी गर्ने, व्यभिचार गर्ने, झुठो बोल्ने, जाँडरक्सी पिउने, मासु बेच्ने, विष, हतियार र मान्छे बेच्ने काम गरिरहेका छन् भने त्यस्ता अकुशल आचरणलाई छाडी धमानुकुल काम गरी धन कमाएर आमाबुबाले भनदा पनि उन्नति गर्न सक्नुपर्छ ।

४. छोराछोरी भएर जन्मेपछि आमाबुबाको अंश लिन योग्य हुनुपर्छ । अंश भनेको धनसम्पत्ति मात्र होइन, आमाबुबाको आज्ञा मान्न सक्ने दुर्वाच्य नबोल्ने, कुलमा कलङ्क नलगाउने हो । आमाबुबाको इज्जत थाम्न सक्ने राम्रो व्यक्ति हुनुपर्छ ।



Downloaded from http://dhamma.digital

५. परलोक भइसकेको आमाबुबाको नाममा दान, शील, भावनामय पुण्यकार्य गरी आफूलाई प्राप्त भएको पुण्य दिनु पर्छ । आमाबुबाको नाममा पुण्यकार्य गरेर बस्नु उचित हुन्छ । यसले गर्दा आफूलाई समेत पुण्य प्राप्त हुन्छ र शान्ति सुख पाइन्छ ।

यी पाँचवटा छोराछोरीहरूको कर्तव्य हो । यही कर्तव्य प्रकाशले पुरा गर्नुभयो । पढेर लेखेर सुनेर मात्र पुग्दैन आफुले नै उपयोग गर्नुपर्छ । पहिला सुन्नुपर्छ त्यसपछि कल्पना गर्नुपर्छ, हो होइन राम्रो-नराम्रो, कुशल-अकुशलको विचार गर्नुपर्छ त्यसपछि अभ्यास गर्नु, राम्रो फाइदा कुशल हो भन्ने फर्केर नहेरिकन अभ्यास गर्नुपर्छ । त्यसैकारण प्रकाशले पनि बुद्धिमानहरूको संगत गरेर राम्रो बुद्धिवान बनेर आफूलाई पनि शान्ति अरूलाई पनि शान्तिको शिक्षा दिनुभयो र रिस भनेका झट्ट ननिकाल्नु र प्रयोग नगर्नु भनि भनि उपदेश शिक्षा दिंदा धेरै मानिसहरूको फाइदा भयो, ज्ञान पायो । पढेर लेखेर मात्र पुग्दैन अभ्यास गर्नु अति आवश्यक छ । त्यसैले हामीले स्मृतिजन्य भई उत्पत्तित द्वेष चित्तलाई भाविता गर्नुपर्छ, मनलाई प्रदुषित हुनबाट बचाउनु पर्छ ।

※



Downloaded from http://dhamma.digital

# विपश्यना ध्यान र योगामा फरक

ध्यान र योगामा धेरै अन्तर देखिन्छ । कारण ध्यान गर्नाले चित्तलाई शुद्ध पार्न मद्दत दिन्छ र त्यस्तै योगा गर्नाले शरीरको रोग निर्मुल पार्न मद्दत दिन्छ । जस्तै ध्यानले चित्तमा आएको राग, द्वेष, मोह, लोभ, अहंकार र अन्धकारलाई हटाउँछ भने योगा गर्दा शरीरमा भएको विकारहरूलाई हटाई सहज र सरल बनाउन मद्दत गर्छ र शरीरलाई स्वस्थ र स्फुर्ति जगाउँछ । योगा पनि अलगअलग किसिमले गरिन्छ जस्तै कपालभाटी, अनुलोम विलोम, सुर्य नमस्कार इत्यादि र अर्को व्यायामबाट पनि यसले नसा सम्बन्धी र हाड जोर्नी रोगलाई विशेष रूपले निर्मुल हुन मद्दत पुऱ्याउँछ । ध्यान र योगा जति फरकफरक भए पनि यी दुबै एक आपसमा परस्पर छन् ।

योगा हजारौं वर्ष पहिलेदेखि नै बोधिसत्व तथा ऋषिमुनिहरूद्वारा एकान्त ठाउँ गई योगा र ध्यान भावनामा लीन भएको ग्रन्थ तथा लेखहरूमा पाएका छौं र अर्को कुरा ध्यान र योगाबीच किन एकापासमा परस्पर मान्छौ त्यो हो दुबैमा एकाग्रता हुन्छ । अब हामीले चित्त सम्बन्धी कुरा बुझौं कि कर्म भनेको चित्तबाट आउने चेतना हो । कर्म बन्ने द्वार तीनवटा हुन्छन् । काय-द्वार, वची-द्वार, मनो-द्वार यी तीन द्वार मध्य मनो-द्वारबाट गरिएको कर्म नै प्रमुख हुन्छन् । मनले चिताएपछि मात्र वचन र शरीरले कर्म गर्छन् । मनको राम्रो नराम्रो



Downloaded from http://dhamma.digital

कर्मको फल पनि त्यसैअनुसार हुन आउछ ।

त्यसैकारण भगवान् बुद्धले चित्तलाई नै प्रथम स्थान दिनुभएको छ ।

*मनोपब्बङ्गमा धम्मा मनोसेट्ठा मनोमया*
*मनसा चे पदुठेन भासति वा करोतिवा*
*ततो नं दुःख मनवेति चक्क व वहतो पदं ।*

अर्थ : जुन काम गर्दा पनि मन नै सबै भन्दा अगाडि सर्छ । मन नै श्रेष्ठ छ र सबै मनोमय नै हुन् । त्यसैले मनभित्र पाप राखी अशुद्ध कर्म गर्छौ, बोल्छौ त्यसको फलस्वरूपमा दुःखको भण्डार पछिपछि आएको हुन्छ ।

त्यस्तै जसले मन, वचन शुद्ध राखी अरूको सेवाभाव, उपकार गर्छ उसले मलाई पुजेको हुन्छ भनी भगवान् बुद्धले भन्नु भएको छ । चित्तलाई (मन) विज्ञान पनि भनिन्छ । स्कन्धको रूपमा विज्ञानलाई प्रयोग गर्दा मनलाई चित्त मान्दछ । यसले शरीर देखिन्छ तर मन अथवा चित्तलाई देखिदैन । जस्तै उपमाः हावा छ तर त्यसलाई देख्न सकिन्दैन त्यस्तै मन (चित्त) लाई देख्न नसकिने मनको संयोग नै जीवन हो ।

हाम्रो भाषामा प्रयोग हुने शब्दमा हामीले चित्त अथवा मनलाई नाम भनिन्छ । नामको आकार हुँदैन तर रूपको आकार हुन्छ । आकार नभएको नाम र आकार भएको रूपसँग दुबै एकापासमा घनिष्ठ सम्बन्ध छन् जस्तो चित्त मनको आदेश बिना रूप निर्जीव सरह केही गर्न नसक्ने हुन्छ त्यस्तै रूप बिना नाम वा चित्तको कुने अर्थ नै रहदैन ।

चित्तको वास्तविक स्वभाव मुहानको निर्मल र शुद्ध पानी जस्तो हुन्छ । त्यस्तै मानव प्राणी जन्म लिन्दा पनि उस भित्र शुद्ध, राग, द्वेष, मोह, लोभ, लालच, क्रोध हुँदैन यसले अन्तसम्म पनि आफ्नो मूल स्वभाव छोडदैन् त्यसलाई चित्त परमार्थ-धर्म भन्दछन् । चित्तलाई फोहर पार्ने चैतशिक तत्वले गर्दा नै हो । चित्तमा कहिले लोभ, द्वेष, मोह, त कहिले अलोभ, अद्वेष, अमोह र अन्य चेतशिकहरू भेट्न आउछन् ।



Downloaded from http://dhamma.digital

जसले चित्तको अवस्था र स्तरको निर्धारण गर्दछ । त्यसैकारण चित्त एकनासको हुँदैन परिवर्तनशील भैरहन्छ, उत्पत्ति विनाश भइरहन्छ । चित्तको उत्पत्ति आलम्बन र हेतु (मतलब-कारण) मिलेर हुन्छ । मन भएन भने आलम्बनको अस्तित्व हुँदैन र हाम्रा पाँच इन्द्रीयहरूको पनि अर्थ हुँदैन । पाँच इन्द्रीय भन्नाले (आँखा, कान, नाक, मुख, र शरीर) यस पाँच तत्वमा चित्त हुँदैन र यी पाँच तत्वलाई योगामा सामेल गर्न सकिन्छ । तर विना चित्तको यो पाँचवटा अंगहरू योगाद्वारा चलाउनु सक्दैन । तर योगाविना चित्तलाई सफा र शुद्ध राख्न सकिन्छ । र चित्त शुद्ध भएको कारणले जन्ममरण मुक्त भएर निर्वाणको मार्गमा पुग्न सकिन्छ । र शरीर स्वस्थ भए पाँच इन्द्रीय शक्तिलाई पनि आफ्नो नियन्त्रणमा राख्न सकिन्छ । उपमा दिंदा जस्तो, बिजुली र चिम एकापसमा जोडिनेछ त्यस्तै शरीर र चित्तको पनि सम्बन्ध जोडिएको छ ।

शरीर र चित्त बीच कुनै काम फरक फरक भए पनि एकापसमा जोडेछ । कहिलेकाहिँ शरीर र चित्त जोडिन नसक्दा त्यसबाट निस्कने दुःखलाई अवगत गराउँछ ।

त्यस्तै केही दिन अगाडि नेपालमा (२०७२ बैशाख १२ गते शनिवार र २९ गते मंगलवार) भएको महाभूकम्पबाट धेरै नै धन, जनको नोक्सानको परिणाम भोग्नुपऱ्यो र त्यसको परिणाम अहिलेसम्म भोग्नु परिरहेछ । जताततै त्रासै त्रासले जनमानसहरू बाँच्न विवश भैरहेछन् । धेरै ठूलो नोक्सानले गर्दा जनमानसलाई आफ्नो शरीर र चित्तलाई राम्रोसँग नियन्त्रणमा ल्याउन सकिरहेका छैनन् र दुःख भोग्नु परिरहेछ । तर जसले धर्म-उपदेशको ज्ञानलाई अभ्यास गरी सार्थक मान्यो, बुझ्यो उसले यो महाभुकम्पको त्रास र दुःखको जंजालबाट बाहिर निस्कन सक्यो । यो सबै प्राकृतिक-परिवर्तनशील हो र यसलाई रोकेर राख्न सक्दैन र उत्पत्ति भए एक दिन विनाश पनि हुन्छ । जसले यी कुरा बुझे उसले यस्तो त्रासपूर्ण घटनामा पनि आफ्नो शरीर र चित्तलाई नियन्त्रणमा ल्याउन सक्छ ।

योग-साधना समस्त मानव जातिको शारीरिक रूपले सदैव



Downloaded from http://dhamma.digital

स्वस्थ्य रहनको लागि परापूर्वकालदेखि चलि आएको क्रियाशील विज्ञान हो । योग कुनै जातिवाद सम्प्रदाय र सिद्धान्तसँग सम्बन्ध छैन । योग साधनाको अभ्यासले मात्रै हामी सदेव स्वस्थ एवं निरोगी हुनमा मद्दत दिन्छ । त्यस्तै चित्तको रोग विपश्यना ध्यान गर्नाले मात्र निर्मुल पार्न सक्छ ।योगाको प्राणायाम विभिन्न प्रकारका छन् । जस्तै : नारीशोधन, भ्रामरी, उज्जयी, मास्त्रिका, कपालभाती, शीतली, शीतकारी, सुर्यमोदन आदि ।

ध्यान ४० प्रकारका छन् । तर विपश्यना ध्यानलाई ४ प्रकारले हेर्न गरिन्छ । जस्तै : कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना, धम्मानुपश्यना । यी चार किसिमको ध्यानलाई एकाग्रह गरी हेर्नेलाई विपश्यना भन्दछ ।

❋



Dhamma.Digital

Downloaded from http://dhamma.digital

# ५०० रुपैयाँ जाने ज्ञान

हामीसँग रिस व्याप्त भएको हुन्छ । कसैलाई धेरै रिस उठ्छ त कसैलाई कम । रिस उत्पन्न हुनुको कारण त हामीलाई थाहा हुन्छ तर कहाँबाट उत्पन्न हुन्छ भन्ने कुरा धेरैलाई थाहा हुँदैन । मानिसहरू सोच्दछन् कि रिस कतै टाउकोबाट आउने पो हो कि ? नभए पैंतालाबाट हातको काखीबाट वा अन्य कतैबाट वास्तवमा रिस चित्रबाटै उत्पन्न हुने हो । अप्रिय लाग्ने कुनै पनि आरम्भणसँग हाम्रो चक्खु प्रसाह, स्रोत पसाद, धाखा प्रसाद, जीव प्रसाद र काय प्रसाद ठोक्किन पुग्दा हामीलाई क्रोध उत्पन्न हुन जान्छ । त्यस अप्रिय आरम्भलाई हामी तुरून्तै टाढा हटाउन चाहन्छौं । फलस्वारूप नराम्रा नसुहाउँदा, अप्रिय तथा कुट वचन बोल्ने र त्यस्तै व्यवहारहरू देखाउने गर्दछौं । जसले हामीलाई कहिल्यै राम्रो गर्दैन । त्यसैले हामीले स्मृतिजन्य भई उत्पादित क्रोत्र चित्रलाई आविन गरी मनलाई प्रदुषित र कुलसिन हुनबाट जोगाउनुपर्छ ।

वाराणसीमा अध्ययनको क्रममा देखेको एउटा घटना यहाँ राख्न चाहन्छु । वाराणसीमा एउटा गाउँमा अत्यन्तै धनी परिवार एउटा थियो । त्यस परिवारमा प्रकाश नामको एकजना छोरो पनि थियो । इण्डियामा छोरो जन्मियो भने अत्यन्तै खुशी हुने चलन छ । सात पुस्तासम्म खाए पनि नसकिने सम्पत्ति भएको कारणले त्यो महाजनले



Downloaded from http://dhamma.digital

आफ्नो छोरो प्रकाशलाई दुःख होला अनि केही काम गर्न नदिई पुल्पुलाई हुर्काएको थियो । पढाई, लेखाई पनि केही गर्न लगाएनन् चाहेको हरेक चिज तुरून्तै उपलब्ध हुन्थ्यो । छोरो विस्तारै तरूण हुँदै आयो तर साथी भाइको संगत भने खराब परेछ । विस्तारै प्रकाश पनि साथीहरूसँग लागेर जाँड रक्सी पिउन थाल्यो, जुवा खेल्ने केटीहरूकहाँ जाने गर्न थाल्यो । आफ्नो एक्लोक छोरालाई आमा-बाबुले पनि केही भन्न सकेनन् । पूर्खाको करोडौं सम्पत्ति प्रकाशले विस्तारै जाँड रक्सी जुवा र रण्डीबाजीमा सक्कन थाल्यो । आमाबाबुले पनि भनेजति पैसा दिन्थे आफ्नो छोरालाई । प्रकाश दिनबदिन झन्झन् बदमास हुँदै गयो । ऊ साथीहरूलाई पनि जुवा खेल्न रक्सी पिउन ड्रक्स खान, केटीहरूकहाँ जान, पैसा दिने गर्दथ्यो । यसरी नै उसले घरको धेरै सम्पत्ति नाश गऱ्यो । अब घरबाट पनि उसलाई पैसा धेरै खर्च गर्नबाट रोक लगाउन थाल्यो । त्यसैले घरबाट पैसा नपाएपछि उसले आफ्नो स्वार्थ पूर्ति गर्न घरकै समानहरू चोरी गर्न थाल्यो । घरको सामानहरू चोरेर टोलमा बेच्न लग्दा टोल-छिमेकका मान्छेहरूले घरमा खबर गर्न आए । आज आफ्नो घरमा चोर्छ, त्यसपछि टोल छिमेकमै चोर्न आए आमी त यसलाई बाँकी राख्दैनौं अनि धम्कि समेत दिएर गए । यसरी एक अत्यन्तै धनी तथा इज्जतदार ब्राम्हण कुलको छोरो कुलतमा लागेर परिवारको इज्जत सबै माटोमा मिसिदिएछ ।

आजभोली धेरै यस्ता युवाहरू छन् जसले कुलतमा लागेर लागूपदार्थ सेवन गरेर सम्पत्ति पनि र आफ्नो जीन्दगी पनि नास गरिरहेका छन् । हाम्रो सुलक्षण कीर्ति विहारको नजिकै पाटीमा धेरै प्रकाशजस्ता कुलतमा लागेका युवाहरू ड्रग्स खान आउने गर्दछन् । बिहारको सामानहरू पनि धेरैपल्ट चोरेर लगेका छन् । कहिले चन्दा बाकसै उठाएर लग्छन् भने कहिले धारा, ग्याँस, डण्डीहरू जस्ता सामान यसरी लागूपदार्थ दुर्व्यसनी हुनु चोरी गर्नेसम्म हुनुमा केटा-केटीहरूको मात्र दोष होइन, आमाबुबा, घर-परिवार र समाजको पनि ठूलो हात हुन्छ । बच्चालाई जन्म दिएर मात्रै पुग्दैन । जन्म त पशुले



Downloaded from http://dhamma.digital

पनि दिन्छ । आफ्नो छोरा-छोरीहरूप्रति आमाबुबाले गर्नुपर्ने कर्तव्यहरू पनि छन् । ती कर्तव्यहरू पूरा गर्न सके मात्र जन्म दिएको सार हुन्छ । आमाबुबाले आफ्नो सन्तानहरूप्रतिको कर्तव्यहरू पूरा भए अवश्य पनि ती सन्तानहरू जीवनमा उँभो लाग्नेछन् । भगवान बुद्धले गृह विनयमा आमाबुबाहरूले आफ्नो सन्तानहरूप्रति गर्नुपर्ने ५ वटा कर्तव्यहरू यस प्रकार छन् ।

१. नराम्रो बानी बसाल्न दिनु हुँदैन । प्राणीधान आदि पञ्चशील कर्म गरेर हिँड्नेलाई अनेक प्रकारले शकुशल कर्मको दुःख विपाकको कुरा बताइ अनेक पापको दृष्टान्त दिई, उदाहरण देखाई धर्मोपदेश गरी आफ्नो सन्तानहरूलाई पाप कर्मबाट बचाई पुण्यपथमा लगाउनु पर्छ ।

२. असल काम कुरोमा लगाउनु पर्छ । उत्तम साधू महात्माहरूको संगत गराउनुपर्छ सुपेसल शिक्षाकामी भिक्षु तथा गुरूहरूको आश्रममा राख्नु पर्दछ । घरानी कुलीनहरू संगत गर्न लगाउनु पर्दछ । फकाई फुलाई भए पनि भिक्षु श्रमणहरूको आश्रयमा राखी सुशिक्षित आचारी तथा सदाचारी शीलवान बनाउनुपर्छ ।

३. आफ्नो कुललमा चलिआएको शिल्प विद्या बाहेक अर्को किसिमको शिल्प विद्या पनि सिकाइ दिन्छन् । शास्त्रविद्या, शिल्पविद्या तथा नीतिविद्या राम्ररी निपुण हुने गरी सम्झाईबुझाइ सिकाइ दिनुपर्छ ।

४. यौवन अवस्थामा पुगेपछि, शीलवती, विद्यावती तथा आफ्नो जातिकुलमा मिल्ने कुलीन कन्या विवाह गरिदिनुपर्छ ।

५. समय-समयमा आवश्कताअनुसार खर्च गर्न पैसा दिनुपर्छ । एउट राम्रो काम खोजिदिनु पर्छ । व्यापार गर्ने इच्छा भए छोराछोरीलाई व्यापार गर्न पैसा दिनुपर्छ ।

प्रकाशको आमा-बुबाले आफ्नो कर्तव्य पूरा गरेनन् जसको फलस्वरूप प्रकाशले धेरै दुःख पायो । मनग्य सम्पत्ति छ भनी आमा बुबाले प्रकाशलाई पढ्नमा जोड दिएन । पैशा हुँदासम्म प्रकाशको वरिपरी साथीहरू धेरै झुम्मिन आउँथे । कुलतमा लागेर प्रकाशले धेरै सम्पत्ति नास गर्‍यो । घरबाट पनि प्रकाशलाई पैसा नदिएपछि



Downloaded from http://dhamma.digital

साथीहरू पनि कम हुँदै गए । साथीहरूले त छोडेर गए तर नराम्रो बानीले भने उसलाई छोडेन । कुलतमा फसेको प्रकाशले चोरी पनि गर्न थाल्यो । त्यसैले आमाबाबुले प्रकाशलाई विवाह गरिदिए सुध्रिएला कि भनी विवाह गरिदिए । तर, यो उपाय पनि काम लागेन । आफूले कमाएको धनको पो माया हुन्छ सित्तैमा आएको धनको के मतलब । प्रकाशले श्रीमतीको गरगहना दाइजो सब सक्काइदिये । त्यतिमात्र होइन, घरको भाँडाकुँडा, श्रीमतकिो साडी समेत बेचेर खायो । श्रीमतीले पनि केही गर्न वा भन्न सकिन । कस्तो कुपुत्रलाई जन्म दिएछु भनि आमा बुबा पनि दिक्क मान्दै बसे ।

एक दिन आमा बुबाले प्रकाशलाई बोलाई भन्यो 'हेर बाबु ! तिमीलाई सुधार्न हामीले धेरै प्रयत्न गर्‍यौं, तिमीले पूर्खाको सम्पत्ति सबै नाश गरिसक्यौ, अब तिमीलाई हामीले केही दिन सक्तैनौं । तिम्रो नराम्रो बानीको कारणले गर्दा हाम्रो धेरै बेइज्यत पनि भैसक्यो । त्यसैले तिमी यो ठाउँ छोडेर जाउ तिमीलाई बाटो खर्चको लागि यो ५०० रूपैयाँ दिन्छु । फर्केर फेरि नआउनु । कहिल्यै केही नभन्ने आमा-बाबुले अचानक यसरी घरबाट निस्केर जाउ भन्दा प्रकाशको मनमा ठूलो चोट पर्‍यो । बाँचेर केही फाइदा छैन भनि प्रकाशले ५०० रूपैया खल्तीमा हाली घरबाट निस्क्यो । गाउँबाट टाढा कहिल्यै नगएको प्रकाश हिँड्दा हिँड्दै एउटा खोलाको किनारमा पुग्यो । नदीमा हामफालेर मर्छु भने तर हेर्दा मर्न पनि डर लाग्यो । नदी तरेर जंगलै जंगलको बाटो लाग्यो । खल्तीमा पैसा थियो तर खाना किन्नको लागि कुनै पसल देखेन । जंगलमा मान्छेको गन्धसम्म पनि थिएन । उसले रूखक कलिला पातहरू टिपेर खान थाल्यो । जंगलको बाटो सातदिन लगातार एकोहोरो हिँड्न थाल्यो ।

सात दिन हिँडिसक्दा उसले टाढाबाट धुवाँ आइसकेको देख्यो । जहाँ धुवाँ हुन्छ त्यहाँ आगो पक्कै हुन्छ र जहाँ आगो हुन्छ त्यहाँ मान्छे पनि हुन्छ । यहि सम्झेर ऊ धुवाँ आएको दिशातिर लम्क्यो । त्यहाँ उसले एक जना ऋषिलाई देख्यो । ऋषिले पनि १२ वर्षसम्म त्यस जंगलमा कुनै पनि मान्छेलाई देखेको थिएन । दुवै जना



Downloaded from http://dhamma.digital

अञ्चम्मित दिए । प्रकाशले ऋषिलाई आफू उनीसँग बस्न सक्छु कि भनेर सोध्यो । ऋषिले पनि सँगै बस्ने अनुमति दियो । ऋषिको काम ध्यान गर्ने थियो र प्रकाश चाहिँ ऋषिको सेवा गर्ने गर्थ्यो । ऋषिकोलागि फलफूल, कन्दमुल खोज्ने सफा सुग्घर गर्ने जस्ता काम गरी प्रकाशले त्यहाँ ५ वर्ष बितायो । जंगलमा प्रकाशको साथी त्यही ऋषि एकजना मात्र थियो । एक दिन प्रकाशको मनमा आफू नराम्रा साथीहरूको संगतको कारणले गर्दा सम्पत्ति पनि नाश भयो अनि घरबाट पनि निकालिनु पऱ्यो भन्ने अनुभव हुँदै आयो । उसले विचार गऱ्यो घरमा पैसा छ तर योग्य ज्ञान छैन । कुलतमा लगेर आफूले पनि सुन्दर जीवन नाश गर्न थालेँ र अरूलाई पनि दु:ख दिएँ । त्यसैले राम्रो संगत र राम्रो ज्ञान वृद्धि अत्यन्तै आवश्यक छ । मानिसहरू घर छोडेर बाहिर गए भने कि त ज्ञान वृद्धि कमाएर फर्कन्छन् कि त पैसा कमाएर फर्कन्छन् । मैले त अहिलेसम्म केही कमाउन सकिन । घरमा आमा बुबा के गरेर बसे होलान्, श्रीमतीको के हाल भैराख्यो होला भनि ५ वर्ष पछि प्रकाश होसमा आएझैं भयो । उसलाई घर फर्कने इच्छा भयो । त्यसैले घर फर्कनको लागि केही शिक्षा लिनु आवश्यक ठानी उसले ऋषिसँग केही ज्ञानगुनका शिक्षा दिनु हुन बिन्ती गऱ्यो । ऋषिले पनि घर फर्कने अनुमति त दियो तर सित्तैमा शिक्षा दिन चाहेन । विद्या सित्तैमा दियो भने त्यसको मुल्य राख्दैन मानिसले भन्ने कुरा ऋषिलाई थाहा भयो । त्यसैले ऋषिले प्रकाशलाई एउटा ज्ञानगुनको शिक्षा दिए बराबर के दिन्छौ भनि सोध्दा आफूसँग ५०० रूपैयाँ भएको सम्झी त्यही दिन्छु भन्यो । त्यतिबेला मात्रै ऋषिले प्रकाशलाई मेरो कुरा राम्ररी ध्यान दिएर सुन, दोहोऱ्याएर फेरि भन्ने छैन भनी यस्तो उपदेश दिनुभयो 'रिस भनेको कहिल्यै पनि झ्वाट्ट ननिकाल्नु, यदि रिस उठिहाले पनि आवेसमा आई केही पनि नगर्नु' । प्रकाशलाई अरू पनि ज्ञान दिएको थियो तर उसँग पैसा थिएन । ऋषिलाई नमस्कार गरी प्रकाश घर फर्क्यो ।

हिँड्दा हिँड्दै एक हप्तापछि प्रकाश त्यही नदीको किनारामा पुग्यो । नदी तरेर ऊ घरतिर लाग्यो । घर पुग्दासम्म अँध्यारै भैसकेको



Downloaded from http://dhamma.digital

थियो । घरको ढोका अगाडि पुगेर उसले आमा-बुबालाई पुकार्दै ढोका घच्घच्यायो । मध्यरातमा थकित भएर सुतेका आमा बुबाहरूले केही सुनेनन् । अनि घरको माथिल्लो तलामा रहेको आफ्नो कोठातिर हेऱ्यो । गर्मीको समय भएकोले कोठाको झ्याल खुल्लै थियो । पक्कै पनि श्रीमती कोठामै होला भनि कोठातिर चढेको लहरा जस्तै डोरी समाति उ माथितिर चढ्यो । झ्यालमा पुगेर कोठाभित्र चिहाएर हेर्दा उसलाई अत्यन्तै रिस उठ्यो आफूले घर छाडेर जाँदा श्रीमतीलाई एक्लै छोडेर गएको थियो । तर, अहिले श्रीमतीको खाटमा पुरूष आकारको मान्छे एकजना सँगै सुतिरहेको उसले देख्यो । अन्धकारको समयमा, जुनको प्रकाशका भरमा उसले त्यो दोस्रो पुरूषलाई मार्छु भन्ने मनमा आयो । भित्र पसि श्रीमती र त्यो केटालाई मार्छु भनि भित्र पस्न लाग्दा प्रकाशले ऋषिले सिकाएको शिक्षा याद आयो । अनि प्रकाशले आफ्नो रिसलाई संयमित गरी यिनीहरू कहाँ जान्छन् के गर्छन् पहिला हेर्छु भनी त्यही डोरी समति तल झऱ्यो । तल झरिसकेपछि पनि उसलाई श्रीमती र सँगै सुतेको मान्छे सम्झी फेरी रिस उठ्यो । यिनीहरूलाई मार्छु नै भनी फेरि माथि चढ्न लाग्दा ऋषिको कुरा याद आयो । झ्वाट्ट रिस उठाउनु हुन्न, आवेगमा आई नराम्रो केही नगर्नु भनेको याद आई उ फेरी शान्त भयो । यसरी नै उसले तीन पटकसम्म रिसको झोंकमा त्यो डोरी समाती तलमाथि गऱ्यो । ऊ थाकिसकेको थियो । उसले फेरि एक पल्ट ढोका घच्घच्याएर आमा-बुबालाई बोलायो । आमा-बुबाले आफ्नो छोराको स्वर सुनेर दौडेर ढोका खोल्न आए । पाँच वर्षसम्म दाह्री जुँगा नकाटेकोले रूप परिवर्तन भए पनि स्वर परिवर्तन भएको थिएन प्रकाशको । आमाबुबाहरू आफ्नो छोरा फर्केर आएको निकै खुशी थिए तर प्रकाशको आँखामा क्रोधको ज्वाला बलिरहेको थियो । उसले रिसाउँदै ठूल-ठूलो स्वरमा आमा बुबालाई माथि कोठामा श्रीमतीसँग सुतिरहेको मान्छे को हो भनि सोध्यो । आमा-बुबालाई कस्तो छ के गर्दै हुनुहुन्छ भनि सन्चो बिसन्चो समेत सोध्न भुल्यो रिसको सरमा । तल हल्ला खल्ला मच्चिरहेको सुनेर श्रीमती र केटा दुवैजना तल आए र



Downloaded from http://dhamma.digital

श्रीमतीले प्रकाशलाई ढोगिन् ।

उज्यालो प्रकाशमा श्रीमती र त्यो केटालाई देखेर प्रकाश अचम्म भयो । जुनको झिसमिसे उज्यालोमा शंकाको कारणले गर्दा सानो केटा बच्चालाई उसले कुनै पुरूषको आकार देखेछ । प्रकाशले घर छोडेर जाँदा उसको श्रीमती गर्भवती भैसकेको प्रकाशको मनमा पुत्र स्नेह जाग्यो । प्रकाशले आफू डोरीको सहायताले झ्यालसम्म पुगेको र श्रीमती र केटालाई सँगै सुतिरहेको देख्दा अत्यन्तै रिस उठेको तर ऋषिको उपदेश सम्झेर फेरि त्यही डोरिको सहायताले तल झरेको कुरा बतायो । यो कुरा सुनेर श्रीमतीले झ्यालमा न त कुनै डोरी छ न कुनै लहरानै, कसरी माथि आउनुभयो भनि सोधेपछि प्रकाशको मनमा पनि शंका लाग्यो । डोरी भए त अत्यन्तै सारो हुनुपर्ने तर उसले समातेको डोरी नरम थियो । उ बत्ति लिएर तुरून्त झ्याल मुनि हेर्न जाँदा उसले त्यहाँ झुण्डिरहेको डोरिको सट्टा झुण्डिरहेको कालो सर्प देख्यो । ऊ डरले पसिना पसिना भयो । अचम्मको कुरा थियो प्रकाश सर्पको भरमा तलमाथि गर्दा सर्पलाई जति दुखे पनि सर्पले केही गरेन । यदि प्रकाशले रिसको झोकमा श्रीमती र छोरालाई मारेको भए सायद सर्पले पनि प्रकाशलाई टोकेर मार्थ्यो होला। । त्यसैले त भनिन्छ । 'धम्मो हवे रक्खनिती धम्मचारी' मतलब जुन व्यक्तिले धर्मको रक्षा गर्छ धर्म अनुसार चल्छ उसलाई धर्मले पनि रक्षा गर्छ । सुलक्षण किर्ती विहारमा पनि धेरै सर्पहरू आउँछन् । कहिलेकाँही खाना पकाउने भाँडामा मुसा अनि समातेर फाल्न खोज्दा सर्प हुन्थ्यो ।

प्रकाशले आमाबुबालाई ढोगेर गयो । तपाईहरूले मलाई घरबाट निकालेको होइन, मेरो नराम्रो बानीलाई निकालेको हो । आफूले ५ वर्षसम्म जंगलमा कसरी दिन बिताएँ भन्ने विषयमा बतायो । जीवनमा प्रज्ञा, ज्ञान वृद्धि अत्यन्तै आवश्यक भएको कुरा उसले बुझेको थियो । त्यसैले प्रकाशले भन्यो मैले ५ वर्ष घरबाट बाहिर बसी केही सम्पत्ति कमाउन नसकेपनि तपाइहरूले दिई पठाएको ५०० रूपैयाँको सदुपयोग अवश्य गरेको छु । मैले ५०० रूपैयाँ जाने ज्ञान हासिल गरेको छु ।



Downloaded from http://dhamma.digital

५०० रूपैयाँ दिए बापत ऋषिले एउटा ज्ञानको कुरा सिकाएको थियो । झ्वाट्टै नरिसाउनु रिस आइहाले पनि आवेगमा आएर कुनै नराम्रो काम नगर्नु । यही शिक्षाको कारणले गर्दा श्रीमती, छोरा र आफ्नो पनि ज्यान बच्यो । त्यसैले प्रकाशले अबदेखि नराम्रो साथीहरूको संगत नगर्ने कसम खायो । छोरा भएको नाताले आमाबुबाप्रति गर्नुपर्ने कर्तव्य सबै पूरा गर्ने अठोट प्रकाशले त्यतिबेला लियो । र एउटा बिछोडिएको परिवारको पुनर्मिलन भयो ।

भगवान बुद्धले आमा बुबाको छोराछोरी प्रति ५ वटा कर्तव्य रहे जस्तै छोराछोरीले पनि आफ्नो आमा-बुबाप्रति ५ वटा कर्तव्य पूरा गर्नु पर्ने कुरा सिगालोवाद सूत्रमा उल्लेख गर्नुभएको छ । ती ५ वटा कर्तव्यहरू यस प्रकार छन् नौ महिनासम्म गर्भमा राखि जन्म दिएर पालन पोषण गरेको गुणलाई सम्झी छोराछोरीहरूले पनि आमा बुबाको प्रत्युपष्ठान गर्नुपर्दछ । वृद्धावस्थामा नुहाउनको लागि आवश्कता अनुसारको खानपापिनको व्यवस्था नुहाउनको लागि तातो चिसो पानीको व्यवस्था, बिरामी, भए औषधि गराइदिने जस्ता कामहरू गरिदिनुपर्छ । आफूले जाने सुनेपछि धर्मका कुराहरू सुनाई धर्ममा प्रवृत्ति बढाइदिनुपर्छ । आफूलाई थाहा नभए जाने सुनेका भन्ने गुरूमाहरू डाकी धर्मका कुराहरू सन्न दिने काम गर्नुपर्छ ।

२. आमाबुबालाई आइपर्ने सरकारी कामकाज जन्मैको भार आफूले बोकिदिनु पर्छ ।

३. आमाबुबाको बिडो थाम्नु पर्छ । कुलवंश स्थिर गर्ने सक्नुपर्छ र सदाचार कुलाचरणको परम्परालाई ग्रहण गर्न सक्नुपर्छ । पूर्खाको सम्पत्ति नाश नगरी जोगाई अझ वृद्धि हुने काम गर्नुपर्छ । दानादि गर्ने चर्चालाई अथित कुलवंश रक्षा गर्नु पर्छ । आमाबुबाले प्राणी हिंसा गर्ने, अर्काको धन चोर्ने आदि जस्ता अकुशल कार्यहरू गरी बौद्ध गृहस्थलहरूका लागि नसुहाउने ५ प्रकारका व्याथाहरू गरी धन कमाइरहेका भए यसलाई रोक्न लगाई सदाचार हुने किसिमको राम्रो काम गरी धन वृद्धि गर्नुपर्छ ।

४. आमाबुबाको अंश लिन योग्य हुनुपर्छ । अंश भनेको धन



Downloaded from http://dhamma.digital

सम्पत्ति मात्र होइन । आमा बुबाको आज्ञा मान्ने, नराम्रो बोलि नबोल्ने कुलमा कलङ्क लगाउने काम नगर्ने, कुलको इज्जत थाम्न सक्ने राम्रो व्यक्ति बन्नुपर्छ ।

५. परलोक भइसकेका आमाबुबाको नाममा दान, शील भावनामय पुण्यकार्यहरू गरी आफूलाई प्राप्त भएको पुण्यहरू मैत्रीपूर्वक पुण्यानुमोदन गरिदिनुपर्छ । परलोक भैसकेका आमा-बुबाको गुणलाई बिर्सनु हुन्न । परलोक भैसकेका आमा-बुबालाई पुण्य बाहेक हामीले अरू केही दिन सक्दैनौं ।

प्रकाशले पछि गएर एक असल छोरो भएर देखायो आफूले गर्नुपर्ने कर्तव्यहरू पनि पूरा गऱ्यो । केही पनि कुरा पढेर वा सुनेर मात्र हुँदैन । त्यो कुरा ठीक हो वा होइन भनेर बिचार गर्नुपर्छ । यदि आफ्नो विवेक बुद्धिले त्यो कुरा ठिक भने त्यसलाई अभ्यास र आचरण गर्नुपर्छ । तर आफूलाई ठीक र सही लागेको कुरा कहिलेकाँही गलत र खराब पनि हुन सक्छ । त्यसैले यदि कसैले हामीलाई हाम्रो गल्ती देखाइदियो भने क्रोध नगरी, घमण्ड नगरी स्वीकार्न सिक्नु पर्छ । प्रकाशले राम्रा साथीहरूको संगत गरि आफूले जानेका असल कुराहरू अरूलाई पनि सिकायो र अरूबाट पनि राम्रो कुराहरू सिकी विद्वान हुन पुग्यो । ५०० रूपैयाँ मूल्य तिरेर हाँसिल गरेका शिक्षाले उसको जीन्दगी परिवर्तन गरिदियो ।

❋

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# आधुनिक विज्ञानको दृष्टि र बुद्ध दर्शन

आजभन्दा २६०८ वर्ष अघि भगवान बुद्धले प्रतिपादन गर्नुभएको हेतुवाद सिद्धान्त सांसरिक र प्राकृतिक चिजबाट स्वभावधर्म अनित्य यो संसार सबै अथवा जति उत्पन्न भइरहेको छ त्यो सबै अनित्य भएर जानेछ । नित्य केही पनि छैन । सबै वस्तुहरू उत्पत्ति हुन्छ र विनाश भएर जान्छ र जानेछ । दुःख हाम्रो जीवन दुःखै दुःखले भरिएको छ । दुःख धेरै प्रकारका छन् । त्यसमध्ये आफूसँग नमिल्नेसँग मिलेर बस्नुपर्ने झन् ठूलो दुःख हो । मानिसहरूले यस्तो दुःख साधारण दुःख हो भन्ने ठान्दछन् । आफूले चाहेको, इच्छा गरेको भएन भने दुःख हुन्छ । आफूलाई चाहेको मनपरेको, इच्छा गरेको, मन परेकाहरूसँग वियोग भएर बस्दा दुःख हुन्छ । मन नपरेको व्यक्तिसँग बस्नुपर्दा धेरैनै दुःख हुन्छ । तर आफूले भनेजस्तो, चाहेजस्तो कहाँ हुन्छ र र यो संसार त दुःखै दुःखको खानी हो । त्यसो भएर हाम्रो समाजमा र घरमा छिट्टै अलग भएर बस्ने चलन भएर आएको हो । अलिकति कुरा मिलेन भने क्रोध उत्पन्न गरी झगडा शुरू भैहाल्छ । यस्तो दुःखबाट मुक्ति, पाउनको लागि छिट्टै अलग बस्न खोज्छ । तर जस्तो गरे पनि, जता गएपनि सुख कहिल्यै पाउँदैन । हामीले जन्मने बित्तिकै दुःख बोकेरै जन्मेका हौं । त्यसैले स्मृति राख्न सकेनौं सत्य धर्मलाई बुझ्न सकेनौं भने कहिल्यै दुःखमय संसार चक्रबाट अलग्गिन सक्दैनौं ।



Downloaded from http://dhamma.digital

अन्त्यमा बुद्धको सिद्धान्त अनुसार संसारमा भएका सबै प्राणीहरूमा आत्मा भन्ने चिज छैन । अनात्मा छ  परिवर्तनशील छ ।

सम्पूर्ण प्राणीहरूमा मन नै प्रमुख हुन्छ । राम्रो नराम्रो चित्त ( मन) ले नै कर्म निर्धारण गर्छ र आफू पुग्ने गति पनि । हाम्रो चित्त सदैव एकैनासको छैन । क्षण-क्षणमा परिवर्तन भइनै रहन्छ । हामी सानो छँदा लोभ, क्रोध, धेरै हुँदैन । ठूलो हुँदै जाँदा लोभ पनि बढ्दै गएको त्यस्तै ज्यानै लिने जस्तो क्रोध उत्पन्न भएको पनि पाउँछौं । यसरी परिवर्तनशील मनको स्वभावलाई हामी आफैले थाहा पाउनु पर्दछ । र त्यो थाहा पाउन ध्यान भावना अभ्यास गर्नु अत्यन्त आवश्यक छ । वैज्ञानिक यन्त्रहरूको पनि नाप्न र किटेर भन्न नसक्ने चित्तका स्वभाव र वेगलाई ध्यान अभ्यासले प्रष्ट पार्न सक्दछ । वैज्ञानिक अनुसन्धानले पत्ता लगाएका केही कुरा र बौद्ध दर्शन कतिपय ठाउँमा मिल्दा हुन्छन् । त्यसैले बुद्ध दर्शनलाई वैज्ञानिक दर्शन पनि भनिन्छ । जस्तैः बौद्ध दर्शनमा यो संसार पानी, आगो, माटो र हावाले बनेको हो भन्छ र विज्ञानले पनि यो चतुमहाभुतको नियमलाई स्वीकारेको छ । पृथ्वीमा पानी ३ भाग र माटो १ भाग मात्र छ भनी विज्ञानले भन्दछ र बुद्ध दर्शनमा पनि यहि कुरा उल्लेख भएको पाइन्छ । अरूको भनाइलाई मात्र विश्वास नगर्ने आफूले नै उपयोग गरेर हेर्नु पर्दछ । किनभने भगवान बुद्धले संसारको त्रिलक्षण स्वभाव धर्म अगाडी सारी मानिसहरूलाई उनीहरूको आ-आफ्नो क्लेशहरू अर्थात मनका चित्तका दुषित भावनाहरू लोभ, द्वेष, मान, मोह लालची, अभिमान, मिथ्यादृष्टि आदि हटाई विवेकशील भई शुद्ध आचरण सहितको जीवन यापन गर्न सिकाउनु भएको छ । यसको साथै भौतिक भोग विलासमा मात्रै नडुबी चतुआर्य सत्यलाई बुझ्नु पर्दछ, भन्नु भएको छ । चुत आर्य सत्य भनेको :

१. दुःख सत्य : संसार दुःखै दुःखले प्याप्न छ । दुःख ८ प्रकारका छन् । ती हुन् जन्म हुनु दुःख बुद्ध हुनु दःख रोगले ग्रस्त हुनु दुःख, मृत्यु हुनु दुःख, विलाप गरी रूनु कराउनुपर्ने दुःख, मन नपर्नेसँग बस्नुपर्ने दुःख मन पर्नेसँग बस्न नपाउनु दुःख इच्छा गरेको



Downloaded from http://dhamma.digital

नपुग्नु दुःख । संक्षिप्तमा भन्दा पञ्च उपादानयुक्त शरीर धारणा गर्नुपर्ने नै दुःख हो ।

२. दुःख समुदय सत्य : फेरि-फेरि जन्म लिनु अथवा जन्म हुनु, रोगबाट मुक्त अथाव उत्पन्न भएको ठाउँमा अभिनन्दन गराउने तृष्णा हो । यसलाई नै दुःख समुदाय सत्य भन्दछ । तृष्णा ३ प्रकारका छन् :

क. काम तृष्णा - कुनै विषयवस्तुमा भागमग्न हुनुमा आनन्द लिने ।

ख. भव तृष्णा - फेरि-फेरि जन्म लिने इच्छा गर्ने ।

ग. विभव तृष्णा - उच्छेद, नित्य अस्थिरता, विक्षेपको इच्छा गर्ने ।

३. दुःख विरोध सत्य : सम्पूर्ण तृष्णाको निरोध गर्नु, त्याग गर्नु, मुक्तिको मार्ग पाउनु, सम्पूर्ण दुःखबाट मुक्त हुनु नै दुःख विरोध अति सत्य हो ।

४. दुःख निरोधगामिनी प्रतिपक्ष अर्थ सत्य : यस आर्य सत्यलाई हामीले आर्य अष्टाङ्गिक मार्ग भनेर पनि निम्न प्रकारले बुझ्न सक्तैछौं ।

क. सम्यक दृष्टि - दुःख र दुःखको हेतु दुःख निरोध, दुःख निरोधको बाटो, यि सबै विषयको ज्ञानलाई अवबोध गर्न सक्ने ज्ञान हो । काय, वाक र मनले गर्ने कुशल, भुकशलको सही तरिकाले बुझ्नु नै सम्यक दृष्टि हो ।

ख. सम्यक संकल्प - हिंसा, व्यभिचार, चोरी जस्ता अकुशल कर्मबाट अभाग्गिने र कुशल कर्महरू मात्र गर्छु भन्ने दृढ आत्मविश्वासलाई नै सम्यक संकल्प भनिन्छ ।

ग. सम्यक वाचा - झुठो नबोल्नु, चुक्ली नगर्नु, सारयुक्त प्रिय वचन बोल्नुलाइ नै सम्यक वाचा भन्दछ ।

घ. सम्यक कर्मान्छ - प्राणहिंसा, गर्नु चोरी गर्नु, व्यभिचार गर्नु, मादक पदार्थ सेवन गर्नु जस्ता अकुशल कर्महरूदेखि वित्त र कुशल कर्म गर्नुलाई नै सम्यक कर्मान्त भनिन्छ ।



Downloaded from http://dhamma.digital

ङ. सम्यक आजीविका - प्राणीहिंसा गरेर सामु बेच्ने, मार-काट गर्न हात-हतियारहरू बेच्ने, अभल पदार्थहरू बेच्ने, विष बेच्ने, मानव व्यापार देह व्यापार जस्ता अभाववीय व्यापारहरू नगरी शुद्ध रूपले, मानविय ढंगको व्यापार गर्नु नै सम्यक आजिविका हो ।

च. सम्यक व्यायाम - पञ्च इन्द्रियहरूबाट उत्पन्न हुने अकुशल कर्महरू रोक्ने, अर्थात पाप कर्महरू नगर्ने, कुशल कर्म गर्नेतर्फ मिहिनेति हुनु, उद्योग गर्नु, चित्त एकाग्र गर्नु, खराब भावनालाई रोक्नु, राम्रो भावना उत्पन्न हुन दिनु, मकुशल भावना उत्पन्न हुन नदिनु, कुशल भावनालाई रक्षा गरेर राख्नु, वृद्धि गर्नु । यहि नै सम्यक व्यायाम हो ।

छ. सम्यक स्मृति - आफूले गर्ने हरेक कृयाकलामहरूमा स्मृतिजन्य हुनु आफूले गरेका कार्यहरू कुशल हो कि अकुशल हो भनि थाहा पाई कुशल कार्यहरू मात्र गरि त्यसमा होस राखि बस्नु नै सम्यक स्मृति हो ।

ज. सम्यक सर्माध : कुशल कार्यमा चित्त एकाग्र गर्नु नै सम्यक समाधि हो । अर्थात समय भावना, विपश्यना भावनामा मन एकाग्र गरि परिशुद्ध हुनुनै सम्यक समाधि हो ।

दान, शील भावनामय आर्य अष्टागिंक मार्गको अभ्यास गरी चित्त निर्मल हुन्छ वास्तविक शान्ति त्यसैबाट प्राप्त हुन्छ भन्नु नै बौद्ध शिक्षा हो । विभिन्न वैज्ञानिक अनुसन्धानहरूबाट पनि अभ्यासले, अरूलाई मद्दत गर्ने जस्ता शील आचरणले र भावना अभ्यासले मन शान्त राख्न, खुशी हुनु भरपर्दो टेवा दिन्छ भन्ने पुष्टि भैसकेको छ । तर, पनि कतिपय आधुनिक वैज्ञानिकहरू धेरै जसो लोभ, द्वेव, मोह, मान मिथ्यादृष्टि जस्ता चित्तको मयलहरूको वसमा लागि भौतिकवादी भएर अल्मलिएका छन् । कतिपय व्यक्तिहरू त वैज्ञानिक चमत्कारपूर्ण प्रदर्शनमा भूल्नमा मस्त भएर संसारिक मायाजालमा बाँधिएका छन् । मुक्तिको मार्गबाट टाढिएका छन् । व्यक्तिवादी भई स्वार्थको पर्दा आँखामा लागेको कारणले गर्दा नै विध्वंसकारी हात हतियारहरूले सृजना गरी संसार विनाश गर्ने, दुःख दिने कार्यमा नलागेका पनि



Downloaded from http://dhamma.digital

होइनन् । नांगो आएका हामी नांगै जानुपर्छ, कर्मबाहेक पछि लागेर आउने अरू केही छैन भन्ने कुरा बुझ्नमा पछि परेका छन् उनीहरू । मानिसहरूको लागि सजिलो होस् भनेर तरकारी काट्न, घाँस काट्न आदि चुक्क छुरा जस्ता वैज्ञानिक आविष्कार, छिटो छरितो काम सक्काउनको लागि कुकर प्रेसर, आदि विज्ञान निर्माण सामाग्रीहरूको दुरूपयोग पनि नभएको होइन । तर, नरसंहार गर्नकै लागि पनि रकेट, पेस्तोल, बम, बारूदहरू पनि यही विज्ञानकै उपज हो । आजको आधुनिक वैज्ञानिक आविष्कारका सामाग्रीहरूको सदुपयोग गरी भगवान बुद्धको उपदेश अनुसार आचरण गरे सबै ठाउँमा सुविधा र शान्ति व्याप्त हुँदैन भन्ने कोही हुँदैन । स्वर्ग यहि धर्तीमा देख्न थियौं । साम्प्रदायिक धर्मभन्दा अलग रहेको, माथि उठेको यो बुद्ध शिक्षा सम्पूर्ण जगत हितको लागि आवश्यक छ । त्यसैले साँच्चैको सक्कली सुख प्राप्त गर्नु छ भने वैज्ञानिक आविष्कारहरूको सदुपयोग र बुद्ध शिक्षाको सही अभ्यास हामीले गर्नै पर्छ ।

❋

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# सुख र शान्ति कहाँ छ ?

'अत्ता हि अत्तनो नाथो कोहि नाथो यशेसिया, अत्तना १
सुदन्तेन नाथ लभति दुलभ'

अर्थात् व्यक्ति आफ्नो मालिक (नाथ) स्वयं आफै हो । आफू बाहेक अरू नाथको छ र ? आफैले आफैलाई दमन गर्नेलाई दुर्लभ नाथ (निर्वाण) प्राप्त हुन्छ ।

सुख र शान्ति कहाँ छ ? सुःख शान्ति पाउनको लागि त्याग तपस्या र सहनशीलता हुनुपर्दछ । जब सम्म आफ्नो चित्तमा सुख-शान्ति अनुमति गर्दैन तब सपना बाहय सुःख शान्ति पाउन गाह्रो नै पर्छ । अतः आफ्नो चित्त क्लेस रहित परिशुद्ध राख्न सक्नु नै सुख र शान्तिको मुल थलो हो ।

बुद्धकालीन एउटा घटनामा एकजना ८० करोड धन भएको महाजन थियो । उसको एक मात्र कुमार भन्ने छोरो थियो । कुमार सुख र शान्ति प्राप्तिका लागि भौतिक सुख शयलमा लिप्त भएको हुँदैन । यहि विचार पछि कुमारले कठिन प्रयास पछि आफ्नो मातापिता सामु आफ्नो इच्छा प्रकट गरेर त्यागी जीवन अर्थात ऋषिमुनि जीवनको लागि अनुमति माग्यो तर, अनुमति दिएनन् । मेरो आफ्नो व्यक्तिगत जीवनमा पनि यसरी नै प्रभावितको लागि अविभावकबाट अनुमति सजिलै नपाएपछि कसैको सल्लाह वमोजिम आमा सुनिरहनु भएको बेला भाँडोको कालो धुलो र तेल मिलाएर



Downloaded from http://dhamma.digital

आमाको ल्याप्चा खाली पानामा लगाएको थिएँ जसमा लेखिएको थियो मेरी छोरी प्रवज्याको लागि अनुमति दिएको छु । राजीखुसी छु । यसरी मेरो व्यक्तिगत जीवनमा पनि मुश्किलले प्रभाजित हुने अवसर पाएको थियो ।

कुमारको धेरै अथक प्रयास पछि मुश्किलले साहुले छोरो प्रवातिको लागि अनुमति दियो । गृहस्थ त्याग पश्चात कुमार गेरू बस्त्र धारणा गरे घरदैलो र चोकमा गएर भिक्षाटन गरेर आफ्नो जीविका चलायो । यसले भिक्षाटनको समयमा कसै-कसैले यस्तो तरूण अवस्थामा काम गरेर जीविकोपार्जन नगरीकन भिक्षटन गरेर मागेर खायो भनेर भन्न थाल्यो । कुमार आफै भित्र पनि सन्तुलित प्राप्त गर्न सकेन कारण सही गुरू भेटाउन सकेनन् । जसले अर्ति-उपदेशको साथै ध्यान मार्ग निर्देशन दिइयोस् तर यस्तो भएन सही गुरू र मार्ग निर्देशन नपाएर निराश भएको कुमार केही समय पश्चात् त्यागी जीवन त्यागेर गृहस्थ मै फर्केर गयो । तर, कुमारको भित्री गहन चाहना सुःख शान्ति र ज्ञानको मार्ग भेटाउने अभिलासाले उसलाई झकझकाइरहेको थियो । यस्तै अर्को घटना जसमा एउटा राज्यको राष्ट्रपतिमा सुःख र शान्ति प्राप्तिको चाहना थियो । धन, जन, सम्पत्ति भएर मात्रै पनि वास्तविक सुःख पाउन नसकेको राष्ट्रप्रति एकदिन टहल्दै गर्दा एउटा विहार सामु पुगेछ । सोही बेला विहारको नाइके भिक्षुसँग भेटेर यस विहारमा कति जना भिक्षुहरू छन् ? भिक्षुको जवाफ पाँच हजार भिक्षुहरू छन् । राष्ट्रपति अचम्मित भए पाँच-पाँच हजार भिक्षुहरू भएको विहारमा अलिकति पनि आवाज नभएको शान्तपूर्ण वातावरण भएकोले राष्ट्रपतिले भिक्षुसँग सोध्यो । शान्ति कहाँ पाइन्छ ? भिक्षुको जवाफ थियो - सुःख शान्ति भनेको आफ्नै चित्त छ अन्त कहिँ बाहिर छैन । यदि आफ्नो चित्त आफ्नै बसमा राख्न सकेन भने एक्लै बसेर पनि शान्ति पाउँदैन । यहाँ पाँच- पाँच हजार भिक्षुहरू चित्त काबुमा राख्न सकेकोले थुप्रै समूहमा पनि कुनै कोलाहल र आवाज विना शान्तिपूर्ण वातावरण रहेका छन् । राष्ट्रपतिले बुझ्नुभयो कि शान्ति चित्तबाटै आउने रहेछ । यसको लागि वातावरण ठिक हुनुपर्‍यो साथै चित्त क्लेश रहित शुद्ध हुनुपर्छ । हाम्रो नेपालको राष्ट्रपति रामवरण यादवजीलाई कुनै काम विशेष भेट्न जाँदा उहाँले सुःख शान्तिको लागि



Downloaded from http://dhamma.digital

राष्ट्रपति भन्दा डाक्टर पेशा नै मन परेको भनेर बताउनु भएको घटना यहाँ सान्दर्भिक देखिएकोले प्रस्तुत गरेँ । शान्तिको चाहना राख्ने सो राष्ट्रपतिलाई विहारकै परिसरमा राखेर ध्यान विरही सिकाएर शरीर र जीवनको स्वाभाविक परिवर्तनशील धर्मलाई बुझ्नु आवश्यक भएको भन्दै भन्नुभयो । हाम्रो शरीर मेरो म भनेर माया गर्ने यो शरीर केही नभएर निरन्तर परिवर्तन भइरहने शरीर हो । आमाको गर्भमा रहेदेखि मृत्यु नहुन्जेल निरन्तर परिवर्तन भइरहने साथै जीवन अवधिभर नै हामी कति जन्म-मृत्यु नहुन्जेल निरन्तर परिवर्तन भइरहने साथै जीवन अवधिभर नै हामी कति जन्म मृत्युको चक्रमा हुन्छौं । उत्पन्न हुनु र विनाश हुनु नै यो शरीर र जीवनको स्वभाविक धर्म हो । क्षण-क्षण, पल पलमा हामी शारीरिक र मानसिक रूपले परिवर्तन भइरहेका हुन्छौं । यस्तो प्रक्रियालाई बुझ्नको लागि विपश्यना ध्यान अभ्यास गर्नुपर्ने अति आवश्यक छ । शरीरलाई स्थिर गरी विना हलचल आँखा बन्द गरी श्वासप्रश्वासलाई मन लगाएर प्रत्येक भित्र गएको र बाहिर आएको श्वासप्रश्वासलाई हेरिरहँदा शारीरका वेदना अर्थात दुखाई र पीडा पनि हुने गर्छ त्यस वेदना अनुभूतिलाई पनि जस्ताको तस्तै नियालेर वेदनाको प्रकृतिलाई पनि छ । तटस्थ भावले हेर्न सक्नुपर्छ । बाहिरबाट शान्त र चुपचाप देखिने एउटा योगी वा साधक भित्री चित्तमा नानाथरीको विगतको याद र भविष्यको परिकल्पनाले वर्तमानमा बदल्नै नसकिने अति नै चञ्चल स्वाभावको चित्तलाई बुझ्ने गर्दछ । यी सबै शारीरिक र मानसिक प्रक्रियालाई जस्ताको तस्तै अवलोकन गर्ने विधि नै विपश्यना ध्यान हो ।

अब हामी फर्किंदैं यहि सेठको छोरा कुमारको घटनामै, गृहस्थ बसेर पनि दिक्क लागेको कुमार एकाएक भौतारिँदै जंगलको बाटो हिँड्दै थियो । एउटी आईमाईले आफ्नो छोरा र छोरीलाई एक ठाउँमा राखेर रूख काटिरहेकी थिइन् । त्यहिबेला, विषधारी सर्पले छोरालाई टोकेछ र तत्कालै मृत्यु भयो । यो घटना देखेर कुमारलाई अझ बढी पीडा र सांसरिक जीवनदेखि विरक्त लाग्यो । विरक्त वेदनाले भौतारिँदै हिँड्दै गरेको कुमारले ८० करोड धन सम्पति भएको अर्को साहुलाई भेट्न पुगेछ सो साहुको कोही आफ्नो सन्तान नभएकोले श्रवण कुमार



Downloaded from http://dhamma.digital

नामक धर्मपुत्र पालेका थिए । सो धर्म-पुत्रले यति धेरै धन माथि धन कमाउन थालेछन् । कि सुगाका पिंजडा समेत सुनको हालेछ ।

अचानक सुगा मरेछ साथै साहु र साहुनीको पनि मृत्यु भयो । अनि त्यस घरमा धर्मपुत्र श्रवण कुमार मात्र बाँकी रह्यो सुनको पिंजडा फालिसकेको थियो । उसले विचार गऱ्यो कि म पनि एक दिन मरेर जानुपर्छ यो घरमा म भन्दा बलियो मान्छे आउँछ अनि यो पिँजडालाई जसरी फालेको हो त्यसरी नै मलाई पनि फालिदिनेछ । श्रवण कुमारले पनि विचार गरेपछि दुःखबाट मुक्त हुने चाहना गऱ्यो । सुगाको मृत्यु पश्चात जसरी सुनको पिंजडा रित्तो भयो त्यसरी नै यो महल पनि रित्तो हुनेछ अथवा कसैले लिन्छ भनेर श्रवण कुमार पनि गृहस्थ त्यागेर प्रभावित भएको भनि कुमारले देख्यो ।

यसरी सांसरिक दुःखबाट विरक्तिएको कुमारको मनमा अब प प्रभावित हुन्छु र फेरी गृहस्था फर्किने छैन भनेर कठोर गरेर हिँडिरहेको कुमारले एकजना शिशुलाई भेट्दा भिक्षुलाई देखेपछि उसलाई होस आयो दुःखबाट मुक्त हुने प्रज्ञा प्राप्त भयो । जीवन अत्यन्त दुःख रहेछ । मलाई यो ठूला-ठूला महल ८० करोड सम्पत्ति चाहिँदैन भनी त्याग गर्नुभयो ।

भिक्षुसँग भेट्दा आफूले अनुभव गरेको कुरा सम्पूर्ण बताउनु भयो । त्यसपछि भिक्षुले भन्नुभयो तिमी वास्तवमा भिक्षु बन्न लायक रहेछौ । जाउ आजै बुद्ध धर्म र संघको शरणमा जाउ र भिक्षु बन भनेपछि भिक्षु बन्नु भयो । अनि त्यहाँ भिक्षु अथाव गुरूले राम्रोसँग शुद्ध शान्ति पाउने ज्ञान सिकाउनु भयो । तबसम्म चिन्ताको क्लेशलाई हटाउन सक्दैन तबसम्म सुःख र शान्ति पाउने छैन । अनि कुमारले खुब मेहनत गऱ्यो पछि चित्तलाई बसमा राखी दाग, द्धेष र मोह लालचीलाई हटाई सुख र शान्ति भएको ज्ञान प्राप्त गऱ्यो, अरहत हुनुभयो । निर्वाण धर्मलाई बोध गर्न सक्यो, नित्य निर्माण सुःख र शान्ति प्राप्त गर्न कुमार भिक्षु सफल भएको थियो ।

✲



Downloaded from http://dhamma.digital

# धर्मको नाउँमा श्राद्ध

श्राद्ध भनेको मारिसकेको व्यक्तिको स्मरणमा गरिने क्रिया कर्म हो तर, बौद्ध भाषामा श्राद्ध भनेको श्रद्धाले दान दिनु भन्ने अर्थ लाग्छ । धर्मको नाउँमा श्राद्ध गर्नु भनेको वास्तवमा मानव संसारमा धर्म लोप भएर गएको संकेत हो । यसै सन्दर्भमा एउटा घटना यहाँ म प्रस्तुत गर्न चाहान्छु ।

एउटा परिवारमा आमा र छोरा मात्र थिए । दुवै खेतीपातीको काम गरेर जीविकोपार्जन गरिरहेका थिए । आखिर समयसँगसँगै जसरी दुःख अर्थात् बुढाबुढी हुनु । दुःख स्वाभाव देखाई आमा झन्-झन् बुढी हुँदै गईन् र खेतमा काम गर्न सकिनन् । त्यसपछि छोरा एक्लैले खेतीपाती अनि आमाको सेवा गरेर बस्न थाल्यो । एकदिन आमाले विचार गरिन् - म बुढी भएँ, खेतमा पनि काम गर्न सक्दिनँ, छोरा एक्लैले दुःख गर्नुपर्‍यो, बुहारी भित्र्याउन पाए छोरालाई पनि साथी हुन्छ अनि म पनि नातिनातिनाको अनुहार हेरेर मर्न पाउँछु । यस्तै विचार गरेर एकदिन आमाले छोरालाई आफ्नो मनसाय सुनाइन् । छोरालाई विवाह गर भनेर भनिन् तर छोराले विवाह गर्न मानेनन् कारण, २१/२२ वर्षको कम उमेर अनि विवाह पछि थप बोझ हुन्छ, पछि पछुताउनु पर्ला, बरू अहिले आमालाई नै सेवा गरेर बस्छु भनेर छोराले विवाहको लागि नकार्यो । पछि आमाले छोरालाई थाहै



Downloaded from http://dhamma.digital

नदिई बुहारी भित्र्याइन् । नयाँ बुहारी राम्री पनि थिइन्, खेतको र घरको काम अनि सासुको हेरचाह राम्ररी गरेर बसिन् । श्रीमान्लाई पनि फकाइफुलाइ आफ्नो बसमा पारिन् । दुई तीन वर्षपछि सासु-बुहारी बीच झगडा हुन थाल्यो । श्रीमतीले भनिन् - तिम्री आमा खराब छिन्, खाली कराएर मात्र बस्छिन् । जति काम गरेता पनि काम गरेन भन्छिन् । खाना तरकारीमा पनि कहिले नुनै छैन, कहिले नुन धेरै भयो भन्छिन् । अब म घरमा बस्दिन । उता आमाले पनि तिम्री श्रीमतीले राम्रोसित खाना दिइन, म बुढी भएँ, आँखा कमजोर छ के गर्ने बाबु ? भनेर सुनाइन् । आमा र श्रीमतीको कुरा सुनेर छोरा चाहिँ धर्मसंकटमा पऱ्यो । बुहारीले पनि सासुलाई घरबाट नधपाई शान्ति हुँदैन भनी ढिपी गर्न थाली । यसरी हरेक दिन कचकच सुन्नु परेकोले छोरालाई दिक्क लाग्यो । आमाले जबरजस्ती विवाह गरिदिएर आफैले दुःखको बीउ रोपिन् । छोरालाई आमाको भन्दा श्रीमतीको माया लाग्यो । त्यसैले रीसको झोँकमा छोराले आमालाई नै घरबाट निकालिदियो ।

आमा बुढी भइसकेकीले काम गरेर पनि खान सकिनन्, अकस्मात् आकाशबाट नरकमा खसेको जस्तो अनुभव गरिन् । रोडा कुटेर छोरालाई पढाइयो आज उही छोराले घरबाट निकाल्यो भनेर रूँदै थिइन् । आमालाई घरबाट निकालिसकेपछि छोरा र बुहारी दुवैजना खुसी र आनन्दसँग बस्न थाले । श्रीमान्-श्रीमती बीच कुरा भयो । बुढी घरमा भएको बेला घर त नरक जस्तो थियो । उसलाई निकालिदिएपछि अहिले घर स्वर्ग भएको छ । अहिले आनन्द छ । यस्तो कुरा गरिरहेको बाहिर अरूहरूले सुने । त्यही कुरा एककान दुईकान हुँदै यताउता भडकेर घुमिरहेकी आमाको कानमा पुगेछ । आमाको मनमा झन् डाह भयो । आमाको गुनलाई बिर्सने छोरा, श्रीमती भए आमा पनि नचाहिने ? यो घटना नै मानव संसारमा धर्म बिर्सदै गएको, धर्म लोभ भएको संकेतको एउटा उदाहरण हो । आमा चाहिँ धर्मको नाउँमा श्राद्ध गर्ने भनेर माटोको भाँडोमा केही सामान राखेर धर्म मऱ्यो अब धर्मको नाउँमा श्राद्ध गर्नुपऱ्यो भनेर चिच्याई कराई बहुलाही जस्तो कराउँदै मसानघाटतिर गइछन् ।



Downloaded from http://dhamma.digital

अमेरिकामा केटाकेटीहरूको पैसा रक्सी र केटाकेटीमा खर्च हुँदैछ, केटालाई केटी र केटीलाई केटा भए पुग्छ । संसारमा धर्म भनेको छैन भन्दछन् । यस्तो हिनताबोध विचार मौलिक शिक्षाको अभावको कारणले गर्दा हो । धर्म भन्दा श्रीमान्-श्रीमती र धन प्यारो भएको छ । धर्मको नाउँमा श्राद्ध गरिरहेको समयमा एकजना बटुवाले नजिकै गएर सोध्यो - बुढी आमा के भनेर कराइरहेकी ? बुढीले जवाफ दिई- 'धर्म मऱ्यो त्यसैले धर्मको नाउँमा श्राद्ध गर्न गइरहेकी । आफ्नै छोराले पनि श्रीमतीको कुरा सुनेर मलाई घरबाट निकालिदियो । मलाई घरबाट निकालिसकेपछि उनीहरूलाई आनन्द भयो रे । यस्तो जमाना आएपछि यस संसारमा धर्म मरेन त ? धर्म नभएको कारणले गर्दा जन्मदाता आमालाई घरबाट निकालिदियो, बस्ने ठाउँ नपाएर पार्टीमा बसिरहेकी छु । खान नपाएर मागेर खाइरहेकी छु । मर्न सकिएन, बाँच्न त पऱ्यो । घर खेत छ, आफूले काम गर्न नसकेपछि के गर्ने ?' त्यस बटुवाले भन्यो -'आमै ! तपाईको छोरा त धेरै नै पापी र चण्डाल पो रहेछ । यस्तो पापी दृष्टलाई म गएर मारिदिन्छु ।' छोरालाई मार्ने कुरा सुन्नासाथ ती बुढी कराइन् - 'मेरो छोरालाई नमार है ।' हेर आमाको चित्त, आमाको चित्तमा सन्तानप्रति दया, मैत्री, करूणा, मुदिता र उपेक्षा भएको हुन्छ । बौद्ध दर्शनमा आमा-बुबालाई ब्रम्हा भनिन्छ । हिन्दू धर्ममा चारवटा मुख भएको काल्पनिक ब्रम्हाण देवतालाई मान्दछन् । फरक यति ब्रम्हा त देखेको छैन तर बौद्ध दर्शनको देवता र आमा-बुबा अर्थात उहाँहरूको चारवटा सद्‌गुण मैत्री, करूणा, मुदिता र उपेक्षा छन् । आमा बुबाको मैत्रीभाव छोरा-छोरीप्रतिको जस्तो अरूसँग हुँदैन । उहाँहरूको हृदयदेखि आउने सदा रहिरहने, मेरो छोरा-छोरीलाई केही नहोस्, केही आपत्-विपत् नआओस् भनी मैत्री भावना गर्छन् । छोराछोरीलाई केही भइहाले पनि अपर्झट उसको उपकार गर्नको लागि तयार हुन्छन् र मुदिता खुसी हुने स्वभाव । सफलमा अति खुसी हुने व्यक्ति भनेको नै आमा-बुबा हुन् । उपेक्षा भनेको तटस्थ चित्तमा रहन सक्ने गुण । आमा-बुबा छोरा-छोरीप्रति उपेक्षित भएर बस्छन् । घटनाको आमाले छोराको कस्तो



Downloaded from http://dhamma.digital

अपहेलित व्यवहारलाई ग्रहण गरिन् तर श्राप दिइनन् । उपेक्षित तटस्थ भावनामा बसिन् । हो, श्रीमतीको कुरा सुनेर आमालाई छोराले बाहिर निकालिदियो । बटुवाले गएर मार्छु भन्दा मेरो छोरोलाई नमार भनिन् । अनि त्यस बटुवाले भन्यो - 'आमा ! धर्म मन्यो भनेको होइन ? अनि आफ्नो आमालाई घरबाट निकाल्ने छोराप्रति कसरी तपाईको मनमा माया जाग्यो ? दृष्ट चण्डाल छोराप्रति आमाको यसरी दया रहिरहनु नै धर्म होइन र । यदि धर्म मरेको भए चण्डाल, दृष्ट छोरालाई मार्न आमाले किन रोक्नुभयो ? यसैले धर्म मरेको छैन । धेरै मानिसमा धर्मका चेतना हराएको छ । यो मरेको छैन । त्यही उवखंप्वाचा एउटा नै ठूलो भएको कारणले हो । सबैमा धर्म लोप भएको छैन । कुनै व्यक्तिसँग धर्म चेतना नरहँदैमा धर्म मन्यो भन्नु ठिक छैन, श्राद्ध गर्नु पर्दैन धर्मको नाउँमा ।'

घरमा छोराको पनि छोरा नै धर्म भयो । छोरा जन्म्यो भनेको सुन्नासाथ उसलाई एउटा अनौठो स्नेह र मायाममताको अनुभव भयो । उसले विचार गऱ्यो - 'सम्झिदा पनि मेरी आमा खुसी भएकी होलिन् र यस्तै स्नेह र ममता जागेको होला । अहो ! मैले श्रीमतीको कुरा सुनेर यस्तो दया-माया भएको आमालाई घरबाट निकालिदिएँ । श्रीमतीलाई त आमाले जन्माएको होइन । मलाई जन्माएको हो । त्यो पनि वृद्धआमालाई मैले घरबाट निकालिदिएको मेरो वृद्धि के भएको ? मैले ठूलो अपराध पाप गरेँ' भनेर पश्चाताप गऱ्यो ।

भगवान बुद्धको सिद्धान्तले भन्छ - गल्ती हुन्छ । गल्ती नभएको संसारमा कोही पनि हुँदैन तर गल्तीलाई सुधारेर पश्चातापपछि गल्ती सुधार्ने व्यक्ति मान्छे हो । सकेसम्म पश्चाताप गर्नुपर्ने काम नै नगर्नु । यदि गल्ती भइहाले पनि त्यसलाई सुधार्नु पर्छ । त्यसपछि उ आफ्नो आमाको खोजीमा निस्क्यो । उसले आफ्नी आमालाई बहुलाह जस्तै भई मसानतिर गइरहेको देख्यो । उ त्यहाँ गएर आमाको खुट्टा समातेर खुट्टा ढोगेर क्षमा माग्दै भन्यो - 'आमा मलाई क्षमा गर्नुस् । मैले गर्न नहुने ठूलो पाप अपराध गरेँ । मैले जानी जानी गरेको होइन, मायाको जालमा परेँ । मैले आफ्नै आमालाई पनि आमा भन्न



Downloaded from http://dhamma.digital

सकिनँ । मलाई माफ गरिदिनुस्, जाउँ घर हिँड्नुस् । अबदेखि यसरी जोशमा होश गुमाउँदिनँ । यस्तो अपराध फेरि गर्दिनँ ।' आमा छोराको त्यसरी मन परिवर्तन भएको देखेर बटुवाले भन्यो - आमै ! धर्म मरेको भनेको होइन ? अब के भयो त ? साँच्चै धर्म मरेको भए छोरालाई आमाप्रति माया जाग्दैनथ्यो ।' जबसम्म मानिसले आफ्नो गल्ती स्वीकार गर्छ तवसम्म धर्म मर्दैन यो सबै नैतिक शिक्षाको अभावको कारणले गर्दा हो । सानैदेखि नैतिक शिक्षा दिनु अत्यन्त आवश्यक छ । नैतिक शिक्षा नभएको कारणले गर्दा श्रीमतीको कुरलाई हो, होइन भनी छुट्याउँन सकेन त्यसैले नैतिक शिक्षा हुनु अत्यन्त आवश्यक छ ।

*

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# मानवताको धर्म

हाम्रो नेपालको कपिलवस्तुमा राजा शुद्धोधनले राज्य गरिरहेका बेला उनका छोरा सिद्धार्थले घर (राज्य) त्याग गरी प्रवजित हुन लागे । राजाले अनेक तरिका अपनाई आफ्ना छोरालाई रोक्न खोजे । त्यही समयमा सिद्धार्थले आफ्ना बुवासित यस्तो वरदान मागे यदि मैले मागेको वरदान दिनुहुन्छ भने म राजदरबार छोडेर जान्न कहिल्यै पनि । बुद्धले भने -'मलाई कहिल्यै पनि रोग नलागोस् र मेरो मृत्यु नहोस् मलाई यि तीनवटा वरदान दिन सक्नुहुन्छ ? भनी सोध्दा राजाले भने त्यो वरदान त कसैले पनि दिन सक्दैन । यो बाहेकका राज्य, श्रीसम्पत्ति जे जति चाहिन्छ माग तर राजदरबार छोडी प्रवजित हुने काम नगर । सिद्धार्थ कुमारले भने कि मलाई यी तीन वटा चाहेको छ । यत्ति तपाईले दिन सक्नुहुन्न भने म यो सारा सम्पत्ति त्याग गर्छु । आफ्ना परिवार, राज्य सुख र भर्खरै जन्मेको राहुलकुमार त्याग गरी भिक्षा मागी खानेछु । ध्यान बसी बुद्धत्व प्राप्त गरी मानवको लागि संघर्षको बाटो देखाउनेछु । बहुजन हिताय बहुजन सुखायको बाटोमा लाग्नेछु । आज मानिसले पूजापाठ, थालीमा अक्षता, अबिर, सिन्दुर फुल इत्यादि राखी देवी देवताको पूजा गर्नुमा नै धर्म सम्झेका छन् ।

मानव धर्म भनेको के हो ? मानव धर्म भनेको परस्पर मिलेर



Downloaded from http://dhamma.digital

बस्नु, विश्वासी पात्र हुनु, परिवारसित मैत्री, कल्याण, मुदिता र उपेक्षा भाव राखी जीवन चलाउने शान्तिपर्वक जीवन जीउन शंका लागेको सोधी त्यसको निवारण गर्नु नै कसैसित झै-झगडा नगर्ने, सम्पत्तिको नाममा नलड्ने वास्तवमा अविश्वासको कारणले नै झगडा हुने हो । यस्तै विहार, गुठी, संस्था, समूहहरूमा पनि परस्पर एक-अर्कालाई नबसेकै कारण झै-झगडा हुने गर्दछन् ।

यदि एक-आपसमा दया, माया, करूणा विश्वास आदि भएमा झगडा कहिल्यै पनि हुँदैन । यस्तो हुँदा मुख बङ्ग्याएर हिंड्नुपर्ने अवस्था आउने छैन । बुद्धको उपदेश सुनेर आफ्नो व्यवहारमा उतार्न सक्ने क्षमताको अभिवृद्धि गर्नुपर्छ यसलाई व्यवहारमा उतार्न सक्ने क्षमताको अभिवृद्धि गर्नुपर्छ । यसलाई व्यवहारमा उतार्न सकेमा दुःख अशान्ति र झै-झगडा कहिल्यै हुनेछैन । भगवान् बुद्धले एकदिन मर्नुपर्छ त्यसैले शान्तिपूर्वक बसी जिउनुपर्छ भनी उपदेश दिनुहुन्छ । कसैसित क्रोध, इर्ष्या गर्नुहुँदैन । सबैलाई आफ्नै परिवारको सदस्य जस्तै ठान्नुपर्छ । यसरी आफ्नै ठान्न सकेमा झै झगडा कताबाट आउँछ ? त्यसपछि जता हेरे पनि शान्तिले बास गर्दैछ ।

लोभ, लालची क्रोध, राग भएकै कारण अशान्ति भैरहेको हो । जति सम्पत्ति भए पनि नपुग्ने त र म मैले गरेको मात्र सबै ठीक अरूले गरेको सबै बेठीक, अरूलाई होस् कि नहोस् आफूलाई भए पुग्ने, द्वेष, अहंकार, क्रोध, मोह र अविधा भएकै कारण अशान्ति भएको हो । परिवार सम्हाल्न नसक्नेले देश हाँक्न खोजेको कारणले पनि अशान्ति हुन्छ । घर-घर, टोल, समाज, देश-देशमा झैझगडा हुनुको कारण नै यही हो । नेपाली पुत्र भगवान बुद्धको उपदेशलाई सुनी व्यवहारमा उतार्न, आचरण गर्न सकेमा कहिल्यै पनि झगडा हुँदैन वा हुनेछैन । एक्लै सानी र बुद्धिमानी बनेर पुग्दैन । परिवार समझदारीमा चल्नुपर्छ अनि बल्ल शान्ति हुन्छ । बुद्धको उपदेश सुनी आफ्नो व्यवहार जीवनमा त्यसलाई आचरण गर्ने कहानी स्मरणीय छ । एउटा घरमा श्रीमान्-श्रीमती दुईजना बस्दथे । बुद्धको उपदेश सुनी उनीहरू त्यसलाई व्यवहारमा पनि लागू गर्दथे । दुवैजना एकदमै मिलनसार



Downloaded from http://dhamma.digital

थिए । पहिला स्कुल, कलेज जाँदाखेरि लिएर पछि खेतबारीको काम गर्दा पनि मिलेर गर्थे । त्यो घरमा झगडा त के ठूलो आवाजले कराएको आवाज समेत सुनिदैनथ्यो । अरूले निन्दा प्रशंसा गरोस् केही वास्ता थिएन । आफ्नै तरिकाले जीवनयापन गर्दै थिए । समाजका अरू मानिसले के गरे के गरेनन् भनी चियोचर्चा गर्ने बानी उनीहरूमा थिएन । त्यसको मतलब समाजलाई हेला गरेको भने पक्कै होइन । मानिस सामाजिक प्राणी भएको नाताले समाजमा मिलेर बस्नु उसको कर्तव्य हो । यसरी पञ्चशील पालन गरी बसेका बूढाबूढी धेरै नै परस्पर मिलेको देखेर छिमेकीलाई डाहा लागेछ । वास्तवमा उनीहरू भित्रैदेखि मिलनसार भई मिलेको हो कि अरूलाई देखाउनको लागि मिलेको हो जाँच गर्नुपर्‍यो भन्न थाले । यसरी चारजना पुरूषहरूले सल्लाह गर्न थाले । यसरी लोग्ने नभएको मौका छोपी चारैजना त्यस घरमा गए । छरछिमेकी पाहुना भएकाले चारैजनालाई स्वागत गरी सुभाषित वचन बोली पाहुना सत्कार गरिन् । एकछिन्मा श्रीमान् चाहिँको आवाज सुन्ने बित्तिकै अर्को कोठामा चारैजना लुक्न गए । कोठामा मात्र भन्दा बढी खाना र भाँडाहरू देखेपछि आफ्नी श्रीमतीलाई यहाँ को आएको थियो भनि सोधे ? यसरी चारजना मानिसहरू आएर पछि तपाईंको आवाज सुन्ने बित्तिकै लुक्न गए भनी राम्ररी सम्झाइन् । तिनीहरूलाई बाहिर निस्किन बोलाउँदा बल्ल एकजना मात्र निस्कियो । अरू तीनजना चाहिँ यी बुढाबुढी झगडा गर्छन् कि गर्दैनन् भनी पर्खेर बसेका थिए । तर, एकछिन् पछि पनि उनीहरू झगडा गरेनन् । किनकि उनीहरूको मानव धर्म अर्थात् बुद्धको शिक्षालाई व्यवहारमा उतारेका थिए । मैत्री, करूणा, मुदिता भएकै कारण एकआपसमा विश्वास छ । विश्वासघात गर्‍यो कि त्यहाँ झगडा हुन्छ । त्यसैले मानव धर्मलाई बुझ्नुपर्छ । बुझ्यो भने सुख, शान्ति प्राप्त हुन्छ । झगडा नभएको घर सधैं स्वर्गतुल्य हुन्छ । उनीहरू बूढाबूढी छिमेकी सबैका लागि एक असल नमुना बन्न गए । पछि ती चारैजनालाई थाहा भयो कि तिनीहरू वास्तवमै भित्रैदेखि असल र मिलनसार छन् भन्ने कुरा उनीहरूको अनुसरण गर्दै आफ्ना परिवारका



Downloaded from http://dhamma.digital

सबै सदस्यहरू मिलेर विहारमा गई बुद्धको शिक्षा ग्रहण गर्न थाले । जापानले पनि बुद्धको शिक्षालाई ग्रहण गरी अघि बढेको हुनाले विकसित देश भनी विश्वभर प्रख्यात छ ।

अर्को एक जोडी श्रीमान्-श्रीमती दुवैजना एकदमै मिलेर बसेका थिए । यसरी मिलेर बसेको हाँसीखुसी बसेको एकजना पुरूषले देखेछ । उसलाई जाँच्न मन लाग्यो कि यिनीहरू साँच्चिकै मिलेर बसेको हो कि होइन भन्ने कुरा त्यसपछि बाटोमा आउँदै गरेका मध्ये श्रीमती चाहिँलाई बोलाई कानमा खुसुक्क भन्यो - धानभित्र चामल हुन्छ । सबैलाई थाहा छ कि धानभित्र चामल हुन्छ भन्ने कुरा यो केही नौलो खबर हैन भनिन् । श्रीमान नजिक आई सोध्दा श्रीमतीले भनिन् । कि त्यो मान्छेले कानमा खुसुक्क आई धानभित्र चामल छ भन्यो अरू केही होइन । यति जाबो सानो कुरा भन्नको लागि कानमा आई भन्नुपर्छ होइन कुरा अर्कै होला भनी श्रीमतीको कुरामा विश्वास गरेन । कुरा लुकायो भनी श्रीमतीसित झगडा गरी चारपाचुके गरी अलग्ग बन्न थाले । दुईजना बीच विश्वासको कमी भएको कारणले यस्तो भएको हो । त्यसैकारण नैतिक शिक्षा धेरै नै अपरिहार्य हुन्छ । यसरी नैतिक शिक्षा ग्रहण गर्न बौद्ध शिक्षा, अत्यन्त आवश्यक छ । हामीले भित्रैदेखि मैत्री, करूणा, मुदिता, प्रेमभाव जगाउनुपर्छ ।

पछि त्यसरी कान भर्न जाने मान्छेले सोच्यो कि मैले मिलेर बसेको दुईजनालाई छोडाइदिएँ । मैले भूल गरैं बिराएँ भनी धेरै नै पछुतो लाग्यो । मनपर्ने दुईजनालाई छुटाउनु पनि ठूलो पाप हो । यसरी छुटेर बस्नुपरेको प्रमुख कारण नै विश्वासको कमीले हो । त्यसैले हामीले एक आपसमा विश्वास राखेर बस्न सक्नुपर्छ ।

❋



Downloaded from http://dhamma.digital

# सुख शान्तिको लागि पुण्य

पुण्यको फल भोग्नुपर्दा यही जन्ममा सुख र शान्ति प्राप्त हुन्छ । पुण्य र पापमा फरक पुण्य गर्दा आफ्नो खुलमखुला मनमा शान्ति र आनन्द आउँछ । पुण्य गर्दा कतिको मनमा आनन्द र यहि जन्ममा सुगत प्राप्त हुन्छ भन्ने विषय भगवान बुद्ध श्रावस्ती अनाथ पिण्डिक महाराज जेतवन विहारमा बस्नु भएको समय धर्म दर्शन गर्नु भएका थियो । श्रावस्ती नगरमा ५०० जना धार्मिक उपासकहरू थिए । ती ५०० धार्मिक उपासकहरूको पनि ५००/५०० उपासक उपासिकाहरू छन् । तर त्यसमध्ये नैकेको छोरा र छोरी ७/७ जना थिए । उनले हरेक समय दानशील र भावना गर्ने गर्नुहुन्छ । उनले आफ्ना, छोराछोरी, ज्वाइँ सबैको जन्मदिनको उपलक्ष्यमा मात्र नभई विरालोको जन्मदिन र मृत्यु भए पनि भोजन दान दिने, कुकुरले बच्चा पाए पनि मृत्यु हुने बेलामा भोजन दान दिने गर्थे । खाली भोजन दान दिने कहिले पनि फुर्सद नपाउने । आफूले मात्र होइन आफ्ना परिवारलाई पुण्य गर्ने गराउने गर्थे ।

गृहस्थी जीवनमा र परिवारहरूलाई गर्नुपर्ने कर्तव्य पालना गरेको थियो । गृहविनय अनुसार कर्तव्य पालन गरेको थियो । सबै परिवारहरू सुख शान्तिपूर्वक जीवन बिताइरहेका थिए । जुन भगवान बुद्धले दिनु भएको उपदेश अनुसार काम गरिरहनु भएको थियो । पछि



Downloaded from http://dhamma.digital

धार्मिक उपासकलाई रोग लाग्यो र आयु पनि कम भएर गयो । त्यहि समय धर्म उपदेश सुन्ने इच्छा गरेर परित्राण पाठ पनि सुन्न मन परेर १६ जना भिक्षुहरू पठाई दिनु भनेर प्रार्थना गरेअनुसार १६ जना भिक्षुहरूले पाल्नु भएर सबैजना चारैतर्फ बसेर सोध्नु भयो - के पाठ गरौं ? उपासकले भन्नुभयो - सति प्रदान एकायनो अयं महँगो सन्तान विक्षुद्धिया यहि एउटा मात्र हो मार्ग सत्वहरूलाई विशुद्ध भनेर सति प्रदान सूत्र सुरु गर्नुभयो । सूत्र पाठ गर्दागर्दै बीचमा नकराउ भन्नु भयो । अनि भिक्षुहरूले विचार गर्नु भयो कि समय ठीक छैन जाउँ भनेर बिहारमा फर्केर जानु भयो । एकछिन पछि उपसकलाई होस् आउँदा भिक्षुहरू थिएन । छोरा छोरीहरू रोएर बस्यो के भएको खोई मान्छेहरू तपाइले नै नकराउ भनेको कारणले जानु भयो । धार्मिक उपासकले भन्नुभयो - उहाँहरूलाई भनेको होइन मैले त ६ वटा देवलोकबाट मलाई लिन आएको थियो । तिनीहरूलाई भनेको नकरा । देवीदेवताहरू ६ वटा विमान लिएर सबैले मेरोमा आउ भनेर कराएको हुनाले भनेको हो, भन्नेहरूलाई भनेको होइन । छोराछोरीले भन्यो - जति धर्म गरेता पनि मरणमय देखेर कराउने रहेछ भनेर हामी रोइरहेको हो । फेरि भन्यो - विमान कहाँ छ त हामीले देख्न मलाई भन्ने र फूलको माला गाँसेको छ ? ल्याउ भनेर लिएर राम्रो होला अनि छोरा र छोरीहरूले भन्यो - देवलोक राम्रो छ । त्यहाँ भए सबै बोधिसत्वहरू र भगवान बुद्धको आमा बुबाहरू बास बस्ने शुद्ध भएको ठाउँ हो । उपासकले त्यसो भए स्वर्गलोकबाट आएको विमानमा पुगोस् भनी फूलको माला आकाशमा फाल्यो त्यो विमानमा अड्क्यो । उपासकले विमानमा अड्केको देख्नुभयो । छोराहरूले हावामा अड्केर राखेको देख्नु भएछ । सबै आश्चर्य भएर बस्नुभयो । उता भिक्षुहरू भगवान बुद्धकहाँ गएर निवेदन गर्नुभयो । भगवान बुद्धले भन्नु भयो - तिमीहरूलाई नकराउ भनेको होइन । देवलोकबाट लिन आएको थियो तिनीहरूलाई भनेको हो । त्यसो पनि हुन सक्छ मान्छे मरेको छैन देवलोकबाट लिन आएको ? भगवान बुद्धले भन्नुभयो - हो भिक्षुहरू राम्रो काम गर्ने पापबाट अशक्त भएको अपराधीहरू चाहे गृहस्थी होस्



Downloaded from http://dhamma.digital

चाहे भिक्षु भिक्षुणीहरू होस् जो भएता पनि आनन्द शान्ति सुख र हर्षित भएको ठाउँमा जन्म लिन जान्छ । यस्तो भनेर गाथा आज्ञा हुनुभयो ।

धार्मिक व्यक्तिलाई यहाँ र उहाँ जहाँ भएता पनि आनन्द हुन्छ । अर्थात यो लोक र परलोक दुवै लोकमा आनन्द हुन्छ । आफूले गरेको कुशल कर्म देखेर हर्षित हुन्छ सुख र आनन्द हुन्छ । यो कहानी सुनेर धेरै लोकजनहरू स्त्रोतपन्न, सकृदागामी भयो । धर्म उपदेश सुनेर धेरैलाई सार्थक फाइदा भयो ।

**दान दिएको र नदिएकोमा फरक**

काश्यप बुद्धको पालामा दुई भिक्षुहरू थिए । तीमध्ये एकजना दान दिएर खानुपर्छ भन्ने अर्को सबै त्याग गरेर आए संसार लामो नगर्ने छिटो छिटो मार्गफल प्राप्त गरेर जाने भन्ने । दान दिनुपर्छ भन्नेले आफूलाई भिक्षा प्राप्त भएको भोजन खाएर पात्रमा बाँकी भएको खाना चरा पन्छीहरूलाई ख्वाई अनि मात्र ध्यान गर्ने तर अर्को चाहिँ आफूले खाएपछि बाँकी भएको सबै फोहरमा फ्याकेर ध्यान गर्ने । यस्तो गर्दा गर्दै दुवैजनाको तृष्णा मेट्न सकेन । मृत्यु पश्चात यता २ वटा जन्म लिँदा लिँदै गौतम बुद्धको पाला श्रावस्ती कोशल राजाको अग्रमहिषीको कोखमा दान दिनुपर्छ भन्ने भिक्षु जन्म लिन आयो ।

अर्को दान दिनुपर्ने कुरा नसुने चाहिँ एउटा गरिबको कोखमा जन्म लियो । तर, दुवैजना धनी हो गरिबको चाहिँ दुध धेरै आएको थियो । त्यसैले धाइआमा गर्नुको लागि बोलाएर ल्यायो । अनि दान दिनुपर्छ भन्ने चाहिँ राजकुमार भएर जन्म लियो । उहाँको पालन गर्नको लागि देशभर सिंगारपटार गराएर राजकुमारको पलङ्ग भनी सजाएको थियो । अलिकति पिसाब आयो भने छिटो छिटो फोहोर फालिदिने धेरै कसिएका छन् । तर धाई आमा गरिवीको छोरो दान दिनु पर्दैन भन्नेलाई जति फोहोर भएता पनि रोएता पनि फोहोर फाल्ने मानिस छैन । रोएर मात्र बस्ने भोक लाग्दा पनि पर्याप्त दुध खान नपाएका कारण राजकुमारलाई ख्वाए मात्र उसको आमाले ख्वाउने । त्यसकारण भोकको कारणले गर्दा ध्यान बस्न सकेन । राजकुमार टन्न



Downloaded from http://dhamma.digital

दुध खाएर ध्यानमा बस्दा उता राजकुलमा राजकुमार भनेर जन्म लिने भयो तर मेरो साथी दान दिनु पर्दैन भने कहाँ जन्म लियो भनेर हेर्दा त्यही गरीवको कोखमा जन्म लिएर राजकुमारले खाएर बचेको दुधमा बाँचेछ । कहिले पनि पेटभरि खान पाएको छैन रोएर बस्छ ।

राजकुमारले त्यहाँ कोही पनि नभएको अवस्था मौका पारेर हे साथी हेर हामी दुवैजना ध्यानमा बसेको बेला दान भनेको दिनुपर्छ हामी कहिलेसम्म जन्म मरणमा घुम्नेछ । विना दानले सुखी हुँदैन भनेको तिमीले मानेनौ अब हेर म राजकुमार भएँ तिमी नोकरको छोरा । तिम्रै आमाको दुध भएता पनि मैले खाएर बाँकी भएको मात्र तिमीले खान पाएको छ । त्यसै कारण तृष्णा काट्न नसकेसम्म दान दिनुपर्छ मैले भनेको मानेन अब गरीव भएर जन्म लियौ यति के कुरा सुन्यो कलिलो उमेर र मुटु पनि कलिलो भएको कारणले गरीव बच्चाको मुटुले थाम्न सकेन मृत्यु भयो । त्यसैकारण चाहे प्रवजित होस् चाहे गृहस्थ होस् धनी हुनु मन पर्छ भने दान दिनु अत्यन्त आवश्यक छ । दान विना कोही पनि धनी हुन सक्दैन । भवतु सब्ब मङ्गलम् ।

❀

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# प्रेमबाट शोक उत्पन्न हुन्छ

प्रेमबाट शोक उत्पन्न हुन्छ भन्ने कुरा सही हो । जस्तै कसैलाई प्रेम नै छैन भने कहाँबाट उसलाई शोक, दुःख सन्ताप उत्पन्न हुन्छ । प्रेम भनेको हरेक व्यक्तिप्रति फरक-फरक हुन्छ जस्तै आमा बाबुले छोरा-छोरी प्रति गर्ने श्रीमान-श्रीमतीलाई गर्ने प्रेम साथी साथीलाई गर्ने प्रेम, दाजु-भाई दिदी-बहिनीलाई गर्ने प्रेम यस्ता सबै आ-आफ्नै ठाउँमा छ । तर प्रेम, माया, दया, करुणा, मुद्धिता, अपेक्षा सबै एउटै नाम हो ।

प्रेमको कारणले भय पनि उत्पन्न हुन्छ जस्तै प्रेम भनेको डरलाग्दो पनि हुन्छ । त्यसैले प्रेम भनेको गहिरो रूपमा गर्नु हुँदैन । यदि प्रेम गहिरो रूपमा गरियो भने दुःख हुन्छ, त्यसलाई केही होला, नहोला सम्बन्ध छुट्टिएला भन्ने भय हुन्छ । यसरी नै म सानो छँदा दुईजना प्रेमी र प्रेमिकाको याद आउँदा मैले उनीहलाई दाइ र दिदी भन्थैं । तर उनीहरू दुवैजना एक अर्कोप्रति एकदम माया गर्थे । एकदिन मलाई दाइले दिदीलाई बोलाएर ल्याउ भन्नुभयो अनि मैले दुवैलाई कुराकानी गराएर म पछि छुटिदिए । उनीहरू दुईजनाको प्रेम सम्बन्ध एक-दुई वर्ष नै भइसकेको रहेछ । अनि विस्तारै जब दिदीको आमा-बाबुले थाहा पाउनु भयो तब दिदीलाई बाहिर नै पठाउनु भएन । अनि दाइले थाहा पाएर जानुहुँदा उहाँलाई त भित्र नै पठाउनु भएन



Downloaded from http://dhamma.digital

दिदीको आमा-बुबाले । दिदीको अनुहार एक झलक हेरेर खाना खानु हुने दाइले त्यो दिनदेखि खाना नै राम्रोसँग खानु भएन ।

दुवैजनाको प्रेम यति गहिरो थियो कि पछि दुवै जनाले भागेर जाने निधो गरे । दाइ र दिदी परिवारको इच्छा विपरीत भाग्नुभयो । अनि केही दिन, हप्ता, महिना बितेपछि दुईजना बीच हल्का झगडा हुन थाल्यो । पछि गएर केटीको मृत्यु भयो र केटा अर्थात दाइ चाहिँ यत्तिकै हुनुहुन्छ । यो एउटा प्रेमको कारणले दुःख र भय उत्पन्न भएको सत्यघटना हो । फेरि अर्को एउटा घटना छ जुन भगवान बुद्धको पालमा भएको थियो । भगवान् बुद्ध श्रावस्तीको जेतवन विहारमा बसोबास गरिरहनु भएको बेलामा एक गृहस्थीको छोराको मृत्यु भयो । त्यो गृहस्थीले आफ्नो एक्लो छोरालाई एकदम माया गरेर राखेको थियो । त्यो छोराको अचानक मृत्यु हुँदा गृहस्थीलाई न काम नै गर्न मन लाग्यो, न खान नै ! उसलाई केही गर्न मन लागेन छोराको मृत्युको शोकले खाली चिहानमा गई कहाँ छ मेरो एक्लो छोरा भन्दै रून्थ्यो ? एकदिन त्यसरी नै रूँदै रूँदै भगवान बुद्धकहाँ पुग्नुभयो । भगवान् बुद्धलाई वन्दना गरी एक छेउमा बसेर रोइरहेको गृहस्थीलाई 'किन रोएको के भयो तिमीलाई भनेर सोध्नु भयो । अनि गृहस्थीले भन्नुभयो - भगवान ! मेरो एक्लो छोरा, मलाई सार्है मनपर्ने छोरोले मलाई छोडेर गयो । त्यसैले म रोएको भनेर भगवान बुद्धलाई भन्नुभयो । त्यस बखत भगवान बुद्धले प्रेमको कारणले मन परेको व्यक्तिसँग टाढिनुपर्ने दुःख, शोक सन्ताप उत्पन्न हुन्छ मात्र के भन्नुभयो त्यस गृहस्थी जुरूक्क उठेर बाहिर गयो । जेतवन विहारको अलि टाढातिर जुवाडेहरु तास खेलिराखेको देखेर त्यस गृहस्थीले सोच्नुभयो । प्रेमको कारणले शोक दुःख सन्तान उत्पन्न हुन्छ रे हेरहेर त्यो भनेको, प्रेमको कारणले शोक, सन्तान, दुःख नैराश्य उत्पन्न हुन्छ रे । प्रेमबाट र प्रेमको कारणले त आनन्द, मज्जा, सुख नै उत्पन्न हुन्छ जुवाडेहरूले पनि साथ दियो प्रेमको कारणले आनन्द, मज्जा सुख नै उत्पन्न हुन्छ । गृहस्थी जसको छोरा बितेर पागल जस्तै कराउँदै भगवान बुद्धले यस्तो भनेको भन्दै बाटोमा कराउँदै जाँदा त्यो कौशल



Downloaded from http://dhamma.digital

राजा कहाँ पुगेछ । कोशल राजालाई शंका लाग्यो प्रेमको कारणले सुख, आनन्द प्रसन्न हुन्छ किन भगवान बुद्धले प्रेमको कारणले दुःख सन्ताप, शोक हुन्छ भनेको भनेर आफ्नो मनपर्ने मल्लिकादेवीलाई बोलाएर सोध्नु भयो । भगवान बुद्धले भन्नु भएको सही हो भनेर महारानी मल्लिकादेवीले पनि भन्नु भयो । महाराज कोशलले तीन पटक सोध्दा पनि महारानी मल्लिकादेवीले त्यही सही हो भनेर भन्नुभयो । अनि राजा रिसाएर जानुभयो । भगवान बुद्धले भनेको हरेक कुरा सही हो भनेर विस्वास गर्ने भन्दै राजा जानुभयो ।

त्यसपछि महारानी मल्लिकादेवीले नालिजङ्घ भन्ने एकजना ब्राम्हणलाई भगवान बुद्धकहाँ पठाई प्रेमको कारणले दुःख शोक, भय उत्पन्न हुन्छ' भनेर सोध्न पठाउनु भयो । अनि नालिजङ्घ ब्राम्हणलाई पनि भगवान बुद्धले प्रेमको कारणले दुःख शोक, भय, उत्पन्न हुन्छ' भनेर भन्नु भयो । अनि फेरि भगवान बुद्धले भन्नुभयो हे । ब्राम्हण यहाँ श्रावस्तीमा अघि एकजना स्त्रीको आमाको मृत्यु भयो अनि आमाको मृत्युले गर्दा छोरी पागल जस्तै भइन् र विक्षिप्त चित्त गरी एक सडकबाट अर्को सडकमा र एक दोबाटोबाट अर्को दोबाटोमा गएर 'मेरी आमालाई देख्नु भएको छ कतै' भनेर सबै कटुवालाई सोधिरा हुन्थ्यो । ब्राम्हण यस सानो घटनाबाट पनि प्रस्ट हुन्छ कि जति प्रेम गर्‍यो त्यति नै दुःख हुन्छ, भय शोक सन्तान उत्पन्न हुन्छ । प्रेमकै कारणले यस्तो भएको हो । ब्राम्हण यही श्रावस्तीमा कसैको आमा, बाबु, छोरा, छोरी, दाजु, भाई श्रीमान् श्रीमती सबैको मृत्यु हुन्छ एक न एक दिन यो संसार अनित्य छ । त्यसैले कसैको मृत्यु भयो भने त्यसको आफन्तहरु शोकमा दुःख गरेर बस्छन् त कोही पागल नै हुन्छ । अनि यही कुरा सुनेर सबै कुरा महारानी मल्लिादेवी लाई सुनाउनु भयो । त्यसपछि मल्लिका महारानी कोशल राजा भएको ठाउँमा गई राजालाई केही प्रश्नहरु सोध्न थाल्नुभयो मल्लिका महारानीले भन्नुभयो 'महाराज म तपाईसँग केही कुरा सुन्न र बुझ्न आएको भनेर मल्लिका मारानीले राजालाई भनिन् । फेरी महाराजलाई भनिन् महाराज र सुन्न चाहान्छु कि के तपाईलाई बजिरी कुसारी त्यति मनपर्छ की जहाँ गएता पनि



Downloaded from http://dhamma.digital

छोरी लिएर जानुहुन्छ र आफ्नो भन्दा पनि असाध्यै मनपर्ने छोरी हो। त्यसकारण भन्नुस् की कतिको मनपर्छ ?

राजाको उत्तर दिनुभयो। मल्लिका मलाई मेरी छोरीको असाध्यै माया लाग्छ भनेर राजाले भन्दा मल्लिका देवीले किन भनेर प्रश्न सोध्नुभयो यदि अचानक राजकुमारी वजिरीको मृत्यु भई उसबाट तपाई वियोग हुनु परेमा के तपाईलाई शोक, सन्तान, दुःख वैमस्यता उत्पन्न हुँदैन त। राजाले भन्नुभयो मल्लिका यदि हाम्री राजकुमारी वजिरी कुमारीको मृत्यु भई म उसबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन मलाई शोक सन्ताप नहोला भन्ने कुरै छैन। फेरि मल्लिका महारानीले अर्को उदाहरण दिनुभयो महाराज अर्को तपाइलाई क्षेत्रिय प्यारी लाग्छे यसमा तपाई के भन्नु हुन्छ नि ? वासन्न क्षेत्रिय मलाई प्यारी लाग्छे। केही गरी उसको अचानक मृत्यु भई उसबाट तपाई वियोग हुनु परेमा के तपाईलाई शोक, सन्तान उत्पन्न हुनेछैन त, यसमा तपाई के भन्नुहुन्छ नि ? अनि राजाले जवाफ दिनु भयो कि मल्लिका यदि वासभ क्षेत्रियको मृत्यु भई म उसबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोक सन्ताप नहोला भन्ने कुरै छैन। मल्लिका महारानी पनि महारानीहरूमध्ये धेरै मनपर्ने केही कुरा राज्यको कुरा सोच्नु पऱ्यो अथवा केही सल्लाह लिनु पऱ्यो भने मल्लिका महारानीसँग सल्लाह गर्ने गर्थ्यो। मल्लिका महारानी अत्यन्त बुद्धिवान सुन्दरी पनि छ। त्यसैले मल्लिका महारानी धेरै मनपर्छ, महारानीलाई त्यो कुरा थाहा रहेछ। मल्लिका महारानीले सोध्नुभयो, महाराज के तपाईलाई म प्यारी लाग्छ ? महाराज यदि अचानक मेरो मृत्यु भयो र तपाईबाट मेरो विछोड हुनुपरेमा के तपाईलाई म प्रति शोक, सन्ताप, दुःख उत्पन्न हुनेछैन त तपाई के भन्नुहुन्छ नि। महाराजले भन्नुभयो मल्लिका यदि तिम्रो मृत्यु भयो भने म पनि तिमी सँगै मर्नेछु मेरो जीवन नै रहने छैन भने मलाई शोक, सन्ताप दुःख नै रहने छैन भने मलाई शोक, सन्ताप, दुःख नहोला भन्ने कुरै छैन। मल्लिका महारानीले यस्ता धेरै उदाहरण दिएर बुझाउनु भयो महाराजलाई अनि महारानीले भन्नुभयो कि महाराज यही कारणलाई जानी बुझी भगवान बुद्धले यस्तो



Downloaded from http://dhamma.digital

कारणलाई जानी बुझी भगवान बुद्धले यस्तो भन्नुभएको हो । 'प्रेमको कारणले शोक, सन्ताप, दुःख उत्पन्न हुन्छ र प्रेमकै कारणबाट यस्तो हुन्छ । यदी कसैप्रति प्रेमनै छैन भने दुःख शोक सन्ताप पाउने छैन । सुन्नुस् यदि अर्काका कोही आमा-बाबु श्रीमान-श्रीमती छोरा-छोरीको मृत्यु भयो र गयो भने हामीलाई कुनै दुःख शोक सन्ताप हुनेछैन किनभने हामी उनीहरुप्रति कुनै सम्बन्ध नै छैन त माया, प्रेम, पनि छैन । यदि अरु जनताको मृत्यु हुँदा शोक दुःख पीडा भयो भने कति रुनु, अरु मृत्यु भएर शोक हुन सक्दैन र हुँदैन पनि यदि आफ्नो नाता छैन । प्रेम छैन भने शोक, दुःख पीडा भयो भने कति रुनु, अरु मृत्यु भएर शोक हुन सक्दैन र हुँदैन पनि यदि आफ्नो नाता छैन, प्रेम छैन भने शोक, दुःख लिएर बस्दैनौं र यो जन्म र मृत्यु भनेको प्रकृतिको नियम हो भन्छौं । यदि कुनै व्यक्तिसँग धेरै माया, मोह, प्रेमको भावना छ र त्यस व्यक्तिको अचानक मृत्यु हुँदा शोक, दुःख पीडा भयो भने कति रुनु, अरु मृत्यु भएर शोक हुन सक्दैन र हुँदैन पनि यदि आफ्नो नाता छैन प्रेम छैन भने शोक, दुःख लिएर बस्दैनौं र यो जन्म र मृत्यु भनेको प्रकृतिको नियम हो भन्छौं । यदि कुनै व्यक्तिसँग धेरै माया, मोह, प्रेमको भावना छ र त्यसमा व्यक्तिको अचानक मृत्यु हुँदा शोक, दुःख, पीडा, सन्ताम उत्पन्न हुन्छ । महाराज संसारमा करोडौं मानिसहरुको मृत्यु भइरहेको छ तर खोई त्यस मानिसहरु प्रति हामीलाई, तपाईलाई कुनै दुःख शोक पिडा भएको छैन । हामी त्यो मानिसह प्रति प्रेम भावना नभएको कारणले गर्दा हो । त्यसै कारण प्रेमको कारणले नै शोक दुःख भय, सन्ताप हुने हो भनेर भगवान बुद्धले त्यसै भन्नु भएको होइन । उहाँले जानी बुझी अनुभव गरी सकेपछि मात्र भन्नु भएको थियो यति राम्रो सँग मल्लिका महारानीले राम्ररी सम्झाउँदा राजाले बुझे पछि भन्नुभयो मल्लिका आश्चर्य, अद्भुत हो, लाग्छ की भगवान बुद्धले त्यसै भन्नु भएको होइन । उहाले जानी बुझी अनुभव गरी सकेपछि मात्र भन्नु भएको थियो यति राम्रो सँग माल्लिका महारानीले राम्ररी सम्झाउँदा राजाले बुझेपछि भन्नुभयो मल्लिका आश्चर्य, अद्भूत हो, लाग्छ की भगवान् बुद्धले प्रज्ञाद्वारा खोताले हेर्नुहुन्छ त्यसपछि राजा आसनबाट



Downloaded from http://dhamma.digital

उठी उत्तरासँग एकांश गरी भगवान बुद्ध भएको दिशातिर हेरी दुईहात जोडी तीनवार उदान प्रकट गर्दै प्रसेनजित कोशलराजाले नमस्कार गरे ।

*'पीयतो जायती सोको, पीयतो जायती भय*
*पीयतो विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं ॥*

अर्थात-प्रेमको कारणले शोक हुन्छ, प्रेमको कारणले भय हुन्छ प्रेमबाट मुक्ति पाएको व्यक्तिलाई शोक हुँदैन भने भय कहाँबाट हुन्छ ? त्यसैले "प्रेमको कारणले शोक दुःख भय उत्पन्न हुन्छ भनेको सही हो ।" केही महिना पहिलेको कुरा हो, दुईजना प्रेमका रहेछ, दुवैजनाले एक-अर्काप्रति एकदम गहिरो प्रेम गाँसेको रहेछ । एक-अर्काको छोड्न नसकेको अवस्था आयो तर, घर परिवारलाई दुईजनाको सम्बन्ध चित्त बुझेको थिएन । जात पनि मिलेको थियो तर धनी गरिवमा भेदभावका कारणले गर्दा उनीहरूको विवाह गरिदिएन । अनि आमा बाबुले जवरजस्ती धनी केटासँग विवाह गरिदिन खोज्दा कसरी, कताबाट भागेर यो जीवनमा सँगै बस्नु सक्दैन पछिल्लो जन्ममा सँगै बस्छु भनि दुवैजना चोभारको झुलुङ्गे पुलबाट हामफालेर मृत्यु भयो घरमा धुमधामँग विवाह गरेर पठाउने तयारी गरेर खुसीयाली मानेर मोज खाई रहेको सकेको पनि छैन, दुलही मरिसकेको थियो ।

यो पनि प्रेमको कारणले दुःख शोक भय उत्पन्न भयो । यस्ता घटनाहरू संसारभरि नै छन् । त्यसैकारण धेरै गहिरो प्रेम नगर्नु, प्रमकै कारणले दुःख शोक हुन्छ । धेरै मन पऱ्यो अथवा धेरै मन परेन भने पनि दुःख हुन्छ ।

त्यसैकारण प्रेम भनेको माध्यम मार्गमा गर्नुपर्छ । धेरै पनि होइन थोरै पनि होइन । ठिक्क मात्रामा माध्यम गर्नुपर्छ । जोसँग भएता पनि एक मर्नु त अवश्य पर्छ । शान्ति पूर्वक जानु यही बुद्धशिक्षा हो । बुद्ध शिक्षा भनेको मध्यममार्ग हो ।

❋



Downloaded from http://dhamma.digital

# बाल विवाहबारे बौद्ध दृष्टिकोण

विवाह वास्तवमा विल्कुलै व्यक्तिगत मामला हो तर परम्परागत रूपमा चलिआएका संस्कृति र रीतिरिवाजसँग यसको सम्बन्ध अत्यन्त गहन भएकै कारणले यसले ठूलो सामाजिक महत्व राख्छ । बौद्ध धर्मले विवाह सम्बन्धमा यसको विधि यस्तै हुनुपर्दछ भनेर तोकेको छैन । बुद्ध धर्मले नैतिक मूल्य मान्यतालाई र अनुशासन पालना गर्ने र ती कुराहरू सैद्धान्तिक र व्यवहारिक दुवै किसिमले 'बोध' गर्ने कुरा अगाडि सारेको छ । बोध गर्नु भनेको दिमागले ग्रहण गर्ने बौद्धिक कुरामा मात्र सीमित राख्न मिल्दैन । बोध गर्नु भनेको बुझेर व्यवहारमा विवेकपूर्ण ढङ्गले ठीक-बेठीक, राम्रो-नराम्रो, असल-खराब हुनुपर्ने छन् र यसलाई छुटयाएर प्रज्ञा सहित ज्ञानलाई सदुपयोग गर्नु हो ।

बाल विवाहको सम्बन्धमा बुद्ध धर्मको सिद्धान्त र कर्म अनुसार बुझेर प्रज्ञा र नैतिकता कसौटीमा यसलाई घोटेर हेर्नुपर्छ । मानवताको मूल्य मान्यता, बालअधिकारको सम्मान-अपमान, बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक र सर्वपक्षीय दृष्टिकोणले हेरेर बाल विवाह पद्धति ठीक हो या बेठीक हो, सही विश्लेषण गरी निष्कर्षमा पुग्नु बुद्धिमानी हुनेछ ।

सामान्यतः बाल शब्दले लोक व्यवहारमा बालक वा केटाकेटी भन्ने अर्थ दिने भए तापनि कोशहरूमा बाल शब्दका बालबालिका



Downloaded from http://dhamma.digital

बाहेक अन्जान, अबोध, मूर्ख, अज्ञानी आदि थुप्रै अर्थ दिएको पाइन्छ । भगवान् बुद्धको दृष्टिमा बालपना एक प्रकारको अज्ञानपूर्ण अबोधपन हो, जसमा ज्ञानको उदय भइसकेको हुँदैन । जब त्यसको विवाह गरिदिँदा कस्तो दुःख पाउने होला । पहिलाको जमानामा पाँच वर्ष भएपछि विवाह गरिदिने चलन थियो, कारण त्यो बालिकाको रजश्वला नभएको अवस्थामा विवाह गरि दिँदा मंगल शुद्ध हुन्छ भन्ने अन्धविश्वासले गर्दा हो । केटाकेटी बीचको वैवाहिक सम्बन्धले समाजमा खराब असर पर्दछ नै । बालविवाहको दिमागमा नकारात्मक असर पर्दछ । बालबालिकाको दिमागमा नकारात्मक असर पर्दछ । बाल विवाहले आर्थिक, सामाजिक, सर्वभौतिक र मनोवैज्ञानिक समस्याहरू निम्त्याउँछ । पराभाव सूत्रमा भनिएको छ - बूढो मानिसले आफ्नो उमेरभन्दा धेरै फरक उमेरकी केटीसँग विवाह गरेमा उनको पतन हुन्छ । अपरिपक्व सानो उमेरमा विवाह गरिदिँदा बालबालिकाहरू आध्यात्मिक यथार्थबाट विचलित भई भौतिक सुख भोगतिर लाग्न जान्छन् ।

अंगुत्तर निकायमा बालविवाह विषय कर्तव्य र दायित्वहरू उल्लेख भएका छन् । के कलिला उमेरका केटाकेटीहरूका दिमागले महत्वपूर्ण कुराहरू बुझ्छन् होला ? यसको उत्तर पनि सकारात्मक नै हुन्छ । सिंगालवाद सूत्रमा लोग्ने र स्वास्नीले एक अर्काप्रति पूरा गर्नुपर्ने कर्तव्य र दायित्वहरू उल्लेख भएका छन् । अपरिपक्व उमेरमा नपुगेका लोग्ने र स्वास्नीबाट सकारात्मक ढङ्गले आशा गर्नु पनि बुद्धिमानी देखिँदैन ।

बुद्ध धर्मले प्रत्यक्ष रूपमा बाल विवाह सम्बन्धी कुराहरू उठाएको छैन । तर वैवाहिक जीवनका आचारसंहिताबारे स्पष्ट रूपमा उपदेश दिएको छ । ती आचारसंहिताको उचित पालना बाल विवाहमा बाँधिएका केटाकेटीबाट आशा गर्ने कुनै हालतमा सकिन्न, कारण एउटै छ उमेरको अवस्था र अपरिपक्वता । यसकारण भन्न सकिन्छ मानवीय मूल्य मान्यतासँग जोडेर हेर्दा बाल विवाह अनुचित छ । बुद्धधर्म सम्बन्धी सिद्धान्तहरू केलाउँदा बालविवाह विरोधी छ, धर्मको रूपमा



Downloaded from http://dhamma.digital

हामी ग्रहण गर्न सक्छौं । अर्को अन्धविश्वास हो कारण बालविवाह ।

एकजना साहुको जुवा खेल्ने बानी थियो । तर सधैं हार्ने । कहिले पनि नजित्ने । जित्नको लागि के गर्नुपर्छ भनी सल्लाह गर्दा पतिव्रता धर्म पालना गर्ने श्रीमती भए त्यसको प्रतिवता धर्मले जित्छ । त्यही वचनले सानी केटीलाई विवाह गरेर कसैले पनि नछुने अनि उसको पतिव्रता धर्मबाट जुवाबाट जितौं भनेर सत्यक्रिया गर्दा जित्यो । यो एउटा अन्धविश्वास । अर्को दवावले गर्दा छोरी ठूलो भएपछि बिग्रिन्छ । भनौं म शारदा (डा. अनोजा) ११ वर्षको उमेरमा नै मेरा बुबाको साथी बिलु मानन्धरले भन्नुभयो -'छोरीहरू घरमा राख्नु हुँदैन । पछि बिग्रिन्छ । त्यसैले शारदा पनि ठूली भएर आयो । अब विवाह गरिदिनु ।' त्यस्तै मामा, फूपूहरूले पनि भन्नुभयो । तर मेरा बुबा बुद्धिमानी हुनु भएकोले उनीहरूलाई जवाफ दिनुभयो कि मेरी छोरी सानी छिन् । विवाह गरिदिने समय भएको छैन ।

कुनै कुनै जातिमा बिग्रिन्छ भनेर र धेरै दाइजो दिनुपर्ला भनी दाइजोको कारणले गर्दा, अर्को आमाबुबाको कर्तव्यबाट मुक्ति पाउनको लागि पनि बाल विवाह गरीदिने चलन छ । अब आयो समय र परिस्थितिले र अज्ञानता र अन्धविश्वासमा परेर बाल विवाह गरिने चलन भएको हो, तर बुद्ध दर्शन त्रिपिटकमा बालविवाह सम्बन्धी कहीँ पनि उल्लेख गरिएको छैन र धेरै विद्वान्जनहरूसँग पनि सुझबुझ गर्दा उहाँहरूले पनि देखाउनुभएको छैन । जस्तै : धम्मवती गुरुमाँ शासन धज्ज धम्माचरियामा अग्गमहागन्थकवाचक पण्डित, धर्मकीर्तिविहार, काठमाडौं ।

भगवान् बुद्धको विवाह १६ वर्षको उमेरमा भएको थियो । त्यो समयमा यसलाई बालिग पनि भन्न सकिन्छ र अर्को कुरा भगवान् बुद्धलाई पारिवारिक व्यवहारमा अल्मलाउन परिवारबाट विवाह गरिदिएको हामीलाई जानकारी छ । २००० वर्ष अगाडि र हालको वातावरण अवस्था भिन्दै हुन्छ । त्यो समयमा १६ वर्षलाई बालिगको अवस्था भन्न सकिन्थ्यो होला । हालै पनि ४० वर्ष अगाडि र हालको अवस्थालाई लिने हो भने त्यतिबेला रजश्वला १४, १५ वर्षमा हुन्छ भने



Downloaded from http://dhamma.digital

हालका केटीहरूमा १०-११ वर्षमा नै हुन्छ । जसले गर्दा उनीहरूमा परिपक्व भएको देखिन्छ र विभिन्न सञ्चार प्रविधिले गर्दा सानै उमेरमा साथी खोजी सानै उमेरमा विवाह गर्ने चलन चलेको छ । यस कुरीतिलाई हटाउन हामी सबै धर्म तथा सम्प्रदायका अनुयायीहरू प्रतिवद्धताका साथ लाग्नुपर्छ । बाल विवाह र बाल हिंसालाई निरूत्साही गर्नु बौद्ध धर्मको मान्यता हो ।

*धर्म विहारी पुरूष होउन, धर्म विचारी नारी*
*धर्म वन्त सन्तान होउन्, होउन निर्वाण लाभी ।*

बुद्धम् शरणम् गच्छामी, धर्मम् शरणम् गच्छामी, संघम् शरणम् गच्छामी ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital



छोरा सूर्यमान रञ्जित / बुहारी गृहस्था रञ्जित
नातिनीहरू : श्रद्धा खड्का / श्रृष्टि कार्की / श्रोता श्रेष्ठ



जेठी छोरी शोभा क्षेत्री




माईली छोरी रत्ना रञ्जित



कान्छी छोरी मोना रञ्जित

Downloaded from http://dhamma.digital

# डा. अनोजा गुरुमाँ



गृहस्थी नाम : शारदा मानन्धर
जन्मस्थान : बनेपा-५, वाङ्ग्योटोल
जन्ममिति : ई.सं. १९६० जुलाई ७
राष्ट्रियता : नेपाली
गृहत्याग : ११ वर्षकी छँदा
शिक्षा : विद्यावारिधि (२०५४ बौद्ध दर्शन)
प्रकाशित कृतिहरू : (१) सुलक्षण कीर्ति विहार: एक परिचय (२०६१ माघ) (२) बौद्धध्यान (२०६२ असार) (३) बौद्ध प्रवचन माला: भाग-१ (२०६२ भाद्र) (४) शान्ति अभिप्रेरणा (२०६३ कार्तिक) (५) नियात्राका पदचापहरु (२०६५ मंसिर) (६) शील सन्देश (२०६७ फागुन) (७) बर्मा: अनुभव अनुभूति (२०६८ कार्तिक) (८) मङ्गल उपदेश (२०६९ भाद्र ३०), आदि ।
अन्य शिक्षा : प्राथमिक सेवा तालिम, एक्युप्रेसर तालिम, सिलाई, बुनाई, रफ्फु भर्ने तालिम, ध्यानयोग तालिम ।
विशेष सङ्लग्नता : सुलक्षणकीर्ति विहार, चोभारका संस्थापक, बौद्ध ज्योति अन्तर्राष्ट्रिय संघ नेपाल शाखाका अध्यक्ष, सुगत सन्देश, बौद्ध पत्रिकाका प्रकाशिका तथा सल्लाहकार ।
सङ्लग्न संघ-संस्था : धर्मोदय सभा, बौद्ध परियत्ति शिक्षा केन्द्र, शाक्यसिंह विहार, ध्यानकुटी विहार, अन्तर्राष्ट्रिय बौद्ध योग केन्द्र, भिक्षुणी संघ, नेपाल रसियन सांस्कृतिक केन्द्र, लुम्बिनी गौतमी विहार, धर्मकीर्ति विहार, जनमत प्रकाशन ।
भ्रमण : भारत, पाकिस्तान, अमेरिका, इजरायल, टर्की, इटाली, थाईल्याण्ड, क्याम्बोदिया, यू.के., क्यानाडा, चीन, ताइवान, हङकङ, कोरिया, बर्मा, श्रीलङ्का, जर्मन, फ्रान्स, बेल्जियम, बंगलादेश, भुटान, स्वीजरल्याण्ड, न्यूजिल्याण्ड, मलेसिया, सिंगापुर, इन्दोनेसिया, जापान, अस्ट्रेलिया, मेक्सिको, पोर्चुगल, मास्को आदि ।
धर्म-दृष्टि : राम्रो गर्नु नै धर्म हो । राम्रो कर्म र राम्रो विचार गर्ने सोच बनाएर अरुको उपचार गर्नु नै धर्म हो । प्राणी हिंसा गरेर अरुलाई ढाँटेर, अर्कालाई छलेर, अर्काको चोरेर, चाकडी-चुक्ली गरेर धर्म पाईदैन । बौद्ध भनेको बुद्धि वा ज्ञान हो । धर्म भनेको धरायतीति धर्म हो अर्थात् जे धारणा गरिन्छ, त्यसलाई धर्म भनिन्छ । यस आधारमा हेर्दा ज्ञानलाई अङ्गाल्नु नै बौद्ध धर्म हो ।

Downloaded from http://dhamma.digital